# प्रभा

कार्यपत्र विशेषाङ्क

प्रकाशक
नेपाल संस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, धरान

प्रकाशक : पिण्डेश्वर विद्यापीठ
सर्वाधिकार : प्रकाशकमा
विधा : कार्यपत्र विशेषाङ्क
वर्ष : ३२
अङ्क : १७
प्रकाशन वर्ष : २०८० असार-२९ (भानुजयन्ती)
प्रकाशन प्रति : ३००
मुद्रण : उज्ज्वल छापाखाना, धरान-८
सम्पर्क ठेगाना : पिण्डेश्वर विद्यापीठ धरान-१४ सुनसरी ।
फोन नं. ०२५-५७०२८५ मो. ९८४२१७१०९९ (प्राचार्य)

इमेल : *infopindeshwor@nsu.edu.np*

ISSN : 2091-0029

यस अङ्कमा प्रकाशित कार्यपत्रहरू लेखकका आआफ्ना विचार र धारणाका उपज भएकाले यस सम्बन्धमा कुनै विवाद/समस्या/त्रुटि देखिएमा/उत्पन्न भएमा लेखक स्वयम् जवाफदेही हुनु हुने जानकारी गराइन्छ । साथै यहाँ प्रकाशित सामग्रीलाई लेखक र प्रकाशकको अनुमति विना आंशिक वा पूरै अंश अन्यत्र प्रयोग गर्न नपाइने अवगत गराइन्छ ।
-सम्पादक मण्डल

**संरक्षक**
काशीनाथ पौडेल
प्राचार्य

**प्रधान-सम्पादक**
सहप्रा.डा.भवानीशङ्कर भट्टराई

**कार्यकारी-सम्पादक**
उपप्राध्यापक टीकाराम दहाल

**सम्पादक**
उपप्राध्यापक डा.कृष्णप्रसाद भण्डारी
का.मु.लेखा अधिकृत पदमबहादुर वली
निमित्त सहायक प्रशासक भेषबहादुर निरौला

**प्रकाशक**
पिण्डेश्वर विद्यापीठ
धरान-१४ सुनसरी

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
बेलझुन्डी, दाङ
Beljhundi, Dang
उपकुलपतिको कार्यालय
Office of the Vice Chancellor

प.सं. (च.नं. )
चलानी नं.ः

मितिः- २०८०।०३।०६

# शुभकामना

नेपाल संस्कृत विश्वविद्यालय पिण्डेश्वर विद्यापीठ धरानले विगत वर्षहरूमा जस्तै निरन्तर रुपमा प्रकाशित गर्दै आएको **'प्रभा'** नामको पत्रिका यस वर्ष पनि प्रकाशित गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ । यस पटक वर्ष ३२, अङ्क १७ मा २०८० वैशाख महिनाको २१,२२ र २३ गते सम्पन्न अनुसन्धान प्रविधि गोष्ठी तथा जेष्ठ १४,१५ र १६ गते कोशी प्रदेश स्तरीय संस्कृत सम्मेलनमा प्रस्तुत गरिएका कार्यपत्रलाई सम्पदान गरी विशेषाङ्कका रुपमा प्रकाशन गर्न लागेको यस अवसरमा विद्यापीठको उत्तरोतर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा.यादवप्रकाश लामिछाने
उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय
दाङ

# नेपाल संस्कृत विश्वविद्यालय
# Nepal Sanskrit University
बेलझुण्डी, दाङ

Beljhundi, Dang

शिक्षाध्यक्षको कार्यालय

Office of the Rector


Referemnce No. :

पत्र सङ्ख्या : (फा.नं. )

चलानी नम्बर :

दिनाङ्क/Date : २०८० / ०३ / ११

**विषय** (Subject) : शुभाशंसा

पिण्डेश्वर विद्यापीठ, नेपालको पूर्वी क्षेत्रमा रहेको संस्कृत बाङ्मयको आधारभूत स्रोतकेन्द्र हो । ००८ सालदेखि आजसम्म यस शैक्षिक प्रतिष्ठानले पौरस्त्य ज्ञानविज्ञानसम्बद्ध भाषा, कला र दर्शनका हजारौं विज्ञहरूलाई जन्माइसकेको छ । संस्कृत वाङ्मयलाई आधुनिक विषयसँग जोडेर सामाजिक जागरण, मौलिकता पहिचान तथा राष्ट्रियताको संवर्धनका निम्ति अहोरात्र खटिरहनुहुने विज्ञवर्गको सहभागितामा सम्पन्न प्रदेशस्तरीय संस्कृत सम्मेलनमा प्रस्तुत भएका अनुसन्धानमूलक सामग्रीसँगै अनुसन्धान प्रविधि गोष्ठीमा यसअघि प्रस्तुत भएका सामग्रीहरूको संयोजनका साथ विशेषाङ्कका रूपमा विद्यापीठको मुखपत्र 'प्रभा'को वर्ष ३२, अङ्क १७ प्रकाशन हुन लागेकामा मलाई हर्ष लागेको छ । यस पत्रिकाको यो अङ्क अझ विशेष बन्न पुगेकामा सम्पादक समूह, सहयोगीहरू र समग्र विद्यापीठ परिवारमा हार्दिक साधुवाद ज्ञापन गर्दछु ।

'प्रभा'को विशिष्टीकृत स्वरूप र अझ स्तरीयताको अपेक्षासहित यस अङ्कको प्रभावकारिताका लागि हार्दिक शुभाशंसा व्यक्त गर्दछु ।

..............................

(प्रा.डा.भीमप्रसाद खतिवडा)

शिक्षाध्यक्ष

ने.सं.वि., केन्द्रीय कार्यालय, दाङ ।

शिक्षाध्यक्ष

नेपाल संस्कृत विश्वविद्यालय


फोन नं. : ०८२-४०००३४ फ्याक्स : ०८२-४०००४, पोष्ट बक्स नं. : ५००३

Tel. No. : 082-400034, Fax : 082-400004, P.O.Box No. : 5003, Website : www.nsu.edu.np, Email : rectoroffice@nsu.edu.np/nfo@nsu.edu.np

# नेपाल संस्कृत विश्वविद्यालय

NEPAL SANSKRIT UNIVERSITY

Fax :- ०८२-५०००० ४
Phone :- ०८२-५०००३१

कुलसचिवको कार्यालय
बेलझुण्डी, दाङ
पो.ब.नं. :- ५००३

Office of the Registrar
Central Office, Beljhundi, Dang


पत्र संख्या :- फा.( )/च.नं.
चलानी नं. :-

मिति २०८०।०३।१०

## शुभकामना

नेपाल संस्कृत विश्वविद्यालयको आङ्गिक विद्यापीठका रुपमा रहेको कोशी प्रदेश अन्तर्गत सुनसरी जिल्लाको धरान स्थित पिण्डेश्वर विद्यापीठको आफ्नै गौरवमय इतिहास रहेको छ । तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय स्थापना हुनुपूर्व नै अझ भन्नुपर्दा त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व वि.सं. २००८ मा स्थापित यो विद्यापीठ प्राच्य वाङ्मयको धरोहर हो । यस विद्यापीठमा पं.छविलाल पोखेल, पं.पुरुषोत्तम भट्टराई जस्ता थुप्रै विशिष्ट विद्वान्हरुले आफूले प्राप्त गरेको ज्ञानबाट थुप्रै शास्त्रजिज्ञासुहरुको तिर्खा मेटाएको र प्राच्य वाङ्मयका विशिष्ट विद्वान्हरु तयार गरेको अवगत नै छ ।

विद्यापीठबाट प्राच्य वाङ्मयमा रहेका अमूल्य रत्नहरुको अनुसन्धानका साथसाथै संस्कृत भाषाको संरक्षण, संवर्द्धन, धर्मसंस्कृति परम्पराको रक्षाका लागि समेत योगदान पुऱ्याउने गरी सो क्षेत्रमा निरन्तर क्रियाशील अन्वेषकहरुका अनुभूति तथा मिति २०८०/०१/२१-२३ गते सम्पन्न अनुसन्धान प्रविधि गोष्ठी र मिति २०८०/०२/१४-१६ गते सम्पन्न कोशी प्रदेश स्तरीय संस्कृत सम्मेलनमा प्रस्तुत गरिएका कार्यपत्रहरुलाई संकलन गरी कार्यपत्र विशेषाङ्कका रुपमा 'प्रभा' (वर्ष-३२, अङ्क-१७) पत्रिका प्रकाशित हुन लागेको समाचारले मलाई हर्षानुभूति भएको छ । यस अङ्कले प्राज्ञहरुका विचमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास मैले लिएको छु । अन्त्यमा पुनः यस मुखपत्रले निरन्तरता प्राप्त गर्दै अझ गुणस्तरीय एवम् उपयोगी सामग्री विद्वत्वर्गबिच पस्कँदै जाने छ भन्ने अपेक्षाका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रा. माधव अधिकारी
कुलसचिव
नेपाल संस्कृत विश्वविद्यालय

कुलसचिव (रजिष्ट्रार)
नेपाल संस्कृत विश्वविद्यालय

643

नेपाल संस्कृत विश्वविद्यालय
NEPAL SANSKRIT UNIVERSITY

**पिण्डेश्वर विद्यापीठ**

**PINDESHWAR CAMPUS**

धरान, सुनसरी

Dharan, Sunsari


In reply please refer to

**पत्र संख्या :**

**चलानी नं. :**

पिण्डेश्वर विद्यापीठ धरान-१८

## शुभकामना

नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठको मुखपत्रका रूपमा विगत ३१ वर्षदेखि प्रकाशित हुँदै आएको 'प्रभा' पत्रिकाको १७ औं अङ्क विद्यापीठमा २०८० वैशाख २१, २२ र २३ गते सम्पन्न अनुसन्धान प्रविधि गोष्ठीमा प्रस्तुत अनुसन्धान प्रविधिसँग सम्बन्धित कार्यपत्रहरुलाई एवम् २०८० जेठ १४, १५ र १६ गते सम्पन्न 'कोशी प्रदेश स्तरीय तीनदिने बृहत् संस्कृत सम्मेलन-२०८०' मा प्रस्तुत गरिएका बहूपयोगी कार्यपत्रहरुलाई समेटेर प्रकाशन गर्न लागिएकामा अपार हर्षानुभूति भएको छ । यस कार्यले संस्कृत शिक्षाका विभिन्न विषयमा जिज्ञासा राख्ने र अनुसन्धेय विषयहरूको खोजी गर्ने पाठकवर्गलाई मार्गदर्शन गराउने छ भन्नेमा म विश्वस्त छु । संस्कृत वाङ्मयको विकास र विस्तारका लागि पिण्डेश्वर विद्यापीठले खेलेको भूमिका स्मरण गर्दै आगामी दिनहरूमा पनि प्राच्यविद्याको संरक्षण एवम् संवर्द्धनमा विद्यापीठ सदैव समर्पित रहने विश्वास व्यक्त गर्दछु । विद्यापीठमा हुने शैक्षिक क्रियाकलाप अन्तर्गत पठनपाठनका साथै अनुसन्धान र प्रकाशन पनि महत्त्वपूर्ण अङ्ग हुन् । अनुसन्धान र प्रकाशनले पठनपाठनलाई अझ ऊर्जा दिन्छन् । विशेष गरी संस्कृत वाङ्मयमा निहित ज्ञानराशिलाई उजागर गर्ने उद्देश्यले प्रकाशन गर्न लागिएको प्रस्तुत *प्रभा* पत्रिकाले विद्यापीठका गतिविधिहरू समेटेर प्राज्ञिक स्तरीयता कायम गर्दै समाजमा महत्त्वपूर्ण योगदान दिन सफल रहने छ भन्ने विषयमा म पूर्ण विश्वस्त छु । प्रभा पत्रिकाको सत्रौं अङ्क विभिन्न विषयका कार्यपत्रहरूलाई समेटेर प्रकाशन हुन लागेकामा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८० असार २९ भानुजयन्ती ।

२०८०।३।२९

काशीनाथ पौडेल

**प्राचार्य** प्राचार्य

पिण्डेश्वर विद्यापीठ, धरान


Phone : 025-570285, Email : infopindeshwor@nsu.edu.np

# सम्पादकीय

पिण्डेश्वर महाविद्यालयरूपी बिरुवालाई पं.छविलाल पोखरेलले श्रीराम संस्कृत पाठशालाको बीजबाट रोपी, गोडमेल गरी २००८ साल मङ्सिर २७ गते उमारी हुर्काउनु भएको र वहाँकै नेतृत्वको अभिभावकीय टोलीले बढाउने तथा सबल बनाउने काम गरेको कुरा हामी सबैलाई थाहै छ । पिण्डेश्वर मन्दिरको अट्टालिकामा ७५ जना विद्यार्थी, ९ जना शिक्षक तथा ९ जना कर्मचारीको संरक्षकत्वमा उमारिएको यस बिरुवालाई त्यस यताका पाँचौं छैटौं पुस्ताका संरक्षकहरूले हुर्काउने-बढाउने र फलाउने-फुलाउने काम गरिरहेका छन् र भविष्यमा पनि गरि नै रहने छन् । यो अब ७२ वर्ष पूरा गरेको पिपलजत्तिकै बलशाली बनेको छ, तसर्थ यसले अब पूर्ण वयस्कता पनि पाइ सकेको छ, अब यो आफ्नै विशाल जड र धडमा उभिन सक्ने भएको छ । साथै यो वृक्ष ज्ञान-विज्ञान एवम् अनुसन्धानको छहारी प्रदान गरेर अरूलाई शीतलता दिन सक्ने अवस्थामा पुगेको छ । तर यो जन्मिएको चौथो दशक पुग्दासम्म पनि यस वृक्षका हाँगाबाट पलाएका ती सुनाखरीका मुनाहरू स्याहार-चाकर पाउन नसकेर हो वा के भएर हो ? फक्रन-फुल्न सकेका थिएनन् । यो कुरा बुझेका र संरक्षकको भूमिकामा रहेका पं.छविलाल पोखरेलले २०४८ साल वसन्त पञ्चमीदेखि 'प्रभा' (सामयिकी पत्रिका) को प्रकाशन आरम्भ गरी सिर्जनशील, समालोचकीय र अनुसन्धानात्मक ऊर्जा दिई तिनलाई फुलाउने कार्यमा सहयोग पुऱ्याउनु भयो, फलतः अहिले ती- फुलको बास्ना डाँडावारि, मानिसको बास्ना डाँडापारि भनेझैं फलेर फुलेर देशविदेशसम्म नै सुगन्ध छरिरहेका छन् । अतः प्रभा साच्चिकै पिण्डेश्वरप्रभा बनेर देखापरेको छ ।  जसको आरम्भ छविलाल पोखरेलले गर्नु भएको र जसलाई टीकाप्रसाद शर्मा वस्तीले आठौं अङ्कसम्म निरन्तर प्रकाशित गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नुभएको सर्वविदितै छ । समयको गतिसँगै यसले अझ सुगन्ध छर्दै गयो । यस किसिमले छविलाल पोखरेल, टीकाप्रसाद शर्मा वस्ती हुँदै प्रभा पत्रिका आजसम्म आइपुगेको छ ।

वि.सं. २०४८ देखि आजसम्म प्रभाका जम्मा १७ अङ्क प्रकाशित भइ सकेका छन् । यस बिचमा २०४९ फागुनमा अङ्क-२, २०५१ फागुनमा अङ्क-३, २०५२ असारमा अङ्क-४, २०५४ मङ्सिरमा अङ्क-५, २०५५ मङ्सिरमा अङ्क-६, २०५७ असारमा अङ्क-७, २०५८ मङ्सिरमा अङ्क-८ (स्वर्णमहोत्सव विशेषाङ्क), २०६० माघमा अङ्क-९, २०६७ श्रावणमा अङ्क-१० (समालोचना विशेषाङ्क), २०६८ चैत्रमा अङ्क-११, २०७० असारमा अङ्क-१२, २०७१-०७२ मा अङ्क १३, २०७२ कार्तिकमा अङ्क-१४ (समालोचना विशेष), २०७४ मङ्सिरमा अङ्क-१५ एवम् २०७८ माघमा अङ्क-१६ प्रकाशित भएका छन् । आजसम्म प्रकाशित अङ्कहरूमध्ये ३ अङ्क विशेषाङ्कका रुपमा देखिएका छन् भने बाँकी चाहिँ प्रायः सिर्जना, समालोचना र अनुसन्धानमा केन्द्रित छन् । यसै सेरोफेरोमा यस सत्रौं अङ्कलाई कार्यपत्र विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ ।

पिण्डेश्वर विद्यापीठ कोशी प्रदेश अन्तर्गतका सबै संस्कृत शिक्षालयहरूको समन्वय र सम्पर्कमा रहेको शैक्षिक संस्था हो । यसको सम्पर्क र सहकार्यमा यस प्रदेशअन्तर्गतका ५५ भन्दा धेरै गुरुकुल (औपचारिक र अनौपचारिक समेत गरी), १२ संस्कृत मावि र एक संस्कृत विद्यापीठ रहेका छन् । यी सबैको शैक्षिक गतिविधिमा सकेजति सहयोग गर्नु र तिनीहरूमा प्रत्यक्ष परोक्ष (यथासम्भव) शैक्षिक सहयोग र परामर्श प्रदान गर्नु यस विद्यापीठको दायित्व भएकाले त्यस उद्देश्यलाई परिपूर्ति गर्न र आपसी समस्याहरूमा विचार विमर्श गरी सम्बन्धित निकायसमक्ष सामूहिक आवाज पुऱ्याउन २०८० जेठ महिनाको १४, १५ एवम् १६ गते पिण्डेश्वर विद्यापीठको अगुवाइमा 'कोशी प्रदेश स्तरीय बृहत् संस्कृत सम्मेलन' आयोजना गरिएको थियो । आवासीय रूपमा आयोजित तीनदिने उक्त सम्मेलनले १५ बुँदे सङ्कल्प प्रस्तावसमेत पारित गरेको छ (सङ्कल्प प्रस्ताव यसको परिशिष्टमा राखिएको छ ।) । उक्त

सम्मेलनमा प्रस्तुत कार्यपत्रहरूको समाजोपयोगितालाई ध्यानमा राखेर नै विद्यापीठले प्रभा पत्रिकाको यो अङ्क कार्यपत्र विशेषाङ्कका रूपमा प्रकाशन गर्न लागेको हो । सम्मेलनले निर्क्योल गरेका समस्याहरूको निराकरणका लागि आपसी छलफल गरी समाधानार्थ सम्बन्धित निकायमा पहल गर्न ११ सदस्यीय **गुरुकुल, संमावि एवम् विद्यापीठ समन्वय समिति : कोशी** समेत गठन गरिएको छ ।

यसका साथै २०८० वैशाख २१, २२ एवम् २३ गते **अनुसन्धान प्रविधि कार्यशाला गोष्ठी २०८०** यस विद्यापीठमा आयोजना गरियो । गोष्ठी पिण्डेश्वर विद्यापीठ र अनुसन्धान व्यवस्थापन एकाइ ( पिण्डेश्वर विद्यापीठको आयोजनामा सम्पन्न भएको थियो । यी दुवै कार्यक्रममा विश्वविद्यालय अनुदान आयोग, नेपालको आर्थिक सहयोग रहेको थियो । यस कार्यक्रममा समेत पौरस्त्य वाङ्मयका विभिन्न विषयका १२ वटा कार्यपत्र प्रस्तुत भएका थिए । यी दुवै कार्यक्रममा प्रस्तुत महत्त्वपूर्ण २२ वटा कार्यपत्रलाई अभिलेखीकरण गर्ने प्रयोजनले प्रभाको यस अङ्कलाई कार्यपत्र विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ । विद्यापीठले तोकेको त्यही जिम्मेवारीलाई सम्पादक मण्डलले इमानदारिताका साथ पूरा गर्ने प्रयत्न गरेको छ । आशा छ, यहाँ प्रस्तुत कार्यपत्रबाट यहाँले पौरस्त्य वाङ्मय सम्बद्ध विविध विषयका खुराक र कोशी प्रदेशअन्तर्गतका संस्कृत शिक्षालयसम्बद्ध विविध विषयका ज्ञान प्राप्त गर्नु हुनेछ ।

**प्रभा** (वर्ष ३२, अङ्क-१७) को यस अङ्कलाई कार्यपत्र विशेषाङ्कका रूपमा प्रकाशन गर्न पाउँदा हामी हर्षित छौं । प्रस्तुत कार्यपत्रहरूको अध्ययनबाट कोशी प्रदेशअन्तर्गतका संस्कृत मावि, गुरुकुल एवम् विद्यापीठको परिचयका साथै तिनका समस्या र समाधानका उपायबारे जानकारी पाउन सक्नु हुने छ । अनुसन्धान प्रविधिसम्बन्धी कार्यपत्रहरूको अध्ययनबाट संस्कृत तथा आधुनिक विषयमा उच्च शिक्षा हासिल गरिरहनु भएका पाठकवर्गले लाभ प्राप्त गर्न सक्नुहुने छ । यस अङ्कमा आवश्यक ठानिएका कतिपय विषय छुट्न गएका र कतिपय पक्ष प्रविधिगत अनुशासनमा बाँधिन नसकेकाले केही कमजोरी रहेका हुन सक्छन् । गुणग्राही विज्ञ पाठकवर्गले गुणमात्र ग्रहण गरिदिनु हुन र आवश्यक सल्लाह र सुझाव दिई आगामी अङ्कका लागि मार्गदर्शन गरिदिनु हुन सादर निवेदन गर्दछौं ।

अन्त्यमा अनुसन्धान प्रविधि कार्यशाला गोष्ठी एवम् संस्कृत सम्मेलनमा तन, मन एवम् धनले प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने संस्कृतानुरागी महानुभावहरू, गुरुकुल, संमावि र विद्यापीठका गुरु, कर्मचारी एवम् छात्रवर्ग, संस्कृतसेवी, शुभचिन्तक, संस्कृत सम्मेलनको व्यवस्थापनमा अहोरात्र खट्नु हुने पिण्डेश्वर विद्यापीठ, चन्द्रसंस्कृत मावि र पिण्डेश्वर संमावि परिवार, कार्यक्रममा टाढा-टाढाबाट समेत अपनत्वको अनुभूति गरी पाल्नु हुने प्रतिनिधिज्यूहरू र विद्वद्वर्ग, कार्यपत्र प्रस्तोतृगण र टिप्पणीकारहरू, अभ्यागतवर्ग, सहयात्री विजयपुर आध्यात्मिक मञ्च परिवार लगायत सबैमा विद्यापीठको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं । साथसाथै यस पत्रिकाको प्रकाशनार्थ टाइप र सेटिङको काम गर्ने उपप्रा. टीकाराम दाहाल एवम् मुद्रक उज्ज्वल छापाखाना धरान-७ लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । जयतु पिण्डेश्वर !

गच्छतस्खलनं क्वापि भवत्येव प्रमादतः ।
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ॥

२०८० असार २९ भानुजयन्ती

सम्पादन मण्डल

# विषयसूची


| 'कोशी प्रदेशस्तरीय तीन दिने बृहत् संस्कृत सम्मेलन २०८०' मा प्रस्तुत कार्यपत्रहरू | | | |
|---|---|---|---|
| क्र.सं. | विषय | लेखक | पृष्ठ |
| १. | नेपालमा गुरुकुल शिक्षाका लागि तह र कक्षानिर्धारण | डा.गुरुप्रसाद सुवेदी | १-१० |
| २. | कोशी प्रदेशमा गुरुकुल-शिक्षाको अवस्था | डा.सागरमणि सुवेदी<br>डा.गुरुप्रसाद कोइराला | ११-२३ |
| ३. | गुरुकुल सञ्चालनका समस्या र समाधानका उपायहरू | डा.गोपीकृष्ण खतिवडा<br>आचार्य छन्दुरामभण्डारी | २४-२८ |
| ४. | संस्कृत र छत्थरे लिम्बू भाषाका वर्णहरूको तुलनात्मक अध्ययन | प्रा.डा.गोविन्दबहादुर तुम्बाहाङ | २९-४० |
| ५. | आधुनिक भाषाविज्ञानमा पाइएका पूर्वीय भाषाचिन्तनहरू | प्रा.डा.टङ्कप्रसाद न्यौपाने | ४१-४४ |
| ६. | सभ्य समाजको निर्माणका लागि : मूल्यशिक्षा | डा. भवानीशङ्कर भट्टराई | ४५-५५ |
| ७. | संस्कृत माध्यमिक विद्यालयका समस्या र समाधान | महेश्वर कोइराला<br>गोविन्द निरौला | ५६-६३ |
| ८. | गुरुकुलीय संस्कृत शिक्षाको महत्त्व र शिक्षण पद्धति | डा.रघुनाथ नेपाल | ६४-७१ |
| ९. | गुरुकुल, संस्कृत माध्यमिक विद्यालय र विद्यापीठको अन्तःसम्बन्ध | डा. खेमराज खनाल<br>डा. रमेश घिमिरे | ७२-७९ |
| १०. | योग र आयुर्वेदीय चिकित्सा पद्धतिको उपयोगिता | कविराज रामबाबु यादव | ८०-८३ |
| ११. | The use of technology in Sanskrit learning | Sanjaya Niroula | ८४-८६ |
| अनुसन्धान प्रविधि कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्रहरू | | | |
| १२. | शोधसामग्रीको विश्लेषण र निष्कर्षणका प्रक्रिया | अनिल अधिकारी | ८८-१०३ |
| १३. | संस्कृत वाङ्मयमा अनुसन्धेय शीर्षकहरूको खोजी | प्रा.डा.चक्रपाणि खनाल | १०४-१०९ |

| | | | |
|---|---|---|---|
| १४. | अनुसन्धानमा सामग्री सङ्कलन र व्यवस्थापन | डा.दीपकप्रसाद न्यौपाने | ११०-११७ |
| १५. | संस्कृतको प्राचीन सन्दर्भाङ्कन परम्परा र वर्तमान अभ्यास | डा.भवानीशङ्कर भट्टराई | ११८-१२७ |
| १६. | शोधशीर्षक चयनका चुनौती | मदनराज बराल | १२८-१३५ |
| १७. | संस्कृत वाङ्मयमा अनुसन्धान पद्धति | डा.महानन्द तिमिल्सिना | १३६-१४८ |
| १८. | Major Components of Research Proposal | Dr. Achut Raj Kattel | १४९-१६१ |
| १९. | Application of Prevalent Research Framework | Prof. Dr. Ashok Kumar Jha | १६२-१७९ |
| २० | Conducting a Comprehensive Literature Review in Research Writing | Dr. Diwakar Regmi | १८०-१८९ |
| २१. | The Methodological Differences between MLA and APA Format | Dr. Ramesh Kumar Limbu | १९०-१९५ |
| २२ | Use of Theory in Research and Writing | Dr. Ramji Timalsina | १९६-२०५ |
| २२. | परिशिष्ट<br>विद्यापीठको वार्षिक प्रतिवेदन २०८० | प्राचार्य काशीनाथ पौडेल | २०६-२१५ |
| २३ | संस्कृत सम्मेलनबाट पारित सङ्कल्प प्रस्ताव | संस्कृत सम्मेलन | २१६-२२० |

विश्वविद्यालय अनुदान आयोग, नेपालको सहयोगमा पिण्डेश्वर विद्यापीठ धरानद्वारा
मिति २०८० जेठ १४, १५, १६ गते सम्पन्न
'कोशी प्रदेशस्तरीय तीन दिने बृहत् संस्कृत सम्मेलन-२०८०'
मा प्रस्तुत कार्यपत्रहरू

# नेपालमा गुरुकुल शिक्षाका लागि तह र कक्षानिर्धारण

डा.गुरुप्रसाद सुवेदी
प्राध्यापक, व्याकरण विभाग
नेपाल संस्कृत विश्वविद्यालय
विश्वविद्यालय विद्यापीठ, बेलझुन्डी, दाङ

**पृष्ठभूमि र नेपालको सन्दर्भ**

देवदेश नेपाल तपोभूमि र ज्ञानभूमि हो । उत्तरको हिमालयलाई देवतात्मा भनिन्छ । त्यो पनि ऋषिमहर्षिहरूको दिव्य चेतनाको चमकले नै चम्किएको छ । सनातन वैदिक संस्कृतिको प्रवाह पनि यतैबाट प्रवाहित भएको छ । यहाँका नदीका तट र गुफाहरू ऋषिमुनिहरूको साधनासँग जोडिएका छन् । पर्वतकन्दरा, गुफा र नदीका सङ्गमस्थलहरू बुद्धितत्त्वप्रधान द्विजहरूको उत्पत्तिस्थल हो । यजुर्वेदमा भनिएको छ-

**उपह्वरे गिरीणां सङ्गमे च नदीनाम् । धिया विप्रो अजायत ॥** (ऋग्वेद ८/६/२८)

यहाँ मुख्य रूपमा तीनवटा नदीहरूको विशेष महत्त्व छ । गण्डकी, कोशी र कर्णाली । हरेकका सात सात अवान्तर नदीहरू छन् । ऋग्वेदमा यज्ञरक्षार्थ देवताहरूलाई आह्वान गर्दा भनिएको छ -

**त्रिः सप्त सुस्रा नद्यो महीरपोवनस्पतीन् पर्वताँ अग्निमूतये ।**

**कृशानुमस्तृन्तिष्य सधस्थ आ रुद्रं रुद्रेषु रुद्रीय हवामहे ॥** (१०-५-६४-८)

अर्थात् सात-सातओटा नदीको समूहले युक्त भएका तीन प्रकारका नदीहरू, वनस्पति, पर्वत, अग्नि, सोमपालक गन्धर्व, वाणचालक गन्धर्व, नक्षत्र, रुद्र र रुद्रमा प्रधान देवतालाई यज्ञको रक्षाका लागि बोलाउँछौँ भनेर २१ वटा नदीहरूलाई आह्वान गरिएको छ । नेपालमा सात ओटा नदीका समूह मिलेका तीन नदीहरू छन्- सप्तकोशी, सप्तगण्डकी र सप्तकर्णाली ।

सप्तकोशी- इन्द्रावती, सुनकोशी, तामाकोशी, लिखु (हेमगङ्गा), दूधकोशी, अरुण, तमोर ।

सप्तगण्डकी- त्रिशूली, बुढीगण्डकी, मर्स्याङ्दी, मादी, सेती, मोदी, कालीगण्डकी ।

सप्तकर्णाली- हुम्ला, मुगु, भेरी, सेती, तिला, दोल्फा, टाँके ।

कृष्णगण्डकीको सेरोफेरोमा भरद्वाज, भृगु, पुलस्त्य, पुलह आदि ऋषिहरूले तपस्या गरेका थिए । जसमा आधारहरू अहिले पनि पाइन्छन् । ऋषभदेव जेठा पुत्र भरतलाई राज्य सुम्पिएर पुलाहाश्रम (म्याग्दी) आएका थिए र चक्रनदी गण्डकीको किनारमा तपस्या गरेका थिए । यिनै गण्डकी तल आएपछि नारायणी भनिन्छ । इनलाई वेद (शतपथब्राह्मण) मा सदानीरा भनिन्छ । व्यास र वाल्मीकिको सम्बन्ध यतै पाइन्छ । विश्वामित्र, याज्ञवल्क्य, गौतम जस्ता ऋषिको तपःस्थली चाहिँ कौशिकी नदीको सेरोफेरो थियो । जसको नजिकमा प्रसिद्ध मिथिला क्षेत्र छ । यी सबै तपस्वी साधकहरूले विद्याको साधना गर्ने ठाउँ भनेको गुरुकुल नै हो । त्यसकारण वैदिक, पौराणिक कालदेखि नै नेपाल वैदिक वाङ्मयको अध्ययन-अध्यापन र

प्रचारप्रसारको मूल थलोको रूपमा रहेको देखिन्छ । नेपाली समाजको इतिहास र परम्परालाई हेर्दा नेपालमा प्राचीनकालदेखि नै संस्कृत र तत्सम्बद्ध शास्त्रहरूको अध्ययन-अध्यापनको परम्परा चलिआएको देखिन्छ । लिच्छविकाल र मल्लकाल संस्कृत वाङ्मयको अध्ययन-अध्यापन एवं प्रचार प्रसारका लागि ऊर्वरकाल थियो । त्यसपछिको शाहकालमा पनि संस्कृतका ग्रन्थ निर्माण र अध्ययनको परम्परा चलिरहेको थियो । त्यतिबेला दिइने शिक्षामा वेद, वेदाङ्ग, आयुर्वेद, कला, योग आदि विषय रहेका थिए । त्यही परम्पराको शिक्षा नै आजका गुरुकुल आश्रमहरूमा दिने गरेको पाइन्छ ।

**विषयप्रवेश**

प्रस्तुत विचारपत्रको शीर्षकमा मूलतः चारवटा विषय छन् -

(क) नेपालको सन्दर्भमा (ख) गुरुकुलशिक्षा

(ग) गुरुकुलमा अध्यापनको तह (ग) कक्षानिर्धारण

यहाँ यी चारै वटा विषयमा केही चिन्तन गरिएको छ । पहिलो विषय हो -नेपालको सन्दर्भ । दोस्रो गुरुकुलको परिचय । गुरुकुल के हो ? त्यसका अवयव के-कस्ता हुन्छन् ? त्यसको स्वरूप के हो ? अथवा गुरुकुल कस्तो हुनुपर्छ ? अनि त्यसमा दिइने शिक्षा कस्तो हुन्छ र हुनुपर्छ ? आदि । तेस्रो विषय हो - गुरुकुलमा अध्यापनक गर्दा तह निर्धारण गर्नुपर्छ कि पर्दैन ? पर्छ भने कसरी निर्धारण गर्ने ? अर्को विषय हो गुरुकुलमा कक्षापद्धति हुन्छ कि हुँदैन ? कक्षाको पद्धति अपनाउँदा के कस्ता समस्या आउलान् ? तिनको समाधान कसरी गर्ने ? आदि । कक्षापद्धतिमा जाँदा गुरुकुलको लक्ष्य वा उद्देश्यप्राप्तिमा सफलता मिल्छ वा मिल्दैन ? वर्तमान अवस्थामा हामी के-कति सफल भएका छौँ ? असफलताका बिन्दु के-कस्ता छन् वा हुन्छन् ? तिनीहरूको निराकरण के-कसरी गर्नुपर्छ ? आदि । यस्ता विषयमा गरिने चिन्तनले भावी योजना र तिनीहरूको कार्यान्वयनलाई उजागर गर्दछ जुन तेस्रो विषयको केन्द्रबिन्दु हो । अतः यिनै विषयको सेरोफेरोमा रहेर विचारपत्र अगाडि बढाउने अनुमति चाहन्छु ।

**गुरुकुलको परिचय र परम्परा**

गुरुकुलमा गुरु र कुल यी दुई शब्द मिलेका छन् । गुरु शब्द गिरति अज्ञानान्धाकारम् यस्तो व्युत्पत्ति गर्दा निगरणार्थक गृ धातुबाट कृग्रोरुच्च (उणादिसूत्र) सूत्रद्वारा उ प्रत्यय गरेर बन्दछ । यसको अर्थ अज्ञानरूप अन्धकारलाई हटाउने वा ज्ञानरूप उज्यालो प्रदान गर्ने भन्ने हुन्छ । त्यसैले गुरुको परिभाषा यस्तो गरिएको छ-

संस्कृतैः प्राकृतैः वाक्यैः यः स्वशिष्यानुरूपतः ॥
देशभाषाद्युपायैश्च बोधयेत् स गुरुः स्मृतः ॥

अर्थात् जसले शिष्यको योग्यता र अधिकार अनुसार संस्कृत वा प्राकृत भाषामा देश, काल र परिस्थिति बमोजिम आवश्यक शिक्षा दिने व्यवस्था मिलाउँछ त्यही गुरु हो । स्मृतिशास्त्रमा भने संस्कारसहित शिक्षा दिनेलाई नै गुरु भनिएको छ - स गुरुः य क्रिया कृत्वा वेदमस्मै प्रयच्छति ।

कुल शब्दको अर्थ परम्परा हो । गुरुको परम्परालाई गुरुकुल भनिन्छ, तर यहाँ प्रसङ्गअनुसार गुरुकुलशब्दले गुरूपरम्परामात्र नभएर परम्पराप्राप्त शिक्षापद्धतिलाई पनि बताउँछ । त्यसैले योग्य

आचार्यको समीपमा गई जीवनमा आवश्यक पर्ने ऐहलौकिक तथा पारलौकिक उपलब्धिका लागि जीवन र जगत्का समग्र पक्षको शिक्षा लिने प्राचीन शिक्षापद्धतिलाई गुरुकुल शिक्षा भनिन्छ ।

**गुरुकुलशिक्षाको आरम्भ**

गुरुकुल शिक्षाको आरम्भ नेपालमा नै भएको देखिन्छ । त्यसैले यो नेपालको मौलिक शिक्षापद्धति हो भन्न सकिन्छ । पर्वतनन्दिनी पार्वतीलाई विद्येश्वर भगवान् शिवले यसै पद्धतिबाट शास्त्रीय ज्ञान दिएको पाइन्छ । नेपालमा चलिआएको गुरुकुल शिक्षाको परम्परा धेरै लामो छ, जसलाई आधुनिक इतिहासवेत्ताहरूले पनि दशौं हजार वर्ष पुरानो भनेका छन् । वैदिक, पौराणिक आख्यायिकाहरूका आधारमा पनि यसै गुरुकुल परम्पराबाट हिमवत्खण्ड नेपालमा रहने अनेकौं ऋषिमहर्षिहरूले आफ्ना पूर्वाचार्यबाट आदर्श शिक्षा प्राप्त गरेका थिए र यो विद्यापरम्परालाई आफ्ना शिष्यप्रशिष्य हुँदै विभिन्न वेद, वेदका शाखा-उपशाखाहरू, अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष), उपाङ्गहरू षड्दर्शन (साङ्ख्ययोग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त), अन्य व्यवहारोपयोगी आयुर्वेद, वास्तुशास्त्र, खगोलविज्ञान, भूगोलविज्ञान, प्राणीविज्ञानजस्ता अनेकौं शास्त्रीय विधा प्रचलित भए । श्रीकृष्णले आफ्ना गुरु सान्दिपनीबाट प्राप्त गरेका चौसठ्ठी कला र चौध विद्याहरू यसै भूमिका साधना र सिद्धिका उपज हुन् । साथै आध्यात्मिक साधनाबाट हाम्रा पूर्वजहरूले प्राप्त गरेका अणिमा, महिमाजस्ता अष्टसिद्धिहरू पनि प्रसिद्ध छन् । यी सबै विद्याको मूल स्रोत गुरुकुल शिक्षा नै हो ।

**प्राचीनकालका गुरुकुलहरू**

प्राचीनकालमा वाल्मीकि, अघोर, वशिष्ठ, भारद्वाज, दुर्वासा, अंगिरा आदिका गुरुकुल प्रसिद्ध थिए । एउटै गुरुले दशौं हजार विद्यार्थीको आवास र भोजनको व्यवस्थासहित शिक्षा दिने गर्दथे । यस्ता गुरुलाई प्राचीनकालमा कुलपति भनिन्थ्यो । गुरुकुलबाट पढेका चेलाले जीवनभर आफ्नो नामसँग गुरुको नाम जोडेर परिचय दिने गर्थे । कतिपय अवस्थामा त वंशपरम्परा नै गुरूपरम्पराको आधारमा चलेको पनि पाइन्थ्यो । यो कुरा वंशो द्विधा विद्यया जन्मना च भन्ने उक्तिबाट स्पष्ट हुन्छ । शास्त्रीय मान्यतअनुसार प्राचीनकालमा गुरुआश्रममा गएर गुरुसेवासँगै विद्याग्रहण गर्नुपर्थ्यो । यसरी गुरुकुलमा गएर गुरुबाट शिक्षा प्राप्त गर्न उपनीत हुनुपर्थ्यो र कठोर नियमको पालन गर्नुपर्थ्यो । जीवनका हरेक क्षण गुरुका सान्निध्यमा बिताएर गुरुकै निर्देशनमा दैनिक गुरुसेवा, अग्निको उपासना, गाईको सेवा, भिक्षाटन र प्राकृतिक वातावरणमा रहनु गुरुकुलका दिनचर्या हुन् । यसरी साधनामय जीवनयापन गर्दै एकाग्रतासाथ साधनारत रहँदा मानव मस्तिष्कभित्रको अन्तर्निहित ऊर्जा विकसित हुने र रहस्यमय विद्याहरू स्वतः स्फुरित हुँदै जाने गर्दथे । गुरुकुल शिक्षाबाटै भगवान् श्रीरामले दिव्य ज्ञान प्राप्त गर्नुभएको र भगवान् कृष्णले पनि गुरुकुलमा जानुपरेको सन्दर्भबाट गुरुकुल शिक्षाको महत्व स्पष्ट हुन्छ ।

**वर्तमानमा गुरुकुलहरू**

प्राचीन गुरुकुल परम्परा समयको लामो अन्तरालपछि पनि हालसम्म कुनै न कुनै रूपमा हाम्रो देशमा सुरक्षित रहिआएको छ । यसरी परापूर्वकालदेखि अनवरत रूपमा चलिआएको गुरुकुलहरू वर्तमानमा

पनि कुनै न कुनै रूपमा चलिरहेका छन् । विज्ञानका कुनै प्रविधि र प्रयोगको अभावमा पनि हाम्रा समाजमा ज्योतिषको गणनाको आधारमा समग्र ग्रहगतिलाई पत्ता लगाउने पञ्चाङ्ग बनाउने ज्योतिषीहरू अझै पनि छन् । आयुर्वेदमा जडिबुटीको सामान्य उपचारबाट असाध्य रोगको उपचार गर्ने परम्परा हाम्रो समाजमा छँदै छ । भौतिक उन्नतिको प्रतिस्पर्धामा दौडेर थकित भएका पश्चिमा मुलकुका मानिसलाई शान्तिको शीतलता दिन रहर गरिने गीताको ज्ञान हाम्रा बुढापाकाको मुखमा स्वाभाविक रूपमा गुन्जिएको पाइन्छ । समग्रमा प्राच्यविद्याका महत्त्वपूर्ण ज्ञानसम्पदाहरू हामीकहाँ स्वाभाविक शैलीमा आफ्नै घरपिँढीमा अझै पनि सुरक्षित छन् । पाश्चात्य शिक्षा प्रवाहले समाजलाई बहिर्मुखी बनाउँदै गर्दा यो गुरुकुल शिक्षा प्रणाली अलि शिथिलजस्तो भए पनि देशका विभिन्न भागमा गुरुकुलहरू चलेका छन् । दिनप्रतिदिन समाजले गुरुकुल शिक्षाबाट धेरै लाभ लिन सकिने अपेक्षा राखेको छ । यस्तो अवस्थामा गुरुकुलको वर्तमान अवस्था, सम्भावना र चुनौतीहरूको सन्दर्भमा चनाखो भई यस क्षेत्रका व्यक्तिले समाजको हितका लागि केही गर्नुपर्ने बेला आएको छ ।

**गुरुकुल आश्रमहरूको वर्तमान अवस्था**

हाल देशमा सञ्चालनमा आएका गुरुकुलहरूमध्ये केही गुरुकुहलहरू वर्तमान कानुनी व्यवस्थाअन्तर्गत दर्ता प्रक्रियामा आइसकेका छन् भने केही आउने प्रक्रियामा छन् । केही गुरुकुलहरू कानूनी जटिलताका कारण दर्ता प्रक्रियालाई स्वीकार गर्न सकिरहेका छैनन् । तर राज्यले तोकेका नीति-नियमलाई पालन नगरी राज्यबाट प्राप्त हुने सुविधा र मान्यता मिल्दैन । साथै छात्रहरूको अध्ययनको तह र कक्षाप्रणालीलाई स्वीकार नगरी छात्रहरूको ऐहलौकिक अपेक्षा पूर्ति हुँदैन । त्यसैले गुरुकुलको मर्म जोगाउँदै राज्यले तोकेबमोजिम अनुमति लिनुपर्ने र स्वशास्त्रीय विषयको अध्यापनसँगै वर्तमान कक्षापद्धतिलाई पनि स्वीकार गर्नुको विकल्प छैन । त्यसका लागि वर्तमान कानूनी व्यवस्थामा असहजता भए त्यसलाई समेत परिमार्जन गरी सहज बनाउनु पर्छ ।

**अनुमति स्वीकृति सम्बन्धी वर्तमान कानुनी अवस्था**

हाल शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधनसहित) अनुसार गुरुकुलहरूलाई पनि अन्य विद्यालयहरूको रूपमा अनुमति दिनुपर्ने व्यवस्था रहेको छ । जसमा कहिले गुरुकुललाई धार्मिक विद्यालय भनिएको छ र कहिले परम्परागत । यिनीहरूले पनि शिक्षा ऐन २०२८ दफा ३ र शिक्षा नियमावली २०५९ परिच्छेद २ बमोजिम अनुमति वा स्वीकृति लिनुपर्ने व्यवस्था छ । जसअन्तर्गत विद्यालयहरू सामुदायिक वा संस्थागत हुने, संस्थागतअन्तर्गत कम्पनी वा शैक्षिक गुठी कुन रूपमा सञ्चालन गर्ने हो ? सो खुलाई शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिनाअगावै अनुसूचीमा तोकिएबमोजिम जिल्ला शिक्षा समितिको सिफारिससहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने कानूनी व्यवस्था छ ।

**विद्यालय खोल्ने अनुमतिका लागि निवेदनमा सामान्यतया निम्न विषयहरू खुलेको हुनुपर्दछ-**

- सामूहिक भेलाबाट गुरुकुल खोल्ने निर्णय र सञ्चालक समिति गठन वा संगठित संस्थाको विवरण ।

- प्रस्तावित विद्यालयको नाम, ठेगाना र किसिमको उल्लेख गर्नुपर्दछ ।
- विद्यालय सामुदायिक वा संस्थागत के हुने हो ? संस्थागत भएमा कम्पनी वा शैक्षिक गुठी कुन हुने ? ।
- अनुमति लिन चाहेका तह र सञ्चालन गर्ने कक्षा, भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा आदि ।
- गुरुकुलका लागि आवश्यक भौतिक पूर्वाधार विद्यार्थीसंख्या, शिक्षक विवरण, आर्थिक विवरण।
- शैक्षिक गुठीको विधान तथा नियमावलीको प्रतिलिपि
- जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।
- प्रस्तावित विद्यालयक्षेत्रको शैक्षिक नक्सा र छिमेकी विद्यालयको सहमति ।
- सम्बन्धित गाउँ शिक्षा समिति वा नगरपालिकाको सिफारिस ।
- विद्यालय खोल्नका लागि अनुसूची ३ को मापदण्ड पूरा भएको हुनुपर्ने ।
- तोकिए अनुसार न्यूनतम छात्रसंख्या आदि ।

**शैक्षिक गुठीसम्बन्धी व्यवस्था**

शैक्षिक गुठीका रूपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठीसम्बन्धी विधान बनाई स्थानीय निकायमा दर्ता गराउनुपर्नेछ । हाल शिक्षा ऐन दफा ३ को उपदफा ६ बमोजिम सरकारी, सार्वजनिक वा कसैबाट दानदातव्यको रूपमा प्राप्त जग्गा र त्यस्तो जग्गामा निर्मित सोही प्रकृतिको भवनमा सञ्चालन गरिने गुरुकुललाई कम्पनीको रूपमा सञ्चालन गर्न नपाउने व्यवस्था छ । अतः कुनै सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिनेगरी विद्यालय सञ्चालन गर्दा सार्वजनिक शैक्षिक गुठीअन्तर्गत रहनुपर्ने व्यवस्था छ । प्रायः धार्मिक प्रकृतिका विद्यालयहरू सामुदायिक वा सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित हुनेव्यवस्था भएको देखिन्छ ।

शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न देहायबमोजिम हुनुपर्ने कानूनी व्यवस्था छ ।

- शैक्षिक गुठी सञ्चालन गर्ने गुठीसञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने ।
- शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा ५ जना र निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्ने ।
- शैक्षिक गुठीको आयव्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने
- शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।
- कुनै व्यक्तिले निजी गुठीका रूपमा विद्यालय सञ्चालन गर्ने गरी कुनै विद्यालयलाई भवन वा जग्गा दिएमा सम्भवतः त्यस्तो विद्यालय निजी गुठीका रूपमा सञ्चालन गर्न सकिने छ ।

**परम्परागत विद्यालय (गुरुकुल) खोल्न भएका थप व्यवस्था**

- धार्मिक प्रकृतिका वा परम्परागत विद्यालय खोल्न चाहेमा शिक्षा ऐन २०२८ सातौँ संशोधनसहित र शिक्षा नियमावली २०५९ को परिधिभित्रै रही संस्थागत रूपमा सञ्चालन गर्न निवेदन दिन

पाउने व्यवस्था गर्ने गराउने भनी २०५९/१/१७ को शिक्षा तथा खेलकुद मन्त्रालयको सचिवस्तरीय निर्णयबमोजिम शिक्षा विभागबाट २०५९/२/१० को च.नं. ४३० को पत्रानुसार पाँचवटै क्षेत्रीय शिक्षा निर्देशनालय र पचहत्तरवटै जिल्लालाई निर्देशन पठाइएको देखिन्छ ।

- यस्तै २०६३/७/२४ मा जिल्ला स्तरमा जिल्ला शिक्षा अधिकारीको संयोजकत्वमा शाखा अधिकृत (विद्यालय प्रशासन) र वि. नि. समेत गरी तीन सदस्यीय धार्मिक विद्यालयसम्बद्ध संस्थागत समावेशीकरण समन्वय समिति गठन गर्ने व्यवस्था भएको छ ।
- २०६३/७/२४ मा मदरसा, गुरुकुल र गुम्बाजस्ता धार्मिक प्रकृतिका संस्थाहरूले प्राथमिक तहको सामुदायिक विद्यालयको रूपमा अनुमति लिँदा धरौटी नलाग्ने निर्णय भएको छ । शिक्षा नियमावलीको नियम ७७ अनुसूची ३ अनुसार कक्षागत विद्यार्थीसंख्या पुगेको वा पुग्ने अवस्था सुनिश्चित भएकोमा धरौटीविना नै प्राथमिक विद्यालयको रूपमा अनुमति दिने तर विद्यार्थीसंख्या नपुग हुने अवस्थामा शिक्षा नियमावली २०५९ को नियमा ५२ अनुसार वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिने भनी २०६३/०७/२४ को मन्त्रीस्तरीय निर्णय भएको देखिन्छ ।
- यहाँ विद्यार्थीसंख्या र भौतिक पूर्वाधारका सम्बन्धमा स्पष्ट किटान नभएपनि विभिन्न समयमा भएका छलफल र राय सुझावका आधारमा गुरुकुलमा उक्त छात्रसंख्याको प्रावधान अनुपयुक्त हुने ठहर गरी धार्मिक प्रकृतिका समुदायिक विद्यालयहरूलाई अध्यापन व्यवूथापन कार्यमा सहयोगका लागि एकमुष्ट अनुदान कार्यान्वयन निर्देशिका २०६९ अनुसार एकमुष्ट आर्थिक सहयोग लिन समेत प्रा.वि तहमा जम्मा २५ जना, नि.मा.वि. तहमा जम्मा २० जना र मावि तहमा जम्मा १५ जना हुनुपर्ने व्यवस्था भएको हुँदा छात्रसंख्याको हकमा माथिको प्रावधान लागु नहुने देखिन्छ । अन्य विद्यालयसरह छात्रसंख्या अनिवार्य नभएपछि भौतिक पूर्वाधार पनि अन्यसरह हुनुपर्ने अनिवार्यता देखिँदैन ।

**गुरुकुलको तहगत संरचना**

विगतमा अन्य विद्यालयसरह नै प्राथमिक (१-५ कक्षा), निम्नमाध्यमिक (६-८ कक्षा) र माध्यमिक (माध्यमिक ९-१० कक्षा) तह रहेकोमा हाल विद्यालय सुधार योजनाले निर्दिष्ट गरेबमोजिम (१-८) कक्षालाई आधारभूत तह र ९-१२ कक्षालाई माध्यमिक तह भनी परिभाषित गरिएको छ । विद्यालय सुधार योजनाद्वारा प्रस्तावित संरचनामा गुरुकुललाई लैजादा निम्नानुसार समस्याहरू आएको देखिन्छ -

- गुरुकुलमा विद्यार्थी भर्ना गर्दा आवासीय किसिमको व्यवस्था हुने र आफ्नो घरपरिवारको सान्निध्य छोडेर टाढा जानुपर्ने भएकाले कक्षा १ देखि भर्ना गर्न कठिनाइ भएको ।
- गुरुकुलमा वेद अध्ययन गर्नुपर्ने, वेद पढ्दा व्रतबन्ध गरिसकेको हुनुपर्ने र व्रतबन्ध गर्ने उमेर सामान्यतया ८ वर्ष हुने भएकाले कक्षा १ मा नै गुरुकुलमा भर्ना गर्न कठिनाइ भएको ।
- अक्षरारम्भ र सामान्य आरम्भिक शिक्षा नभई गुरुकुलमा अध्यापन गर्न कठिनाइ हुने । तर, सबै गुरुकुलको प्रकृति एकै किसिमको नभएको ।

उपर्युक्त समस्याको समाधानका लागि गुरुकुलका निमित्त विद्यालयको तहगत संरचना छुट्टै किसिमको हुनुपर्ने देखिन्छ । सामान्यतया व्रतबन्धपछाडि गुरुकुलमा जानुपर्ने भएकाले गुरुकुलका निमित्त ८

वर्षको उमेर हुनुपर्छ । त्यसका लागि कक्षा ४ वा ६ कक्षादेखि गुरुकुल शिक्षाको आरम्भ गरिन्छ । यद्यपि प्राचीन शास्त्रीय परम्पराअनुसार मातृकुल, पितृकुल, गुरुकुल, देवकुल र राजकुल गरी विभिन्न किसिमको कुलशिक्षा हुने गर्थ्यो । यो व्यवस्थालाई विचार गर्दा अक्षरारम्भ र आरम्भिक शिक्षा घरायसी वातावरणमा नै हुन उपयुक्त देखिन्छ । त्यसैले गुरुकुलशिक्षाका लागि व्रतबन्ध गर्ने उमेर ८-९ वर्ष हुनुपर्ने र सो उमेर कक्षा ४ वा ६ का लागि प्रवेश हुन योग्य समय भएको देखिन्छ, तर कतिपय मातृकुल शैलीका गुरुकुलहरूमा भने सञ्चालकले चाहेमा आधारभूत तहको सुरुबाटै पनि सञ्चालन गर्न सकिन्छ ।

**गुरुकुलको कक्षागत व्यवस्था र पाठ्यक्रम**

यद्यपि गुरुकुल शिक्षा कक्षानिरपेक्ष शिक्षापद्धति हो, प्रशासन र सरकारी निर्देशनका भरमा गुरुकुलको अस्तित्व सुरक्षित रहदैन, तर पनि सर्वनाशादर्धनाशो वरम् भनेजस्तै समयानुकूल बाहिरी व्यवस्थालाई स्वीकार गर्नैपर्छ । साथै उच्चशिक्षाको रूपमा विश्वविद्यालयीय शिक्षामा प्रवेश गर्न पनि औपचारिक शिक्षा आवश्यक हुने र माध्यमिक तहसम्म पनि स्वदेशकै शिक्षा प्राप्त गर्न उपयुक्त हुने भएकाले सबै गुरुकुलले कक्षागत व्यवस्था र पाठ्यक्रम अपनाउनु पर्छ । वर्तमान पाठ्यक्रम गुरुकुलशिक्षाको मर्मअनुकूल नभएमा संशोधन गराउन पनि सकिन्छ तर अनौपचारिक गुरुकुलको नाममा छात्रहरूको समय वर्वाद गर्नु उपयुक्त देखिँदैन ।

वर्तमान शिक्षानीतिमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ -

**अनुमति स्वीकृति प्रक्रियाका समस्या र समाधानका उपायहरू**

परम्परागत गुरुकुलहरूमा कानुनी व्यवस्थाअन्तर्गत अनुमति लिँदा निम्न केही समस्याहरू आउने देखिन्छ ।

- गुरुकुल सञ्चालनको मापदण्ड र सरकारी नीतिनियमको अनुसरण गर्नुपर्दा उक्त नीतिनियमको जानकारी नभएका गुरुकुलहरू दर्ता हुन नसक्ने ।
- अनुदान रकमको आसक्तिमा गुरुकुलको मूल अवधारणासँग अपरिचित व्यक्तिले पनि कागजपत्र तयार गरी गुरुकुलको नाममा संस्था खोल्ने र अनुदानको दुरूपयोग गर्ने सम्भावना रहेको ।
- गुरुकुल आश्रमहरूलाई कानुनी प्रक्रियाबमोजिम दर्ता गरी वर्तमान शिक्षानीतिमा प्रवाहीकरण गर्दा विद्यालयको स्वरूप र संरचना हराउने र अस्तित्व नै गुम्ने हो कि ? भन्ने आशङ्का रहेको ।

- सामुदायिक रूपमा सञ्चालन गर्दा झन्झटिला सरकारी नीतिनियमहरू सबै पालन गर्न अनिवार्य हुने । संस्थागत रूपमा दर्ता गर्दा पनि शैक्षिक गुठी र विभिन्न प्रक्रियाहरू पूरा गर्न धेरै झन्झटिलो भएको साथै आफैँ निजी स्रोतमा गुरुकुल सञ्चालन गर्ने व्यवस्था मिलाउन कठिनाइ भएको ।
- विभिन्न समयमा मन्त्रीस्तरको निर्णयबमोजिम गुरुकुल शिक्षालाई व्यवस्थित गर्न खोजे पनि शिक्षा ऐन र नियमावलीमा स्पष्ट रूपमा गुरुकुलको भावनालाई सम्बोधन नगरिएको ।
- गुरुकुल सञ्चालनका लागि स्पष्ट आचारसंहिता नहुँदा सबै गुरुकुलहरूमा एकरूपता हुन नसकेको । बोर्डिङ्ग शैलीका स्कूलहरूले पनि गुरुकुलको नाम राख्न वा सुविधा लिन प्रयत्न गरेको पाइएको ।
- गुरुकुलको अभिलेख तथ्याङ्कसङ्कलन आदि कुराहरूमा अन्य विद्यालयसरह फाराम भर्न वा विवरण उपलब्ध गराउन नमिल्नेअवस्था रहेको ।
- गुरुकुलमा पढाइने सबै विषयहरू पाठ्यक्रम र पाठ्यविषयमा उल्लेख गर्न सम्भव नभएको ।
- चरित्रनिर्माण र सदाचारशिक्षालाई स्वाभाविक दिनचर्याको रूपमा आत्मसात् गर्न वर्तमान परिवेश प्रतिकूल रहेको र यस विषयमा सरकारी नीति नियमहरूले उल्लेखनीय भूमिका निर्वाह गर्न नसकेको ।

**समाधानका उपायहरू**

- मर्यादित रूपमा चलिरहेका गुरुकुललाई सहजरूपमा अनुमति दिने तर नयाँ गुरुकुल खोल्न गुरुकुलकै मर्यादाको अनुसरण भए-नभएको जानकारी लिएर मात्र अनुमति दिनुपर्ने । साथै गुरुकुल हुन के कस्तो मापदण्ड पूरा गर्नुपर्ने हो त्यसको निर्धारण गरी सो मापदण्ड पूरा गरेमा मात्र गुरुकुलको मान्यता लागु गर्नुपर्ने ।
- आदर्श गुरुकुल चलाइरहेका, गुरुकुलको मर्म बुझ्ने अनुभवी गुरुहरूको संलग्नतामा परिषद् बनाउने र परिषद्को सिफारिसमा तोकिएको मापदण्ड पूरा गरेपछि मात्र गुरुकुल सञ्चालनको अनुमति दिने ।
- गुरुकुल आश्रमलाई दर्ता प्रक्रियामा ल्याउन कानुनी रूपमा ती संस्थाहरूको मौलिक स्वरूप सुरक्षित रहने त्यसमा सरकारी नीतिनियम र कानुनले दुष्प्रभावित नपार्ने प्रत्याभूति स्पष्ट रूपमा हुनुपर्ने ।
- सामुदायिक रूपमा धार्मिक विद्यालय सञ्चालन गर्दा अन्य सरकारी विद्यालयसरह सबै नीतिनियम र पूर्वाधार पूरा गर्न बाध्य गर्न नहुने ।
- संस्थागत रूपमा विद्यालय सञ्चालन गर्दा अन्य बोर्डिङ स्कूलको बराबर दृष्टिले हेर्न नहुने र ती प्रक्रियाहरूलाई पूरा गर्न बाध्य गर्न नहुने । धार्मिक प्रकृतिका पूर्ण रूपमा आवासीय र निःशुल्क रूपले सञ्चालन गरिने यी गुरुकुलजस्ता संस्थाहरूलाई सम्बोधन गर्न छुट्टै व्यवस्था हुनुपर्ने ।
- राष्ट्रियता, संस्कार, संस्कृति र नेपाली भाषा वाङ्मयको संरक्षण गर्ने महत्वपूर्ण आधार भएको संस्कृत वाङ्मय र यसभित्र सुरक्षित वेद, वेदाङ्ग र पौरस्त्य दर्शनजस्ता महत्वपूर्ण वाङ्मयलाई राष्ट्रिय सम्पदाको रूपमा घोषित गर्ने र त्यसको सुरक्षाका लागि विशेष व्यवस्था गर्नुपर्ने । जसअन्तर्गत शिक्षा ऐन र नियमावलीमा नै हाल संस्थागत र सामुदायिक विद्यालयको व्यवस्था भएझैँ गुरुकुल शिक्षालाई स्पष्ट रूपमा सम्बोधन गर्नुपर्ने र पूर्ण निःशुल्करूपमा आवासीय

सुविधासहित गुरुगृहमा शिक्षा दिइने गुरुकुलहरूलाई अन्य विद्यालयसरह नभई निम्नानुसार विशेष व्यवस्था गर्नुपर्ने ।

- अन्य विद्यालयमा जस्तो भौतिक पूर्वाधार पूरा गर्न बाध्य नबनाउने ।
- सरकारी निकायबाट अनुगमन र मूल्याङ्कन गर्ने तर संस्थाका आन्तरिक क्रियाकलापमा हस्तक्षेप नगर्ने ।
- संस्थाको सञ्चालक र पदाधिकारीको रूपमा सरकारी कर्मचारी रहन अनिवार्य गर्न नहुने ।
- धार्मिक प्रकृतिका विद्यालयले पनि दरबन्दी लिन चाहेमा अन्य सामुदायिक विद्यालयसरह सुविधा दिने र सोहीबमोजिम नियमा लागू गर्ने ।
- धार्मिक प्रकृतिका विद्यालयलाई सञ्चालकको चाहनाबमोजिम पब्लिक प्राइभेट साझेदारीको अवधारणाअनुसार लैजान सकिने ।
- सरोकारवालाहरूको राय सुझावका आधारमा गुरुकुल शिक्षा सञ्चालनका लागि साझा आचारसंहिता तयार गरी लागु गराउनुपर्ने । (उदाहरणका लागि गुरुकुलमा आवासीय गुरुशिष्य, देवमन्दिर, अग्निशाला र गौशाला हुनैपर्दछ । गुरुकुलको अनुकूल बेशभूषा, शिखासूत्र र आहारविहार हुनुपर्छ, आचरणशिक्षामा जोड दिँनुपर्छ । संस्कृतविषय र योग्यता वा क्षमताका आधारमा वेद-वेदाङ्गको शिक्षा दिने किसिमको तोकिएको पाठ्यक्रम अनिवार्य लागु गर्नुपर्छ आदि) अन्य प्रकृतिका संस्थाहरूले गुरुकुलको नाम राख्न वा सुविधा लिन नपाउने व्यवस्था हुनुपर्ने ।
- गुरुकुल र यस प्रकृतिका धार्मिक शिक्षाको विवरण सङ्कलन गर्न छुट्टै तथ्याङ्क विवरण फाराम विकसित गर्ने र जिल्ला क्षेत्र लगायत शैक्षिक निकायमा त्यसको विवरण व्यवस्थित गर्ने ।
- गुरुकुलमा पढाइने, सिकाइने आचरणप्रधान विषयहरूलाई व्यवस्थित गर्न सहयोग उपलब्ध गराउने ।
- विद्यार्थीको प्रवृत्ति र प्रकृतिअनुसारका गुरुकुलको पाठ्यविषयभित्रका संस्कृतवाङ्मयभित्रका थप पाठ्यविषयहरू समावेश गर्न र तिनीहरूको प्रमाणीकरण गर्न गुरुकुललाई अधिकार दिने ।

**भावी कार्यनीति तर्जुमाका लागि सुझावहरू**

गुरुकुलशिक्षा नेपालको मौलिक चिन्तन र नेपाली संस्कृतिको आदर्श भएको संस्कृत वाङ्मयको संरक्षण गर्ने र शिक्षा दिने केन्द्र हो । विश्वमा नै चर्चामा रहेको र अनुसन्धान गरिने महत्त्वपूर्ण ज्ञानविज्ञानको निधि भएको संस्कृत वाङ्मय मानव सभ्यताकै विकासको लागि महत्वपूर्ण चेतनाको स्रोत मानिन्छ । त्यसैले यस्तो संस्कृत वाङ्मयलाई कुनै एउटा समुदायको धार्मिक शिक्षाको रूपमा मात्र सीमित गरिनु हुदैंन । संस्कृत वाङ्मय केवल धार्मिक कृत्यसँग मात्र सम्बन्ध राख्दैन । यो त आदर्श जीवन जिउने कला सिकाउने महत्वपूर्ण चिन्तन हो । यसका साथै अन्तरिक्षविज्ञान, जीवविज्ञान, स्वास्थ्यविज्ञान र विभिन्न कला, साहित्य र चेतनाको स्रोत हो । त्यसैले यस्तो महत्वपूर्ण संस्कृत वाङ्मयलाई राष्ट्रिय सम्पदा घोषित गरी यसको संरक्षणका निमित्त विशेष व्यवस्था गर्नुपर्दछ ।

धार्मिक विद्यालयको रूपमा मठमन्दिरमा कुनै सम्प्रदायको संरक्षणका लागि गुरुपुरोहितहरूले सञ्चालन गरिने विद्यालयलाई त्यसै किसिमले व्यवस्थापन गरिए पनि समग्र संस्कृत वाङ्मयको शिक्षाका लागि भने सरकारले समुदायको सहयोगमा विशेष व्यवस्था गर्नुपर्दछ । संरक्षित विद्या अध्ययन केन्द्रको रूपमा संस्कृत भाषा अध्ययन अध्यापन गर्न कम्तिमा प्रत्येक विकासक्षेत्रमा एक-एक र क्रमशः हरेक

जिल्लाहरूमा एकएक आवासीय गुरुकुलहरूको विशेष व्यवस्था हुनुपर्दछ । हाल राज्यले शिक्षामा ठूलो धनराशि खर्च गरेको छ, तर त्यहाँबाट उत्पादित जनशक्तिले समुदायको चाहनाबमोजिम कार्य गर्न सकेको छैन । अधिकांश जनशक्ति देशबाट बाहिर पलायन हुन परेको छ । देशमा स्वावलम्बी, अनुशासित र सच्चरित्रवान् देशप्रेमी व्यक्तिको खाँचो हुँदै गएको तथ्यलाई हदयङ्गम गरी यो समस्याको समाधानका लागि संस्कृत शिक्षा र गुरुकुल शिक्षा प्रणाली आवश्यक भएको तथ्यलाई बिर्सिनु हुँदैन । त्यसैले संस्कृत शिक्षालाई विशेष संरक्षित शिक्षाको रूपमा व्यवस्थित गर्नुपर्दछ । समाजमा ठुलो प्रभाव भएका सन्त महन्त र तपस्वीहरूले समाजमा दिएको योगदानलाई सरकारले प्रोत्साहित गर्ने नीति लिनुपर्दछ ।

गुरुकुलमा शास्त्रीय विषयको संरक्षण गर्ने गरी मुख्य विषयको रूपमा विशेष पढाइ हुने गुरुकुल र अन्य क्षेत्रका व्यक्तिहरूले अतिरिक्त विषयकोरूपमा निश्चित समयमा थप ज्ञान हासिल गर्न पढाइने अनौपचारिक गुरुकुल गरी दुबै किसिमका गुरुकुललाई मान्यता दिनुपर्छ । यस्तै पेशा व्यवसायका लागि काम लाग्ने विषयको प्रशिक्षण लिएका व्यक्तिलाई प्राविधिक विषयको तालिमभ्रै मान्यता दिने र कर्मकाण्ड, ज्योतिष वास्तुपरामर्शसेवा आदिमा तालिमप्राप्त व्यक्तिले प्राथमिकता पाउने परम्परा कायम गराउनु उपयुक्त हुन्छ ।

यसरी विद्यालय तहसम्म संस्कृत शिक्षालाई व्यवस्थित गर्ने र उच्च तहमा गुरुकुल शिक्षा प्रणालीको. विश्वविद्यालय सञ्चालन गर्ने नीति लिनुपर्दछ । हाल चलिरहेको नेपाल संस्कृत विश्वविद्यालयको जस्तो राजनीति र भागबण्डाको दुष्प्रभावबाट यी धार्मिक संस्थाहरूलाई जोगाउन समयमा नै सचेत हुनुपर्दछ ।

**निष्कर्ष**

नेपालमा परम्परागतरूपमा चलिआएको संस्कार र संस्कृतिसँगै जीवनका महत्वपूर्ण पक्षहरूलाई उजागर गर्ने गुरुकुल शिक्षालाई व्यवस्थित गर्न गुरुकुलको मयार्दालाई नछोडी राज्यको शिक्षानीतिअन्तर्गत जानुपर्छ । सरकारी अनुमति, तह र कक्षागत संरचनालाई स्वीकार गर्दा गुरुकुलको स्वरूप व्यवस्थित हुन्छ र छात्रहरू अफ्नो भविष्यका बारेमा चिन्तित र विचलित हुँदैनन् । तर यसरी सरकारी नीतिमा समाहित गर्दा गुरुकुलको आफ्नो पहिचान र विशेषतालाई गुम्न भने दिनुहुँदैन । साधु, सन्त र त्यागी तपस्वी मनीषीहरूले केवल कर्तव्यको रूपमा निष्कामभावले जीवन उत्सर्जन गरेर जोगाइँदै आएको यो गुरुकुलशिक्षाको भित्री मर्मलाई आत्मसात् गरी सरकारले पनि सरोकारवालाको रायसुझावअनुसार दीर्घकालीन नीति तय गर्नुपर्दछ र गुरुकुलको मर्मलाई जोगाइराख्नुपर्छ । अस्तु

# कोशी प्रदेशमा गुरुकुल-शिक्षाको अवस्था

डा.सागरमणि सुवेदी
सहप्राध्यापक : साहित्य विभाग
नेपाल संस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, धरान

डा. गुरुप्रसाद कोइराला
सहप्राध्यापक : साहित्य विभाग
नेपाल संस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, धरान

**विषयप्रवेश**

मानव विकासको मूल बीज नै शिक्षा हो । आदिमानवहरू ढुङ्गे युगबाट अघि बढ्ने क्रममा नै विचार आदानप्रदानको क्रम सुरु भयो । यही परम्परा लिखित र औपचारिक रूपमा हुन थालेपछि शिक्षालयको अवधारणा आएको मान्न सकिन्छ । भारतवर्षको इतिहास हेर्ने हो भने औपचारिक शिक्षा प्राप्तिको प्रारम्भिक स्वरूप नै गुरुकुलीय पद्धति भएको पाइन्छ । आदिकालमा ऋषिमहर्षिहरूले निरन्तर साधनाबाट आर्जित ज्ञानलाई वितरण गर्न आफ्नै तपोभूमिमा छात्रहरूलाई एकत्रित गरी निष्ठापूर्वक मस्तिष्कलाई केवल अध्ययनमा लगाउने परम्परा सुरु भयो जसलाई गुरुकुलको संज्ञा दिइएको मानिन्छ । हरबखत अध्ययन/अनुसन्धानको कार्यमा लाग्नुपर्ने गुरुकुलीय परम्परामा अध्ययन गरेका छात्रहरूबाट विश्ववाङ्मयको इतिहासमा अद्वितीय सम्पदासम्पन्न पौरस्त्य वाङ्मय स्थापित भएको हो । भारतवर्षबाट जब गुरुकुल शिक्षाका विरुद्ध नयाँ शिक्षाका नाममा पश्चिमीहरूको शैक्षिक अवधारणा लागू भयो त्यस समयबाट संस्कृत वाङ्मयमा कालजयी कृतिहरू थपिने क्रममा ह्रास आएको इतिहासले नै बताउँछ । तत्कालीन समयमा रचित कृतिहरूसँग तुलनीय कृतिरचनाको त कुरै छैन, ती कृतिहरूको अध्ययन गर्नसमेत माथापच्ची गर्नुपर्ने तथ्यका हामी सबै भुक्तभोगी नै हौँ । यसबाट के स्पष्ट हुन्छ भने कुनै पनि भाषावाङ्मयको अध्ययन/अनुसन्धानका लागि पवित्र मानसिक साधना आवश्यक हुन्छ, त्यो गुरुकुलीय पद्धतिबाट मात्र सम्भव छ । नेपालको सन्दर्भमा हेर्ने हो भने शिक्षालयको सुरुवात नै गुरुकुलबाट भएको हो । महोत्तरीको मटिहानी गुरुकुल सबैभन्दा प्राचीन रहेको मानिन्छ । गुरुकुल शिक्षाकै उपलब्धिस्वरूप त्यसबखत नेपालबाट पनि संस्कृत वाङ्मयमा राम्रै योगदान भएको थियो । कालक्रमले राजनैतिक द्वन्द्वको कोपभाजन गुरुकुलहरू हुन पुगे । फलस्वरूप नवचेतनाका हिमायती भनिनेहरूले इतिहास कोरेका कतिपय गुरुकुलहरूको अस्तित्व नै लिलाम गरिदिए । अहिले तिनीहरू नै पछुताउँदै संस्कृत शिक्षा र गुरुकुलीय परम्पराको पक्षमा उभिन थालेका छन् । खुसीको कुरा अहिले नेपालको गुरुकुल परम्परामा नयाँ पालुवा देखिन थालेको छ । पुरानालाई व्यवस्थित गर्ने र नयाँ खोल्ने कार्यले तीव्रता पाइरहेको छ । प्रस्तुत कार्यपत्र कोशी प्रदेशस्तरीय गुरुकुलको सन्दर्भमा तयार पारिएकाले विशेषतः द्वितीयक स्रोतका रूपमा रहेका

तत्सम्बन्धी लेखरचना र सम्बन्धित व्यक्तिहरूसँग प्रत्यक्ष एवम् दुरभाषद्वारा सोधपुछबाट तथ्यसङ्कलन गरी विश्लेषण विधिबाट कोशीप्रदेशमा गुरुकुलको अवस्था सन्तोषजनक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## गुरुकुल

सर्वतोमुखी ज्ञानप्रदान गर्ने विद्वान् व्यक्तित्वलाई गुरु र गुरुको समीपमा रही सेवा सुश्रुषाबाट गुरुलाई प्रसन्न बनाई ज्ञानआर्जन गर्ने जिज्ञासु व्यक्तित्वलाई शिष्य भनिएको पाइन्छ । गुरुकुल शब्दले शाब्दिक रूपमा गुरुहरूको कुल/समूह बुझिए पनि व्यवहारिक रूपमा गुरु एक हुने र छात्रसमूह रहने भन्ने बुझिन्छ । गुरुकुलमा मूल गुरुले मात्र शिक्षा दिने नभएर छात्रहरू पनि एकआपसमा शिक्षा आदानप्रदान गर्ने हुँदा सबै छात्रहरू गुरुतुल्य मानिएकाले गुरुकुल भनिएको हुनसक्छ । गुरुकुलका छात्रहरू पनि गुरुसमान ज्ञानगरिमाले युक्त हुन्थे भन्ने तथ्य कुमारिल भट्ट र प्रभाकरको किंवदन्तीबाट पनि स्पष्ट हुन्छ । दशहजार छात्रलाई भोजनादि व्यवस्थापनसहित अध्ययन गराउने गुरुलाई कुलपति भनिने हुँदा कुल शब्दले छात्रहरूको समूहलाई नै बुझाएको स्पष्ट हुन्छ । सारमा गुरुको समीपमा रही सबै किसिमका ज्ञानआर्जन गर्ने छात्रहरूको सामुहिक परिवारलाई गुरुकुल शब्दले समेटेको छ ।

## महत्त्व र उपयोगिता

सामान्य रूपले हेर्दा गुरुकुलहरू केवल शिक्षालय भन्ने बुझिए पनि यसको महत्त्व त्यतिमा मात्र सीमित छैन । राजा महाराजाहरूले गुरुकुलबाट केवल सामान्य शिक्षा मात्र नभएर राजनीतिशिक्षा, युद्धविद्या, कलाशास्त्र आदिको ज्ञान प्राप्त गर्दथे । प्राचीन कालमा राज्यप्रशासन नै गुरुकुलका गुरुहरूको सल्लाहमा सञ्चालित हुन्थे । त्यसताका अमात्यका रूपमा ब्राह्मण गुरुलाई राख्ने परम्परा थियो । ऐतिहासिक उल्लेखका आधारमा हेर्दा चाणक्यको तक्षशिला गुरुकुल राज्यसञ्चालनमा पनि संलग्न थियो । शासनका क्रममा समस्या आइपर्दा गुरुसमक्ष गई सल्लाह लिने परम्परा पछिसम्म चलिरहेको थियो । यस्ता तथ्यलाई हेर्दा गुरुकुलको महत्त्व केवल शिक्षा प्रदान गर्ने मात्र नभएर देशको विकास निर्माणमा समेत योगदान गर्नसक्ने विशिष्ट किसिमको रहेको पाइएपनि पछिल्लो समयमा चाहिँ नैतिक नियममा आबद्ध रही केवल औपचारिक शिक्षा प्राप्त गर्ने स्थानका रूपमा सीमित रहेको पाइन्छ ।

प्राचीन समयमा गुरुकुल निर्विकल्प शिक्षण संस्थाका रूपमा रहेका थिए । सबैले गुरुकुलबाटै शिक्षा आर्जन गर्दा व्यक्ति सर्वज्ञानसम्पन्न बहुमुखी हुन्थे, तर अहिले अवस्था बदलिएको छ । अनुशासनहीन बन्दै गएका किशोरहरूलाई सुधार्न गुरुकुल पठाउने गरिएको छ । आर्थिक अवस्था कमजोर भएमात्र गुरुकुलको अध्ययन गर्ने बाध्यात्मक अवस्था सिर्जना हुन्छ । समाजका कतिपय वर्गले हेय दृष्टि राखेको पनि पाइन्छ । यी सबै नकारात्मकताका विरुद्ध गुरुकुलहरूले स्रोत र साधनले भ्याएसम्म आफ्नो गरिमा जोगाउने कार्य गरिरहेकै छन् । जेजस्तो अवस्थामा छात्र प्रवेश गरेपनि केही अपवादलाई छाडेर त्यो बहुमुखी गुणवाला नैतिकवान्, शिक्षित, संस्कारवान् बनेकै पाइन्छ । त्यस कारण वर्तमान अवस्थामा गुरुकुलको उपयोगिता कम छैन ।

## ऐतिहासिकता

ऐतिहासिक सन्दर्भलाई केलाउँदा प्राचीन भारतवर्ष गुरुकुलको स्वर्णयुगका रूपमा विकसित थियो । सर्वसाधारण मात्र हैन राजकुमारहरू पनि गुरुकुलमै अध्ययन गर्दथे । पछिल्लो समयमा नेपाली विद्यार्थीका

लागि पनि भारतीय गुरुकुलहरू नै शैक्षिक गन्तव्य हुने गरेका थिए । 'शिक्षा नपाए काशी जानू' भन्ने टुक्काले पनि यसलाई पुष्टि गर्दछ । सोही समयमा नेपालमा पनि गुरुकुलीय गतिविधि सञ्चालन नभएका हैनन् । मटिहानीको राजकीय गुरुकुल, भोजपुरको षडानन्द गुरुकुल, प्युठानको स्वर्गद्वारी गुरुकुल, नयराज पन्तद्वारा सञ्चालित गुरुकुल त्यस समयका स्थापित शिक्षण संस्था हुन् तर सीमित गुरुकुलमा धेरै विद्यार्थीले अवसर नपाउनाले भारत जानु बाध्यता थियो । सात सालको राजनैतिक परिवर्तनपछि शैक्षिक विकासमा सुधार आएसँगै गुरुकुलको विकासले पनि तीव्रता पायो । फलस्वरूप अहिले देशभर सामान्य र सुविधासम्पन्न धेरै गुरुकुल सञ्चालित छन् ।

### कोशी प्रदेशमा गुरुकुलीय शिक्षाको अवस्था

नेपालको गुरुकुलीय इतिहास धेरै लामो छैन । लामो समयसम्म सीमित गुरुकुलले परम्परा निर्वाह गरिरहेका थिए । पछिल्लो समयमा चाहिँ कोशी प्रदेश सबैभन्दा बढी गुरुकुल भएको प्रदेश बन्न पुगेको छ । यस क्षेत्रको सबैभन्दा पुरानो बालगुरु षडानन्दद्वारा भोजपुरको दिङ्लामा स्थापित गुरुकुल हो । त्यसबाटै शिक्षा र प्रेरणा पाएर विद्वान् गुरुहरूबाट पूर्वका विभिन्न जिल्लामा गुरुकुल स्थापना हुने क्रम सुरु भएको पाइन्छ । प्रारम्भिक शिक्षा नेपालबाटै र उच्च शिक्षा वाराणसीबाट प्राप्त गरी आफ्नो जन्मभूमिमा गुरुकुल खोल्न प्रयास गर्ने गुरुहरूको तीव्र लगाबले अहिले कोशी प्रदेशका विभिन्न स्थानमा स्थापना भई गुरुकुलको सङ्ख्या बढ्नु पौरस्त्य वाङ्मयका शुभचिन्तकहरूका लागि हर्षप्रद कुरा हो । पछिल्लो समयमा महर्षि फाउन्डेसनबाट यस क्षेत्रका गुरुकुललाई सहयोग हुँदै आएको पाइन्छ । यसबाट स्थापना भइसकेका गुरुकुललाई सञ्चालनमा केही सहज महसुस भएको छ भने नयाँ खोल्न पनि प्रोत्साहन भएको देखिन्छ । कोशी प्रदेशका १४ जिल्ला मध्ये १३ जिल्लामा गुरुकुल सञ्चालनमा रहेको पाइयो भने खोटाङ जिल्लामा चाहिँ स्थापनामा लागि प्रारम्भिक प्रयास भएपनि पूरा भइनसकेको देखिन्छ । यस प्रदेशमा गुरुकुल/सं.मा.वि. स्थापना भएको सङ्ख्या बढी भएपनि विविध कारणले कतिपय बन्द भई २४ वटा चाहिँ सञ्चालनमा रहेका पाइन्छन् । यस तथ्याङ्कले गुरुकुल शिक्षालयका सन्दर्भमा झापा जिल्ला नेपालकै अग्रणी रहेको छ भने मोरङ १२ वटा गुरुकुल/सं.मा.वि. सञ्चालनमा ल्याएर दोस्रो स्थानमा रहेको देखिन्छ । यहाँ कोशी प्रदेशमा रहेका गुरुकुलहरूलाई जिल्लागत रूपमा उल्लेख गरी चर्चा गरिएको छ ।

### ताप्लेजुङ

वि.सं. १९८०-८१ तिर दिङ्ला गुरुकुलमा अध्ययन गरी घर फर्कनु भएका पद्मलाल उपाध्याय घिमिरेले गुरुकुलीय पद्धतिको अनुशरण गर्दै आफ्नै घरमा गाउँका बालकहरू जम्मा गरी सप्तशती, रुद्री, चण्डी, कौमुदी लगायत कर्मकाण्ड शिक्षासमेत दिनुभएको जानकारी पाइन्छ । वि.सं. २००० भन्दा पहिले नै ताप्लेजुङ्को जोगी डाँडामा दामोदर खतिवडाको अग्रसरतामा पाठशाला खोलिएको थियो । वि.सं. २००२ तिर ताप्लेजुङ्कै बहिदार डाँडामा खड्गसिं सुब्बाको जग्गामा संस्कृत पाठशाला सञ्चालन भएको पाइन्छ । व्याकरणका साथै कर्मकाण्डका विषयहरू पढाइ हुने उक्त विद्यालय पाटीडाँडामा केही समय सञ्चालन गरेर २००५ तिर साँघुमा सारिएको थियो । त्यहाँ स्थानीय बासिन्दाको पनि पूर्ण सहयोग रहेको सो विद्यालय निकै व्यवस्थित रहेको बुझिन्छ । वि.सं. २००८ सालतिर भीमनाथ बराल, गेहनाथ बरालजस्ता

शिक्षासेवीले आफ्नै जग्गामा शिलान्यास गराई स्थापना गरेको बाल सुबोधिनी संस्कृत पाठशाला पछि संस्कृत मा. वि. का रूपमा विकसित भएको थियो, तर २०५८ सालबाट तत्कालीन समसामयिक परिस्थितिले संस्कृतको पठनपाठन बन्द भएको जानकारी पाइन्छ । पछि पुनः सञ्चालनको प्रयास भएपनि सफल हुन नसक्दा हाल ताप्लेजुङ् संस्कृतको अध्ययन/अध्यापनका शिक्षालय विहीन बन्न पुगेको छ ।

**पाँचथर**

पाँचथर जिल्लामा गुरुकुल स्थापनाको इतिहास निकै पुरानो रहेको छ । प्राप्त जानकारी अनुसार वि.सं. १९८७ तिर ब्रह्मयोगेश्वर वैदिक विद्यापीठ जोरपोखरीमा स्थापना भएको देखिन्छ । पं. यज्ञनिधि रेग्मी, ब्रह्माभ्यासानन्द गिरी, चन्द्र सङ्ग्रौला र सुब्बा हर्कबहादुर जबेगुको सक्रियतामा सुरुवात भएको उक्त विद्यालयमा अहिले १२ जना छात्रहरूले गुरुकुलीय पद्धति अनुसार वेद, रुद्री, चण्डी, व्याकरण आदि विषयको अध्ययन गर्दै आएका छन् । हाल विद्यालयमा प्रचार्य भूपेन्द्र पौडेल(९८४२३६८२६८) र व्य. अध्यक्ष नीतिराज रेग्मी हुनुहुन्छ । यसबाहेक संस्कृतसेवी केदारनाथ खतिवडाले खुँगामा जोरपोखरी संस्कृत विद्यालय स्थापना गर्नभएको तर विभिन्न कारणले हाल सञ्चालनमा नरहेको जानकारी पाइन्छ ।

**इलाम**

इलामका सन्दर्भमा गुरुकुल स्थापनाको प्रयास निकै पुरानो रहेको पाइन्छ । वि.सं. १९७२ तिर स्वर्गद्वारी महाप्रभुका शिष्य कपिलानन्द महाप्रभु इलामको माइपोखरी आई यज्ञ आरम्भ गर्नुभएको तर प्रशासनिक अवरोध पछि सम्पूर्ण सरसामान लिएर स्वर्गद्वारी नै फर्किनु भएको बुझिन्छ । उक्त अपूर्ण यज्ञलाई पूर्णता दिन २०४५ सालतिर काठमाडौँ चोभारबाट एक माता आाउनुभई देवीभागवत पुराण लगाउनु भएको थियो । पुराण समापनका अवसरमा वि.सं. १९७२ को सन्दर्भ जोडेर स्थानीय अर्जुन थापाले गुरुकुलको सन्दर्भ उठाउँदा सर्वसम्मत अनुमोदन भई स्वर्गद्वारीको अनुमति र माटो समेत ल्याएर माइपोखरीमा स्थापित गुरुकुल क्रमशः माईखरी संस्कृत मा. वि. का रूपमा सञ्चालनमा आएपनि व्यवधान उत्पन्न भएपछि त्यसले निरन्तरता पाउन सकेन । हाल साधारण मा. वि. का रूपमा सञ्चालित छ । २०६५ सालमा इलामको तोरीबारीमा श्री सप्तमाई गुरुकुल संस्कृत विद्याश्रम मा. वि. सञ्चालनमा आएको पाइन्छ । प्राचार्य सोमनाथ खतिवडा (९८४२७२८०८०) र व्य. अ. खगेन्द्र घिमिरे रहनु भएको विद्यालयमा कुल ७० विद्यार्थी अध्ययनरत छन् । त्यस्तै इलामकै सूर्योदय न.पा. ३ मा सिद्धेश्वर संस्कृत गुरुकुल पाठशाला २०७२ सालमा स्थापना भई सञ्चालन भइरेहेको छ । हाल १८ विद्यार्थी अध्ययनरत विद्यालयमा प्राचार्य गणेश घिमिरे (९७६२६००५००) र व्य. अ. लोकनाथ खतिवडा रहनुभएको छ । इलामका सबै विद्यालयको सञ्चालनका लागि धार्मिक गतिविधि, दानवीर दाता महानुभाव र महर्षि फाउन्डेसनको सहयोग रहेको पाइन्छ ।

**झापा**

झापा जिल्ला गुरुकुलका सन्दर्भमा अग्रणी मानिन्छ । यस क्षेत्रमा गुरुकुलीय शिक्षाका प्रारम्भिक गतिविधिहरूको इतिहास निकै पुरानो भए पनि २०२८ सालमा विवेकाश्रम गुरुकुल चारपाने र अनन्त आदर्श संस्कृत वेद विद्यालय माइधार स्थापना भएपछि औपचारिक रूपमा गुरुकुल सञ्चालनमा आएका

हुन् । त्यसपछि झापामा गुरुकुल स्थापनाको क्रमले तीव्रता पाएको देखिन्छ । तीस र चालीसको दशकमा दुई दुईवटा गुरुकुलीय शिक्षालय खोलिएको पाइन्छ भने पचास र साठीको दशकमा उल्लेख्य सङ्ख्यामा स्थापना भएको इतिहास छ । यहाँ सञ्चालित गुरुकुलहरूमा केही भौतिक संरचनाका साथै अन्य पूर्वाधारहरूका सन्दर्भमा सबल देखिन्छन् भने केही व्यवस्थित गर्ने क्रममा सङ्घर्ष गरिरहेका पाइन्छन् । झापामा अद्यावधि सञ्चालित गुरुकुल/सं.मा.वि.हरूको सङ्क्षिप्त विवरण तालिकामा निम्नानुसार प्रस्तुत गरिन्छ ।

| क्र.सं. | गुरुकुल शिक्षालय | ठेगाना | स्थापना | प्राचार्य | व्यवस्थापन अध्यक्ष | छात्र संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री साङ्गवेद संस्कृत मा.वि. विवेकाश्रम गुरुकुल | बिर्तामोड-२, चारपाने | २०२८ | छविराज रेग्मी मो. | किशोरकुमार गौतम | १३६ |
| २. | श्री अनन्तादर्श संस्कृत वेद विद्यालय | शिवशताक्षी १० माइधार | २०२८ | उद्धव बास्कोटा ९८५२०५६६१० | भागवत उपाध्याय नेपाल | २० |
| ३. | श्री वेद वेदाङ्ग संस्कृत पाठशाला | अर्जुनधारा १ साधुटार | २०३३ | सुरेन्द्र घिमिरे | लक्ष्मीप्रसाद खतिवडा | १३५ |
| ४. | श्री माधव संस्कृत विद्याश्रम | मेचीनगर १२ सहरेडाँगी | २०३९ | पुण्यप्रसाद रिजाल ९८४२७३१४८९ | डिल्लीराम भण्डारी ९८६२६८७४६२ | ४८ |
| ५. | श्री अर्जुनधारा संस्कृत वेद विद्यापीठ | अर्जुनधारा-७ | २०४१ | हेमन्तप्र.भण्डारी ९८६९७ १९८६३ | नवीन गट्टानी | ४५ |
| ६. | श्री कनकाई गायत्री वैदिक विद्यापीठ | कनकाइ न.पा. माइधार | २०४२ | गणेश गड्तौला | कृष्णप्रसाद घिमिरे | २७ |
| ७. | श्री अविमुक्तेश्वर गुरुकुल | पथरिया | २०५२ | हरिप्रसाद ढकाल | पुण्यप्रसाद भट्टराई | ४१ |
| ८. | श्री ओम्कारेश्वर वैदिक विद्यापीठ | गोलधाप-२ | २०५३ | खिबराज न्यौपाने ९८४१५२२१९१ | धर्मराज शिवाकोटी | ३५ |
| ९. | श्री मुक्तेश्वर वैदिक गुरुकुल | तोपगाछी | २०५३ | लोकनाथ निरौला | दुर्गाप्र.खतिवडा ९८४२६३१४५३ | १५ |
| १० | श्री भगवद्भक्ति आश्रम देवर्षि वेद विद्यालय | गोलधाप, झापा | २०५५ | अम्बिकाप्र. खतिवडा ९८१६९०३१०३ | तुलसीराम आचार्य | १८ |
| ११. | श्री हरिहर आश्रम गुरुकुल | विर्तामोड-१ | २०५७ | अनिरुद्र पौडेल ९८४४६४२१३६ | युवराज बिमली | ४९ |
| १२. | श्री कृष्णद्वैपायन गुरुकुल | महेशपुर भद्रपुर | २०६० | महेन्द्र भट्टराई ९८४२६२६४९१ | दिव्यप्रसाद भट्टराई | १३२ |
| १३. | श्री कालिका संस्कृत विद्यापीठ | कालिस्थान | २०६३ | रघुनाथ रिजाल ९८१४०५५५५३ | लक्ष्मीप्रसाद पोखरेल | ४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | श्री गौरीशङ्कर गायत्री स्वरूपाश्रम गुरुकुल | बाह्रदसी | २०६४ | मनोज खतिवडा ९८१५९९४७५० | ज्ञानु सुवेदी | २५ |
| १५. | श्री सप्त ऋषि गुरुकुल | अर्जुनधारा सत्यधाम | २०६६ | लक्ष्मीप्रसाद खनाल ९८४२६७११३९ | होमनाथ खनाल | ६५ |
| १६. | श्रीसिद्धेश्वर गुरुकुल शिक्षा मन्दिर | लखनपुर-५ | २०६६ | बुद्धिप्रसाद न्यौपाने ९८४९७२८६३१ | युवनाथ अधिकारी | ३० |
| १७. | श्री वशिष्ठ संस्कृत गुरुकुल | दमक-१६ झापा | २०६६ | चेतन आचार्य ९८१५९१९७२८ | शेरबहादुर भट्टराई | ३६ |
| १८. | श्री शिवशक्ति विद्यापीठ | बैगुनधुरा | २०६७ | चिरञ्जीवी पोखरेल | टेकनाथ उपाध्याय | ४५ |
| १९. | श्री ओम्कारेश्वर संस्कृत गुरुकुलम् | मेचीनगर-१५ ज्यामिरगढी | २०७० | निरोज खनाल ९८४१०७३२०५ | चन्द्रबहादु घोर्साइँ ९८१५०५८७४२ | |
| २०. | श्री शताक्षी गुरुकुलम् | शिवशताक्षी झापा | २०७१ | मदनमोहन अधिकारी ९८४४६६३६५२ | वेदप्रकाश अग्रवाल | ३७ |
| २१. | श्री किरातेश्वर गुरुकुलम् | हल्दीबारी-४ झापा | २०७३ | गौरव सापकोटा ९८१५९५६४१७ | सोमनाथ सुवेदी | |
| २२. | श्री रामजानकी तथा रामेश्वर विद्यापीठ गुरुकुल | कचनकवल-६ झापा | २०७६ | श्रीलीलाराम नेपाल ९८१५९२२९७० | देवकुमारी दाहाल भट्टराई | २५ |
| २३. | श्री महेश्वर-सुरेश्वर मातृछाया गुरुकुलम् | मेचीनगर-१ भोर्लेनी झापा | २०७६ | श्री चन्द्र भण्डारी ९८६६७७७०१३ | महेन्द्रराज मल्ल ९८२४०१७१०० | ३२ |
| २४. | श्री तिरुपति संस्कृत गुरुकुलम् | बुधबारे झापा | २०७९ | मधुसूदन आचार्य ९८४२९९०६७९ | नारदमणि चापागाईं | १४ |

माथि उल्लिखित गुरुकुलहरू सामान्यतया गुरुकुलका प्रचलित मान्यता अनुसार नै चलेका पाइएको छ । धेरैजसोमा निःशुल्क भोजन र आवासको व्यवस्था, कतिपयमा निःशुल्क आवासको मात्र व्यवस्था रहेको देखिन्छ । कतिपयमा दैनिक छात्रनिष्ठ अनुशासनक्रिया कठोरताका साथ लागू गरिएको पाइन्छ भने कतै त्यस्ता क्रियालाई अलि खुकुलो बनाएको पनि पाइएको छ । कतिपयमा सरकारबाट सञ्चालित कक्षागत अध्ययन गराउने क्रममा आधुनिक विषयहरूलाई पनि समेटिएको छ भने कतै विशुद्ध कर्मकाण्डीय शिक्षालाई महत्त्व दिइएको पाइन्छ । प्रायः सबै गुरुकुल धार्मिक संस्थाको संरक्षणमा सञ्चालित देखिन्छन् । यस क्षेत्रमा पनि महर्षि फाउन्डेसन संस्थाले शिक्षण र भोजनको व्यवस्थामा सहयोग गरेको पाइन्छ । समष्टिमा भन्नुपर्दा झापा जिल्लामा सञ्चालित गुरुकुल शिक्षालयहरूमा थोरबहुत कमीकमजोरी भएपनि शैक्षिक चेतनाको स्तर बढाउँदै पौरस्त्य वाङ्मय एवम् धर्मसंस्कृतिलाई संरक्षण र प्रवर्धन गर्ने कार्यमा प्रायः सबै गुरुकुलहरू समर्पित रहेका देखिन्छन् ।

**मोरङ**

कोशी प्रदेश अन्तर्गत गुरुकुल सञ्चालनका सन्दर्भमा झापापछि मोरङ्को नाम लिन सकिन्छ । सदरमुकाम विराटनगर क्षेत्रमा गुरुकुलहरूको सङ्ख्या उल्लेख्य रहेको पाइन्छ । साथै ग्रामीण क्षेत्रमा पनि पछिल्लो समयमा गुरुकुलहरू सञ्चालनमा आएका भेटिन्छन् । मोरङ्मा सञ्चालित गुरुकुल/सं.मा.वि.हरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | गुरुकुल शिक्षालय | ठेगाना | स्थापना | प्राचार्य | व्यवस्थापन अध्यक्ष | छात्र संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री लक्ष्मीनारायण वेद वेदाङ्ग आश्रम | विराटनगर | २०४२ | खिलराज पोखरेल ९८५२०२३८७४ | कृष्णहरि पोखरेल ९८५२०२०९३६ | १०० |
| २. | श्री लक्ष्मीनारायण संस्कृत गुरुकुल | कञ्चनबारी विराटनगर | २०५० | देवराज पौडेल ९८१७९२७०२९ | मणिराम गुरागाईं | २५ |
| ३. | श्री पाणिनि संस्कृत गुरुकुल | विराटनगर | २०५५ | राजेन्द्र आचार्य ९८४२१२१७७९ | कविराज न्यौपान | २४ |
| ४. | श्री राधारमण वेद वेदाङ्ग विद्याश्रम | विराटनगर | २०६० | विष्णु काफ्ले ९८४२४३६५५८ | शङ्करप्रसाद रेग्मी | २६ |
| ५. | श्री विश्वनाथ संस्कृत गुरुकुल | पथरी २ | २०६८ | उमाकान्त न्यौपाने ९८४२०९४४७६ | भवानी तिम्सिना | ३५ |
| ६. | श्री गोपेश्वर वेद विद्याश्रम | रतुवामाई १० | २०६८ | ठगेन्द्रप्रसाद खनाल ९८४२३६८१४४ | दिपेश आचार्य | १६ |
| ७. | श्रीवैजनाथ प्रारम्भिक संस्कृत विद्यापीठ | जाँते, मोरङ लेटाङ | २०६८ | एकराज भट्टराई ९८१४९८९६२७ | घनश्याम खतिवडा ९८६२०४२६८४ | २९ |
| ८. | श्रीभीमेश्वर राधाकृष्ण वेद विद्याश्रम | रतुवामाई ९ | २०७२ | डिल्लीराम गुरागाईं ९८४२०७२७८७ | इन्द्र काफ्ले | ४१ |
| ९. | श्री वेदव्यास वैदिक सनातन गुरुकुलम् | उर्लाबारी | २०७६ | युवराज न्यौपाने ९८१५९१६२०१ | जङ्गबहादुर कार्की | १७ |
| १०. | श्री नयाँ वृन्दावन संस्कृत गुरुकुल | नयाँवृन्दावन, सुन्दरहरैंचा | २०७८ | नारायणप्र.उपाध्याय ९८६५६४८२४५ | दीनबन्धु शास्त्री | ४० |
| ११. | श्री गायत्री सं. माध्यमिक विद्यालय | विराटनगर | | चूडामणि नेपाल ९८४२०७२०६३ | | |
| १२. | आचार्य सेवा गुरुकुलम् | सुन्दर हरैंचा | २०७९ | डा.यतिराज आचार्य ९८४२४३८४४२ | गोविन्द दाहाल | १० |

यस जिल्लामा पनि पछिल्लो समयमा गुरुकुल स्थापनाको कार्यले तीव्रता पाएको देखिन्छ । विराटनगर क्षेत्रका गुरुकुलहरू आवश्यक भौतिक संरचनाका साथै आवास र भोजनको सुविधासहित सञ्चालन भइरहेका छन् भने ग्रामीण क्षेत्रका गुरुकुलले सबल बन्ने प्रयास गरिरहेका भेटिन्छन् । सुन्दर

हरैंचामा डा. यतिराज गुरु र नयाँ बृन्दावनमा दीनबन्धु शास्त्री गुरुको एकल प्रयासबाट आस लाग्दो प्रगति भइरहेको देखिन्छ । यहाँका गुरुकुलहरूको सञ्चालन स्रोत मुख्य रूपले सस्कृतप्रेमी महानुभावहरूको दानदातव्य र महर्षि फाउन्डेसन नेपाल रहेको पाइन्छ ।

### सुनसरी

सुनसरी जिल्लामा गुरुकुल शिक्षाको इतिहास निकै पुरानो छ । पिण्डेश्वर विद्यापीठको पृष्ठभूमि नै श्रीराम संस्कृत पाठशाला रहेको बुझिन्छ । अहिले पनि यस क्षेत्रमा सञ्चालित गुरुकुलहरूको अवस्था समृद्ध रहेको छ । यस क्षेत्रअन्तर्गत बराहक्षेत्रको चतरामा बालसन्त मोहनशरण देवाचार्यद्वारा श्री राधाकृष्ण संस्कृत वेद विद्याश्रम गुरुकुल, शास्त्रमर्मज्ञ पं. पुरुषोत्तम भट्टराईद्वारा सञ्चालित धरान विजयपुरस्थित ऋषिकुल पाठशाला आदि रहेका छन् । सुनसरीका गुरुकुल/सं.मा.वि.हरू निम्नानुसार छन् ।

| क्र.सं. | गुरुकुल शिक्षालय | ठेगाना | स्थापना | प्राचार्य | व्यवस्थापन अध्यक्ष | छात्र संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री राधाकृष्ण वेद विद्याश्रम गुरुकुल | वराहक्षेत्र चतरा | २०५९ | जमुना दाहाल ९८०४०५६१४० | मनोज पौडेल | १५० |
| २. | श्रीपिण्डेश्वर संस्कृत मा.वि., ऋषिकुल विद्यापीठ | धरान-१४ | २०६३ | प्रसन्न भट्टराई ९८४२३५११३४ | गौरीशङ्कर अग्रवाल | ४५/१६ |
| ३. | पुण्यहरि संस्कृत वेद विद्याश्रम | इटहरी-५ | २०७८ | रामचन्द्र ढकाल ९८६०४१७९५६ | दुर्गाप्रसाद दाहाल | १० |
| ४. | सनातन संस्कृत गुरुकुल पाठशाला | इनरुवा- ५ | २०७८ | दिनेश पोखरेल ८४२०३४५७७ | अच्युत खतिवडा | १५ |
| ५. | चन्द्र संस्कृत मा. वि. | धरान-१६ | २०२१ | अजय साही ९८५२०५६४०६ | | २२५ |

सुनसरीमा गुरुकुलीय शिक्षाको इतिहास निकै पुरानो भए पनि पछिल्लो समयमा यहाँ गुरुकुल सञ्चालन कार्य गतिशील बन्न सकेको देखिँदैन । चतरा र विजयपुरमा व्यवस्थित रूपले सञ्चालित छन् भने अन्यत्र सङ्घर्षरत देखिन्छन् । इटहरीको सिमरबनामा अमेरिका कर्मथलो रहनुभएका संस्कृत शुभचिन्तक दुर्गाप्रसाद दाहालको एकल प्रयासमा सञ्चालित छ भने इनरुवा स्थापनाकै चरणमा रहेको बुझिन्छ । यहाँका गुरुकुल सञ्चालनको मुख्य स्रोत संस्कृतप्रेमीजनको दानदातव्य र महर्षि फाउन्डेसन नेपाल रहेको देखिन्छ ।

### उदयपुर

यस जिल्लाको त्रियुगा नगरपालिकामा त्रियुगा वैदिक गुरुकुलम् सञ्चालित छ । २०७३ सालमा स्थापित यो गुरुकुलमा भोजन र आवासको सुविधासहित हाल ४५ जना छात्र अध्ययनरत छन् । अहिले गुरुकुल संयोजक गिरिराज खतिवडा(९८४२८४५२२०) र व्यवस्थापन समिति अध्यक्ष विदुर खड्का हुनुहुन्छ ।

**धनकुटा**

यस जिल्लाको पवित्र र रमणीय धार्मिक स्थल विश्रान्ति धाममा २०७८ बाट सञ्चालनमा आएको विश्रान्तिधाम संस्कृत गुरुकुलम्‌मा आवास र भोजनको व्यवस्थासहित १७ विद्यार्थी अध्ययनरत छन् । वेद, संस्कृतभाषा, व्याकरण आदि पढाइ हुने उक्त विद्यालयका आचार्य दिनेशप्रसाद अधिकारी(९८६२९४११०१) हुनुहुन्छ भने व्य. अ. लीलानाथ मिश्र रहनुभएको छ ।

**तेह्रथुम**

यस जिल्लाको आठराई १ मा वि.सं. १९९८ मै श्रीराम संस्कृत पाठशाला मा. वि. स्थापना भएको थियो । यसमा अहिले संस्कृततर्फ कक्षा १२ सम्म २१० छात्रहरू अध्ययनरत छन् । यसमा प्रधानाध्यापक सन्तोष गौतम (९८५२०३०२३४) रहनुभएको छ । नेपाल सरकारबाट प्राप्त शिक्षक दरबन्दी नै विद्यालय सञ्चालनको मुख्य आधार रहेको पाइन्छ । निकट भविष्यमा नै विद्यालयको पूर्वाधार तयार भएको र गुरुकुलीय शिक्षा सञ्चालन गर्ने तयारी भइरहेको कुरा जानकारीमा आएको छ ।

**सङ्खुवासभा**

यस जिल्लाको खाँदबारी ९ तुम्लिङ्टारमा २०७२ सालमा स्थापना भई श्रीहरि आध्यात्मिक गुरुकुलम् सञ्चालित छ । जसमा प्राचार्य लक्ष्मण पोखरेल(९८४४६८५३७७) हुनुहुन्छ भने व्य. देवेन्द्र घिमिरे रहनुभएको छ । छात्रसङ्ख्या २८ रहेको यस विद्यालयको सञ्चालन स्रोत महर्षि फाउन्डेसन र धर्मसंस्कृतिप्रमी महानुभावहरूको दानदातव्य रहेको पाइन्छ ।

**भोजपुर**

भोजपुर जिल्ला पूर्व क्षेत्रकै पुरानो शिक्षा केन्द्र हो । भोजपुरको दिङ्लामा सिद्धपुरुष बालागुरु षडानन्दद्वारा स्थापित गुरुकुलले अन्य गुरुकुलका लागि सक्षम गुरुहरू जन्माएको पाइन्छ । पछिल्लो कालखण्डमा राजनैतिक गतिविधिको शिकार भएको षडानन्द गुरुकुल वेद विद्याश्रम २०७२ सालमा पुनःस्थापना भएको हो । षडानन्द नगरपालिका-७ दिङ्लामा अवस्थित १६ जना छात्रहरू अध्ययनरत यस गुरुकुलका प्रधान अध्यापक श्री खिलराज कोइराला (९८४२२१४७३४) हुनुहुन्छ भने व्य. अ. हरिप्रसाद पोखरेल रहनुभएको छ ।

यसै जिल्लाको अरुण गाउँपालिका भोजपुरमा किराँत, बौद्ध र हिन्दू तीनै धर्मसँस्कृतिको जगेर्ना गर्ने उद्देश्यले २०७६ मा महायज्ञ आयोजना गरी २०७७ सालमा अरुण आध्यात्मिक विद्यापीठ सञ्चालनमा आएको छ । हाल भौतिक संरचना बन्ने क्रममा भएकाले करिब २० जना छात्र घरैबाट आई अध्ययन गर्ने गरेका छन् । महेश संस्कृत गुरुकुलम्‌मा अध्ययन गर्नुभएका आचार्य पं. सोमनाथ कोइराला(९८६५१७७८१०)को विशेष प्रयासमा स्थापना भएको उक्त विद्यालयमा मुख्य प्रशिक्षक सोमनाथ कोइराला र अरुण उपत्यका विकास प्रतिष्ठानको रेखदेखमा सञ्चालित पाठशालाको व्यवस्थापनका लागि पनि प्रतिष्ठानका सचिब सोमनाथ कोइरालालाई नै जिम्मेवारी दिएको जानकारी प्राप्त भएको छ ।

**ओखलढुङ्गा**

कोशी प्रदेशको पहाडी जिल्ला ओखलढुङ्गा शैक्षिक गतिविधिका लागि महत्त्वपूर्ण स्थान हो । यस जिल्लाको मोलुङ्-४ मा २०६८ सालमा स्थापित प्रधान अध्यापक श्री दिनेशकुमार खतिवडा (९८६२६२८१०७) र व्य. अ. दिलकुमारी खतिवडा रहेको जलजलेश्वर गुरुकुल वेद विद्याश्रम माध्यमिक विद्यालय सञ्चालित छ । छात्र सङ्ख्या ११५ रहेको यस विद्यालयको सञ्चालन स्रोत गा. पा., महर्षि फाउन्डेसन र स्थानीयको सहयोग रहेको देखिन्छ । त्यस्तै यसै जिल्लाको सुनकोशी १० मा त्रिवेणीधाम गुरुकुल संस्कृत आधारभूत विद्यालय २०७७ मा स्थापना भई सञ्चालनमा रहेको छ । छात्रसङ्ख्या ३० रहेको यस विद्यालयमा प्रधान अध्यापक रमेश खतिवडा (९७४६२१९०४१) र व्य. अ. चूडामणि धमला रहनुभएको छ भने सञ्चालनका लागि सुनकोशी न. पा. ले सहयोग गर्दै आएको छ ।

**सोलुखुम्बु**

हिमाली जिल्ला सोलुखुम्बुको नेचासल्यान २ केउरेनीमा २०६७ सालमा स्थापित गौरीशङ्कर गुरुकुल वेद विद्याश्रम सञ्चालन भइरहेको छ । स्थानीयवासीको मुष्ठिदान, गाउँपालिका र महर्षि फाउन्डेसनको सहयोगमा भोजन र आवासीय सुविधा रहेको यस गुरुकुलका अध्यापक गुरु रेवती पोखरेल हुनुहुन्छ भने व्य. अ. पुण्यप्रसाद दाहाल रहनुभएको छ ।

**सञ्चालन-समस्या**

गुरुकुलीय शिक्षाका सन्दर्भमा कोशी प्रदेशले देशकै महत्त्वपूर्ण हिस्सा ओगटेको छ । पचासको आसपास रहेका गुरुकुल कुनै निकै पुराना छन् त कुनै भर्खरै खुलेका वा खुल्ने क्रममा रहेका, कतिपय खुलेर बन्द भएका पनि पाइन्छन् । प्रारम्भिक समयदेखि नै आवास, भोजन तथा शिक्षण सुविधा हुने गुरुकुलीय मान्यता रहेको छ । यस सन्दर्भमा तत् तत् क्षेत्रका स्थानीय निकायले र महर्षि फाउन्डेसन नेपालले केही हदसम्म सहयोग पुर्याएपनि यसबाट मात्र अनेकन समस्या समाधान भएका देखिँदैनन् । कोशी प्रदेशभित्र सञ्चालनमा रहेका गुरुकुलमा केही महत्त्वपूर्ण समस्या रहेका पाइन्छन् । प्राथमिक समस्या भौतिक संरचनाको देखिन्छ भने भोजनादि व्यवस्थापनका साथै शिक्षणमा पनि केही समस्या रहेको पाइन्छ । तत्काल देखिएका समस्याहरू निम्नानुसार छन् :

- शिक्षण तथा आवासका लागि भौतिक पूर्वाधारको कमी
- सञ्चालनका लागि स्थायी स्रोतको अभाव
- विषय अनुसार विशेषज्ञ गुरुको अपर्याप्तता
- कार्यरत गुरुहरूको शैक्षिकस्तर अनुसार वा जीविकोपार्जनका लागि सेवासुविधाको अभाव, अतिरिक्त कार्यले अध्यापनमा समस्या
- संस्कृत भाषाका माध्यमले संवाद-शिक्षणमा उदासिनता
- केवल कौमुदीका रूपसिद्धि आदि प्रक्रियाको विशुद्ध घोकाइ
- आधुनिक विषयको अध्ययन/अध्यापनको कमी
- खुलेकाको संरक्षणभन्दा नयाँ खोल्ने काममा तीव्रता

- गुरुकुलहरूमा अन्तरसम्बन्धमा कमी
- गुरुकुलहरूको वर्गीकरण, तथ्याङ्कन र छात्रआदान प्रदानको अभाव
- आवश्यक छात्र-सङ्ख्याको अपर्याप्तता

अझ गहिरिएर खोजी गर्दा अन्य समस्या पनि देखिन सक्छन्, तथापि यी आधारभूत समस्याहरू प्रायः सबैजसो गुरुकुल शिक्षालयहरूका साझा समस्याका रूपमा रहेका देखिन्छन् ।

**समाधानका उपाय**

नेपालका गुरुकुल सञ्चालनमा निजी क्षेत्रको योगदान अतुलनीय छ । धर्मसंस्कृतिप्रति अनुराग राख्ने महानुभावहरूद्वारा आफ्नो सामर्थ्यले भ्याएसम्म सहयोग आफैँ गर्ने, नसकेको अवस्थामा महापुराण/महायज्ञ आयोजना गरी अर्थसङ्कलन गर्ने काममा निरन्तर क्रियाशील भएको पाइन्छ । यस सन्दर्भमा शिक्षण र भोजन व्यवस्थापनमा महर्षि फाउन्डेसनले पनि राम्रो सहयोग गरेको पाइन्छ । यसरी सर्वसाधारणले स्वतःस्फुर्त रूपमा गरिरहेको संरक्षण र संवर्धनको काममा निजी क्षेत्रलाई केन्द्र तथा स्थानीय सरकारले पनि पर्याप्त साथ दिने हो भने कोशी प्रदेशमा गुरुकुलको अवस्था सुनौलो हुने कुरामा दुईमत रहँदैन । समस्या-समाधानका केही सुझावहरू निम्नानुसार छन् ।

**अक्षय कोष**

गुरुकुल सञ्चालनमा देखिएका केही समस्याको समाधानका लागि ध्यान दिनुपर्ने कार्यहरूमा अक्षयकोषको स्थापना प्रमुख देखिन्छ । यसबाट माथि उल्लिखित धेरैजसो समस्याहरू समाधानतर्फ लाग्नेछन् । कतिपय गुरुकुलहरू यस अभियानमा जुटिसकेको अवस्थामा सबै संस्थाले यसलाई अनुकरण गर्नुपर्ने देखिन्छ । यसका लागि मुख्य स्रोत वैदिक संस्कार-संस्कृतिका शुभचिन्तक हामीहरू नै हौँ । हाम्रा धर्मगुरु, पुराणवाचस्पति, व्यासाचार्य गुरुहरूले यस कार्यमा सहयोग गर्न सक्नुहुनेछ । प्रत्येक गुरुकुलमा त्यहाँका सञ्चालकहरूको समन्वयमा व्यासाचार्य गुरुले 'संस्कृत-गुरुकुलको संरक्षण/प्रवर्धनका लागि अक्षयकोष' भन्ने घोषणाका साथ क्रमशः वर्षको एक सप्ताह प्रवचन गुरुकुलहरूको स्थायित्वका लागि समर्पण गर्ने हो भने गुरुकुलहरूमा नयाँ उत्साह आउनेछ । साधनस्रोतका अभावमा बढ्दै गएको बन्द हुने क्रम पनि रोकिनेछ ।

**नेपाल सरकार, स्थानीय निकाय**

हाम्रो अभिभावक भनेको नै नेपाल सरकार हो । अहिले थोरबहुत सहयोग प्राप्त भइरहेकै छ । केही संस्थामा राम्रो सहयोग प्राप्त भएको र केहीमा थोरै पनि नभएको अवस्थालाई हेर्दा उचित पहल नभएको अनुमान गर्न सकिन्छ । सरकार सबैको भएकाले सबै धर्मसंस्कृति र भाषाभाषीलाई प्रोत्साहन गर्नुपर्ने भएपनि सम्बन्धित पक्षबाट निरन्तर प्रयास भएका खण्डमा हालको अवस्थामा केही वृद्धि हुन सक्ने देखिन्छ। यसका लागि संस्कृत शिक्षाका पक्षधरहरूबाट स्थानीय सरकारलाई घचघच्याइरहनुपर्ने देखिन्छ।

**अन्तरसम्बन्ध**

कतिपय गुरुकुलहरूको भौगोलिक दुरी ज्यादै कम भएको पाइएको छ । तिनमा सञ्चालन समस्या पनि बढी देखिएका छन् । त्यस्ता गुरुकुलहरूलाई एकआपसमा गाभेर सञ्चालन गर्न सकियो भने संयुक्त अर्थव्यवस्थाबाट खर्चमा निकै कमी आउने देखिन्छ । सञ्चालनमा रहेका गुरुकुलहरूमा अन्तरसम्बन्ध कायम गरी गुरुकुलहरूको सक्षमताका आधारमा श्रेणी विभाजनबाट छात्र आदान-प्रदान गर्ने र समग्र गुरुकुलका छात्रहरूको तथ्याङ्क तयार गरी अध्ययन सम्पन्नताको प्रमाण-पत्रको व्यवस्था मिलाउनु आवश्यक देखिन्छ ।

**नेपाल संस्कृत विश्वविद्यालय**

संस्कृत भाषा संस्कृतिको संरक्षण र प्रवर्धनको उद्देश्यले स्थापना भएको नेपाल संस्कृत विश्वविद्यालयले पनि शैक्षिक सहयोग गर्न सक्ने देखिन्छ । विश्वविद्यालयबाट निश्चित अवधिका लागि विशेषज्ञ शिक्षक उपलब्ध गराई निर्धारित विषयको अध्यापनका साथै विश्वविद्यालयका सुविधा र शैक्षिक गतिविधिका विशेषताहरूको जानकारी गराएर गुरुकुलको शैक्षिक स्तर वृद्धि गर्न एवम् संस्कृत पृष्ठभूमि भएका विद्यार्थीको साधारण शिक्षालय तर्फको पलायनलाई पनि रोक्न सहयोग पुगी विश्वविद्यालयको छात्रसङ्ख्या वृद्धि गर्न उल्लेख्य सहयोग पुग्ने देखिन्छ ।

**शिक्षण प्रक्रियामा सुधार**

हाल सञ्चालनमा रहेका गुरुकुलहरूमा शिक्षणसँग सम्बन्धित समस्याहरूलाई अतिरिक्त स्रोतविना नै समाधान गर्न सकिन्छ । यसका लागि व्याकरणको सैद्धान्तिक अध्ययनभन्दा प्रायोगिक अध्ययनमा बढी जोड दिनुपर्ने देखिन्छ । सुरुमै रूपसिद्धि प्रक्रियामा गहिरिएर अध्ययन गराउँदा विद्यार्थीमा संस्कृत भाषा जटिल छ भन्ने मनोविज्ञानको विकास हुन्छ । जसले संस्कृत भाषालाई व्यवहारिकता प्रदान गर्न समस्या आउने देखिन्छ । त्यसैले विद्यार्थीहरूलाई केवल लिङ्ग, वचन, वाच्य जस्ता भाषाका आधारभूत तत्त्वको बोध गराई एकआपसमा संवाद गराउने, संस्कृतका माध्यमबाट दैनिक व्यवहारिक वार्तालाप गराउने, राम्रो संवाद वा व्यवहारिक वार्ता प्रस्तुत गर्ने छात्रलाई पुरस्कृत गर्ने जस्ता कार्यले विद्यार्थीमा संस्कृत बोल्ने क्षमताको विकास हुन्छ । संस्कृत बोल्न र बुझ्न थालेपछि अन्य प्रक्रियाको ज्ञानका लागि ऊ सहज रूपले आकर्षित हुन्छ । यस क्रममा माध्यमिकस्तरको पाठ्यक्रमलाई विचार गरी तदनुरूप सिकाइ क्रियाकलाप गराउँदा विद्यार्थी अनौपचारिक ज्ञानका साथै औपचारिक शिक्षातर्फ पनि उत्तिकै सक्षम बन्ने आधार तयार हुनसक्छ ।

**निष्कर्ष**

अहिले विश्वमा पौरस्त्य धर्मसंस्कृतिका विशेषताको महत्त्व बढ्दै गएको देखिन्छ । धेरै विदेशी जिज्ञासुहरू हाम्रा गौरवका रूपमा रहेका पौरस्त्य वाङ्मयसँग सम्बन्धित ज्ञानको खोजीका लागि आकर्षित भइरहेका छन्, तर विडम्वना कस्तुरीले आफ्नो गुण नचिनेझैँ हामी भौँतारिइरहेका छौँ । तसर्थ हामी संस्कृतका शुभचिन्तकहरूले सचेत हुन ढिलाभइसकेको छ । संस्कृत भाषा-संकृतिको आधार गुरुकुल र त्यसले दिने गुरुकुलीय शिक्षा हो । नेपालमा पछिल्लो समयमा गुरुकुलीय शिक्षाको विकासले तीव्रता पाएको छ । यस सन्दर्भमा कोशी प्रदेशको नाम प्रथम स्थानमै आउँछ । यस क्षेत्रमा गुरुकुल-स्थापनाको तीव्रताले

हामीमा केही आशा जगाएको छ । वर्तमान अवस्थामा कोशी प्रदेशमा गुरुकुल/मा.वि. संस्कृत शिक्षालय पचासभन्दा माथि पुग्नु हर्षको कुरा हो । यसरी स्थापना भएका गुरुकुलहरू सबैले स्थायित्व पाउने कुरामा पूर्ण विश्वास गर्ने आधार देखिँदैन । पर्याप्त भौतिक संरचना र स्थायी स्रोतको अभाव धेरैजसो गुरुकुलका साझा समस्या हुन् । यसको समाधानका लागि सकिन्छ आफैँ गर्ने, सकिँदैन अर्कालाई प्रेरित गर्ने कार्यमा जुट्नुको विकल्प छैन । यस्तो गौरवको कुरालाई स्थायित्व दिन सकेनौँ भने इतिहासले हामीलाई धिक्कार्नेछ । हामी पछिल्ला पुस्ताको दुर्वचनका पात्र हुनेछौँ ।

अहिले सञ्चालनमा रहेका गुरुकुलका गुरुहरू र व्यवस्थापक महानुभावहरूले एकआपसमा प्रतिस्पर्धाभन्दा समन्वय गरी आइपरेका समस्या समाधान गर्न ऐक्यबद्धता जनाउनुपर्ने देखिन्छ । अहिले यस क्षेत्रमा पौरस्त्य वैदिक परम्परालाई जगेर्ना गर्ने उद्देश्यले स्थापित महर्षि फाउन्डेसनद्वारा प्राप्त सहयोगले गुरुकुलहरू केही व्यवस्थित र स्थायित्वतर्फ उन्मुख देखिन्छन् । यस संस्थाको उपस्थितिलाई महत्त्वपूर्ण अवसर सम्झेर सहयोगलाई व्यवस्थित र पादरर्शिताका साथ उपयोग गर्नुपर्ने देखिन्छ । यस सन्दर्भमा पौरस्त्य वाङ्मय, धर्म, संस्कृतिको संवर्धन गर्ने उद्देश्यले स्थापना भएको नेपाल संस्कृत विश्वविद्यालयको भूमिका पनि महत्त्वपूर्ण रहनुपर्छ । कोशी प्रदेशमा रहेका आङ्गिक विद्यापीठहरू- पिण्डेश्वर विद्यापीठ, सुनसरी र वि.पी. संस्कृत विद्यापीठ, सोलुखुम्बुले यस क्षेत्रका गुरुकुलहरू आवश्यक विद्यार्थीसङ्ख्याका लागि मूल स्रोत भएको तथ्यलाई महसुस गरी शैक्षिक सहयोग उपलब्ध गर्न जरुरी देखिन्छ । सबै पौरस्त्य वाङ्मय, धर्मसंस्कृतिका शुभचिन्तकहरूले आ-आफ्ना ठाउँबाट सक्दो सहयोग गर्ने हो भने समग्र नेपालकै सन्दर्भमा कोशी प्रदेश गुरुकुलीय शिक्षा-प्राप्तिको पहिलो गन्तव्य बन्न सक्ने कुरामा कुनै द्विविधा देखिँदैन ।

**सन्दर्भ स्रोत**


१. झापाका गुरुकुलहरूको सर्वेक्षण प्रतिवेदन २०७१ - प्रतिवदेक : उपप्रा. सोमनाथ खतिवडा ।

२. सम्बन्धित गुरुकुलका प्राचार्य वा सम्बद्धपक्षसँगको प्रत्यक्ष/दूरभाष संवाद ।

३. गुरुकुलसँग सम्पर्कमा रहनुभएका पिण्डेश्वर विद्यापीठका सहकर्मी गुरुहरू ।

४. गुरुकुलबाट सञ्चालित फेसबुक पेजहरू ।

५. गुगलका गुरुकुलीय शिक्षासँग सम्बन्धित सामग्रीहरू ।

# गुरुकुल सञ्चालनका समस्या र समाधानका उपायहरू

डा.गोपीकृष्ण खतिवडा
उपप्राध्यापक : नेपाली विभाग
त्रि.वि. मेची बहुमुखी क्याम्पस भद्रपुर, झापा

आचार्य छन्दुराम भण्डारी
श्री शङ्कराचार्य पीठ वेद वेदाङ्ग संस्कृत पाठशाला
अर्जुनधारा -१ साधुटार, झापा

## विषय प्रवेश

आधुनिक शिक्षाको विकास र आकर्षणसँगै प्रचीन गुरुकुलीय शिक्षा पद्धतिमा पनि समयानुकुल परिवर्तनको अपेक्षा गर्न थालिएको छ । एकातिर नयाँ गुरुकुल खोल्ने क्रम बढिरहेको छ भने अर्कातिर गुरुकुलहरूलाई आधुनिक शिक्षासँग जोडेर लानुपर्ने विचारहरूले महत्व पाउन थालेका छन् । गुरुकुलीय शिक्षालाई आधुनिक औपचारिक शिक्षासँग जोडेर लाँदा उत्पन्न हुने जटिलता र त्यसले गुरुकुलको मौलिकतामा पार्ने असरप्रति समाजमा उत्तिकै चिन्ता र चासो बढ्न थालेको अवस्था छ । गुरुकुलीय शिक्षाको प्रकृति अनौपचारिक नै राख्ने वा औपचारिक बनाउने भन्ने विषयमा बहस हुन थालेको छ । गुरुकुलीय शिक्षालाई जातीय विभेदको मूल जडका रूपमा व्याख्या गर्ने र यसको मौलिकता नष्ट गर्ने प्रयासहरू पनि हुने गरेका छन् । हरेक समुदायले आफ्नो भाषा धर्म संस्कार संस्कृतिको संरक्षण सम्बर्द्धन गर्न पाउने संविधान प्रदत्त अधिकार भए पनि गुरुकुलप्रतिको सामाजिक दृष्टिकोण अनुदार सङ्कीर्ण बन्दै गएको छ । गुरुकुलको संरक्षण सम्बर्द्धनका लागि राज्यस्तरबाट ठोस र प्रभावकारी नीति निर्माण नहुँदा यसमाथिको आक्रमण दिनानुदिन बढ्दो छ । पर्याप्त आर्थिक भौतिक स्रोतसाधनका अभावमा गुरुकुल सञ्चालनमा निकै जटिलता महसुस गर्न थालिएको छ। प्रस्तुत अवधारणा-पत्रमा गुरुकुलसँग सम्बन्धित यी र यस्ता अन्य विषय सन्दर्भका केन्द्रीयतामा समस्या पहिचान गरी तिनको समाधानका लागि राय प्रस्तुत गरिएको छ।

## गुरुकुलमा विद्यमान समस्याको पहिचान

हाल सञ्चालनमा रहेका गुरुकुलहरूमा थुप्रै समस्याहरू देखिन्छन् । गुरुकुल सञ्चालनमा देखिएका समस्याहरू मूलतः निम्नलिखित तीन विषय क्षेत्रसँग सम्बन्धित देखिन्छन्-

१) सैद्धान्तिक समस्या  २) नीतिगत समस्या  ३) भौतिक समस्या

### १) सैद्धान्तिक समस्या

गुरुकुलको ऐतिहासिक पौराणिक पृष्ठभूमि परम्परा र त्यसको वर्तमान प्रयोगसँग सम्बन्धित जटिलताहरू सैद्धान्तिक समस्या हुन् । यस प्रकृतिका समस्याहरू निम्नानुसार देखिन्छन्:

- गुरुकुलीय शिक्षाको उद्देश्य प्रष्ट छैन ।
- गुरुकुलीय शिक्षाको समयसीमा र आचारण निर्धारित छैन ।
- जातीय विभेदको आरोप छ ।

### गुरुकुलीय शिक्षाको उद्देश्य प्रष्ट छैन

गुरुकुल शिक्षा पूर्वीय वाङ्मयको सर्वप्राचीन शिक्षा प्रणाली हो । तत्कालीन अवस्थामा यसका निश्चित उद्देश्यहरू थिए र ती उद्देश्यहरूको पूर्तिका लागि गुरुकुल शिक्षा पूर्ण समर्थ थियो । आजको गुरुकुल शिक्षा उद्देश्यरहित छ । प्रत्येक गुरुकुलका आ-आफ्नै विधान छन् र उद्देश्य पनि आ-आफ्नै देखिन्छन् । ती विधानक अधिकांश उद्देश्यहरू समान भए पनि तिनको प्रयोग वा व्यवहारिक पक्ष उद्देश्य अनुरूपको देखिँदैन । सैद्धान्तिक दृष्टिले हेर्दा गुरुकुल शिक्षा अनौपचारिक शिक्षा हो । सबल अनुशासन सहितको गुरु शिष्य परम्पराका माध्यमबाट पूर्वीय वाङ्मयका विविध विषय क्षेत्रको ज्ञान प्रदान गर्नु गुरुकुल शिक्षाको मूलभूत उद्देश्य थियो तर वर्तमानमा त्यो अवस्था देखिँदैन । पौरोहित्य कर्मका लागि आवश्यक विधिविधानसँग सम्बन्धित चण्डी, रुद्री, वेद, गीता जस्ता आधारभूत ग्रन्थको अध्ययन अध्यापनमा मात्र गुरुकुलरु सीमित छन् । गुरुकुल शिक्षा औपचारिक हुनुपर्ने माग उठ्न थालेको देखिन्छ । कतिपय गुरुकुलले औपचारिक शिक्षाको गुरुकुलीय अभ्यास सुरु गरेका छन् तर यस्तो अभ्यासले गुरुकुलको मर्यादा र मौलिकता नष्ट भइरहेको देखिन्छ ।

### गुरुकुल शिक्षाको समयसीमा र आचरण निर्धारित छैन

प्राचीन गुरुकुलीय सिद्धान्तले ८ वर्षदेखि २५वर्षको अवधिलाई गुरुकुल शिक्षाको समयसीमा निर्धारण गरेको छ । यस अवधिमा शिष्यले अवलम्बन गर्नुपर्ने आचरण, निर्दिष्ट छन् । गुरुकुलीय शिक्षाको समाप्तिपछि शिष्यका लागि प्रवृत्ति र निवृत्ति जस्ता दुई मार्गको निर्देश गरिएको छ । गुरुहरू गुरुकुलमै बस्नुपर्ने नियम छ । आजका गुरुकुलमा यो पक्ष कमजोर छ । गुरुकुल शिक्षाको सयमसीमा निर्धारित छैन । 'जब खुसी आऊ, जब खुसी जाऊ'को स्थिति छ । ५ वर्षभन्दा, बढी समय कुनै पनि विद्यार्थी गुरुकुलमा बस्दैन । गुरुकुलीय शिक्षाको समाप्तिपछि के गर्ने ? भन्ने प्रश्नले विद्यार्थी र अभिभावक चिन्तित छन् । घर गृहस्थी गरेर बसेको व्यक्ति गुरुका रूपमा नियुक्त छ । यी र यस्ता थुप्रै जटिलताहरू गुरुकुलमा विद्यमान छन् ।

### जातीय विभेदको आरोप र आक्रमण छ

गुरुकुल शिक्षा जातीय विभेदमा आधारित शिक्षा प्रणाली होइन । यो एउटा विशिष्ट परम्परा हो । वैदिक सनातन धर्म संस्कार संस्कृतिको संरक्षण सम्बर्द्धन र त्यसको व्यवहारिक प्रयोगका लागि एउटा समुदाय विशेषले परापूर्वकालदेखि नै गुरुकुल सञ्चालन गर्दै आएको देखिन्छ । गुरुकुलबाट उत्पादित जनशक्ति समाजकै उपयोगिताका लागि प्रयोग हुने यसको प्रकृति देखिन्छ । तत्कालीन समाज व्यवस्थाअनुरूप वैदिक विधिअनुसार यज्ञोपवित धारण गरेको ८ देखि २५ वर्ष उमेर समूहको अविवाहित पुरुष गुरुकुल शिक्षाको अधिकारी मानिएको देखिन्छ । यस अतिरिक्त ब्राह्मण कुलकै सहोदर कन्या वा अन्य कुनै पनि जात धर्म र समुदाय विशेषको व्यक्ति गुरुकुल शिक्षाका लागि योग्य मानिदैन । यो गुरुकुलको प्राचीन सिद्धान्त हो,विभेद होइन ।

गुरुकुल शिक्षाको यो मान्यताप्रति आजको समाज पूर्वाग्रही बनेको छ । गुरुकुल शिक्षाले जातीय विभेद सिर्जना गरेको आरोप लगाएर यसमाथि आक्रमण गर्ने प्रवृत्ति मौलाउँदा गुरुकुलका सञ्चालकहरू किँकर्तव्यविमूढको अवस्थामा छन् ।

२) नीतिगत समस्या

गुरुकुल सञ्चालनका लागि आवश्यक पर्ने नीतिनियमहरू, पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षा सञ्चालन, नियमित अनुगमन र समन्वय जस्ता कुराहरू गुरुकुल शिक्षाका नीतिगत समस्याका रूपमा विद्यमान छन् । परम्परित वा शास्त्रनिर्दिष्ट मान्यतामा आधारित रही समुदायबाट निर्मित नीतिनियमले मात्र गुरुकुल सञ्चालन गर्न सक्ने अवस्था क्षीण हुँदै गएको छ । गुरुकुल सञ्चालनका लागि समयानुकूल नीति निर्माण गर्न आवश्यक देखिए पनि यतातिर सम्बन्धित निकायको ध्यानाकर्षण नहुँदा निम्नलिखित नीतगत समस्याहरू देखिएका छन्:

- गुरुकुल सञ्चालन सम्बन्धी ऐनको अभाव छ ।
- एकीकृत पाठ्यक्रमको अभाव छ ।
- परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था छैन ।
- गुरुकुलबीच समन्वय गर्ने निकाय छैन ।
- गुरुकुलहरूको वर्गीकरण छैन ।

**गुरुकुल सञ्चालन सम्बन्धी ऐनको अभाव छ**

पछिल्लो चरणमा गुरुकुल खोल्ने क्रम ह्वात्तै बढेको छ र यसमा समुदायको अग्रसरता देखिन्छ । राज्यस्तरबाट गुरुकुल सञ्चालन गर्ने कुनै प्रयास भएको पाइँदैन । समुदाय स्तरबाट खुलेका गुरुकुलहरूको नियमन र व्यवस्थापनका लागि राज्यपक्षबाट ऐन नियम नबन्दा विभिन्न प्रकृतिका जटिलताहरू उत्पन्न भएका छन् । गुरुकुल सञ्चालनका लागि छुट्टै ऐनको आवश्यकता देखिन्छ तर यस विषयमा राज्यपक्ष मौन छ ।

**एकीकृत पाठ्यक्रमको अभाव छ**

हाल सञ्चालनमा रहेका गुरुकुलहरूमा पाठ्यक्रमगत एक रूपता देखिँदैन । अनौपचारिक शैलीमा सञ्चालित गुरुकुलहरूमा परम्परित शैलीकै पाठ्यक्रम लागु छ भने औपचारिक कक्षागत शैलीमा सञ्चालित गुरुकुलहरूमा शिक्षा नियमावलीले परम्परागत शिक्षाअन्तर्गत संस्कृत/वेद विद्याश्रम/गुरुकुल शिक्षाका लागि व्यवस्था गरेको पाठ्यक्रमको वैविध्यपूर्ण प्रयोग देखिन्छ । कुनै गुरुकुलमा साधारण संस्कृत मा.वि..को पाठ्यक्रम लागु छ भने कुनैमा वेद विद्याश्रम वा गुरुकुलका लागि निर्धारित पाठ्यक्रम प्रयुक्त छ । अंग्रेजी, विज्ञान र गणित जस्ता अनिवार्य र आधुनिक विषयका पाठ्यांशहरू गुरुकुलीय आचरणअनुरूपका छैनन् । यसले समुदाय र शिक्षकबीच द्वन्द्व बढेको छ ।

**परीक्षाको व्यवस्था छैन**

मूलतः अनौपचारिक शैलीमा सञ्चालित गुरुकुलहरूमा विद्यार्थी मूल्याङ्कनको वैज्ञानिक विधि छैन । न तहगत कक्षाको व्यवस्था छ, न त कुनै किसिमको परीक्षाको व्यवस्था नै देखिन्छ । केही गुरुकुलमा बिहान नौ बजेसम्म गुरुकुलीय आचरणमा राख्ने र १० बजेपछि संस्कृत मा.वि.मा अध्ययनका लागि पठाउने गरेको देखिन्छ । कक्षागत परीक्षाको व्यवस्था नहुँदा गुरुकुल शिक्षा पूर्ण गरेको विद्यार्थी प्रमाणपत्रका अभावमा औपचारिक शिक्षाका लागि अयोग्य भई प्रवासिनु परेको पीडा खप्न बाध्य देखिन्छ ।

**गुरुकुलबीच समन्वयकारी संस्थाको अभाव छ**

'संघे शक्ति कलौयुगे'को आदर्श सिकाउने गुरुकुलहरू आफैँ असङ्गठित देखिन्छन् । जसका कारण गुरुकुल शिक्षा दिनप्रतिदिन कमजोर र असुरक्षित बन्दै गएको देखिन्छ । समन्वयकारी संस्थाका अभावमा गुरुहरूको सञ्चालनमा एकरूपता कायम गर्न नसकिएको अवस्था देखिन्छ । गुरुहरूले तालिमको अवसर प्राप्त गर्न नपाउने, गुरुकुल सम्बन्धी नीतिगत वैचारिक बहस छलफल नहुने तथा संस्थागत एवम् आपसी सद्भावको विकास नहुने जस्ता समस्या उत्पन्न भएका देखिन्छन् ।

**गुरुकुलहरू वर्गीकृत छैनन्**

गुरुकुलीय शिक्षाको गुणस्तर भौतिक पूर्वाधार, गुरुकुल शिक्षाको समयावधि विद्यार्थी सङ्ख्या, विद्यार्थीको उमेर समुहका आधारमा गुरुकुलहरूलाई वर्गीकृत गर्नु आवश्यक देखिन्छ तर त्यो नहुँदा गुरुकुल सञ्चालनमा कठिनाइ उत्पन्न भएको बुझिन्छ ।

**३) भौतिक समस्या**

गुरुकुल सञ्चालनार्थ पर्याप्त मात्रामा भौतिक पूर्वाधार तथा नियमित आर्थिक स्रोतको अभाव देखिन्छ । गुरुकुलमा अनिवार्य हुनुपर्ने पञ्चशाला (गौशाला, यज्ञशाला, धर्मशाला, पाठशाला, पाकशाला) को अभाव देखिन्छ । गुरु र शिष्यका लागि आवासको कमी देखिन्छ । पर्याप्त मात्रामा नियमित आर्थिक स्रोत नहुँदा विद्यार्थीहरूको भोजन व्यवस्थापनमा कठिनाइ छ । संस्थाले आवश्यक सङ्ख्यामा शिक्षक कर्मचारी, नियुक्त गर्न सकेको देखिँदैन । दैनिक रूपमा गर्नुपर्ने पूजा, आरती तथा हवनादि कार्य सञ्चालनमा समस्या देखिन्छ । गुरुकुल अनुकुलका उद्यान, वाटिकासहितको परिवेश निर्माण हुन सकेको देखिँदैन ।

गुरुकुलमा मूलतः यिनै समस्याहरू विद्यमान देखिन्छन् । यिनको समाधानमा गुरुकुल सञ्चालक समितिका अगुवाइमा तत्तत् क्षेत्रको समूदाय सक्रिय छ तर अपेक्षित सफलता प्राप्त हुन सकिरहेको छैन । उक्त समस्याहरू समाधानका लागि निम्नानुसार अघि बढ्नु आवश्यक देखिन्छ :

**सैद्धान्तिक समस्याको समाधान**

गुरुकुल सञ्चालनमा देखिएका सैद्धान्तिक समस्याहरूको निराकरणका लागि सञ्चालक समिति मार्गदर्शक गुरुहरू र समुदायको त्रिपक्षीय सहकार्य आवश्यक देखिन्छ । गुरुकुल शिक्षाको उद्देश्यमा समयानुकुल पुनर्व्याख्या र परिमार्जन गर्नुपर्छ । गुरुकुलको उद्देश्य अनौपचारिक शैलीबाट वैदिक सनातन धर्म संस्कार संस्कृतिको ज्ञान दिने, पौरोहित्य कर्मका लागि जनशक्ति उत्पादन गर्ने मात्र हो वा आधुनिक ज्ञान सीपसहितको जनशक्ति निर्माण गर्ने हो भन्ने कुरा गुरुकुल शिक्षाको उद्देश्यमा प्रष्ट उल्लेख गर्नुपर्छ । गुरुकुल शिक्षाको समयसीमा प्रष्ट तोकिनुपर्छ । गुरु, शिष्य र सञ्चालक समितिका आचरण निर्धारण गरी कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । गुरुहरूलाई अनिवार्य रूपमा गुरुकुलमै बस्ने व्यवस्था मिलाउनु आवश्यक छ । गुरुकुलमाथि लाग्ने गरेको जातीय विभेदका सन्दर्भमा जनचेतना अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । यसका विरुद्ध गुरुकुल सम्बद्ध व्यक्ति, समुदाय र सँस्थाले सङ्गठित रूपमा सरकारसमक्ष सुरक्षाको माग गर्नुपर्छ । गुरुकुलीय शिक्षाको मौलिकता र वैशिष्ट्य विपरीत नहुने गरी सञ्चालन गर्न पाउने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

**नीतिगत समस्याको समाधान**

गुरुकुल सञ्चालन सम्बन्धी छुट्टै ऐन, नियमको व्यवस्था गर्न जनस्तरबाट सरकारको ध्यानाकर्षण गरी तत्काल ऐन नियम बनाउनुपर्छ । नियमानुसार नियमित रूपमा गुरुकुलहरूको अनुगमन गर्ने र अन्यथा भएको पाइए सञ्चालक समितिमार्फत नियमन गर्ने व्यवस्था मिलाउनु आवश्यक छ ।

गुरुकुलहरूका लागि एउटै प्रकृतिको पाठ्यक्रम निर्माण गरी अनिवार्य रूपमा लागु गर्ने व्यवस्था मिलाउनु आवश्यक छ । अनौपचारिक शैलीमा सञ्चालित गुरुकुलहरूका लागि जिल्लास्तरमा र औपचारिक शैलीमा सञ्चालित गुरुकुलका लागि राष्ट्रिय स्तरमा एकीकृत पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्छ । पाठ्यक्रम गुरुकुलीय आचरण अनुरूपको हुनु आवश्यक छ ।

गुरुकुलीय शिक्षालाई विभिन्न तह वा कक्षामा विभाजित गरी नियमित रूपमा परीक्षा लिने व्यवस्था मिलाउनु आवश्यक छ । विशेषतः औपचारिक शैलीमा सञ्चालित गुरुकुलहरूमा कक्षा ७ सम्मको तहगत पाठ्यक्रम निर्माण गरी नियमित परीक्षा र प्रमाणपत्रको व्यवस्था लागु गर्नुपर्दछ ।

गुरुकुल शिक्षालाई सुदृढ, सङ्गठित र आकर्षक बनाउन आवश्यकता अनुसार जिल्ला, प्रदेश र राष्ट्रियस्तरमा समन्वयकारी सङ्गठन निर्माण गर्नु आवश्यक छ । यस सङ्गठनमार्फत गुरुकुलहरूमा एक रूपता कायम गर्ने, गुरुकुलसम्बन्धी नीतिगत बहस छलफल गर्ने, गुरुहरूलाई तालिमको व्यवस्था गर्ने, सरकारसँग समन्वय गर्ने,  आर्थिक स्रोत जुटाउन भूमिका खेल्ने लगायतका काम गर्नु आवश्यक देखिन्छ ।

परम्परित शैलीका गुरुकुल नियमित खुल्ने क्रम जारी रहेका सन्दर्भमा सबै गुरुकुलहरूलाई एउटै तहमा राख्नु उचित होइन । तसर्थ गुरुकुलहरूलाई वर्गीकृत गर्नुपर्छ । एउटा गुरुकुलमा निश्चित तहको शिक्षा पुरा गरेपछि स्थानान्तरण भई  अर्को गुरुकुलमा जाने र गुरुकुलीय शिक्षाको समाप्तिपछि संस्कृत मा.वि. सञ्चालन गरेका औपचारिक गुरुकुलमा अध्ययन गर्न जाने व्यवस्था मिलाउनु उचित हुन्छ । यसका लागि परम्परित शैलीका गुरुकुलहरूमा कक्षा ७ सम्मको पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्छ । गुरुकुलीय शिक्षालाई पूर्व प्राथमिक, प्रारम्भिक र आधारभूत जस्ता तीन तहमा विभाजित गरी सोही अनुरूपको पाठ्यक्रम निर्माण गर्नु आवश्यक देखिन्छ ।

**भौतिक समस्याको समाधान**

गुरुकुलमा विद्यमान भौतिक समस्याको दीर्घकालीन समाधानका लागि दिगो आर्थिक स्रोतको व्यवस्था गर्नु आवश्यक छ । शिक्षण भवन, पञ्चशाला, छात्रावास, गुरुआवास जस्ता भौतिक संरचना निर्माणका लागि स्थानीय र प्रदेश र केन्द्र सरकारसँग समन्वय गर्नु आवश्यक छ । गुठी र मुष्टिदान परम्परालाई  सुदृढ बनाउन समुदायको सक्रियता आवश्यक छ । दैनिक खर्च सञ्चालना लागि गुठी वा अक्षयकोष निर्माण गर्नुपर्छ । आवश्यक मात्रामा शिक्षक, कर्मचारी व्यवस्थापन गर्न स्थानीय सरकारमार्फत नियमित अनुदानको व्यवस्था मिलाउनुपर्छ । दाता महानुभावहरूसँग समन्वय गरी आर्थिक तथा भौतिक सहयोग जुटाउनु आवश्यक देखिन्छ ।

# संस्कृत र छत्थरे लिम्बू भाषाका वर्णहरूको तुलनात्मक अध्ययन

डा.गोविन्दबहादुर तुम्बाहाङ
प्राध्यापक : अंग्रेजी विभाग
त्रिभुवन विश्वविद्यालय (सेवानिवृत्त)

## विषय परिचय

### संस्कृत

संस्कृत भारोपेली परिवार भित्र पर्ने Inflectional language हो । कुर्गन परिकल्पना अनुसार इसा पूर्व ३३०० देखि इसापूर्व २६०० को बिचमा वर्तमान दक्षिणी रुस र युक्रेनको बिचको भूभाग (पोन्टिक क्यास्पियन स्टिप) मा प्रोटो-इन्डो-युरोपियन भाषाका वक्ताहरू वस्तथे । कालन्तरमा उनीहरू फैलिएर कोही पश्चिम युरोप त कोही भारतीय उपमहाद्विपको उत्तरी भागसम्म पुगे । बसाइसराइको क्रममा उनीहरू विभिन्न भाषाभाषीहरूका वक्ताहरूको सम्पर्कमा आए । फलतः उनीहरूले वोल्ने सुरुको भाषाको ध्वनीमा, रूपमा, पदावली र वाक्य संरचनामा परिवर्तन हुँदै अलग अलग भाषाहरूका रूपमा विकसित भए । यो भाषाबाट मूलरूपमा बाल्टोस्लेविक, जर्म्यानिक, रोमन, केल्टिक, आल्बानियन, ग्रिक, आर्मेनियन र इन्डो-इरानियन उपपरिवारहरूका भाषाहरू विकसित भए । इन्डो-इरानियन उपपरिवारभित्र पर्ने इन्डिक शाखाभित्रबाट संस्कृत भाषा जन्मियो र यही संस्कृत बाट, हिन्दी, बङ्गाली, मराठी आदि भाषाहरू विकसित भए । इरानेली शाखाबाट फार्सी, पास्तो, ताज्की र कुर्दिस भाषाहरू उत्पन्न भए ।

सन् १५८३ मा थोमस स्टिफेनसले भारतेली भाषाहरू र ग्रिक र ल्याटिन भाषाहरूमा समानता भएको कुरा पत्रमार्फत आफ्नो भाइलाई बताएका थिए । सन् १५८५ मा फ्लिपो ससेटिले संस्कृत र इटाली भाषा बिच समानता देखाउने केही शब्दहरू प्रस्तुत गरेका थिए । तिनीहरूलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १. संस्कृत, इटालेली र अङ्ग्रेजी शब्दहरू**

| Sanskrit word | Italian word | English word |
|---|---|---|
| sarpah | serpe | serpent |
| devah | dio | god |
| sapta | setta | seven |
| asta | otto | eight |
| nava | nove | nine |

धेरै अवधिसम्म यस कुरामा विद्वान्हरूले चासो दिएनन् । सन् १७८६ मा एसियाटिक सोसाइटि अफ बेङ्गालमा सर विलियम जोन्सले ग्रिक, ल्याटिन र संस्कृत भाषाहरू बिच समानता रहेको भनेर प्रथम पटक प्रवचन दिएपछि यी भाषाहरूबिच समानता छ भनेर पहिलाका विद्वानहरूबाट गरिएको दाबीमा पछिका विद्वानहरूको रुचि  जागृत भयो । त्यसपछि विभिन्न भाषाहरूका वर्ण, रूप र वाक्य संरचनाको तुलना गरेर तिनीहरूको परिवार पत्ता लगाउन थालियो । रेन (१९८६;१२) अनुसार ल्याटिन शब्द एस्त, ग्रिक शब्द एस्ति, संस्कृत शब्द अस्ति, रसियन शब्द एस्त, जर्मन शब्द इस्त, इटालियन शब्द ए ले "हो/छ" भन्ने अर्थ बुझाउँछन् । उनका भनाइमा यी सबै शब्दहरूका मूल रूप ८एस्ति हो ।

रेन (१९८६;१२) अनुसार भारोपेली भाषामा सयलाई केन्टम उच्चारण गरिन्थ्यो भन्ने परिकल्पनाका आधारमा उच्चारणमा कण्ठ्य वर्णहरू ग् र क् लाई कायम नै राख्ने र तिनीहरूलाई तालव्य वर्ण श् मा परिवर्तन गर्ने आधारमा माथिका भाषाहरू केन्टम समूह र सतम समूहमा विभाजित भए । पूर्वेली समूहका भाषाहरू बाल्टो साल्विक, इन्डो इरानियन, आर्मेनियन र आलबेनियन सतम समूहका भाषाहरू हुन् । यस आधारमा संस्कृत सतम समूहको भाषा हो । ग्रिक, ल्याटिन, केल्टिक र जर्म्यानिक केन्टम समूहका भाषाहरू हुन् । सन् १८१३मा  थोमस यङले सबभन्दा पहिले पश्चिम युरोपदेखि उत्तरी भारतसम्मका भाषाहरूलाई समेट्न भारोपेली -Indo–European_ शब्दको प्रयोग गरे ।

यो भाषा परिवारका भाषाहरूको वृक्ष चित्र क मा प्रस्तुत गरिएको छ ।

वृक्ष रेखा क. भारोपेली परिवारका भाषाहरू




https://www.uottawa.ca/clmc/indo-european-family

नोटः माथीको बृक्ष चित्रमा उल्लेखित मितिलाई परिवर्तन गरी  इसा पूर्व ३३०० देखि इसापूर्व २६००को बिच बनाइएको छ ।

नेपाली बृहत् शब्दकोष (२०७७) ले संस्कृतलाई देववाणीको रूपमा परिभाषित गरेको छ । यसबाट  प्रष्ट हुन्छ कि यो भाषाका जन्मदाता स्वयम् देवता हुन् । यिनै देवताका वाणीहरूलाई ईश्वरबाट

वरदान प्राप्त अति प्रतिभाशाली आर्य ऋषिहरूले प्रयोगमा ल्याए । यी देववाणीहरूलाई श्रोताहरूले कण्ठ पार्थे र अरूलाई सुनाउँथे । मौखिक रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा वाणी सर्दै जाँदा संस्कृत भाषाले विभिन्न भेदहरू जन्मायो । त्यसै बिच अहिलेको अफगानिस्तानबाट उत्तरी पाकिस्तान हुँदै भारतको उत्तरपश्चिम पुगेर बसोबास गरेका इन्डो-आर्यन समुदायका व्यक्तिहरूले इसापूर्व १५०० र इसापूर्व १२०० का बिचमा १०२८ मन्त्रहरूको सङ्कलन भएको ऋग्वेद प्रकाशित गरेका थिए ।

इसापूर्व आठौं र चौथो शताब्दिको बिचमा संस्कृत भाषामा सात खण्डमा करिव २४,००० श्लोकहरू भएको रामायण र इसापूर्व तेश्रो शताब्दितिर १ लाख भन्दा बढि श्लोकहरू भएको महाभारतको रचना भयो । यी मन्त्रहरू इसापूर्व ५०० तिर पाणिनिले संस्कृतलाई नियमवध्द र स्तरीकृत गराउन कुलीन वर्गका वक्ताहरूले बोल्ने भाषाको मापदण्डमा अष्टाध्यायी ग्रन्थ रचना गरे । यसमा आठ भाग र ३,९९९ सूत्रहरू छन् । कालिदासले रघुवंश र कुमारसम्भव भन्ने महाकाव्यहरू लेखे । यीबाहेक उनले शास्त्रीय संस्कृतमा ३ ओटा नाटक र कविताहरू लेखे । मनुस्मृति, पञ्चतन्त्र र हितोपदेश पनि संस्कृतमा नै लेखिएका छन् । भारतीय संविधानको आठौ अनुसूचिमा संस्कृतलाई सरकारी कामकाजको भाषाको रुपमा सूचिकृत गरिएको छ । सन् २०१० मा उत्तराखण्ड र सन् २०१९ मा हिमाचल प्रदेशले दोश्रो सरकारी भाषाको रूपमा यसलाई मान्यता दिएका छन् । सन् २०११ को जनगणनाले भारतमा १अरव, २१ करोडमध्ये २४,८११ संस्कृत मातृभाषी भएको देखाएको छ ।

हाल यो भाषा मातृभाषाका रूपमा बोल्नेको सङ्ख्या अत्यन्य न्यून छ । यसको प्रयोग विशेषगरी हिन्दूहरूको धार्मिक अनुष्ठान र पाठपूजामा गरिन्छ । यसको अतिरिक्त नेपाली र हिन्दी भाषाहरूको श्रोत भाषाका रूपमा यसलाई प्रयोग गरिन्छ ।

**छत्थरे लिम्बू भाषा**

चिन, तिब्बत र वर्मा (म्यानमार) मा प्रमुख रूपमा बोलिने र लेख्य सामग्री भएका चिनियाँ, तिब्बती र बर्मेली भाषा सम्मिलित भाषाका परिवारलाई चिनियाँ-तिब्बती परिवार भनिनछ । यसमा कसैकसैले करेन भाषालाई पनि जोड्दछन् । यो परिवारका उपपरिवार र शाखा विभाजनमा भाषावैज्ञानिकहरूको फरक फरक मत छ (हेर्नु सेफर, माटिसोफ) । छत्थरे लिम्बू तिब्बत-बर्मेली उपपरिवार भित्रको बोडिक समूहको हिमाली उपसमूहभित्रको पूर्वी हिमाली (किराँती) शाखाभित्र पर्ने भाषा हो (यादव र टुरिन, २००५ : १८) ।

आजभन्दा ५ हजारदेखि ७ हजार वर्षको बिचमा ह्वाङ्हे (Yellow river) नदीको किनारमा कोदोको खेती गरी जीवन यापन गर्ने मानव समुदायले प्राक् चिनियाँ-तिब्बती भाषा बोल्दथे । कालन्तरमा तिनीहरू त्यहाँबाट विभिन्न क्षेत्रतर्फ बसाइँ सरे । यस क्रममा कोही ह्वाङ्हेको पूर्वतिर लागे । तिनीहरूले बोल्ने भाषालाई चिनियाँ भाषा भनियो । कतिपय त्यहाँबाट तिब्बतको समथर भाग (Tibetan plateau) को उत्तर पूर्वी किनारतर्फ लागे । यिनीहरूले बोल्ने भाषालाई प्राकटिबेटो- बर्मन भनियो । त्यहाँबाट एक समूह छुट्टिएर तिब्बती समथर भाग, पश्चिमी सिचुवान र अफगानिस्तान पूर्व पाकिस्तान, भारत, नेपाल, बङ्गलादेश र सिक्किमका हिमाली क्षेत्रमा बसोबास गर्न लागे । यिनीहरूले बोल्ने भाषालाई तिब्बती भाषा

भनियो । नवौं सताब्दीमा अर्को समूह छुट्टिएर दक्षिणी प्रान्त युनानबाट इरावाडि नदीको किनार हुँदै बर्मामा बसोबास गर्न पुगे । उनीहरूले बोल्ने भाषालाई बर्मेली भाषा भनियो । माटिसोफ (ँचक ध्प्ष्ड्डभमष्ब, तजभ ाचभभ भलअथअयिउभमष्ब) ले आजभन्दा ६ हजार वर्ष अघि चिनियाँ भाषाका वक्ताहरू ह्वाङहेका किनारमा बस्दथे र बाँकी अरू त्यहाँबाट दक्षिणतर्फ याङ्चे, मेकङ, साल्विन र ब्रह्मपुत्र नदीका किनारमा बसोबास गर्न लागे भन्ने उल्लेख गरेका छन् ।

नेपालमा जम्मा ७४ ओटा जनजाति भाषाहरू छन् ( यादव र टुरिन, २००५ : १९) । यी भाषाहरू चिनियाँ-तिब्बती परिवारभित्रको तिब्बती-बर्मेली उपपरिवार अन्तर्गत पर्ने बोडिक शाखाभित्रका भाषाहरू हुन् । छत्थरे लिम्बू चिनियाँ-तिब्बी परिवारभित्रको तिब्बती-बर्मेली उपपरिवार अन्तर्गत पर्ने बोडिक शाखाभित्रको हिमाली उपशाखा भित्र पर्ने पूर्वी हिमाली हाँगा (किराँती) अनर्गतको भाषा हो । यो अश्लिष्ट-योगात्मक भाषा हो ( काइँलाः २०५९; २३) । नेपालमा बोलिने चिनियाँ-तिब्बती परिवारका आदिबासी जनजातिका भाषाहरूलाई वृक्षरेखा ख मा प्रस्तुत गरिएको छ ।

**वृक्ष रेखा ख. चिनियाँ-तिब्बती परिवारका आदिबासी जनजातिका भाषाहरू**




(The sino-Tibetan famiy tree extracted from Yadava and Turin: 2005;19)

**वर्ण**

**स्वर वर्ण**

**संस्कृत**

पाणिनिले शिवजीले प्रसादको रूपमा प्रदान गरेको भनेर १४ सूत्रहरूमा निम्न वर्णहरू प्रस्तुत गरेका छन् ;

१. अइउण् २.ऋलृक् ३.एओङ् ४.ऐऔच् ५.हयवरट् ६.लण् ७. ञमङणनम् ८. झभञ् ९. घढधष् १०. जबगडदश् ११. खफछठथचटतव् १२. कपय् १३. शषसर् १४. हल् ।

माथिका सूत्रहरूलाई केलाउँदा निम्नलिखित स्वरहरू भएको पाइन्छ ; अ, इ, उ, ऋ, लृ, ए, ऐ, ओ र औ । व्यञ्जन वर्णहरूमा क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ञ्, ट्, ठ्, ड्, ढ्, ण्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, श्, ष्, स् र ह् । सुत्रहरूमा श्, ष्, स्, क्, ण्, ञ्, च्, ल् आदि वर्णहरू दोहोरिएका छन् ।

आ.दि. पार्थमणि (२०२९; १) ले संस्कृतमा ५ ओटा ह्रस्व स्वर अ, इ, ऋ, लृ र ८ ओटा दीर्घ स्वरहरू आ, ई, ऊ, ऋः, ए, ऐ, ओ, औ गरी जम्मा १३ ओटा स्वर वर्णहरू भएको उल्लेख गरेका छन् । कालन्तरमा १४ ओटा स्वतन्त्र स्वर वर्णहरू विकसित भए । ती हुन् अ, आ, इ, ई, उ, ऊ, ऋ, ऋः, लृ, लृः, ए, ऐ, ओ र औ । यी बाहेक व्यञ्जन वर्णका समवर्णका रूपमा अं र अः समेत समावेश भए । यी वर्णहरूलाई उच्चारण स्थानको आधारमा तालिका २ अनुसार परिभाषित गरिएको छ ।

**तालिका २. संस्कृतका स्वर वर्णहरू**

| | | |
|---|---|---|
| कण्ठ्य | अ | आ |
| तालव्य | इ | ई |
| ओष्ठ्य | उ | ऊ |
| मूर्धन्य | ऋ | ऋः |
| दन्त्य | लृ | लृः |
| कण्ठतालव्य | ए | ऐ |
| कण्ठओष्ठ्य | ओ | औ |
| समवर्ण | अं | अः |

https://en.wikipedia.org/wiki/Sanskrit

यी स्वर वर्णहरूबाट तालिका ४ अनुसारका शब्दहरू निर्माण हुन्छन् ।

**तालिका ४. संस्कृत स्वर वर्णहरूबाट बनेका शब्दहरू**

| वर्ण | शब्द | वर्ण | शब्द |
|---|---|---|---|
| अ | अक्षर, अकेला, अङ्ग | आ | आकर्षण, आक्रमण, आकस्मिक |
| इ | इतिहास, इन्धन, इत्यादि | ई | ईश्वर, ईर्ष्या, ईक्षक |
| उ | उखान, उच्च, उग्र | ऊ | ऊर्ध्व (माथिल्लो), ऊष्म (गर्मी),ऊह |
| ऋ | ऋतु, ऋण, ऋषि | ऋः | ऋः दन्त |
| लृ | लृदित्, लृकार | लृः | … |
| ए | एकीकरण, एकीकृत, एवम् | ऐ | ऐश्वर्य, ऐच्छिक, ऐक्य |
| ओ | ओष्ठ, ओतप्रोत, ओज | औ | औषधी, औचित्य, औधी |
| अं | अंश,वंश, संज्ञा | अः | प्रायः, अतः, फलतः |

### छत्थरे लिम्बू

छत्थरे लिम्बूमा भने दीर्घ स्वरहरू पाइँदैन (तुम्बाहाङ, २०७१ : ३) । यसमा तालिका ५ अनुसारका स्वर वर्णहरू पाइन्छन् ।

**तालिका ५. छत्थरे लिम्बू भाषाका (सिरिजङ्घा लिपि) स्वर वर्णहरू**

| | | |
|---|---|---|
| कण्ठ्य | अ | आ |
| तालव्य | इ | |
| ओष्ठ्य | उ | |
| कण्ठतालव्य | ए | ऐ* |
| कण्ठओष्ठ्य | ओ | |

यहाँ आएका ऐ र औ स्वर वर्ण संस्कृतको जस्तो अ+इ नभएर अग्र, अगोलित, अर्ध विवृत, निम्न, एकल स्वर हुन् । देवनागरीमा यसको प्रतिनिधित्व गर्ने अक्षर नभएका कारणले मात्र यस्तो लेखिएको हो ।

यी स्वर वर्णहरूबाट तालिका ६ अनुसारका शब्दहरू बन्दछन् ।

**तालिका ६. छत्थरे लिम्बू भाषाका स्वर वर्णबाट बनेका शब्दहरू**

| वर्ण | लघुतम युग्म | अर्थ | | वर्ण | लघुतम युग्म | अर्थ |
|---|---|---|---|---|---|---|
| अ | अक्मा | उक्किनु | | आ | आक्मा | उखेलिनु |
| उ | उक्मा | ल्याउनु | | | | |
| ए | एक्मा | केही वस्तुले देखाउनु | | ऐ | ऐक्मा | भाँचिनु |
| ओ | ओक्मा | कन्याउनु | | | | |

### व्यञ्जन वर्ण

### संस्कृत

संस्कृत भाषाका व्यञ्जन वर्णहरूलाई तालिका ७ अनुसार व्यवस्थापन गरिएको छ ।

तालिका ७. संस्कृतका व्यञ्जन वर्णहरू

| | अघोष | | घोष | | | | अघोष |
|---|---|---|---|---|---|---|---|
| प्राण | अल्पप्राण | महाप्राण | अल्पप्राण | महाप्राण | अल्पप्राण | | महाप्राण |
| कण्ठ्य | क् | ख् | ग् | घ् | ङ् | ह् | |
| तालव्य | च् | छ् | ज् | झ् | ञ् | य् | श् |
| मूर्धन्य | ट् | ठ् | ड् | ढ् | ण् | र् | ष् |
| दन्त्य | त् | थ् | द् | ध् | न् | ल् | स् |
| ओष्ठ्य | प् | फ् | ब् | भ् | म् | व् | |

https://en.wikipedia.org/wiki/Sanskrit

माथि तालिकामा प्रस्तुत गरिएको व्यञ्जन वर्णहरूलाई महाप्राण र अल्पप्राण, घोष र अघोष, उच्चारण स्थान र उच्चारण विधिका आधारमा निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छः

**अल्पप्राण र महाप्राण**

संस्कृतमा अल्पप्राण र महाप्राणका आधारमा वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छः

अल्पप्राण वर्णहरूः क्, च्, ट्, त्, प्, ग्, ज्, ड्, द्, ब्, ङ्, ञ्, ण्, न्, म्, ह्, य्, र्, ल्, व् ।

महाप्राण वर्णहरूः ख्, छ्, ठ्, थ्, फ्, घ्, झ्, ढ्, ध्, भ्, श्, ष्, स् ।

**अघोष र घोष**

संस्कृतमा अघोष र घोषका आधारमा संस्कृतका व्यञ्जन वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छः

अघोष वर्णहरूः क्, च्, ट्, त्, प्, ख्, छ्, ठ्, थ्, फ्, श्, ष्, स् ।

घोष वर्णहरूः ग्, ज्, ड्, द्, ब्, घ्, झ्, ढ्, ध्, भ्, ङ्, ञ्, ण्, न्, म्, ह्, य्, र्, ल्, व् ।

**उच्चारण स्थानका आधारमा**

उच्चारण स्थानका आधारमा संस्कृतका व्यञ्जन वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छः

कण्ठ्य वर्णहरूः क्, ख्, ग्, घ्, ङ्, ह् ।

तालव्य वर्णहरूः च्, छ्, ज्, झ्, ञ्, य, श् ।

मूर्धन्य वर्णहरूः ट्, ठ्, ड्, ढ्, ण, र, ष् ।

दन्त्य वर्णहरूः त्, थ्, द्, ध्, न्, ल्, स् ।

ओष्ठ्य वर्णहरूः प्, फ्, ब्, भ्, म्, व् ।

**प्रयत्नका आधारमा**

प्रयत्नका आधारमा संस्कृतका व्यञ्जन वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छः

स्पर्श वर्णहरूः क्, च्, ट्, त्, प्, ख्, छ्, ठ्, थ्, फ्, ग, ज्, ड्, द्, ब्, घ्, झ्, ढ्, ध्, भ् ।

नासिक्य वर्णहरूः ङ्, ञ्, ण्, न्, म् ।

अन्तस्थ वर्णहरूः ह्, य्, र्, ल्, व् ।

सङ्घर्षी वर्णहरूः श्, ष्, स् ।

संस्कृतमा व्यञ्जन वर्णको साथमा स्वर वर्ण अ जोडिएर अक्षर निर्माण गरिएको हुन्छ । माथिका ३३ व्यञ्जन वर्णहरूमा अ जोडिएका अक्षरबाट बनेका शब्दहरू तालिका ८ मा पाइन्छन् ।

**तालिका ८. संस्कृतका व्यञ्जन वर्णहरूबाट बनेका शब्दहरू**

| वर्ण | शब्द | वर्ण | शब्द |
|---|---|---|---|
| क | कठिन, कण्ठ, कन्दरा | ख | खगोल, खण्ड, खनिज |
| ग | गज, गणित, गत | घ | घट्ना,घण्टा, घनत्व |

| | | | |
|---|---|---|---|
| ङ | ... | च | चक्रपथ, चञ्चल, चतुर्थी |
| छ | छद्म, छन्द, छात्र | ज | जन्म, जप, जल |
| झ | झल्ली,झल्लरी,झरना | ञ | ... |
| ट | टोलिका, टङ्क, टङ्कन | ठ | ... |
| ड | डोर, डोरी, डिम्ब, डिम | ढ | ढोल, ढाल, ढक्कन |
| ण | ... | त | तथा, तथ्य, तदर्थ |
| थ | ... | द | दक्षिण, दक्ष, दक्षिणा |
| ध | धन्यवाद, धमनी, धरणी | न | नितान्त, नित्य, निधन |
| प | पक्ष, पक्षी, पञ्च | फ | फाल्गुन, फिरङ्ग, फुलेल |
| ब | बद्ध, बलि, बालक | भ | भल्ल, भाव,भावना, भाष्य |
| म | मङ्गल, मयुर, मञ्च,माली | य | यान, यायावर, यन्त्र |
| र | रक्षा, रक्त, रण | ल | लक्षण, लक्ष, लक्ष्मी |
| व | वक्ता, वन, वयस्क | श | शक्ति, शङ्का, शङ्ख |
| ष | षडयन्त्र, षष्ठी, षोडषी | स | संलग्न, संरक्षण, संयोजक |
| ह | हत्या, हरण, हरित, हर्ष | | |

संस्कृतमा पाइने संयुक्त वर्णहरू तालिका ९ मा प्रस्तुत गरिएका छन् ।

**तालिका ९. संस्कृतका संयुक्ताक्षरहरू**

| संयुक्त वर्ण | शब्द | अर्थ | संयुक्त वर्ण | शब्द | अर्थ |
|---|---|---|---|---|---|
| क्++अ क्र | क्रिया | व्याकरणमा कार्यव्यापार जनाउने शब्द | क्+ष्+अ क्ष | क्षणिक | एकै छिन रहने |
| | | | ज्+ञ्+अ ज्ञ | ज्ञाता | जान्ने |
| क्+ल्+अ क्ल | क्लिष्ट | अप्ठ्यारो | ख्+य्+अ ख्य | ख्याति | नाउँ चल्ने काम |
| त्++अ त्र | त्रिगुण | सत्व, रज, तम तीन गुण | ग्++अ ग्र | ग्रन्थ | पुस्तक । |
| ज्+य्+अ ज्य | ज्येष्ठ | जेठो | त्+व्+अ त्व | त्वम् | तिमी । |
| द्+व+अ द्व | द्वार | ढोका | ध्+व्+अ ध्व | ध्वनि | आवाज । |
| न्+य्+अ न्य | न्याय | इन्साफ | प्++अ प्र | प्रचण्ड | ज्यादै खरो । |
| ब्+र+अ ब्र | ब्रह्माण्ड | संसार | भ्++अ भ्र | भ्रमण | यात्रा । |
| व्+य्+अ व्य | व्युत्पति | प्रकृति र प्रत्ययको विभाजनपूर्वक शब्दको विग्रह गर्ने क्रिया । | | | |
| व्++अ व्र | व्रत | उपासना । | श्+य्+अ श्य | श्याम | कालो |
| श्++अ श्र | श्रम | मिहेनत । | श्+ल्+अ श्ल | शिलोक | सिलोक |
| श्+व्+अ श्व | श्वास | सास । | स्+व्+अ स्व | स्वदेश | आफ्नो देश |
| स्+र+अ स्र | स्रोत | नदीको मुहान । | ह्+र+अ ह्र | ह्रस्व | छोटो |

**छत्थरे लिम्बू भाषा**

**अल्पप्राण र महाप्राणको आधारमा**

छत्थरे लिम्बू भाषामा अल्पप्राण र महाप्राणका आधारमा वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छः

अल्पप्राण वर्णहरू प्, ब्, त्, क्, ग्, च्, म्, न्, ङ्, स्, ल्, र्, व्, र य् ।

महाप्राण वर्णहरूः फ्, थ्, ख्, स्, ह्, छ् र झ्

**अघोष र घोष**

अघोष र घोषका आधारमा छत्थरे लिम्बूका व्यञ्जन वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ :

अघोष वर्णहरूः प्, फ्, त्, थ्, क्, ख्, स्, च्, छ् ।

घोष वर्णहरूः ब्, ग्, झ्, ह्, म्, न्, ङ्, ल्, र्, व्, य् ।

**उच्चारण स्थानका आधारमा**

उच्चारण स्थानका आधारमा छत्थरे लिम्बूका व्यञ्जन वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छः

कण्ठ्य वर्णहरूः क्, ख्, ग्, (घ), ङ्, ह् ।

तालव्य वर्णहरूः च्, छ्, (ज), झ्, य्,

दन्त्य वर्णहरूः त्, थ्, (द्), (ध), न्, र्, ल्, स् ।

ओष्ठ्य वर्णहरूः प्, फ्, ब्, (भ), म्, व्

**प्रयत्नका आधारमा**

प्रयत्नका आधारमा छत्थरे लिम्बू भाषाका व्यञ्जन वर्णहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ :

स्पर्श वर्णहरूः क्, च्, ट्, त्, प्, ख्, छ्, ठ्, थ्, फ्, ग, (ज), (ड्), (द्), ब्, (घ), झ्, (ढ्), (ध), (भ) ।

नासिक्य वर्णहरूः ङ्, न्, म् ।

अन्तस्थ वर्णहरूः य्, र्, ल्, व् ।

सङ्घर्षी वर्णहरूः ह्, स्

छत्थरे लिम्बूमा पनि संस्कृतमा झैं व्यञ्जन वर्णहरू (समवर्णहरू समेत) मा स्वर वर्णहरू जोडिएर अक्षरहरू निर्माण हुन्छन् । तालिका १० मा प्रस्तुत गरिएका व्यञ्जन वर्णहरूमा स्वर वर्ण अ जोडिएको छ ।

**तालिका १०. छत्थरे लिम्बू भाषमा व्यञ्जन वर्णबाट बनेका शब्दहरू**

| वर्ण | शब्द | अर्थ | वर्ण | शब्द | अर्थ |
|---|---|---|---|---|---|
| क | कम्मा | गोठालो लाग्नु । | ख | खम्मा | चलाउनु |
| ग | लागु | चाट्यो । | घ | काघेप्सु | तिमीले सुन्यौ |
| ङ | लाङ् | खुट्टा । | च | चा | धान |
| छ | छा | बच्चाबच्ची । | ज | काज | खायौ । |
| झ | कान्झा | तिम्रो भाइ । | त | तामा | आउनु |

| | | | | | |
|---|---|---|---|---|---|
| थ | थामा | झर्नु । | द | कादा | आउँछौ । |
| ध | काधा | झर्छौ । | न | ना | माछा |
| प | पाक्मा | कोट्याउनु । | फ | फाक्मा | पट्याउनु |
| ब | बा | यो । | भ | काभेत्तु | ल्यायौ । |
| म | मामा | हराउनु । | य | यमा | भत्कनु |
| र | रक् | मात्र । | ल | लक् | भाग |
| व | वा | कुखुरा । | स | सा | मासु |
| ह | हा | दाँत | | | |

छत्थरे लिम्बूमा पाइने संयुकत वर्णहरू तालिका ११ मा दिइएका छन् ।

**तालिका ११. छत्थरे लिम्बूका संयुक्त वर्णहरू**

| संयुक्त वर्ण | शब्द | अर्थ | संयुक्त वर्ण | शब्द | अर्थ |
|---|---|---|---|---|---|
| क+य्+आ क्या | क्याबो | फापर । | च+व+आ+? च्वा? | च्वा? | पानी |
| फ+य्+आ फ्या | फ्या?लुङ् | खुकुरी उध्याउने ढुङ्गा । | म+य्+आ म्या | म्याबा | गिद्ध |
| स+य्+आ स्या | स्या | चामल । | ह+य्+आ ह्या | ह्याङ् | किन |

सिरिजङ्गा लिपिमा छत्थरे लिम्बूका स्वर वर्णहरू तालिका १२ प्रस्तुत गरिएका छन् ।

**तालिका १२. सिरिजङ्गा लिपिमा छत्थरे लिम्बूका स्वर वर्णहरू**



| | | |
|---|---|---|
| कण्ठ्य | [illegible] | [illegible] |
| तालव्य | [illegible] | |
| ओष्ठ्य | [illegible] | |
| कण्ठतालव्य | [illegible] | [illegible] |
| कण्ठओष्ठ्य | [illegible] | |

**तालिका १३. सिरिजङ्गा लिपिमा छत्थरे लिम्बूका व्यञ्जन वर्णहरू**



| | अघोष | | घोष | | | | अघोष |
|---|---|---|---|---|---|---|---|
| प्राण | अल्पप्राण | महाप्राण | अल्पप्राण | महाप्राण | अल्पप्राण | | महाप्राण |
| कण्ठ्य | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| तालव्य | [illegible] | [illegible] | [illegible] | | [illegible] | [illegible] | |
| दन्त्य | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ओष्ठ्य | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | |

तालिका १४. सिरिजङ्गा लिपिमा छत्थरे लिम्बूका हलन्त व्यञ्जन वर्णहरू

| हलन्त व्यञ्जन वर्ण | सिरिजङ्गा | देवनागरी | नेपाली अर्थ |
|---|---|---|---|
| ᤰ क् | ᤔᤡᤰ | मिक् | आँखा |
| ᤴ न् | ᤐᤠᤴ | पान् | कुरा |
| ᤱ ङ् | ᤐᤠᤱ | पाङ् | घर |
| ᤸ ल् | ᤀᤠᤸᤗ | आल्ल | अब |
| ᤶ म् | ᤛᤠᤶ | साम् | सातो |
| ᤩ य् | ᤛᤩᤠ | स्या | चामल |
| ᤫ व् | ᤆᤫᤠ, | च्वा? | पानी |
| ᤪ र् | ᤜᤠᤶᤖᤡᤰᤁᤫᤠ | हाम्रिक्वा | पसिना |
| ᤳ त् | ᤓᤣᤳᤋᤢ | फेत्तु | ल्याउ |
| ᤵ प् | ᤐᤠᤵᤐᤠ | पाप्पा | हाम्रो बुबा |

## ३. निस्कर्ष

संस्कृत भारोपेली परिवारभित्रको इन्डो-इरानियन उपपरिवार भित्रको इन्डिक शाखा अन्तर्गतको सतम समूहमा पर्ने Inflectional language हो । छत्थरे लिम्बू चिनियाँ-तिब्बती परिवारभित्रको तिब्बत-बर्मेली उपपरिवार अन्तर्गत पर्ने बोडिक शाखाभित्रको हिमाली उपशाखा भित्र पर्ने पूर्वी हिमाली हाँगा ( किराँती) अन्तर्गतको भाषा हो । यो अश्लिष्ट-योगात्मक (Agglutinative language) भाषा हो । संस्कृत भाषाको प्राकपरिवार वर्तमान दक्षिण रुस र युक्रेनको बिचबाट विकसित भएको हो । छत्थरे लिम्बूको प्राकपरिवार भने ह्वाङहे (Yellow River) नदीको किनारबाट भएको हो । अहिले संस्कृतमा देखाइएका दीर्घ ॠः, ह्रस्व लृ र दीर्घ लृः बाहेक १३ ओटा स्वर वर्णहरूको प्रयोग हुन्छ । छत्थरे लिम्बूमा भने ७ ओटा स्वर वर्णहरूमात्र प्रयोग हुन्छन् । संस्कृतमा ३३ ओटा व्यञ्जन वर्णहरू देखिन्छन् तर ङ, ञ, ठ, ण र थ बाट सुरु भएको शब्दहरू पाउन कठिन छ । छत्थरे लिम्बूमा २५ ओटा व्यञ्जन वर्ण (समवर्ण समेत) हरू छन् । सिरिजङ्गा लिपिमा झ जनाउने लिपि छैन । वर्णहरूमा ङ, ब, ग र झ शब्दको सुरूमा आउन सक्दैनन् । बाँकी अरू वर्णहरू शब्दका सुरुमा आउँछन् । समवर्णहरू भने शब्दका सुरूमा आउँदैनन् । संस्कृतमा जस्तो छत्थरे लिम्बूमा शब्दका सुरूमा धेरै संयुकत वर्णहरू आउँदैनन् ।

**References** (सन्दर्भ सामग्री)


Wrenn C.L.1986, The English language.DelhiM Vikas Publishing House PVT LTD

Yadava Y.P. and Turin Mark -2005_ Indigenous languages of NepalM A critical analysis of linguistic situations and contemporary issues in -Yadava Y.P. and Bajracharya P.L. ed._ The indigenous languages of NepalM situation, policy planning and coordination. LalitpurM NFDIN

https://en.wikipedia.org.wiki/Sanskrit

https://www.uottawa.ca/clmc/indo–european–family

आ.दी.पार्थमणि (२०२९) नेपाली संस्कृत व्याकरण. काठमाडौः साझा प्रकाशन ।

काइँला, वैरागी (सम्पादक वि.सं. २०५९) लिम्बू-अङ्ग्रेजी शब्दकोष. काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तुम्बाहाङ, गोविन्द (२०७२) सजिलो लिम्बू व्याकरण. ललितपुर : आ.ज.उ.रा.प्र. नेपाल

# आधुनिक भाषाविज्ञानमा पाइएका पूर्वीय भाषाचिन्तनहरू

प्रा.डा.टङ्कप्रसाद न्यौपाने
प्राध्यापक : नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय (सेवानिवृत्त)

## भाषिक चिन्तनको प्रारम्भ

पूर्वमा व्याकरण वा भाषिक अध्ययनका आदि प्रवक्ता ब्रह्मा, द्वितीय प्रवक्ता बृहस्पति र प्रथम वैयाकरण इन्द्र मानिएका छन् । सुरुमा यो प्रतिपदपाठ पद्धतिमा आधारित थियो तर यसलाई मरणोपरान्त व्याधि भनिएको छ । भाषाविज्ञानमा भाषालाई खुला समाप्त (open ended) भनिन्छ । महाभाष्यका अनुसार बृहस्पतिले इन्द्रलाई दिव्य एक हजार वर्ष सिकाउँदा पनि अन्त्य भएन । त्यसैले उत्सर्ग र अपवादका नियममा शब्दको व्याकृति (रूपायन र व्युत्पादन) को आरम्भ भयो । पश्चिममा भने सुकरात ( इ.पू. ४८९-ई.२९९) देखि शब्दार्थ सम्बन्धलाई लिएर भाषिक अध्ययन सुरु भएको पाइन्छ । यसरी भाषिक चिन्तनको आरम्भ पूर्वबाटै भएको देखिन्छ ।

## भाषिक अवस्थाको दिग्दर्शन

चम्स्की (१९५७) ले भाषिक अवस्थालाई आन्तरिक र बाह्य संरचना भनेर देखाएका छन् । पूर्वीय चिन्तनका परा, पश्यन्ती र मध्यमा आन्तरिक संरचना हुन् भने बाह्य संरचनाभनेको बैखरी हो । परा अविवेच्य भएकाले चम्स्कीका दुई संरचनालाई यसरी देखाउन सकिन्छ :

| | | | |
|---|---|---|---|
| आन्तरिक संरचना | : | पश्यन्ती, | मध्यमा रूपान्तरण |
| बाह्य संरचना | : | वैखरी | |

आरेख १ : चम्स्की र पूर्वीय चिन्तनमा भाषिक अवस्थाभेद

## संक्षिप्तता

आधुनिक भाषाविज्ञानले विज्ञानमा जस्तै सिद्धान्त र प्रविधिमा संक्षिप्तता (Economy) अपनाउँछ । संस्कृतमा यसलाई विशेष महत्त्व दिँदै सूत्रात्मकता अपनाइएको छ । अष्टाध्यायीको सूत्र प्रक्रिया र प्रत्याहारको कल्पना यसैका उदाहरण हुन् । ती सूत्रहरूमा संक्षिप्तताका लागि अन्तरालम्बन र अनुवृत्तिको व्यवस्था मिलाइएको छ ।

## भाषिक विशेषता

पश्चिमले भाषालाई यादृच्छिक प्रतीकात्मक व्यवस्था भनेको छ । यसलाई संस्कृत व्याकरण शास्त्रमा यदृच्छा र न्यायशास्त्रमा सामयिक सम्बन्ध भनिएको छ । यसै गरी आधुनिक भाषाविज्ञानले भाषामा द्वैधता (Duality) भनेकालाई भर्तृहरिले 'एकं स्यात्मनो भेदौ शब्दार्थावपृथक् स्थितौ ।' (वाक्यपदीय २३१) भनेका छन् ।

**वर्णविश्लेषण**

वर्णविश्लेषणमा तीन पक्ष पाइन्छन् । औच्चारिक, ध्वनिविज्ञान, साञ्चरणिक ध्वनिविज्ञान र श्रावणिक ध्वनिविज्ञान । यीमध्ये औच्चारिक ध्वनिविज्ञानको विशेष विकास भएको छ भने त्यसभन्दा कम साञ्चारिक ध्वनिविज्ञान विकसित भएको छ । औच्चारणिक ध्वनिविज्ञानमा शिक्षाग्रन्थ र प्रातिशाख्यहरू महत्त्वपूर्ण मानिन्छन् ।

**औच्चारिक ध्वनिविज्ञान**

ध्वनिका उच्चारण र श्रवणका लागि जे.डि.ओ. कोर्नरले मस्तिष्कलाई केन्द्र मान्नुभन्दा धेरै अघि नै ऐतरेय आरण्यकले मनले पहिले सङ्कल्प गरिएपछि मात्र बोलिन्छ भनेको छ । पाणिनीय शिक्षानुसार औच्चारिक प्रक्रिया यस्तो छ :

आत्मा > बुद्धि > मन > कायाग्नि > प्राणवायु > मन्त्र > वाग्ध्वनि

**आरेख २. ध्वनि उच्चारणको प्रक्रिया**

**साञ्चारिक ध्वनिविज्ञान**

उच्चरित ध्वनिको सञ्चरण वा संवहन वीचितरङ्ग न्यायअनुसार हुन्छ ।

**वर्ण सिद्धान्त**

भाषाका वर्णहरूको निर्धारण गर्दा आधुनिक वर्णविज्ञानले न्यूनतम युग्मको छनोट गर्दछ । यस सिद्धान्तको आधारमा संस्कृत भाषाचिन्तनमा वर्णको निर्धारण गरिएको पाइन्छ । व्याकरण महाभाष्यमा कूप,यूप, सूप, वृक्ष, ऋक्ष जस्ता उदाहरण दिइएका छन् । यीउदाहरणमा कुनै ध्वनिका सट्टामा अर्कोध्वनिआउँदा र कुनै ध्वनिन आउँदा हुने अर्थमा भिन्नता देखिएर वर्णहरू अर्थवान् हुन्छन् भनिएको छ । यसका साथै वर्णका व्यत्ययमा पनि अर्थान्तर हुने हुनाले वर्णलाई आर्थिक भनिएको हो । जस्तै : हिंस सिंह, कमल, मकल, कलम, लमकआदि ।मूलतःआकृति वा जातिकाआधारका वर्ण र द्रव्यका आधारमा संवर्ण छुट्याउने परम्परा संस्कृत व्याकरणमा पाइन्छ ।

**वर्णप्रस्तुति**

आधुनिक भाषावित्रानमा वर्णहरूलाई प्रथमतः सूची (Phonemic inventory) मा प्रस्तुत गरिन्छ । पाणिनिले यसलाई माहेश्वर सूत्रमा प्रस्तुत गरेका छन् । यसको क्रम यस्तो देखिन्छ :

आरेख ३ : संस्कृतमा वर्णसूची

(अइउण्
ऋलृक्) – एकस्वर
(एओङ्) – गुणस्वर
(ऐऔच्) – वृद्धिस्वर
(हयवरट्

| | |
|---|---|
| लण्) | – अर्धस्वर |
| (ञमङणनम्) | – मुखनासिकव्यञ्जन |
| (झभञ् | |
| घढधष्) | – घोष महाप्राण व्यञ्जन |
| (जबगडदश्) | – घोष अल्पप्राण व्यञ्जन |
| (खफछठथचटतव् | |
| कपय्) | – अषोषव्यञ्जन |
| (शषसर्) | – अषोष महाप्राण संघर्षी व्यञ्जन |
| (हल्) | – घोष महाप्राण संघर्षी व्यञ्जन |

**वाक्यविश्लेषण**

वाक्यमा भिभिन्न घटकहरू पक्रमिक वा भग्नत्रलममा आएका हुन्छन् । वाक्यका घटक भनेका पद र पदावली हुन् । तिनीहरूको परस्पर सम्बन्ध देखाउने प्रक्रियालाई ब्लुमफिल्डले निकट घटक विश्लेषण भनेका छन् । निकटता स्थानको नभएर अर्थको हुन्छ । पूर्वीय समालोचनाशास्त्रमा यसलाई अन्वय प्रणालीबाट देखाइन्छ । आधुनिक भाषाविज्ञानमा भग्नक्रममा आएका घटकहरूलाई देखाउन सकिँदैन तर अन्वय प्रणालीबाट सहजै देखाउन सकिन्छ ।

**बौद्धार्थको अवधारणा**

चम्स्कीले आफ्ना सिद्धान्तलाई रूपान्तरणोत्पादक व्याकरण भनेका छन् । यसअनुसार कतिपय वाक्यहरू व्याकरणिक भए पनि लोकमा अस्वीकार्य हुन्छन्, जस्तै : colorless green ideas step suriorusly अर्थात् रङ्गहीन हरिया विचारहरू आक्रोशपूर्वक सुत्छन् ।
यस्तो उदाहरण संस्कृतमा पाइन्छ :

एष वन्ध्यासुतो याति खपुष्पकृतशेखर ।
कूर्मक्षीरचये स्नातः शशशृङ्गः धनुर्धरः ॥

अर्थात् शिखामा आकाशको फूल लगाएको, कछुवाका दूधमा नुहाएको र खरायाको सीङ भएको बाँझीको छोरो जान्छ । यी उदाहरणहरू व्याकरणिक छन् । यिनीहरूको वस्तुगत अर्थ नभएर यिनको अर्थ बुद्धिस्थ हुन्छ ।

**अनेकार्थक शब्द कि शब्दको अनेकता**

आधुनिक भाषाविज्ञान र अर्थविज्ञानले भन्ने गरेका अनेकार्थक शब्दलाई संस्कृत व्याकरणमा शब्दको अनेकताभनिएको छ । व्यकरण महाभाष्यचतुर्थ आन्हिक) अनुसार ग्रामशब्दका अनेक अर्थ छन् : धेरै घरहरूको समूह, कण्टकाकीर्ण मार्ग, मनुष्य आदि । यसर्थ आधुनिक भाषाविज्ञानले यसलाई अनेकार्थक शब्द मान्दछ तर व्याकरण महाभाष्यमा अर्थभेद भएमा शब्दभेद मान्नुपर्ने भनिएको छ ।

**स्फोटको अवधारणा**

भाषाविज्ञानमा चर्चै नभएको एक अवधारण स्फोट हो जसको गम्भीर दर्शन छ । भाषाका दुई स्वरूप हुन्छन् : निमित्त र अर्थबोधकता । निमित्तभनेको वैखरी हो भने अर्थबोधकता स्फोटमा हुन्छ । उच्चरित ध्वनि तत्कालै नासिन्छन्, अन्तिम ध्वनिबाट मात्र अर्थबोध हुँदैन । त्यसैले सक्रमध्वनि जनित स्फोटबाट अर्थप्रतीति हुन्छ ।

**निष्कर्ष**

यहाँ पूर्वीय भाषाचिन्तनमा पाइएका केही पक्षहरूमा चञ्चु प्रवेश गरिएको मात्र हो । संस्कृत व्याकरण र व्याकरण सम्बन्धी दार्शनिक ग्रन्थहरूमा आधुनिक भाषाविज्ञानले भिन्ने किसिमले व्याख्या वा अनुकूलित गरेका धेरै पक्षहरूको अध्ययनबाँकी छ । संस्कृत व्याकरणका विशेषताका सम्बन्धमा पाइएका केही अभिव्यक्तिहरू निम्नलिखित छन् :

मोनियर विलियम्स : संस्कृत व्याकरण त्यस मानव मस्तिष्कका प्रतिभाको आश्चर्यतम नमुना हो जसलाई अहिलेसम्म कुनै देशले सामुन्ने ल्याएन ।

हन्टर : संसारका व्याकरणहरूमा पाणिनिको व्याकरण शीर्षस्थ छ । यसको वर्णशुद्धता, भाषाको धात्वन्वय सिद्धान्त र प्रयोग विधिहरूअद्वितीय र अपूर्व छन् । यो मानवमेधाको महत्वपूर्ण आविष्कार हो ।

हाम्रो पठनपाठन प्रणली रूपसिद्धिमा केन्द्रित छ । यसको आफ्नै महत्त्व छँदै छ तथापि विश्वविद्यालयीय तहबाट गम्भीर अनुसन्धानको आवश्यकता देखिन्छ ।

# सभ्य समाजको निर्माणका लागि मूल्यशिक्षा

डा. भवानीशङ्कर भट्टराई
सहप्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ, धरान
*dikshitbhattarai072@gmail.com*

**सभ्य समाज**

व्युत्पत्तिका दृष्टिले भन्दा- सभामा बस्न योग्य व्यक्ति सभ्य हो । हामी यसैलाई लक्षणा गरेर सभ्यको अर्थ निकाल्न सक्छौं । जो समाजका गतिविधिमा निर्धक्कसँग प्रस्तुत हुन सक्छ, जो सभा समारोह आदि औपचारिक ठाउँमा आफूलाई निर्भयतापूर्वक प्रस्तुत गर्न सक्छ, त्यो नै सभ्य हो, अर्थात् समाजका रीति, आचार तथा मर्यादा अनुकूल व्यवहार भएको व्यक्ति नै सभ्य हो ।

यो व्यक्ति सभ्य हो वा यो होइन भन्ने विषयमा सर्वमान्य परिभाषा दिन सकिँदैन । ठाउँ, समय, परिस्थिति, रितिरिवाज, धर्म परम्परागत चलन आदि आधारमा सभ्य व्यक्तिका परिभाषा फरक हुन सक्छन् । हिन्दूहरू धर्म र आचरणसँग सभ्यतालाई जोडेर हेर्छन् तर कुनै पनि धर्म नमान्नेहरू भने त्यस समाजको आचरणमा रहने व्यक्तिलाई पनि सभ्य मान्न सक्छन् ।

व्यापक दृष्टिले हेर्दा- समाजको निश्रेयस् अर्थात् बृहत् कल्याणको सोच अनि तदनुरुप व्यवहार भएको व्यक्ति नै सभ्य हो । जसले यो सम्पूर्ण वसुधाभरिका सबै चर-अचर प्राणी मेरा आफन्त हुन् भन्ने उच्च सोच राख्छ, त्यो सभ्य हो, अतः परिधान, खानपान, आचार, बानीव्यवहारभन्दा पनि जसमा उच्च विचार छ, जसमा फराकिलो मन छ, त्यो नै सभ्य हो, सारमा भन्दा- जसले सबैलाई समान व्यवहार गर्छ बृहत् हितको सोच राख्दछ र आफूलाई बृहत् हितमा समर्पित गर्दछ ऊ नै सभ्य हो ।
व्यक्ति-व्यक्ति मिलेपछि समूह बन्छ । अर्को शब्दमा भन्दा-समान विशेषता भएका र एक आपसमा अन्तरक्रिया गर्ने दुई वा सोभन्दा बढी व्यक्तिहरूको जमात नै समूह हो, जस्तै- आमासमूह, एकल महिला समूह, बालसमूह आदि ।

समुदाय चाहिं समूहभन्दा थोरै फरक र समूहको अलि बृहत् रूप हो, जसमा एकै जात, धर्म, वर्ण, संस्कार, संस्कृति, रीतिरिवाज आदि मान्ने दुई वा दुईभन्दा बढी परिवार मिलेर बसेका हुन्छन् । यस्तो घनिष्ठ समुदाय प्रायः एकै ठाउँमा बस्छ तर टाढा रहेर पनि उनीहरू आबद्धता, नातासमम्बन्ध, खातिरदारी, लेनदेन, आपसी सम्पर्क आदिका आधारमा एकै समुदायका सदस्य हुन सक्दछन्, जस्तै : नेवार समुदाय, ब्राह्मण समुदाय, किराँत समुदाय, दलित समुदाय आदि । समाज चाहिं यी सबैको साझा संस्था हो । यसको निर्माण सामाजिक नियामक निकाय, नियन्त्रण, सुशासन लगायतका तत्त्वहरूको संयोजनबाट हुन्छ । यसमा फरक प्रकृतिका अनेकौं व्यक्ति, समूह र समुदाय अटाउन सक्दछन् । त्यसैले समाज सबै किसिमका

समूहहरूको एकीकृत रूप हो भन्दा अत्युक्ति नहोला । अर्को शब्दमा भन्दा व्यक्तिको बृहत् रूप नै समाज हो, त्यसैले सभ्य व्यक्तिहरूको समूह र समुदायबाट सभ्य समाजको निर्माण हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ ।

**मूल्यको परिचय र परिभाषा**

मूल्य कुनै पनि वस्तु, विचार र कार्यको त्यो गुण हो, जसबाट व्यक्ति एवम् समाजका आवश्यकता पूरा हुन्छन्, अर्थात् व्यक्ति र समाजका आवश्यकता पूरा गराउने गुणलाई मूल्य भनिन्छ । कलम विद्यार्थीको आवश्यकता पूरा गराउने साधन हो, त्यसमा लेख्ने गुण छ त्यसैले कलमको लेख्ने गुणको मूल्य छ, जुनदिन कलमले लेख्न छाड्छ त्यसदिनदेखि कलमको मूल्य समाप्त हुन्छ । त्यस्तो मूल्य वस्तुको मात्र नभएर व्यक्तिको पनि हुन्छ, एक जना प्राध्यापक जबसम्म पढाउन समर्थ रहन्छन् तबसम्म उनको प्राध्यापकीय मूल्य रहन्छ, जुन दिनदेखि उनी रिटायर्ड हुन्छन् त्यसदिनदेखि उनको प्राध्यापकीय मूल्य समाप्त हुन्छ । यसरी वस्तु र व्यक्तिमा विद्यमान गुणलाई मूल्य भनिन्छ । मूल्य वस्तु र व्यक्तिको मात्र हुन्न, विचारको पनि हुन्छ,- सत्यं वद (सत्य बोल), धर्मं चर (धर्मको आचरण गर), मातृदेवो भव (आमालाई देवता मान), पितृदेवो भव (पितालाई देवता मान), स्वाध्याय प्रवचनाभ्यां मा प्रमद (स्व अध्ययन र प्रवचनका लागि अल्छी नगर) यी उपनिषद् वाक्यहरू त्यस्तै विचार हुन् । समाजको सोच, प्रकृति र व्यवहार अनुसार यी विचार पनि कहिले उत्कृष्ट र कहिले निकृष्ट ठहरिन्छन् । त्यसैले विचारमा विद्यमान उत्कृष्टता, सामान्यता वा निकृष्टता पनि विचारका मूल्य हुन् । परिस्थितिअनुसार यिनको मूल्यमा पनि उतारचढाव आइ रहन्छ ।

मूल्य गुण र भावमात्रै हुन्नन्, साध्य तथा साधन पनि हुन्छन् । गाँस, बास र कपास मानवका साधनमूल्य हुन् भने सत्य, अहिंसा, प्रेम, परोपकार, मानवता, सहिष्णुता चाहिं साध्यमूल्य हुन् । त्यसो भए परम मूल्य चाहिं के होला भन्ने जिज्ञासा मनमा उठ्न सक्छ, ऋषिमुनिहरूले कैवल्य अर्थात् मोक्षलाई परम मूल्य मानेका छन्, जहाँ पुग्नका लागि जोगीदेखि भोगीसम्मकाहरू तृष्णाकुल छन्, जुन ईश्वरीय लोक पाउन मानिसहरू आजीवन साधनारत छन्, त्यस्तो कैवल्य सर्वाधिक मूल्यवान् छ भनी उनीहरूले बताएका छन् । हुन त परम मूल्यमा पनि दर्शनभेद, चिन्तनभेद र साध्यभेदले अनेकता देखिने गरेको छ । नास्तिकहरू ईश्वर मान्दैनन् त्यसैले आनन्दलाई उनीहरू परम मूल्यवान् ठान्दछन्, मानिसले जुन काम गर्दा परम आनन्द पाउँछ, त्यही नै परम मूल्यवान् छ भन्ने उनीहरूको तर्क रहेको छ । सुकरातका विचारमा ज्ञान परम मूल्यवान् छ भने आदि शङ्कराचार्यका विचारमा चाहिं ब्रह्मत्व सर्वाधिक मूल्यवान् छ । त्यस्तै रसिकहरूका मतमा रसको अनुभूति नै परम मूल्यको प्राप्ति हो भने फायडका मतमा चाहिं कामवासनाको पूर्तिलाई परम मूल्यप्राप्ति मानिएको छ । त्यस्तै भगवान् गौतम बुद्धले- संसार दुःखमय छ, दुःखको कारण छ, दुःखको निवारण सम्भव छ, अष्टाङ्गिक मार्ग (सम्यग् दृष्टि, सम्यक् संकल्प, सम्यग् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यग् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि) को अनुसरणबाट दुःखनिवारण सम्भव छ भन्दै चार आर्यसत्यको पालनाबाट निर्वाण पाउन सकिने कुरा उल्लेख गरेका छन् । अतः बुद्धका विचारमा निर्वाण परम मूल्यवान् छ । त्यस्तै इस्लाम धर्म (मुस्लिमहरूको धर्म) ले शान्ति (peace), शुद्धता (purity), अधीनता (submission) र आज्ञाकारिता (obedience) लाई परम मूल्य प्रदान गरेका छन्, अर्थात् ईश्वरको इच्छाको अधीनमा रहेर उनको कानुनको पालना गर्दा व्यक्तिले

शान्ति र शुद्धता प्राप्त गर्दछ भन्ने विश्वास इस्लामहरूमा देखिन्छ । त्यसैले इस्लामहरूका मतमा- शान्ति, शुद्धता, ईश्वरको अधीनता र आज्ञाकारिताको परम मूल्य छ भन्ने कुरा बुझ्न सकिन्छ । क्रिस्चियनहरूले चाहिं भयलाई परम मूल्यवान् ठानेका छन्, इज्रायली राजा सुलेमानले यहोबा (ईश्वर) सँग भय मान, तिमी ईश्वरसँग जति डराउँछौं उति नै तिम्रो आयु लामो हुनेछ भनेर आफ्ना प्रजालाई संझाएका छन्, यसरी सुलेमानका माध्यमबाट बाइवलले- व्यक्तिमा भयबाट नैतिकता जागृत हुने, सदाचारको विकास हुने अनि उसको आयु पनि बढ्ने तर्क गर्दै भयलाई परम मूल्य प्रदान गरेको बुझिन्छ । यसरी धर्मभेद, दर्शनभेद र लक्ष्यभेदले व्यक्ति र समाजका परम मूल्यहरू पनि फरक फरक हुने गरेका छन् ।

मूल्यका लागि अङ्ग्रेजीमा value शब्दको प्रयोग गर्ने गरिएको छ । भेल्यु (value) शब्द ल्याटिन भाषाको valere  बाट बनेको हो । यसको अर्थ हुन्छ- सार, महत्त्व, वस्तुको कीमत वा उपयोगिता, चयन, वाञ्छनीयता आदि, अर्थात् तय दभ धयचतजथ। संस्कृतमा चाहिं मूलेन आनाम्यं अभिभवनीयं मूल्यम्, मूलेन समं वा मूल्यम् भनी दुई किसिमबाट व्युत्पत्ति गएिको छ । पहिलो व्युत्पत्तिको अर्थ हो- मूल वस्तु/कारण/पुँजीबाट पाइने लाभ नै मूल्य हो । अर्थात् मूल धन लागाएर व्यापार गर्दा पाइने लाभ नै मूल्य हो । दोस्रो व्युत्पत्ति अनुसार चाहिं जो मूल समान महत्त्वपूर्ण छ त्यो वस्तु वा भाव नै मूल्य हो, अर्थात् जो मूल पुँजीसमान लाभदायी छ त्यो लाभांश नै मूल्य हो । यसरी संस्कृत व्याकरणमा मूल्यलाई वाणिज्यपरक अर्थ गर्दै लोकले मानेको मूल्यको अर्थ चाहिं अलि फरक छ भन्ने संकेत पनि गरिएको छ, यसरी- लोकास्तु विक्रेतुर्लब्धं सर्वं द्रव्यं मूल्यमिति व्याहरन्ति (नौवयो... पाणिनीय सूत्रव्याख्यामा बालमनोरमा टीका, त्यही भाव तत्त्वबोधिनीको पनि) अर्थात् विक्रेताले बिक्रीबाट पाउने लाभ तथा त्यसमा संलग्न गरेको मूल पुँजी दुबै मूल्य हुन् भन्ने कुरा लोकले मान्दछ) । शिक्षाक्षेत्रमा भने मूल्य शब्दका इष्ट/इच्छित वस्तु, कर्तव्य, तुष्टिसाधन, शील गुण आदि अर्थ गरिएका छन् ।

कालान्तरमा मूल्य शब्दमा अर्थविस्तार भएको देखिन्छ र यसले अहिले सामाजिक मर्यादा, व्यवहार सञ्चालनको संहिता, आचरण, नियम, अनुशासन, कर्तव्य पालना लगायतका व्यापक अर्थ बताउन थालेको देखिन्छ । यसपछि मूल्यका क्षेत्र पनि फैलिएर अनेकौं भए, जस्तै- नैतिक मूल्य, आध्यत्मिक मूल्य, सामाजिक मूल्य, शैक्षिक मूल्य, राजनीतिक मूल्य..., अर्थात् नैतिक मर्यादा, आध्यात्मिक मर्यादा, सामाजिक मर्यादा, शैक्षिक मर्यादा... । माथिका मूल्यहरू मध्ये नैतिक मूल्यभित्र- इमान्दारिता, त्याग, निष्ठा, करुणा, दया, नम्रता आदि पर्दछन् भने आध्यात्मिक मूल्यअन्तर्गत चाहिं सत्य, सदाचार, सद्भाव, अहिंसा, धैर्य, ध्यान, योग आदि समेटिन्छन् । त्यस्तै व्यक्तिका राष्ट्रिय र अन्तर्राष्ट्रिय मूल्य पनि हुन्छन् । देशप्रेम, राष्ट्रिय गौरवबोध, राष्ट्रिय संस्कृति र राष्ट्रियताको संरक्षण अनि विकासमा सहभागिता हाम्रा राष्ट्रिय मूल्य मान्यता हुन् । त्यसैगरी विश्वबन्धुत्व, अहस्तक्षेप, सह अस्तित्वबोध, सहयोग, सहकार्य, अनाक्रमण, पञ्चशीलको पालना आदि हाम्रा अन्तर्राष्ट्रिय मूल्य र मान्यता हुन् । यसरी हेर्दा मूल्यले आचार र मर्यादामात्रै नबताएर हाम्रा कर्तव्य, जिम्मेबारी दायित्वबोध, व्यक्तिको महत्ता, सकारात्मक सोच आदिलाई समेत बुझाएको पाइन्छ । भारतको शिक्षासम्बद्ध संस्था National Council of education Research and training center (NCERT) ले एक अध्ययन गरी ८३ मानव मूल्यहरू निर्धारित गरेको देखिन्छ ।

फरक सन्दर्भ, विषयक्षेत्र र परिवेश अनुसार मूल्यका अनेकौं अर्थ र तात्पर्य निस्कन सक्ने भए पनि प्रस्तुत लघु लेखमा शिक्षालाई आध्यात्म र नीतिसँग जोडेर सोही अनुसार मूल्यशिक्षाबारे चर्चा गर्ने प्रयास गरिएको छ । अतः आजका सन्दर्भमा आध्यात्मिक शिक्षा तथा नैतिक शिक्षाको के कस्तो महत्त्व (मूल्य) छ ? सभ्य समाजको निर्माणमा आध्यात्मिक नैतिक शिक्षाले के कस्तो योगदान दिन सक्छ भनेर चर्चा गर्नु यस लघुलेखको उद्देश्य रहेको छ। यस सन्दर्भमा प्रथमतः केही परिभाषा दिई मूल्यलाई चिनाउने प्रयास गरिन्छ।

- मूल्य बुद्धिग्राह्य अर्थ हो, न कि इन्द्रियग्राह्य पदार्थ - प्लेटो ।
- मूल्यको हेतु मानव मूल्य र नैतिक मूल्यमा विवेकगत एकता छ - अरस्तु ।
- मूल्य वस्तु या विचारमा निहित त्यो गुण हो, जसमा हामीलाई तात्कालिक सन्तुष्टि मिल्छ र त्यस सन्तुष्टिको साधन पनि मिल्छ - हाफडिङ ।
- मूल्य त्यो आदर्श, विश्वास वा प्रतिमान हो जसलाई एउटा सिङ्गै समाज वा त्यस समाजका अधिकांश सदस्यले स्वीकार गरेका हुन्छन् - काने ।
- मूल्य त्यो चारित्रिक विशेषता वा गुण हो, जो मनोवैज्ञानिक, सामाजिक र सौन्दर्यबोधका दृष्टिकोणबाट महत्त्वपूर्ण मानिन्छ : सी.बी. गुड
- मूल्य आचार, सौन्दर्य, कुशलता या महत्त्वको मापदण्ड हो, जसलाई मानिसहरू समर्थन गर्दछन्, जसका साथमा मानिसहरू बाँच्दछन् र जसलाई मानिसहरू कायम गर्दछन् : जैक र मेकल ।
- मूल्य समस्त वलवती मानव इच्छाहरू मध्येबाट चुनिने स्वीकृत इच्छा हो- जर्ज गिजर ।
- इच्छाको मूल्य छैन, मूल्य चाहिं इच्छालाई तुष्ट गर्ने वस्तु हो, इच्छाको पूर्तिबाट सुख मिल्छ, अतः सुखानुभूतिमा मूल्यको अनुभूति हुन्छ : जेम्स वार्ड ।

**मूल्यसम्बन्धी पौरस्त्य दृष्टिकोण**

पौरस्त्य साहित्यमा मूल्यकै निकट अर्थ भएको पुरुषार्थ शब्द प्रयोग गरिएको पाइन्छ । जसलाई आधुनिक शिक्षाशास्त्रीहरूले मूल्य भनी अर्थ्याएका छन् । पौरस्त्य आचार्यद्वारा- गर्नु पर्ने काम, कर्तव्य वा व्यक्तिका अभीष्ट भनी उल्लेख गरिएका कुरा र आधुनिक मूल्यसिद्धान्तका व्याख्याताद्वारा निरूपित व्यक्तिगत गुणबिच लगभग समानता पाइन्छ । अतः पौरस्त्यसाहित्यमा उल्लिखित धर्म, अर्थ काम तथा मोक्ष मूल्यचतुष्टय हुन् । यीमध्ये धर्म, अर्थ र काम मनुष्य जीवनका लौकिक इष्टकुरा/वस्तु हुन् भने मोक्ष चाहिं लोकोत्तर कल्याणको अभीप्सा हो, त्यसैले यी चार पुरुषार्थ पनि बृहत् अर्थमा मूल्य नै हुन् । यी सबै चाहनाहरू लोकबाट स्वीकृत भएकाले यिनीहरूलाई मूल्य भनिएको हो । यसरी पूर्वका आचार्यहरूले चार किसिमका मूल्यलाई पुनः लौकिक र अलौकिक गरी दुई प्रकारमा विभाजित गरेका छन् । ईश्वर तथा आत्मासम्बद्ध मूल्यलाई उनीहरूले आध्यात्मिक मूल्य (Spiritual value) र लोकजीवन सम्बन्धी मूल्यहरूलाई लौकिक मूल्य ९भ्रुउष्चष्अर्बा खबगिभ० भनी वर्गीकरण गरेका छन् । उनीहरूको विभाजन अनुसार मोक्ष अर्थात् बन्धनबाट मुक्ति (self-perfection) मानव जीवनको चरम मूल्य हो र यो नै साध्यमूल्य पनि हो । बाँकी धर्म (जीवनको नियामक तत्त्व- (virtue), अर्थ (जीवन सञ्चालनको भौतिक

साधन- (walth) तथा काम (वैध कामना, इच्छा- (pleasure)  मानवजीवनका साधनमूल्य हुन् भनी आचार्यहरूले उल्लेख गरेका छन् ।

यसरी  पारलौकिक सन्दर्भमा मोक्षलाई र लौकिक जीवनका आध्यात्मिक, नैतिक सन्दर्भमा चाहिँ समाजबाट स्वीकृत संहिता वा मर्यादा, वस्तु वा व्यक्तिको सौन्दर्यलाई उज्यालो बनाउने तत्त्व, गौरव वा महत्ता बढाउने गुणगरिमा, चारित्रिक महत्ता, गुण आदि भनेर बृहत् रूपमा परिभाषित गरिए पनि सङ्चित रूपमा चाहिं मूल्य मानवजीवन सञ्चालनको व्यवस्थित आचारसंहिता/मयार्दा वा गुण हो भन्दा अत्युक्ति नहोला, जसलाई शिक्षाविद् कानेको परिभाषाबाट समेत पुष्टि गर्न सकिन्छ । सारमा भन्नु पर्दा- मूल्य सामाजिक रूपमा परिभाषित त्यस्तो इच्छा र लक्ष्य हो, जसलाई व्यक्तिले सिकेर वा सामाजिकीकरणको प्रक्रियाद्वारा आत्मसात् गर्दछ ।

**मूल्यशिक्षा**

शिक्षा जीवनपर्यन्त निरन्तर चलिरहने सिकाइ प्रक्रिया हो । यसमा महत्त्व बुझाउने मूल्य शब्द जोडिएपछि मूल्यशिक्षा शब्दको निर्माण हुन्छ । मूल्यशिक्षामा खासगरी शारीरिक, मानसिक, भावनात्मक र बौद्धिक क्षमताको विकास गराउने सिपहरू आर्जन गरिन्छन् । शिक्षालयको चौघेराभित्र दिइने शिक्षा सङ्कुचित हो भने मृत्युपर्यन्त दिइने शिक्षा चाहिँ व्यापक हो । जुन शिक्षाले व्यक्तिलाई बौद्धिक, शारीरिक, सामाजिक, आर्थिक, नैतिक, भौतिक आदि सबै पक्षको विकास गराउँदै सिपहरू पनि सिकाउँछ त्यो शिक्षा नै वास्तविक शिक्षा हो । अर्को शब्दमा भन्दा जसले आत्मानुभूति गराउन सक्छ त्यस्तो शिक्षा नै वास्तविक शिक्षा हो ।

शरीरलाई कसरी स्वास्थ्य र नीरोगी तथा लामो समयसम्म तन्दुरुस्त बनाउने ? शरीरका कुन अङ्ग असक्त हुँदा कुन ध्यान गर्ने ? योगद्वारा आत्मालाई परमात्मासँग जोड्ने साधनामा शरीरका अङ्गहरू के कति उपयोगी हुने ? आदि विषय शरीरशिक्षा अन्तर्गत पर्दछन् । त्यस्तै दश इन्द्रियहरूको सञ्चालक मनलाई कसरी एकाग्र बनाई निर्धारित उद्देश्यमा नियोजित गर्ने ? मनलाई के कसरी वशमा राख्ने ? यसका लागि के कस्ता युक्तिहरूको प्रयोग गर्ने ? शरीर तथा आत्माबिच के कसरी सन्तुलित सम्बन्ध कायम गराउने ? चञ्चल र स्वार्थी मनलाई के कसरी निश्रेयस् (कल्याण) मा लगाउने आदि कुराको अध्ययन तथा प्रयोग मानसिक शिक्षामा गरिन्छ । अरुको भावनाको सम्मान र कदर गर्दै अरुलाई ठेस नपुऱ्याउनु अनि लोकहित, राष्ट्रहित, मानवहित, समस्त प्राणीको हित तथा विश्वहित चिताउनु भावनात्मक शिक्षामा पर्दछन् । व्यक्तिको बुद्धि के कसो गरे कुशाग्र बन्ला ? मानव बुद्धिलाई के कसरी सकारात्मक सोच र कार्यतर्फ अग्रसर गराउन सकिएला लगायतका कुरा बौद्धिक शिक्षामा समेटिन्छन् । यी र यस्ता मानवहितकारी पक्षहरूको अध्ययन, मनन चिन्तन र प्रयोग मूल्यशिक्षामा गरिने भएकाले यसलाई शिक्षाको अभिन्न अङ्ग मानिएको हो ।

आजको वस्तुवादी शिक्षाले वस्तुलाई चिन्छ व्यक्तिका भावना र विचारलाई चिन्दैन, तिनलाई महत्त्व दिँदैन, त्यसैले मानिस जति विद्वान् भएर पनि सन्तुष्ट हुन सक्दैन, ऊ सधै तनावमा बाँचेको देखिन्छ, विद्यार्थीहरूले पनि स्वतन्त्रतापूर्वक आफ्नो क्षमता र प्रतिभा प्रदर्शन गर्न पाएका छैनन्, विद्यालयको दबाब,

अभिभावको दबाब अनि समाजको दबाबका कारण सधै तनाव झेल्नु परेको छ, त्यसैले मनोवैज्ञानिक र समाजशास्त्रीहरूले वर्तमान युगलाई मानसिक तनाव र संघर्षको युग भनेका हुनन् । यस्तो दबाब र तनावको परिवेशमा विद्यार्थीलाई शिक्षा दिनु निकै चुनौतीपूर्ण बनेको छ । यसरी पढिएका विषयमा पनि ज्ञान छ, उत्तरदायित्व छैन, सूचना छ त्यसको सदुपयोग दुरुपयोगको जानकारी छैन, वस्तुबोध छ आत्मबोध छैन, तसर्थ शिक्षाविद्हरूद्वारा निर्धारित शिक्षाका तीन खम्बाहरू नैतिक मूल्यमा आधारित (value Bess), मूल्यरहित (velue less) तथा मूल्य निरपेक्ष ९खभगिभ ाचभभ० शिक्षामध्ये अहिले मूल्यनिरपेक्ष शिक्षामात्र जीवित छ, बाँकी मरणासन्न छन्, जुनदिन मूल्यसहितको वस्तुशिक्षाको दियो बल्ने छ, त्यस दिन मानिसका मनमा विवेक र उत्तरदायित्वबोधको प्रकाश झलमल्ल हुनेछ र मानव विज्ञानी तथा विवेकी हुनेछ । मूल्यशिक्षाले यही दिनको अपेक्षा गरेको हो । आजको विद्यार्थीले पढेका सामग्रीमा त वस्तुको चिनारी र सूचनाहरू मात्र छन् भन्ने कुरा टी.एस. इलियट यसरी व्यक्त गर्छन्- विवेक कहाँ छ ? ज्ञानमा सीमित छ, ज्ञान कहाँ छ ? सूचनामा सीमित छ । (Where is the wisdom? We have lost in knowledge. Where is the knowledge? We have lost in information.)

संसार दुःखमय छ भन्ने कुरा गौतम बुद्धले २५ सय वर्ष अघि नै भनेका थिए तर पनि मानिसले भौतिकीमै सुख खोज्यो, जुन अप्राप्य छ त्यसैले भौतिकीमा सुखको खोजी गर्ने मानिस दुःखी भएको हो । यसरी सुख खोज्दा खोज्दै थकित भएको मानव मनलाई असल साथी चाहिएको छ । मनका असल साथी भनेका सत्य, आत्मसन्तुष्टि, सदाचार, शान्ति, प्रेम, अहिंसा नै हुन् । यिनीहरूले मानव मनलाई सधै सही बाटामा डोहोऱ्याउँछन् । मनको त्यस्तो हितकारी साथी आध्यात्मिक मूल्य हो । मानिसको मूल्य मनका गुणहरूमा निहित हुन्छ, त्यस्तो मनका गुणहरूमा निहित मूल्यलाई आध्यात्मिक मूल्य भनिन्छ । सत्य एउटा यस्तै मूल्य हो । सत्य आत्मशक्ति हो । यसबाट व्यक्तिले आफूलाई र अरुलाई पनि जितेका अनेकौं उदाहरणहरू छन् । सत्यबाट आत्मसन्तुष्टि, सदाचार, शान्ति, प्रेम, अहिंसा आदि पाइन्छन् । स्वास्थ्य रहन गरिने दुईवटा उपाय योग र ध्यान हुन् । योग मन र शरीरको मेल हो । मन र शरीरलाई स्थिर राखेर तिनीहरूबिच अभिन्न सम्बन्ध स्थापना गर्न सक्यौं भने त्यो योग हुनेछ । कुनै कामका लागि मनलाई एकाग्र बनाउनु ध्यान हो । ध्यानले सफलता दिन्छ । प्रतिदिन गरिने ध्यानले मनलाई सफा बनाउँछ । मनले राम्रो सोच्यौं भने अरु अङ्ग प्रत्यङ्गले स्वतः राम्रो काम गर्छन् । मन, बोली र कर्मले असल काम गरे नतिजा पनि राम्रो आउँछ ।

## मूल्य-शिक्षाका उद्देश्य

वस्तुशिक्षाबाट आजको मानिस असन्तुष्ट छ त्यसैले उसलाई मूल्यशिक्षा आवश्यक छ, जसबाट व्यक्तिका अन्तर कुन्तरमा लुकेर रहेका गुणहरू विकसित हुन सकून् । मूल्य शिक्षा त्यस्तो ज्योति हो, जसले व्यक्तिमा विद्यमान नैतिक, सौन्दर्यात्मक, सांस्कृतिक र संवेदनाको विकास गराउँछ ।

वस्तुशिक्षामा नीति थपिदिए मूल्यशिक्षा हुन्छ । त्यस्तो मूल्य शिक्षाले बालबालिकाका विचारमा स्पष्टता ल्याउँछ, आत्मबल बढाउँछ, चरित्रमा सुधार ल्याउँछ, संवेगात्मक भावना विकसित गराउँछ र मानिसलाई वस्तुप्राणीबाट भावनात्मक प्राणीमा बदलि दिन्छ । त्यसैले मूल्यशिक्षालाई शैक्षिक प्रक्रियाबाट अलग गर्न सकिन्न ।

हिजोआज अभिभावकहरूमा महँगा स्कुलमा पढाउने होड छ । पढाइ सकेपछि पनि धेरै पैसाको जागिर कहाँ पाइन्छ ? यसका लागि छोराछोरीलाई कुन इन्स्टिट्युटमा पठाउने भन्ने कुराको तनाव छ । कसैलाई पनि आफू असल बनौं, इमान्दार बनौं वा बालबच्चालाई इमान्दार बनाऔं भन्ने चाह छैन, जो धेरै छट्टु र ढाँट छ, जो बेइमान र कुबुद्धि छ उसलाई चाहिं, अँ यसले गरेर खान्छ भनेर मानिसहरू भन्ने गर्दछन्, धाप मारेर स्याबासी दिने गर्छन् । हिजोआज इमान र नीतिका कुरा गर्ने वा मूल्यशिक्षाका कुरा गर्ने मानिसलाई कि त क्लालिसकल (परम्परावादी) भनिन्छ, कि चाहिं आउट डेटेड भनेर किनारा लगाउने काम गरिन्छ । हिजो शिक्षा ज्ञानको विषय थियो तर आज चाहिं पेसा व्यवसायको विषय भयो, त्यसैले मानिसहरू जुन शिक्षाबाट बढी दाम कमिन्छ तेतै लागेका छन् । यसो हुँदा शिक्षाबाट मानिसले दाम त कमाए तर सन्तुष्टि कमाउन सकेनन्, फलतः धेरै मानिस तनावमा पुगेका छन्, शिक्षाको उच्चतम बिन्दुसम्म पुगेर पनि, यथेष्ट रुपियाँ पैसा कमाएर पनि आत्मिक शान्तिको अनुभव गर्नबाट वञ्चित भएका छन् ।

ऋषियुगमा पश्चिमले अनेकौं भौतिक प्रगति गरि रहँदा अनेकौं आणविक शस्त्र अस्त्रको र मानव संसाधनमा उपयोगी उपकरणहरूको आविष्कार गरि रहँदा पूर्वका ऋषिमुनिहरू भने ध्यान, साधना, आत्मचिन्तन र आश्रम व्यवस्थापनका उपयोगी ग्रन्थहरूको रचना, आचारशास्त्रहरूको प्रणयन आदिमै लागि रहे । कतिले प्रश्न गर्नु हुन्छ, मृतसञ्जीवनी विद्याबाट मृतलाई पुनर्जीवित गर्ने, बाहुमन्थनबाट मानव उत्पत्ति गर्ने, बोकाको, हात्तीको घाँटी जोडेर पुनर्जीवन दिने यी र यस्ता अनेकौ चामत्कारिक विद्याका परिकल्पनाकार/आविष्कारक ऋषिमुनिहरूमा के आणविक अस्त्र निर्माण सम्बन्धी ज्ञान पटक्कै थिएन होला त ? अवश्य थियो तर उनीहरूले भौतिकीमा मानव कल्याण अर्थात् निश्रेयस् देखेनन्, शक्ति, अहम्, दर्प, ईर्ष्या, राग, द्वेष, लोभ, पाप लगायतका दुराचारमात्रै देखेर त्यसतर्फ उनीहरू प्रवृत्त हुन चाहेनन् । त्यस युगमा पूर्व पश्चिम दुबैतिर राम्रै उन्नति भएछ, तर पूर्वकाले साहित्य, इतिहास, संस्कृति, स्मृति, पुराण, उपनिषद्, धर्म, दर्शन, आध्यात्मिक साधना, ध्यान, योग आदिमा लगानी गरे जो मानवहितकारी थिए । पूर्वको ऋषिसभ्यताले चार किसिमका आश्रमलाई व्यवस्थित गर्ने कुरा सिकायो र ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ तथा सन्यास आश्रममा मानव जीवनलाई व्यवस्थित गर्ने कला दियो, जसका आधारमा आजको पूर्वी समाज सुव्यवस्थित ढंगबाट सञ्चालनरत छ । तर पश्चिमाहरूले यी सबै कुराको साटो भौतिक उन्नति र प्रगति दिए, जसबाट संसारले अभूतपूर्व भौतिक प्रगति त गऱ्यो तर पनि त्यस्ता निर्मातालाई आत्मिक शान्ति र आनन्द मिल्न सकेन, किन ? दोस्रो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा अणुबम प्रहार गरिए पछि लाखौं निरपराध मानिस मरे, त्यसपछि स्तब्ध भएका वैज्ञानिक अलबर्ट आइन्स्टाइन (जो अणुबम निर्माणमा संलग्न थिए) को प्रतिक्रिया स्मरणीय छ- विज्ञानलाई धर्मको आवश्यकता छ, विज्ञानविना धर्म अन्धो हुने रहेछ, अनि धर्मलाई पनि विज्ञान चाहिने रहेछ, अन्यथा धर्म पनि विज्ञानविना लँगडो हुने रहेछ ...। आजका प्रविधि र विज्ञानले चरम भौतिक प्रगति दिए पनि विवेक, मानवता, अहिंसा, सत्य र प्रेम दिन सकेनन्, जसका कारण स्वार्थमा अन्ध भएका हिट्लरहरू कहिले ६० लाख यहुदीलाई ग्याँस च्याम्बरमा एकै झड्कामा स्वाहा पार्दछन् भने कहिले आणविक बम प्रहार गरी एकै मिनेटमा लाखौं मानिसलाई खरानी पार्छन् । मानिसको मनमा जबसम्म विवेकको उदय हुन्न तबसम्म ऊ यसरी नै स्वार्थ,

मद, अहम्, शक्तिको उन्माद, घमण्ड आदिबाट उन्मत्त भई नै रहन्छ । ज्ञान भए पनि विवेक भएन भने मानिस पतन हुन्छ भन्ने कुराको उदाहरण लंकाको राजा रावण पनि हो । ऊ विद्वान् थियो, उसमा ज्ञान थियो तर नैतिक मूल्य र विवेक थिएनन्, जसका कारण ऊ पतन हुन पुग्यो । विवेक र ज्ञानका सन्दर्भमा दार्शनिक सुकरात र एकजना ज्योतिषीको संवाद स्मरणीय छ ।

सुकरातका एक जना शिष्यले गुरुलाई कुनै दिन भने छन्, गुरुदेव ! हजुरको आज्ञा भए म एक जना ज्योतिषीलाई ल्याउने थिएँ, हजुरमा के के राम्रा गुण रहेछन् ? बुझ्न सकिने थियो, सुकरातले मुस्कराउँदै भनेछन्, हुन्छ ल्याऊ, भोलिपल्ट शिष्यले नगरका प्रसिद्ध ज्योतिषीलाई ल्याए, ज्योतिषीले सुकरातको अनुहार गौर गरेर हेरे, अनि फलादेश गर्दै भने- माफ गर्नुहोला हजुरका निधार र आँखामा अहङ्कार छ, नाकमा रिस छ अनि ओठमा कामवासना छ... मैले त यही देखें । आफ्ना गुरुका यस्ता नराम्रा गुणमात्र उल्लेख गरेपछि शिष्यलाई नराम्रो लाग्यो र उनी ज्योतिषीलाई झपार्न तम्सिए, सुकरातले रोकेर भने- नरिसाऊ, उनले ठिकै भने, ममा यी तीनै दुर्गुण छन्, तर म यी तीनै दुर्गुणलाई विवेकद्वारा नियन्त्रण गर्दछु... ।

दुर्गुण सबैमा हुन सक्छन् तर ती दुर्गुणलाई नियन्त्रण गर्ने सामर्थ्य विकास गर्नु चाहिं महत्त्वपूर्ण कुरा हो, जुन विवेवद्वारा प्राप्त हुन्छ । मानिसमा विवेकको उदय चाहिं मूल्यपरक शिक्षाबाट मात्र सम्भव छ । त्यसैले मानिसलाई वस्तुबाट मानवमा बदल्न मूल्यपरक शिक्षा चाहिएको हो ।

हिट्लर आफैले आफैलाई कन्चटमा गोली हानी आत्महत्या रोज्नु पर्दा पूर्वका ऋषि मुनिहरूले - द्यौः शान्तिः अन्तरिक्षं शान्तिः पृथ्वी शान्तिः आपः शान्तिः ओषधयः शान्तिः वनस्पतयः शान्तिः ...(स्वर्गमा शान्ति छाओस्, आकाशमा शान्ति छाओस्, पृथ्वीमा शान्ति छाओस्, जलमा शान्ति छाओस्, औषधिमा शान्ति छाओस्, वनस्पतिहरूमा शान्ति छाओस्...) भन्दा भन्दै प्राण त्याग गरे । हिट्लर जीवनको अन्तिम क्षणमा बङ्करमा लुक्न विवश थियो, भौतिक वैज्ञानिक आइन्स्टाइन पनि जीवनको अन्तिम क्षणमा आफूले बनाएको बमबाट निरपराध मानिसको मृत्यु भएको पीडाले आत्मग्लानि गरी रुँदै थिए तर परीक्षितहरू भने नदी तटमा आनन्दपूर्वक हरिगाथा सुन्दा सुन्दै परलोक भए ।

मूल्यशिक्षाभित्र के के पर्दछन् ?

मूल्य वस्तु र व्यक्तिमा रहने गुण भएकाले त्यस्तो गुण जहाँ पनि रहन सक्छ, त्यसैले यसको क्षेत्र यही नै हो भनेर किटान गर्न सकिने अवस्था छैन, तर हामी मूल्यमान्यताबाट आचारव्यवहार र नीति आदि पनि बुझिरहेका हुन्छौं, त्यसैले धर्म, संस्कृति, सदाचार, पर्यावरण, मानवीय सोच, भावना, कला, चारित्रिक, मानसिक, बौद्धिक विकास आदि कुरालाई सङ्कुचित रूपमा मूल्यशिक्षाभित्र राख्ने चलन छ । यहाँ यही सङ्कुचित अर्थको मूल्यशिक्षाका क्षेत्र उल्लेख गरिन्छन् :

अनौपचारिक शिक्षा : घरपरिवारबाट दिइने आचार-व्यवहारसम्बन्धी शिक्षा ।

चरित्रशिक्षा : व्यक्तित्वलाई प्रभावित पार्ने चरित्रसँग सम्बन्धित चरित्रविकाससम्बद्ध शिक्षा ।

संस्कारशिक्षा : आफ्नो परम्पराअनुसार जन्मदेखि मृत्युपर्यन्त गरिने विभिन्न संस्कारसम्बन्धी शिक्षा ।

पर्यावरणशिक्षा : हाम्रो घर, गाउँ, नगर आदि ठाउँको पर्यावरण स्वच्छ बनाउने विषयको शिक्षा ।

धार्मिक शिक्षा : आफ्नो धर्मको पालना गर्दै अरुको सम्मान गर्न सिकाउने शिक्षा ।

कलाशिक्षा : बाँच्ने कला सिकाउने शिक्षा, जीवनलाई सुन्दर बनाउन सिकाउने शिक्षा ।
सकारात्मक सोच विकास गराउने शिक्षा : सधैं सकारात्मक बन्न सिकाउने शिक्षा ।
आचार र नीतिसम्बन्धी शिक्षा : व्यक्ति र समाजलाई आचार, नीति, आदर्श सिकाउने शिक्षा ।
क्षमताविकास गराउने शिक्षा : शारीरिक, मानसिक र बौद्धिक क्षमता विकास गराउने शिक्षा ।

**मूल्यशिक्षाको आवश्यकता किन पर्दछ ?**

मानिस जैविक प्राणीमात्र नभएर भावनात्मक प्राणी पनि हो । त्यसैले उसभित्र अनेकौं भावना छन्, तिनीहरूको प्रकटीकरणबाट उसलाई जीवनयापनमा सहजता हुन्छ । अत्यन्तै ठुलो तनावमा परेको मानिसलाई तनावबाट मुक्त गराउने उपाय (ध्यान र योगबाट) मूल्यशिक्षाले सिकाउँछ । आफन्तबाट टाढा भएर एक्लो अनुभव गरिरहेको व्यक्तिलाई मूल्यअन्तर्गतका कला, दर्शन र संस्कृतिले बाँच्न सिकाउँछन् । फ्रायडहरूले मानिसलाई जैविक प्राणी र आदर्शवादीहरूले अप्राप्य आदर्शको पुञ्ज भनि रहँदा मानिस आदर्श र वस्तुप्राणीबिचको मूल्यमान्यतामा बाँचेको प्राणी हो र ऊ आफ्नो सनातन मूल्यमै बाँच्दछ भन्ने कुरा सिकाउँछ । त्यसैले पृथ्वीका अरूप्राणी र मेसिनबाट मानिसलाई छुट्याउने आधार भनेका मूल्यमान्यता नै हुन् । मानिसलाई मूल्यशिक्षाको आवश्यकता किन पर्दछ भन्ने कुरा तलका बुँदाले अझ स्पष्ट पार्ने छन् :

- व्यक्तिमा नैतिक, सौन्दर्यात्मक, सांस्कृतिक र आध्यात्मिक संवेदनाको विकास गराउन,
- धर्म, संस्कार-संस्कृति, रीतिरिवाज, परम्परागत मूल्यमान्यता आदिबारे वैज्ञानिक दृष्टिकोण निर्माण गर्न,
- संघीयता, धर्मनिरपेक्षता, गणतन्त्र र लोकतन्त्र, देशप्रेम, राष्ट्रियताको सम्मान, राष्ट्रिय सम्पत्तिको संरक्षण, पहिचानको संरक्षण आदिबारे बोध गराउन,
- सिकाइएका विषयलाई व्यवहारमा लागू गर्नु पर्दछ भन्ने कुरा बुझाउन,
- बालकलाई भविष्यमा आइपर्ने विपदासँग लड्न सक्ने बनाउन,
- अनैतिक कार्य रोक्न र कतै गरिएको पाइएमा तिनको विरोध गर्न,
- हाम्रो व्यवहारलाई समाजहितमा प्रयोग गर्न,
- आधुनिक र पुरातन संस्कारबिच आपसी सम्बन्ध कायम गर्न,
- मूल्यमा आधारित राजनीति गर्न तथा त्यसका निम्ति प्रेरित गर्न,
- नागरिकताशिक्षाको आवश्यकता बुझाउन,

**विद्यार्थीका लागि मूल्यशिक्षा किन आवश्यक छ ?**

भविष्यका कर्णधार बालबालिकालाई भविष्यमा आइपर्ने सहज-असहज परिस्थितिसँग सङ्घर्ष गर्नका लागि समर्थ बनाउन उनीहरूलाई घरपरिवारदेखि नै मूल्यशिक्षाको बोध गराउँदै आवश्यक मूल्यमान्यताको पालना गर्न युक्ति र सिपहरू सिकाउनु पर्दछ । साथै उनीहरूमा सधैं सकारात्मक सोच विकसित गराउनु आवश्यक छ, किनकि आजका बालबालिकाले वस्तु चिनेका छन्, राष्ट्र चिनेका छैनन्, देशको भूगोलको सूचना उनीहरूसँग छ, राष्ट्रप्रतिको जिम्मेबारीबोध र कर्तव्यपालना पटक्कै छैन । त्यसैले माध्यमिक तह उत्तीर्ण गर्ने अधिकांश किशोरहरू यस देशमा केही छैन, यस देशले मलाई गाँस, वास र कपासको सुविधा

दिन सक्दैन, अवसर दिन सक्दैन भनि रहेका छन्, जुन देशमा उच्च प्राविधिकदेखि शारीरिक श्रम गर्नेसम्मका जनशक्ति विदेशबाट ल्याउनु परि रहेको छ, के त्यस देशमा सम्भावना छैनन्? अनन्त सम्भावना छन् तर शिक्षाले ती सम्भावनाहरूबारे बोध गराउनै सकेन, शिक्षाले विद्यार्थीमा राष्ट्रप्रतिको दायित्व बुझाउनै सकेन, अर्थात् आफू, आफ्नो परिवार र माटाको मूल्य बताउनै सकेन, केवल विदेशका लागि समर्थ जनशक्ति कसरी उत्पादन गर्ने भन्ने कुरालाई मात्र ध्यान दियो, त्यसैले माटो सधैं बाँझो भइ रह्यो, उद्योगहरू विदेशी प्राविधिकमा निर्भर भइ रहे अनि हाम्रा जनशक्ति चाहिं आफ्नै माटाको सुन छाडेर विदेशको फलाममा लोभिइ रहे । यस कारण पनि विद्यार्थीलाई वस्तुशिक्षाका साथ साथै मूल्यशिक्षा पनि दिन अनिवार्य छ । बालबालिकामा मूल्यशिक्षा दिन किन आवश्यक छ भन्ने कुरा तलका बुँदाबाट अझ स्पष्ट हुनेछ :

- बालबालिकामा प्रेम, करुणा, दया, सद्भाव, सत्य, क्षमा, त्याग, अहिंसा लगायतका सकारात्मक गुण विकसित गराउन,
- व्यक्तिगत र सामाजिक जीवनका लागि एक आदर्श नागरिक निर्माण गर्न,
- देशको सामाजिक, आर्थिक, राजनीतिक... परिस्थितिको बोध विद्यार्थीमा गराउन,
- विद्यार्थीलाई विचार तथा चरित्रका दृष्टिले असल बनाउन,
- हीन भावना त्यागेर सकारात्मक विचार र व्यवहारयुक्त भावी नागरिक तयार गर्न,
- छात्रमा आफ्ना मित्रप्रति सकारात्मक दृष्टिकोण विकसित गर्न,
- स्वास्थ्य र शारीरिक शिक्षाप्रति विद्यार्थीमा चेतना फैलाउन,
- पर्यावरणको महत्त्व जागृत गराउन,
- सबै धर्म र संस्कृतिप्रति सम्मानभाव जागृत गराउन,
- विद्यार्थीलाई योग तथा ध्यान सिकाएर मानसिक स्वास्थ्य र शान्तिबारे बोध गराउन,
- ईश्वर, आत्मा, परमात्मा आदि विषयको आध्यात्मिक ज्ञान छात्रलाई दिलाउन,
- सार्वजनिक सम्पत्तिको सुरक्षा किन र कसरी गर्नुपर्दछ भन्ने विषयमा ज्ञान गराउन,
- छात्रलाई अनुशासित, कर्तव्यपरायण र उत्तरदायी बनाउन,

**मूल्यशिक्षा क-कसलाई आवश्यक छ ?**

मानवजीवनलाई फुलाउन र फलाउनका लागि आधाभूत मूल्यहरूबारे जानकारी, बोध, तिनीहरू माथि मनन चिन्तन अनि अभ्यास आजका बच्चादेखि वृद्धसम्मलाई आवश्यक देखिन्छ । ससाना नानीहरूलाई प्राथमिक स्तरको मूल्यसम्बन्धी ज्ञान आवश्यक छ, त्यस्तै किशोर अवस्थाका बालबालिकालाई केही भिन्न किसिमका मूल्यमान्यता आवश्यक छन्, त्यस्तै उच्च तहमा पुगेका बालबालिकालाई राष्ट्र, राष्ट्रियता आदि विषयसम्बद्ध मूल्यमान्यता आवश्यक हुन्छन्, त्यस्ता मूल्यमान्यतालाई यहाँ क्रमशः उल्लेख गरिएको छ :

**ससाना बालबालिकाका लागि :**

- ईश्वरमा आस्था र विश्वास जगाउन,
- बालबालिकालाई निर्भीक बनाउन,

- शारीरिक सफाइबारे सिकाउन,
- कुनै पनि काम निममित ढंगबाट गर्न सक्ने सामर्थ्य विकास गराउन,
- उच्च व्यक्तिलाई आदर र सानालाई स्नेह गर्नुपर्दछ भन्ने भाव विकसित गराउन,
- समाजप्रति जागरुक बनाउन,
- दुर्व्यसनबाट मुक्त गर्न,
- परोपकारको भावना जागृत गराउन,

**किशोर अवस्थाका बालबालिकाका लागि :**

- विद्यालयको क्रियाकलापमा सक्रिय सहभागिता जनाउन,
- शिक्षकबाट सामाजिक मूल्यबोध गर्न,
- सबैधर्मप्रति सम्मानभावको विकसित गर्न,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न,
- प्रेम, साहस, धैर्य, सहयोगको भाव विकसित गर्न,

**उच्चशिक्षा अध्ययन गर्ने युवाहरूका लागि :**

- मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भवजस्ता आदर्श कुरा सिकाउन,
- शान्ति, सहिष्णुता, सद्भाव, मानवता आदिको भाव विकसित गर्न,
- म को हुँ ? मेरो दायित्व के हो ? यस धर्तीलाई सुन्दर बनाउन म के गर्न सक्छु ? आदिबारे बोध गराउन,
- परिवारप्रेम, समाजप्रेम, राष्ट्रप्रेम र विश्वप्रेमबारे बुझ्न र बुझाउन सक्ने हुन,
- राज्य सञ्चालनमा देखिएका भ्रष्टाचार, दुराचार तथा समाजमा देखिएका राजनीतिक र अन्य किसिमका विकृति एवम् फोहोर सफा गरी पारदर्शी र सुसंस्कृत समाजको निर्माण गराउन,
- नैतिकता र आदर्श औपचारिक बन्दै गएको आजको परिदृश्यमा नैतिकता र आदर्शबारे आत्मबोध गराउन,
- व्यक्तिमा सत्यम्, शिवम् तथा सुन्दरम्को भाव जागृत गराउन,

**निष्कर्ष**

सभ्य समाजको निर्माणका लागि मूल्यशिक्षा अर्थात् आचार शिक्षा आज अपरिहार्य बनेको छ । वस्तुशिक्षाबाट समाजले वस्तुमात्रै चिनेको छ मानवीय मूल्यलाई चिन्न सकेको देखिँदैन । र वस्तु अर्थात् धन सम्पत्तिलाई नै सबैथोक मानेर हिँडिरहँदा ऊ असन्तुष्ट हुन पुगेको छ, त्यसकारण मूल्यशिक्षाले मानवलाई सही अर्थमा चिनाउने हुनाले वस्तुशिक्षा सहितको मूल्यशिक्षा आजको आवश्यकता हो ।

# संस्कृत माध्यमिक विद्यालयका समस्या र समाधान

महेश्वर कोइराला
शिक्षक
चन्द्र संस्कृत माध्यमिक विद्यालय, धरान

गोविन्द निरौला
शिक्षक
चन्द्र संस्कृत माध्यमिक विद्यालय, धरान

## परिचय

'कृ' धातुमा 'क्त' प्रत्यय लागेर बनेको कृत शब्दमा 'सम्' उपसर्ग जोडिएर बनेको 'संस्कृत' शब्दको अर्थ सभ्य वा सुसंस्कृत मानवजीवनको परिष्कृत स्वरूप हो । संस्कृत भाषाका प्रत्येक आयाममा जीवनको परिष्कृत रुप देखापर्छ । भाषा मानव जीवनको अभिन्न अङ्ग हो । भाषाको इतिहास मानव सभ्यताको विकास कालदेखि नै देखापर्छ । संसारमा भाषाका स्वरुप धेरै छन् । संस्कृत भाषा विश्व कै सबैभन्दा पुरानो भाषा हो । संस्कृत भाषाबाट नै विश्वका धेरै भाषाहरू प्रभावित छन् भने कतिपय भाषाहरू संस्कृतबाट नै तत्सम तद्भव शब्दका रूपमा विकसित भएका छन । संस्कृत भाषामा नै वेद, उपनिषद रामायण, पुराण, धर्मशास्त्र र महाभारत आदि जस्ता विश्वमा नै चर्चित र मूल्यवान ग्रन्थहरू प्रकाशित छन् । अथाह ज्ञान, विज्ञान, चेतना, बुद्धि, प्रविधि र विवेकको स्रोत बोकेको संस्कृत आर्यजातिले सर्वप्रथम प्रयोग गरेको हुँदा यसलाई आर्य भाषा पनि भनिएको हो । संस्कृत वाङ्मयहरूमा पनि यसका वक्ताहरूलाई आर्य भनेर सम्बोधन गरिएको पाइन्छ । संस्कृत भाषामा पाइने अथाह ज्ञान अन्य भाषामा पाइँदैन । यस्तो महत्त्व र गरिमा बोकेको भाषा वर्तमान परिप्रेक्ष्यमा बोलचालमा कम प्रचलित रहेको देखिन्छ ।

वर्तमान मान्छे बढी अङ्ग्रेजी भाषाप्रति आकर्षित बनेको र सूचना, सञ्चार र प्रविधिमा पनि अङ्ग्रेजी भाषाको विश्वव्यापी प्रभाव परेको हुँदा यो भाषाप्रतिको दृष्टिकोणमा सकारात्मक सोच हुन सकेको छैन । संस्कृत भाषायुक्त ग्रन्थहरूमा सामाजिक, आर्थिक, धार्मिक, आध्यात्मिक, सास्कृतिक, व्यवहारिक, राजनीतिक, नैतिक, चारित्रिक, वैज्ञानिक, प्राविधिक, शैक्षिक आदि सबै कुराको विषयगत ज्ञान प्राप्त हुन्छ । संस्कृत भाषाको महत्त्व बुझेर संसारका विकसित मुलुकका विश्वविद्यालयहरूमा संस्कृत विषयलाई पनि पठनपाठनका रुपमा समावेश गरेको पाइन्छ (रामचन्द्र दाहाल ) । वर्तमान परिप्रेक्ष्यमा संस्कृत भाषाको महत्व नबुझ्ने व्यक्तिहरूले अङ्ग्रेजी भाषाको प्रभावमा परेर संस्कृत भाषाप्रति अनास्था जगाएका छन् । संस्कृतलाई ज्ञानको स्रोतभाषाका रूपमा नलिएर कर्मकाण्डीय भाषाका रूपमा व्याख्या गर्ने मानिसको सङ्ख्या पनि कम छैन । वास्तवमा कर्मकाण्डीय भाषा मात्र नभएर अथाह ज्ञान, विज्ञान, प्रविधिको विशिष्ट भाषा हो संस्कृत ।

**संस्कृत विद्यालयको सङ्क्षिप्त ऐतिहासिक सर्वेक्षण**

नेपालको शैक्षिक परम्पराको इतिहासमा पहिलो गुरुकुल मटिहानी स्थित राजकीय संस्कृत माध्यमिक विद्यालयलाई लिइन्छ । उक्त गुरुकुल रामलाल दास (तस्मैया बाबा) ले १७५१ मा अनौपचारिक रुपमा प्रारम्भ गरे । त्यसपछि तस्मैया बाबाले आफ्ना शिष्य जयकृष्ण दासलाई शिक्षकका रुपमा राखी १७७५ मा औपचारिक रुपमा संस्कृत अध्ययन अध्यापन हुने गुरुकुलका रुपमा स्थापना गरिएको पाइन्छ ( इश्वरी पौडेल) नेपालमा आधुनिक शिक्षाको प्रारम्भ वि सं. १९१० मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले गरेका थिए । उनलाई परम्परागत शिक्षाप्रति पनि त्यति चासो थिएन । नेपालको औपचारिक संस्कृत पाठशालाका सन्दर्भमा जङ्गबहादरर राणाकै समयमा चारजना गुरु र सन्ताउन्न जना संस्कृतका विद्यार्थीहरू भएको नारायणहिटी पाठशाला सम्बत् १९२७ मा चलिरहेको थियो भन्ने जानकारी परराष्ट्र मन्त्रालयका अप्रकाशित कागजपत्रबाट फेला पारेको कुरा उल्लेख पाइन्छ (बराल, २०७७ :३ ) । जङ्गबहादुर राणाले अङ्ग्रेजी शिक्षाको प्रारम्भ गरे पनि परम्परागत धर्मकर्मप्रतिको रुचिका कारण केही स्थानमा नित्यपुजा, सिधा, धुनी सञ्चालन, सन्यासी, जोगी, कनफट्टा आदिलाई सिधाका लागि पूर्वी पहाडका धनकुटा भोजपुर ,सुनसरीको धरान, चतरा आदिमा गुठी खेतको व्यवस्था गरिदिएका थिए ( बराल, २०७७ :३ ) । त्यसैगरी, जनरल जीतजङ्ले आर्यघाटदेखि दक्षिण राजेश्वरी घाटमा १९३१ मा आफ्नै नीजि खर्चमा संस्कृत पाठशाला सुरु गरी पठनपाठन प्रारम्भ गरेको पाइन्छ । (बराल, २०७७ :३ ) । १९३२ मा बालागुरु षडानन्दले भोजपुरको दिङ्लामा गुरुकुलको स्थापना गरी अध्यापन गरेको पाइन्छ । त्यसै गरी इलामको करफोकमा १९६२ मा स्वामी सोमेश्वरानन्दले संस्कृत शिक्षाको शुरुआत गर्नु भएको देखिन्छ ( वैद्य, २०७६: ८५) । त्यसपछि तीनधारा संस्कृत पाठशाला लगायत विभिन्न गुरुकुलहरूको स्थापना नेपालमा भएको पाइन्छ । यसरी विभिन्न शिक्षाप्रेमी, योगी, दिग्गज महानुभावहरूले विभिन्न समयमा विभिन्न स्थानमा गुरुकुलहरूको स्थापना गरेर शिक्षा प्रदान गर्ने गरेको पाइन्छ ।

२०२८ सालमा नयाँ शिक्षा लगु भएपछि यसरी खेलिएका गुरुकुलहरू पनि कक्षागत स्तर उन्नति हुँदै गए र वर्तमानमा गुरुकुल र साधारण संस्कृत गरी संस्कृतमा दुई धारका विद्यालयहरू देखा परे । हाल नेपालमा गुरुकुल र साधारण मा.वि. गरी करिब १०० भन्दा माथि संस्कृत विद्यालयहरू सञ्चालनमा रहेका छन् ।

**सीमाङ्कन**

विद्यालय त्यो स्थल हो जहाँ दैनिक पठनपाठनका अतिरिक्त सहपाठी सिकाइ , अतिरिक्त क्रियाकलाप , खेलकुद, नाचगान मार्फत बालबालिकाई अधिकतम ज्ञान प्रदान गर्ने गरिन्छ । यसमा धेरै तहका विद्यालयहरू पर्दछन् । संरचनागत दृष्टिले विद्यालयलाई पूर्व प्राथमिक, आधारभूत र माध्यमिक गरी तीन तहमा विभाजन गरिएको छ । यस्ता विद्यालयहरूलाई पनि परम्परागत शिक्षा, साधारण र प्रविधिक धार गरी तीन धारमा वर्गीकरण गरिएको छ । यस्ता विद्यालयहरूमध्ये परम्परागत र साधारण दुवै धारभित्र संस्कृत विद्यालय रहेको पाइन्छ । गुरुकुलीय प्रणालीमा रहेका संस्कृत अध्ययन हुने विद्यालय र साधारण धारभित्र समाहित भएर संस्कृत विषयलाई ऐच्छिक राखेर अध्यापन गराउने विद्यालय गरी संस्कृत भित्र

पनि दुई धार देखिन्छ । यस आलेखमा कोशी प्रदेशमा सञ्चालित साधारण धारभित्र रहेर संस्कृत विषय अध्यापन गराइरहेका विद्यालयमा देखिएका समस्याहरूमा आधारित भएर अध्ययन गरिएको छ ।

**कोशी प्रदेशभित्रका संस्कृत मा.वि.हरूको विवरण**

क्र.सं. विद्यालयको नाम ठेगाना हालको अवस्था

१ बालसुबोधिनी संस्कृत मा.वि. फुङ्लिङ-३, ताप्लेजुङ ।

२०५९ बाट साधारण धार र प्राविधिक धारमा सञ्चालित (विद्यार्थी र जनशक्तिको अभाव तर अभिभावकको सोच सञ्चालन गर्ने) २ संस्कृत दरबन्दी ढड्डामा कायमै रहेको छ ।

२ माइ पोखरी संस्कृत मा.वि. माइमझुवा, इलाम, हाल साधारणमा परिवर्तन

३ अर्जुन धारा सं.मा.वि. अर्जुनधारा न.पा., झापा हाल जर्जर अवस्थामा सञ्चालित (दुईवटा संस्कृत दरवन्दी रहेका )

४ पशुपति सं.मा.वि. दमक, झापा हाल साधारण धारमा परिवर्तन

५ गायत्री सं.मा.वि. विराटनगर, मोरङ हाल सङ्कटपूर्ण अवस्थामा सञ्चालन

६ राम सं.मा.वि. आठराई-१, तेह्रथुम २०६२ पछि साधारण धारमा परिवर्तन

७ विद्योदय सं.मा.वि. खाँदबारी-६, संखुवासभा २०५९ बाट साधारण धारमा परिवर्तन (हाल विद्यार्थीको अभाव, शिक्षक व्यवस्थापनको आश्वासन)

८ षडानन्द सं.मा.वि. दिङ्ला, भोजपुर हाल साधारणबाट पुनः गुरुकुल सुरु

९ चन्द्र सं.मा.वि. धरान-१६, सुनसरी हाल संस्कृत धार नै सञ्चालित

१० वि.पि.सं.मा.वि. सल्यान, सोलुखुम्बु, हाल संस्कृत धार नै सञ्चालित छ । (३ संस्कृत दरवन्दी)

११ पिण्डेश्वर संस्कृत मा. वि.धरान, संस्कृत धारमा सञ्चालित

स्रोत : सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँगको सम्पर्कबाट प्राप्त जानकारी

**संस्कृत मा.वि.हरूले भोग्नु परेका समस्याहरू**

**भौतिक समस्या**

कोशी प्रदेशभित्र रहेका सम्पूर्ण संस्कृत विद्यालयहरूमा भौतिक समस्या रहेको देखिन्छ । संस्कृत विद्यालयभित्र पनि गुरुकुलीय पद्धतिमा चलेका विद्यालय र साधारण धारमा समाहित भएर त्यसमा ऐच्छिक विषय संस्कृत राखी पठनपाठन भइरहेका विद्यालय गरी दुई धारका विद्यालय देखिन्छन् । गुरुकुलीय परम्परामा सञ्चालित विद्यालयहरूमा दाताको खोजी गरी शिक्षण भवन, प्रशासनिक भवन निर्माण गरेको देखिन्छ भने साधारण धारका विद्यालये दाताको हात प्राप्त गरेको छैन । भौतिक संरचना निर्माण गर्नका लागि शिक्षा समन्वय एकाइ वा स्थानीय तहबाट प्राप्त गर्नुपर्ने रकममा पनि विद्यार्थी सङ्ख्याको मापदण्ड लगाइएको छ । संस्कृत विद्यालयमा विद्यार्थी सङ्ख्या थौरै हुने भएकाले त्यो रकम पनि प्राप्त गर्न सक्ने स्थिति नरहेकाले साधारण धारका विद्यालयहरूले भौतिक संरचना निर्माणमा कठिनाइ भोग्नु परेको छ (

ताराकुमार राई) । विद्यालय स्थापनाकालमा निर्माण भएका पुराना एवम् जीर्ण अवस्थामा रहेका संरचनामा नै विद्यालय सञ्चालन भइरहेको छ । वर्तमान परिप्रेक्षमा विद्यार्थी आकर्षणको केन्द्रविन्दु भौतिक संरचना बनेको छ । निजी स्कुलका ठुलाठुला र सुविधा सम्पन्न भौतिक संरचनाको विज्ञापनले विद्यार्थीलाई आकर्षित तुल्याएको देखिन्छ ।

**नीतिगत समस्या**

संस्कृत विद्यालयहरूमा नीतिगत, योजनागत, कार्यक्रमगत स्पष्टता ल्याउनुपर्ने देखिन्छ । साधारण धारभित्र चलेका संस्कृत माध्यमिक विद्यालय सञ्चालनका लागि राष्ट्रिय स्तरको नीति नै अस्पष्ट बनेको छ । विषयगत संयोजन, पाठ्यक्रम तर्जुमा, निर्माण र कार्यान्वयनजस्ता विषयमा नीतिगत अस्पष्टता झल्किएको छ । त्यसैगरी विद्यालय सञ्चालनका क्रममा गरिने योजना निर्माणका सन्दर्भमा पनि यस्ता विद्यालयमा समस्या उत्पन्न भएको देखिन्छ ।

**व्यवस्थापनगत समस्या**

नेपाल सरकारको शिक्षा नीतिअनुसार स्थापित सामुदायिक विद्यालयलाई सरकारी खर्च प्रदान गरी शिक्षकहरू व्यवस्थापन गरिसकेको अवस्था छ । साथै शिक्षा नियमावलीअनुरुप नै विद्यालय व्यवस्थापन समितिको गठन समेत हुने गरेको छ । तर यसरी गठित व्यवस्थापन समितिले विद्यालयको आर्थिक भौतिक एवम् शैक्षिक व्यवस्थापनमा उपयुक्त ढङ्गले चासो दिन नसक्दा व्यवस्थापनगत समस्या निम्तिएको छ । साथै प्रधानाध्यापक  छनौट गर्ने क्रममा प्रअलाई कार्यसम्पादन सम्झौता नगराई छनौट गर्नु तथा प्रअले शिक्षक कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता नगर्नुले पनि विद्यालय व्यवस्थानमा जटिलता आएको देखिन्छ ।  शिक्षक तथा अभिभावक दुवैमा संस्कृत विषयप्रतिको चासो नहुनु, संस्कृतका विषयगत दरवन्दीहरू साधारणमा परिवर्तन गर्नु  अङ्ग्रेजी शिक्षाको व्यापक प्रभाव बढ्दै जनु एवम् कतिपय संस्कृत विद्यालयमा विषयगत प्रअ नहुनु र प्रअले संस्कृतको मर्म नबुझ्नु जस्ता कुराले पनि व्यवस्थापनमा समस्या निम्त्याएको छ । (रामचन्द्र दाहाल)

**पाठ्यपुस्तकगत समस्या**

विद्यालयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने एउटा महत्वपूर्ण साधन पाठ्यपुस्तक हो । पाठ्यक्रम प्रारुपमा भएको व्यवस्थाअनुरुप अहिले विद्यालय तहको कक्षा १ देखि कक्षा १२ सम्मको पाठ्यक्रममा परिवर्तन गरिएको छ । यस सन्दर्भमाा आधुनिक विषयका पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रले प्रकाशन गरी विद्यालय विद्यालयमा पुऱ्याइसकिएको छ । तर संस्कृत विद्यालयमा पठनपाठन हुने संस्कृत भाषा, व्याकरण, कर्मकाण्ड, साहित्य, वेद, ज्योतिषजस्ता विषयको पाठ्यक्रम मात्र बनेको छ । पाठ्यक्रमले तोकेका सागम्रीहरू सहजै उपलब्ध हुन सक्तैनन, प्राचीन सामग्रीको प्रयोग गरेर शिक्षण गर्नुपर्ने बाध्यता रहेको छ । साथै पाठ्यत्रमले तोकेको उद्देश्य पूर्ति गर्नका लागि पाठ्यक्रममा नै  सन्दर्भ सामग्रीको उल्लेख हुनुपर्नेमा यस्तो व्यवस्था देखिदैन । यता प्राचीन सामग्रीहरू जटील हुने भएकाले संस्कृत शिक्षालाई

विस्थापित गर्ने घुमाउरो बाटो जस्तो देखिन्छ । कक्षा ९मा गतसालदेखि नै नयाँ पाठ्यक्रम कार्यान्वयनमा आएको छ भने शैक्षिक सत्र २०८० बाट कक्षा १० मा पनि नयाँ पाठ्यक्रम कार्यान्वयनमा आएको छ । तर ९र १० मा पठन पाठन हुने संस्कृत सम्बद्ध विषयका पाठ्यपुस्तक भने प्रकाशित भएका छैनन् । त्यसकारण संस्कृत विषय पठनपाठनमा समस्या उत्पन्न भएको छ । (गोविन्दप्रसाद निरौला)

**पाठ्यक्रम निर्माणमा देखिएका समस्या**

साधारण धारमा चलेका संस्कृत विद्यालयका लागि निर्माण गरिने पाठ्यक्रममा नै समस्या देखिएको छ । आधुनिक विषयसँग अन्तर्सम्बन्धित गराएर यस्ता विद्यालयले संस्कृत चलाउनुपर्ने बाध्यता रहेको छ । पाठ्यक्रम गुरुकुलीय धारलाई प्रश्रय दिएर निर्माण भएको देखिन्छ । अनिवार्य विषयअन्तर्गत पर्ने सामाजिक जस्तो महत्वपूर्ण विषय संस्कृत विद्यालयले हटाउनु पर्ने बाध्यात्मक स्थितिको सिर्जना भएको छ भने अर्कातिर साधारण धारका विद्यार्थीको योग्यता र क्षमतालाई मध्यनजर नगरी पाठ्यक्रम निर्माण गरिएको छ । कक्षा ११ र १२ को पाठ्यक्रम विश्वविद्यालयको शाास्त्री तहको पाठ्यक्रमसँग अन्तर्सम्बन्धित हुनुपर्नेमा त्यस्तो भएको देखिदैन ।

**शिक्षक दरबन्दी सम्बन्धी समस्या**

विषय शिक्षणका निम्ति शिक्षकको जरुरत हुन्छ । कोशी प्रदेशमा सञ्चालित संस्कृत विद्यालयहरूमा संस्कृत विषयका शिक्षकको दरबन्दी अभाव रहेको छ । अर्जुनधारा संस्कृत आदर्श मा. वि.का शिक्षक हरिनारायण खतिवडाका अनुसार गुरुकुलीय पद्धतिमा चलेका विद्यालयहरूले आफ्नै आन्तरिक स्रोत परिचालन गरी शिक्षक व्यवस्थापन गरेको छ भने साधारण धारका संस्कृत विद्यालयहरूले विषयगत शिक्षकको अभावमा चलिरहेका विषयमध्ये कुनै विषय हटाएर उपलब्ध जनशक्तिका आधारमा मात्र शिक्षण गरिरहेको छ । वि. सं २०६२ मा मन्त्री परिषदको निर्णयले नेपाल सरकारलाई थप व्ययभार नपर्ने गरी साधारण धारका संस्कृत विषयहरू पठनपाठन गर्ने अनुमति दिइएको पाइन्छ । बाल सुवोधिनी संस्कृत माध्यमिक विद्यालयमा रहेको संस्कृत विषयको दरवन्दी जिल्ला शिक्षा विकास तथा समन्वय एकाइको ढड्डामा हालसम्म पनि कायमै रहेको तर राजनैतिक स्वार्थ पूर्तिका निम्ति व्याववहारिक रुपमा उक्त दरवन्दीमा साधारण धारका आधुनिक विषयका शिक्षक सरुवा पदस्थापन गरी संस्कृत विषय पठन पाठनमा अवरोध सिर्जना गरिएको पाइन्छ ।

**संरक्षणसम्बन्धी समस्या**

वर्तमान मान्छे बढी अङ्ग्रेजी भाषाप्रति आकर्षित बनेको र सूचना, सञ्चार र प्रविधिमा पनि अङ्ग्रेजी भाषाको विश्वव्यापी प्रभाव परेको हुँदा संस्कृत भाषाप्रतिको दृष्टिकोणमा सकारात्मक सोच आउन सकेको छैन । वर्तमान परिप्रेक्ष्यमा संस्कृत भाषाको महत्त्व बुझाउन नसकिएका कारण अङ्ग्रेजी भाषाका प्रभावमा परेर संस्कृत भाषाप्रति अनास्था जागेको छ । यसलाई केवल कर्मकाण्डीय भाषाका रुपमा व्याख्या गर्ने मानिसको सङ्ख्या बढ्दै गइरहेको छ । यसको संरक्षण र संवर्धनमा कसैको ध्यान नहुनु , विश्वविद्यालयले संस्कृत भाषाको संरक्षणका निम्ति साधारण संस्कृत र वेद विद्याश्रमसँग समन्वय नगर्नु ,

संस्कृतका विद्वान्हरू पलायन हुनु, एवम् यही रहेकाहरू पनि मौन रुपमा रहनुले यसको संरक्षणमा सङ्कट आएको देखिन्छ ।

**विद्यार्थी नपाउने समस्या**

प्रत्येक वर्ष शैक्षिक सत्रको अन्त्यतिर प्रत्येक सामुदायिक विद्यालयले भर्ना अभियानका रणनीति र त्यससँग सम्बन्धित योजनाहरू निर्माण गरी अगाडि बढिरहेको देखिन्छ । यस प्रकारको भर्ना अभियानमा घरदैलो कार्यक्रम, अभिभावक भेटघाट अन्तर्क्रिया तथा छलफल आदि चलिरहेको पाइन्छ तर प्रत्येक वर्ष हुने यस्ता अभियान र कार्यक्रम संस्कृत विद्यालयहरूमा विद्यार्थी आकर्षण बढाउन सफल भइरहेको छैन । वर्तमान अभिभावकहरू अङ्ग्रेजी माध्यमबाट पढाइ हुने विद्यालयतर्फ लम्किरहेका छन् । अझ भनौं अङ्ग्रेजी माध्यम नै गुणस्तर मापनको मूल आधारका रुपमा स्थापित भइरहेको छ । जसका कारण संस्कृत विद्यालयहरू हेपाइमा परेका छन् । अथवा संस्कृत विद्यालयहरूले विद्यार्थी पाइरहेका छैनन् । कोशी प्रदेशका सन्दर्भमा हेर्दा संस्कृत विद्यालयहरू सहरी क्षेत्रमा रहेका छन् । सहरका विद्यालर्थीहरू महङ्गो विद्यालयमा गएका छन् । वर्तमानमा संस्कृत शिक्षा गरिबले आर्जन गर्ने शिक्षाका रुपमा परिभाषित नै भइसकेको छ । यस्ता विद्यालयमा आइपुग्ने विद्यार्थी अर्थिक सङ्कट व्यहोरिरहेका परिवारका छन् । त्यसकारण संस्कृत विद्यालयहरूले विद्यार्थी प्राप्त गर्न सकेका छैनन । समन्वय एकाइले संस्कृत दरवन्दीको व्यवस्थापन गर्ने आश्वासन दिए पनि विद्यार्थी अभावका कारण सञ्चालन गर्न सकिएको छैन (रामबहादुर भण्डारी) ।

**शिक्षक निर्देशिकाको अभाव**

शिक्षक निर्देशिका भनेको कुन विषयको कुन एकाइ कसरी अध्यापन गराउन सकिन्छ भनेर शिक्षकलाई मार्गदर्शन गर्ने सामग्री हो । यसको सहायता लिएर शिक्षकले प्रभावकारी शिक्षण गर्न सक्तछ । नेपालका सन्दर्भमा आधुनिक विषयका लागि पाठ्यक्रमा विकास केन्द्रले शिक्षक निर्देशिका तयार पारको छ भने संस्कृका कुनै पनि विषयको शिक्षका निर्देशिका वर्तमानसम्म प्रकाशित भएको पाइँदैन । त्यसैले परम्परागत घोकन्ते शैलीमै संस्कृतका विषयहरू अध्यापन भइरहेका छन् ।

**शिक्षकको पेसागत तालिमसम्बन्धी समस्या**

शिक्षा तथा मानवस्रोत विकास केन्द्र अन्तर्गतको शैक्षिक जनशक्ति विकास महाशाखा अन्तर्गतका विभिन्न शैक्षिक तालिम केन्द्रको व्यवस्थापनमा विद्यालयमा पठनपाठन हुने विभिन्न विषयहरूको शिक्षकको पेसागत विकासतालिम सञ्चालन गरिरहेको छ । यस तालिममा शिक्षकलाई विषयगत रुपमा विज्ञ बोलाइ शिक्षकलाई तालिम दिइन्छ । तर संस्कृतका विषयहरू अध्यापन गराउने शिक्षकहरूलाई वर्तमानसम्म कुनै पनि तालिमको व्यवस्था गरिएको छैन । संस्कृत अध्यापन गर्ने शिक्षकहरू सेवामा प्रवेश गरेपछि सेवाकालीन तालिम समेत नलिइकन अवकास हुने अवस्थमा पुगेका छन् । जसका कारण शिक्षकहरू शिक्षणका नवीनतम ढाँचा र पद्धतिबाट वञ्चित भएका छन् । फलस्वरुप संस्कृत विषयका

शिक्षकहरूले पुरानै ढाँचा र पद्धतिको अवलम्बन गरी शिक्षण गरिरहेको अवस्था रहेको छ । पेसागत विकास तालिमको अभाव हुनु संस्कृत विद्यालयका लागि जटील समस्या हो ।

### आवाससम्बन्धी समस्या

कोशी प्रदेशमा सञ्चालित सम्पूर्ण संस्कृत माध्यमिक विद्यालयहरूको विकास गुरुकुलीय पृष्ठभूमिबाट भएको पाइन्छ । गुरुकुलहरूमा विद्यार्थीका निम्ति आवासको व्यवस्था गरिएको हुन्छ । सोही प्रणाली अनुरुप यस प्रदेशमा सञ्चालित विद्यालयहरूले सीमित रुपमा आवासको व्यवस्था गरेको पाइन्छ । संस्कृत विद्यालयले स्थानीय विद्यार्थी कमै मात्रामा प्राप्त गरेको छ । कोसी प्रदेशमा सञ्चालित विद्यालयहरूमा नेपालका पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका र भारतका दार्जिलिङ, सिक्किम सम्मका विद्यार्थीहरू अध्ययन गर्न आएका छन् । स्थानीय तहभन्दा टाढाका विद्यार्थीहरू भएका हुनाले उनीहरूलाई आवासको व्यवस्था गर्नु अपरिहार्य रहेको छ । वर्तमानमा विद्यालयको मौजुदा अवस्थामा रहेका आवासहरू पर्याप्त छैनन् ।  साथै यस्ता आवासहरू अत्यन्त जीर्ण अवस्थामा पुगिसकेका छन् । आधुनिक तवरको आवासको अभावमा विद्यालयले विद्यार्थी व्यवस्थापन गर्न सकिरहेको छैन (सूर्यकुमार अधिकारी) । त्यसैले छात्रावासको व्यवस्थापन गर्न नसक्नु पनि संस्कृत विद्यालयको समस्याका रुपमा रहेको छ । सोलुखुम्बुमा रहेको वि. पि. संस्कृत माध्यमिक विद्यालयमा आवासकै अभावका कारण समस्या परेको छ । नजिकै रहेको गुरुकलको आवास प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ  (प्र.अ.उमाकान्त काफ्ले )।

### समाधानका उपायहरू

साधारण धारभित्र सञ्चालन भएका संस्कृत माध्यमिक विद्यालयहरूमा देखिएका उपर्युक्त समस्याहरूको समाधान गर्नका लगि निम्नानसारका क्रियाकलापहरू गर्नुपर्ने देखिन्छ ।

क) संस्कृत विद्यालयको स्वरुप र त्यसको महत्त्वका विषयमा  स्थानीय सरकार एवम् शिक्षा समन्वय इकाइलाई जानकारी गराउने,

ख) भौतिक संरचना अन्तर्गतका शैक्षिक र प्रशासनिक भवन निर्माण गर्नका लगि स्थानीय सरकार, समन्वय इकाइ तथा मन्त्रालय एवम् सरोकारवाला निकायसँग  पहल गर्ने,

ग) साधारण धारभित्र सञ्चालन भएका संस्कृत माध्यमिक विद्यालयहरूमा आधुनिक विषयका साथमा संस्कृत विषय पठनपाठन गर्ने नीतिगत व्यवस्था मिलाउनका लागि शिक्षा मन्त्रालय एवम् पाठ्यक्रम विकासकेन्द्रसँग समन्वय गर्नुपर्ने,

घ) नीतिगत, योजनागत, कार्यक्रमगत स्पष्टता ल्याउनुपर्ने

ङ) विद्यालय विकासमा सरकारी तथा गैह्र सरकारी संस्थाको निरन्तर संलग्नताको खोजी गरिनु पर्ने

च) विद्यालयको दूरदृष्टि निर्माण गर्नुपर्ने

छ) माध्यमिक तहमा अध्ययनरत विद्यार्थीको स्तर र क्षमतालाई मध्यनजर गरी पाठ्यक्रम निर्माण गर्न सम्बन्धित निकायमा पहल गर्नुपर्ने

ज) विषयगत शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्ने, यसका लागि सम्बन्धित निकायमा समन्वय गर्नुपर्ने

ञ) संस्कृत विषयको संरक्षणका निम्ति स्थानीय समाज र राष्ट्रिय स्तरमा नै जनचेनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने

ट) संस्कृत भाषाको महत्त्व बुझाउने कार्य गर्नुपर्ने

ठ) शिक्षक निर्देशिका निर्माण गर्नका लागि सम्बन्धित निकायमा पहल गर्नुपर्ने

ड) अन्य विषयका शिक्षकलाई जस्तै संस्कृत विषयका शिक्षकहरूलाई पनि पेसागत विकास तालिम एवम् पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने

ढ) समयमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने

ण) प्रधानाध्यापक कार्यसम्पादन सम्झौता बमोजिम ल्याउने ।

त) प्रधानाध्यापकले वि. व्य. स. र शिक्षकले प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गर्ने

थ) गुरुयोजना निर्माण गर्ने

द) छात्रावासको निर्माण गर्न पहल गर्नुपर्ने

ध) पूर्व विद्यार्थी समाज निर्माण गर्नुपर्ने

न) विद्यालय सञ्चालन र व्यवस्थापनमा पूर्व विद्यार्थीलाई सहभागी गराउने ।

प) स्थानीय सरकारले निःशर्त र सशर्त अनुदानबाट अनुदान दिने ।

**सन्दर्भ सामग्री**

ईश्वरी पौडेल (प्रधानाध्यापक) राजकीय संस्कृत मा. वि जनकपुर

उमाकान्त काफ्ले (प्र अ.) वि.पि. संस्कृत विद्यापीठ सोलु

ताराकुमार राई ( सहायक प्रधाकनाध्यापक ) चन्द्र संस्कृत मा. वि धरान,

बराल खगराज २०७७, नेपालका वर्तमान गुरुकुल आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापन, नेपाल संस्कृत विश्वविद्यालय अनुन्धान केन्द्र ।

रामचन्द्र दाहाल (निवर्तमान प्रअ) बालसुवोधिनी मा.वि. ताप्लेजुङ

रामबहादुर भण्डारी (प्र.अ.) विद्योदय संस्कृत मा. वि  संखुवासभा

वैद्य युद्धप्रसाद २०७६ इलाम इतिहास र विकास , साहित्य कला तथा सङ्गीत प्रतिष्ठान

सूर्यकुमार अधिकारी (शिक्षक) चन्द्र संस्कृत मा.वि. धरान

सहयोग चन्द्र सस्कृत मा.वि. धरान परिवार

# गुरुकुलीय संस्कृत शिक्षाको महत्त्व र शिक्षण पद्धति

डा.रघुनाथ नेपाल
उपप्राध्यापक : नेपाल संस्कृत विश्वविद्यालय,
विश्वविद्यालय विद्यापीठ, बेलझुण्डी, दाङ

## विषयपरिचय

सम् उपसर्गपूर्वक कृ धातुबाट क्त प्रत्यय गरी बनेको 'संस्कृत' शब्दको अर्थ संस्कार गरिएको भन्ने हुन्छ । विश्वमा सबैभन्दा पुरानो भएर पनि परिष्कृत र परिनिष्ठित एवम् वैज्ञानिक भाषा हो संस्कृत भाषा । पूर्वीय वाङ्मयमा रहेको अथाह ज्ञानराशि सिक्ने सिकाउने माध्यम हो संस्कृत भाषा । वर्तमानमा नेपाल र भारतमात्र होइन, जर्मनी, बेलायत, अमेरिका आदि देशमा समेत संस्कृत शिक्षालाई महत्त्व दिइएको पाइन्छ । संस्कृत शिक्षा आर्जन गर्ने स्थान अनेक छन्, जसमध्ये गुरुकुल, संस्कृत मा.वि. र संस्कृत विश्वविद्यालय प्रमुख छन् । नेपालमा शिक्षाको प्रारम्भ संस्कृत शिक्षाबाटै भएको देखिन्छ, त्यो पनि गुरुकुलीय शिक्षाप्रणालीमा । त्यसैले नेपालको शैक्षिक इतिहासमा गुरुकुलीय प्रणालीबाट प्रदान गरिने संस्कृत शिक्षाको महत्त्वपूर्ण योगदान रहेको छ । अहिले पनि संस्कृत शिक्षामा गुरुकुलीय शिक्षाले संख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा ठूलो योगदान गरेको छ । वर्तमानमा आएर गुरुकुलीय शिक्षाले धेरै समस्या भोग्दै आएको छ । अतः यस कार्यपत्रका माध्यमबाट गुरुकुलीय संस्कृत शिक्षाको महत्त्व र उपादेयता देखाउँदै संस्कृत शिक्षण पद्धति बारे संक्षेपमा परिचर्चा गरिँदैछ ।

## गुरुकुल शब्दको अर्थ र परिभाषा

अज्ञानरूपी अन्धकारलाई हटाउन ज्ञानरूपी प्रकाश प्रदान गर्नेलाई गुरु भनिन्छ । गुरुले ज्ञान दिन बनाएको घर हो गुरुकुल अर्थात् जहाँ रहेर गुरुले आफ्ना शिष्यहरूलाई ज्ञान प्रदान गर्दछन्, त्यस स्थानलाई गुरुकुल भनिन्छ । यसको पर्यायका रूपमा पाठशाला, विद्यालय, विद्याश्रम शब्दहरू पनि प्रसिद्ध छन् । यिनीहरूको सामान्य अर्थ यस्तो हुन्छ -

- गुरुको कुल अर्थात् शिष्यका लागि शिक्षा प्रदान गर्ने घर = गुरुकुल
- पाठ - पढाइको शाला - घर = पाठशाला ।
- विद्या - ज्ञान/शिक्षाका लागि आलय - घर = विद्यालय ।
- विद्या - ज्ञानका लागि बनाइएको आश्रम = विद्याश्रम ।

यसरी गुरुकुल, पाठशाला, विद्यालय, विद्याश्रम आदि शब्दद्वारा लगभग उस्तै उस्तै अर्थ प्रकट हुने भएकाले प्राचीन कालमा हाम्रा समाजमा शिक्षा लिने/दिने यस्ता संस्थाहरूलाई यिनै शब्दहरूद्वारा कथन गरिएको पाइन्छ ।

व्यक्तिको शिक्षाका लागि प्रथमतः जन्म दिने माता-पिता लगायतका ज्येष्ठ जनहरू नै हुन्छन् । त्यस्ता वयोवृद्ध एवं ज्ञानवृद्ध व्यक्तिहरू गुरु मानिन्छन् । संस्कृत वाङ्मयमा आफूभन्दा उमेरले ज्येष्ठ तथा ज्ञानले श्रेष्ठ व्यक्तिलाई गुरु भन्ने गरिन्छ । अतः ती गुरुहरूले आफ्नो कुल अर्थात् वंशमा रहेका सन्ततिहरूलाई क्रमशः शिक्षा प्रदान गर्ने भएकाले पहिलो गुरुकुल जन्मघर नै हुने गर्दछ । त्यसपछि घरबाट प्राप्त हुन नसकेको विशेष शिक्षा प्राप्त गर्नका लागि समाजमा प्रतिष्ठित विद्वान् आचार्यहरूको समीप जाने र ज्ञानार्जन गर्ने गरिन्छ । सामूहिक रूपमा शिक्षा प्रदान गर्न ती श्रेष्ठ गुरुहहरूद्वारा खोलिएका शिक्षणसंस्थाहरू गुरुकुल, पाठशाला, विद्यालय, विद्याश्रम हुने गर्छन् । तिनै सामूहिक शिक्षा प्रदान गर्ने गुरुकुल आदि प्राचीन कालमा शिक्षा प्रदान गर्ने केन्द्र थिए । आज पनि यी संस्थाहरूको निरन्तरता हाम्रो समाजमा कुनैनकुनै रूपमा रहेको देखिन्छ । यो गुरुको घरमा गएर पढ्ने प्राचीन परिपाटी हो । वनवासी तपस्वी गुरुको साथमा पनि गएर ज्ञान सिकिन्थ्यो । गुरुशिष्यबीचको अनुशासन, मर्यादा र भक्तिले ओतप्रोत भएको परम्परा वा वंशलाई पनि गुरुकुल भनिन्छ । गुरुले खोलेका आश्रममा गई छात्रहरूले वेद, पुराण, उपनिषद्, दर्शन, व्याकरण, ज्योतिष, धर्मशास्त्र, वास्तुशास्त्र, आयुर्वेद आदिको अध्ययन गर्ने र सर्वोत्कृष्ट शिष्यले पछि गुरुको कार्यलाई निरन्तरता दिने भएकाले त्यस्तो आश्रमलाई गुरुकुल भनिन्छ । पूर्वीय परम्परामा गुरु र गुरुकुलको अत्युच्च गरिमा छ ।

गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परं ब्रह्म तस्मै श्रीगुरवे नमः ॥ ( गुरुपरम्परा )

भने अनुसार गुरुलाई ब्रह्मा, विष्णु र महेश्वरका साथै साक्षात् परब्रह्म परमात्माको प्रतिमूर्ति मान्ने र गुरुको आज्ञा पालना गर्ने परिपाटी यहाँ छ । गुरुकुलमा गुरु नै कुलपति हुन्छन् । गुरुकै आज्ञा सर्वथा लागु हुन्छ, जहाँ सरकारको निर्देशनसमेत प्रभावहीन हुन्छ । गुरुको आज्ञाविपरीत कसैले कुनै कुरा लागु गर्न सक्दैन । गुरुले पनि सर्वतोभावेन शिष्यको जीवनोद्धार गरिदिने व्यवहार नै गुरुकुलीय परम्पराको विशेषता हो ।

एकमेवाक्षरं यस्तु गुरुः शिष्यं प्रबोधयेत् ।
पृथिव्यां नास्ति तद्द्रव्यं यद्दत्वा चानृणी भवेत् ॥ (अत्रिसंहिता)

जुन गुरुले एक अक्षरमात्र पनि शिष्यलाई ज्ञान दिन्छन्, सिकाउँछन् भने ती गुरुलाई दक्षिणाका रूपमा दिएर ऋणमुक्त बन्नका लागि त्यस्तो कुनै पनि वस्तु पृथ्वीमा छैन । यसरी गुरुले दिने हरेक ज्ञान सूत्रात्मक र मन्त्रात्मक हुने र त्यो अमूल्य हुने भएकाले गुरुभक्ति गर्नुबाहेक त्यसको बदलामा दिने कुनै वस्तु नभएको हुँदा जीवनभर गुरुप्रति आभार प्रकट गर्ने र गुरुलाई साक्षात् ईश्वरकै प्रतिरूप मान्ने पूर्वीय दर्शनको सार हो । गुरुकुलीय परम्पराको मूल मर्म पनि यही नै हो ।

### गुरुकुलीय शिक्षाको प्रारम्भ र ऐतिहासिकता

संस्कृत शिक्षा र त्यसमा पनि विशेषतः गुरुकुलीय शिक्षा एसियाकै सबैभन्दा पुरानो शिक्षा प्रणाली हो । गुरुकुलीय शिक्षाको मर्म धर्म हो, कर्तव्य हो, आचार एवम् व्यवहार हो, संस्कार हो, संस्कृति हो, माटाप्रतिको मायाममता हो, आफ्नो पहिचान हो, मर्यादा, शिष्टता, नैतिकता र धीरता हो अनि विश्वबन्धुत्व हो । गुरुकुलीय शिक्षामा नेपाली माटाको सुगन्ध छ, कोशी गण्डकी र कर्णालीको निर्मलता

अनि तीव्र गति छ । यसको प्रारम्भ यतिखेरै भयो भनेर किटान गर्न सकिँदैन । यो अनादि छ । सम्भवतः मानव सभ्यताको प्रारम्भदेखि नै गुरुकुलीय शिक्षा प्रणाली चलेको थियो र त्यही शिक्षाले नै मानव सभ्यताको विकास गराएको हो । गुरुकुलीय शिक्षामा प्राचीनकालदेखि नै राजादेखि रङ्कसम्म सबैको पहुँच थियो र सबैलाई समान स्थान दिइन्थ्यो । रामायणमा भगवान् श्रीरामले गुरु वशिष्ठको आश्रममा अनि महाभारत, श्रीमद्भागवत आदिमा भगवान् श्रीकृष्णले गुरु सान्दीपनिको आश्रममा अरू सामान्य छात्रहरूसँग ऊनीहरूसरह आश्रमीय कामहरू गर्दै नीतिनियमको समेत पालना गरी बसेको र पढेको विवरण पाइन्छ । राजाका छोरा भए पनि गुरुकुलमा गएपछि भिक्षा माग्न जाने, समिधा खोज्न जाने, गोसेवा गर्ने, आश्रमीय पोसाक लगाउने र आश्रमीय भोजन गर्ने परिपाटी थियो । यो गुरुकुलको गौरवमय इतिहास हो । यसरी परम्परागत रूपमा चल्दै आएका यिनै गुरुकुलहरूबाट नै हाम्रो प्राचीन मौलिक सभ्यता, संस्कृति, धर्म एवम् परम्पराको बोध हुन्छ । संस्कृत भाषामा रहेका ज्ञानविज्ञानको संरक्षण/सम्वर्धनमा यिनै गुरुकुलहरूको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालका सन्दर्भमा भन्नुपर्दा गुरुकुल शिक्षापद्धतिबाट नै जनता सुशिक्षित भएर समाजलाई सन्मार्गतर्फ उन्मुख गराइएको कुरा हाम्रा पूर्वज साहित्यकार, विद्वान् गुरुहरूको जीवनीलगायत इतिहासको अध्ययनबाट थाहा पाउन सकिन्छ ।

### गुरुकुलीय शिक्षापद्धति र आधुनिक शिक्षापद्धति

गुरुकुलहरूका माध्यमले शासकहरूले शासन गर्ने विद्या राजविद्या/न्यायविद्या, ब्राह्मणहरूले सदाचार र नैतिक शिक्षादि धर्मविद्या र बाँकी सबैले जीवन यापन गर्ने सेवा(नोकरी)का लागि आवश्यक ज्ञान लगायत आ-आफ्ना कुलपरम्पराअनुसारका विभिन्न व्यवस्था सम्बन्धी ज्ञान र प्रत्येक व्यक्तिले गर्नुपर्ने स्वकर्तव्य रूप नीतिज्ञानसमेत यस शिक्षापद्धतिबाट प्राप्त गरिन्थ्यो । यसरी गुरुकुलीय शिक्षाका माध्यमले पनि यस लोकमा सुखपूर्वक जीवन यापन गर्ने शिक्षासहित मृत्युपश्चात् पुगिने परलोकसम्मको यात्रालाई सहज एवम् सरल बनाउने शिक्षा प्रदान गरिन्थ्यो । त्यसैले गुरुकुलीय शिक्षापद्धति पनि मानवजीवनका लागि अनुकरणीय आदर्श शिक्षाकेन्द्र रहेको कुरा हामीले बुझ्न सक्छौँ ।

नेपालमा अहिले आधुनिक शिक्षापद्धतिको व्यापक रूपमा विकास भइरहेको अवस्था छ तर कता कता भौतिक जीवनलाई अर्थमुखी मात्र बनाउने आधुनिक शिक्षापद्धतिबाट मानिसले आफूलाई चिनेर सुखानिभूति गर्न सकिरहेको छैन । धनसम्पत्ति आदि धेरै भए पनि यस आध्यात्मिक शिक्षाको ज्ञान नहुँदासम्म व्यक्ति सफल एवम् पूर्ण हुन सक्दैन । त्यसैले आज पनि आधुनिक विषयमा पारङ्गत भएका व्यक्तिहरूले अध्यात्मवादी सद्गुरुहरूको खोजी गर्दछन् र उहाँहरूबाट जीवनोपयोगी नैतिक एवम् आध्यात्मिक शिक्षा प्राप्त गर्दछन् र भौतिक जीवनमा पनि सुख, शान्ति तथा समृद्धि प्राप्त गर्ने उपायसमेत जान्दछन् ।

वर्तमानमा नेपालभित्र १०० भन्दा धेरै गुरुकुलहरू चलिरहेका छन् । आधुनिक शिक्षा पद्धतिको प्रचार-प्रसारसँगै यी परम्परागत रूपमा चल्दै आएका गुरुकुलहरूको प्रभाव र उपयोगिता समाजमा कम देखिन थाल्यो तर अहिले पुनः अर्थमुखी र व्यापारिक दृष्टिले मात्र सञ्चालनमा रहेका निजी शिक्षण संस्थाहरूबाट प्राप्त जनशक्तिले लोककल्याणको भावना बोकेर राष्ट्र र समाजलाई मार्गदर्शन गर्न नसकेको यथार्थ हाम्रो

सामुन्ने छ । नेपालमा वैदिक परम्पराअनुसार पढाइ हुँदै आएको पाइन्छ । प्राचीनकालमा हजारौंको संख्यामा यस्ता पाठ्यस्थलहरू रहेका भए पनि अहिले भने नगण्य रुपमा रहेका छन् ।

गुरुकुलका नीतिनियम, आचरण, व्यवहार, पोसाक, भाषाशैली, दिनचर्या र आहार-विहार तोकिएबमोजिम हुन्छन् । यस विषयमा केही कुरा गुरुकुल स्थापना गर्ने व्यक्तिहरू वा संस्थापक, त्यसको प्रकृति र प्रयोजन अथवा उद्देश्यमा निर्भर हुन्छ । जस्तै - कुनै गुरुकुलमा विशिष्टाद्वैत दर्शन र तत्सम्बद्ध आचार-विचार, विश्वास, अनि दिनचर्यामा बढी जोड दिइएको हुन्छ भने कुनै गुरुकुलमा अद्वैत दर्शन र तत्सम्बद्ध आचार-विचार, विश्वास अनि दिनचर्यामा जोड दिइन्छ । त्यस्तै अन्य केही सामान्य गुरुकुलमा समग्रतामा वैदिक संस्कृतिको पहिचान गराउने मात्र लक्ष्य राखिएको हुन्छ । सबै खाले गुरुकुलमा वेदलगायत संस्कृत वाङ्मय र तिनमा निहित ज्ञान प्रदान गर्ने लक्ष्य राखिएको हुन्छ । अर्कातिर साधारण विद्यालय र संस्कृत विद्यालयमा कुनै दर्शन, आचार, व्यवहार आदितिरभन्दा पनि तोकिएको पाठ्यक्रम मात्र अध्यापन गराउने औपचारिकता पूरा गरिन्छ । यसरी गुरुकुलमा शास्त्रज्ञानमा मात्र होइन, त्यसले सिकाएको आचरणमा समेत जोड दिइन्छ ।

गुरुकुलमा अङ्ग्रेजीलगायत आधुनिक विषयहरू पनि सिकाइनुपर्छ तर त्यसको पाठ्यक्रम पूर्वीय संस्कार र संस्कृतिको अधीनमा रही निर्माण गरिएको हुनुपर्छ किनभने गुरुकुलमा बसेर वेदको अध्ययन गर्ने सदाचारी बटुकले ती आधुनिक पुस्तक पल्टाउनासाथ आहारविहार एवम् रहनसहन बिगार्ने मानसिकता न बनाओस्, मस्तिष्कमा नराम्रो अवधारणा बन्ने चित्र नदेखोस् साथै अङ्ग्रेजी शिक्षाले लादेको पश्चिमी संस्कृतिपरक, पूर्वीय आस्थाविश्वासमाथि आक्रमण गर्ने छलछामपूर्ण अवधारणा उसको मस्तिष्कमा प्रवेश गर्न नपाओस् बरु वैदिक संस्कार-संस्कृतिको महत्त्व बुझेर आफ्नो उत्तम चरित्र निर्माण गरी अरूलाई पनि त्यसको बोध गराओस् । हाम्रा पूर्वजहरूले त्यही आदर्श स्थापित गर्नुभएको थियो ।

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ॥ (मनुस्मृति)

(यस देशमा जन्मिएका अग्रजन्मा (उत्तम ब्राह्मण)बाट पृथिवीमा सबै मनुष्यहरूले आ-आफ्नो उत्तम चरित्रलाई सिकून् । यसै आदर्श चरित्रलाई सिकाउन हाम्रा गुरुकुलहरू स्थापित छन् ।

## गुरुकुलीय शिक्षाको महत्त्व

आजका वैदिक गुरुकुल एकमात्र त्यस्ता स्थान हुन्, जहाँ आर्ष सभ्यता जीवित छ, पूर्वीय सभ्यताको बीज अस्तित्ववान् छ र वेदविहित कर्महरू व्यवहारमा उतार्ने मानसिकता प्रबल छ, धर्मसंस्कृति र आदर्शको प्रतिनिधित्व छ । यी कुरा त्यसै भएका होइनन्, त्यसका लागि यहाँ धेरै त्यस्ता नियमहरूको पालना गरिन्छन्, जसलाई सर्वसाधारणले व्यवहारमा उतार्न त के, सुन्दा पनि अचम्म मान्न सक्छन् । गुरुकुलमा प्रवेश गर्ने उमेर ८-९ वर्ष हो । आठ वर्षमा उपनयन संस्कार सम्पन्न गरेपछि त्यहाँ गइन्छ । बिहान ब्रह्ममुहूर्तमा उठ्नु, स्तोत्रपाठ गर्नु, उज्यालो नहुँदै स्नान गर्नु, त्रिकाल सन्ध्यावन्दन गर्नु, बिहानभरि वेदाध्ययन गर्नु, सात्त्विक भोजन गर्नु, आवश्यक परे भोजनको प्रबन्धका लागि भिक्षाटन गर्नु, भोजनोपरान्त समयतालिकानुसार निर्धारित विषयहरू पढ्नु, यथासमय आश्रमीय सेवाकर्म गर्नु, भोजन

गर्दा एकअर्काबीच दूरी कायम गर्नु, एकअर्कामा शिष्टाचारपूर्ण व्यवहार गर्नु, एक किसिमले गृहत्यागी भई अध्ययनमा मात्र तल्लीन हुनु, गुरुका हरेक आज्ञाको पालन गर्नु, आश्रममा भैपरि आउने हरेक समस्यालाई आफ्ना समस्या सम्झेर त्यससँग जुध्नु, आश्रमीय परिधान (लगौटी, कटिवस्त्र आदि निर्धारित वस्त्र) मात्र लगाउनु इत्यादि । गुरुकुलमा बस्ने छात्रले इच्छानुसार पसलमा गएर फास्टफुड किनेर खान पाउँदैन, घर गएर असात्त्विक भोजन गर्न पाउँदैन, पढाइ बिगारी मन लागेको बेला घर जान र मनपर्दो कपडा लगाउन पाउँदैन । गुरुकुलमा बस्दा मात्र होइन, घरमा तथा नातागोताकहाँ जाँदा समेत विद्यार्थीहरू गुरुकुलीय आचरणमा रहनुपर्छ ।

काकचेष्टा बकध्यानं श्वाननिद्रा तथैव च ।
अल्पाहारी गृहत्यागी विद्यार्थिपञ्चलक्षणम् ॥ (.........)

काकको जस्तो चेष्टा, बकुल्लाको जस्तो एकाग्र चिन्तन, कुकुरको जस्तो सुताइ गर्नु साथै कम भोजन र घर छोडी गुरुकुलमा गएर अध्ययन गर्नु यी पाँच लक्षणहरू विद्यार्थीमा हुनुपर्दछ । यसरी गुरुकुलमा प्रारम्भदेखि नै विद्यार्थीहरूलाई यस श्लोकले भनेअनसार शिक्षा ग्रहण गर्नका लागि साधक बन्नुपर्छ भनी सिकाइन्छ ।

यस्ता नियमहरूलाई सहज रूपमा पालन गर्न सक्ने बटुकहरूमात्र गुरुकुलीय आश्रममा टिक्न सक्छन् । यसरी गुरुकुलबाट अध्ययन गरेका व्यक्तिले यस जीवनमा सदाचारसहित नैतिक तथा व्यावहारिक ज्ञान हासिल गरी यस जीवनलाई सुखमय बनाउँद सफल हुन्छन् साथै जीवनोपरान्त परलोकको मार्ग समेत सुधार्न सक्दछन् ।

### गुरुकुल र नेपाल संस्कृत विश्वविद्यालय

नेपालमा संस्कृत पढाउने निकायहरू धेरै छन् । संस्कृत पढाउनकै लागि प्रारम्भिक तहदेखि उच्च शिक्षा प्रदान गर्ने विभिन्न संस्थाहरू छन् । संस्कृत शिक्षाको मूल जरो भनेको गुरुकुल हुन् भने त्यसको हाँगाविँगा सहितको वृक्ष संस्कृत विश्वविद्यालय हो । संस्कृत वाङ्मयको संरक्षण संवर्धन गर्न नै सरकारले नेपाल संस्कृत विश्वविद्यालय खडा गरेको छ । पूर्वदेखि पश्चिमसम्म, पहाडदेखि तराईसम्म यसका आङ्गिक विद्यापीठहरू छन्, जहाँ चारै वेदका अतिरिक्त व्याकरण र ज्योतिष लगायत वेदका अङ्गहरू, साहित्य, धर्मशास्त्र, वेदान्तादि दर्शनहरू, इतिहासपुराण आदि विषयहरूको पठनपाठन हुन्छ । विश्वविद्यालयले अहिले समाजोपयोगी पौरोहित्य एवम् रामानुज वेदान्त जस्ता विषयहरूको पनि पाठ्यक्रम बनाएर पठन-पाठनमा ल्याएको छ । साथसाथै खवर्ग विषयका रूपमा नेपाली, अंग्रेजी, गणित आदि आधुनिक विषयहरू पनि पढाउने गरिन्छ । योग, आयुर्वेद, प्राकृतिक चिकित्सा, वास्तुशास्त्र एवम् विधिशास्त्र जस्ता समाजसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूको समेत पठनपाठन आरम्भ भइरहेको या हने क्रममा छ । अध्येताहरूको यी विषयप्रति आकर्षण बढेको पनि देखिएको छ ।

अहिले ने.सं.वि.को चारवर्षे शास्त्री तहको पाठ्यक्रम निर्माण तथा परिमार्जनको चरणमा छ, जसमा संस्कृत वाङ्मयको समग्र पक्षको प्रतिनिधिमूलक अध्ययन गराउने गरी अनिवार्य संस्कृत/संस्कृत वाङ्मय अध्ययन विषयलाई महत्त्वका साथ राख्ने विषयमा व्यापक विचारविमर्श भैरहेको छ । यो लागु भएपछि शास्त्री तह पार गर्ने जोकोही विद्यार्थी वेद, व्याकरण, ज्योतिष, साहित्य, धर्मशास्त्र, वेदान्तादि दर्शनहरू,

इतिहासपुराण, आयुर्वेद कर्मकाण्ड आदि विषयहरूको आधारभूत ज्ञान प्राप्त गर्न र तिनलाई व्यावहारिक जीवनमा प्रयोग गर्न सक्षम हुनेछन् । त्यसैले कुनै व्यक्तिलाई संस्कृत वाङ्मयको जुनसुकै पक्षको अध्ययन गर्न मन भए पनि यस विश्वविद्यालयमा आउन सक्छन् र संस्कृत वाङ्मयका धुरन्धर विद्वान् बनेर जान सक्छन् ।

वर्तमानमा संस्कृत विश्वविद्यालय स्थापनाको उद्देश्य सफल पार्न पूर्वाधारका रूपमा रहेका अरू शिक्षणसंस्थाभन्दा गुरुकुलहरूको नै सबैभन्दा बढि योगदान रहेको देखिन्छ । अतः संस्कृत विश्वविद्यालयले यी गुरुकुलहरूको संरक्षण संवर्धन गर्न विभिन्न प्रकारले साथ सहयोग गर्नुपर्दछ । यद्यपि कतिपय गुरुकुलहरूले सम्बन्धन लिएर विद्यापीठ समेत सञ्चालन गरेका ठाउँमा विश्वविद्यालयका दक्ष जनशक्ति प्रदान गरी आंशिक रूपमा सहयोग गरिरहेको छ । तर जहाँ विद्यापीठ सञ्चालन भएको छैन, ती गुरुकुलहरूमा विश्वविद्यालयले सहयोग गर्न नीतिगत रूपमा अप्ठ्यारो भएको छ । यसका लागि नीतिगत रूपमा सहकार्य गर्न मिल्ने विशेष व्यवस्था बनाउन सरकारसँग छलफल गरी केही उपाय निकाल्नु पर्ने देखिन्छ ।

## संस्कृत शिक्षणको पद्धति

अब म संस्कृत भाषा सिक्न र सिकाउन अवलम्बन गरिँदै आएका पद्धति बारे संक्षेपमा चर्चा गर्दछु । प्राचीन (वैदिक) कालमा व्यावहारिक भाषा नैं संस्कृत रहेकाले भाषा ज्ञान सहजै हुने गर्दथ्यो । सामान्य व्यावहारिक भाषा जानी सकेका व्यक्तिलाई व्याकरणगत शुद्धताका लागि मात्र व्याकरण शास्त्रको औपचारिक अध्ययन गराइन्थ्यो । प्राचीन कालमा अहिलेको जस्तो लेखेर पढ्ने प्रविधिको विकास नभएकाले हाम्रा शास्त्रहरूको गुरुशिष्य परम्पराअनुसार गुरुले भन्ने र शिष्यले सुनेर जान्ने गरिन्थ्यो । यसरी श्रुति( श्रवण) गरेर विद्या आर्जन गरिने भएकाले नै वेद शास्त्रलाई श्रुति भनिने गरियो । यिनै श्रुतिलाई राम्रोसँग बुझ्न व्याकरण शास्त्रको रचना भयो । शुरुमा थोरै शब्दको प्रयोग गरी धेरै बुझाउन सूत्रहरूको निर्माण गरिएको हो ।

अल्पाक्षरमसन्दिग्धं सारवद् विश्वतोमुखम् ।
अस्तोभमनवद्यं च सूत्रं सूत्रविदो विदुः ॥ (........)

संस्कृत वाङ्मयका विभिन्न शास्त्रहरूलाई संक्षेपमा सहज रुपमा बुझाउन सूत्रहरूको रचना गरिएको देखिन्छ । अरू शास्त्र जस्तै व्याकरण शास्त्रको ज्ञानका लागि पनि विभिन्न आचार्यहरूले सूत्रहरूको रचना गर्नुभयो ।

ऐन्द्रं चान्द्रं काशकृत्स्नं कौमारं शाकटायनम् ।
सारस्वतं चापिशलं शाकलं पाणिनीयकम् ॥ (..........)

तर महर्षि पाणिनिले रचना गरेको व्याकरण (सूत्रात्मक अष्टाध्यायी) ले त्यसभन्दा पहिले भएका व्याकरण शास्त्रलाई विस्थापित गरिदियो । अत्यन्त संक्षेपमा लेखिएका जम्मा ३९७५ (लगभग) सूत्रहरूले यति धेरै विशाल संस्कृत वाङ्मयलाई समेट्न सकेकाले नै यसको महत्त्व सर्वाधिक बन्न पुग्यो र अन्य व्याकरणहरू स्वतः विस्थापित हुन पुगे । किनकि पाणिनीय सूत्रका प्रत्येक सूत्र र सूत्रमा आएका एक एक शब्द एवम् अक्षरहरू उपयोगी छन् भनेर स्वयं महाभाष्यकार पतञ्जलि भन्नुहुन्छ -

प्रमाणभूत आचार्यो दर्भपवित्रपाणिः शुचावकाशे प्राङ्मुख उपविश्य महता प्रयत्नेन सूत्राणि प्रणयति स्म । तत्राशक्यं वर्णेनाप्यनर्थकेन भवितुम्, किं पुनरियता सूत्रेण ।(महाभाष्यम् १ । १ । १)

प्रारम्भमा यिनै सूत्रहरूका माध्यमले परिष्कृत भाषाको ज्ञान गरिन थालियो । कालान्तरमा व्यक्तिको मेधा शक्ति क्षीण हुँदै गएकाले यसका भाष्यादि व्याख्याहरूका माध्यमबाट शिक्षा ग्रहण गर्ने प्रचलन शुरु भयो । कालान्तरमा जब व्यावहारिक रुपमा संस्कृत भाषाको प्रयोग हराउँदै गयो, त्यसपछि भाषाज्ञानका लागि प्रक्रिया ग्रन्थहरूको रचना हुन थाल्यो अनि ती व्याकरण ग्रन्थहरूलाई बुझ्न बुझाउन अनुवाद ग्रन्थहरूको समेत सहयोग लिन थालियो । लगभग १४ औं १५औं शताब्दीदेखि भाषाज्ञानका लागि पाणिनीय व्याकरणलाई प्रक्रियागत रुपमा अध्ययन गर्न थालियो । यसका लागि प्रक्रियाकौमुदी, सिद्धान्तकौमुदी, लघुसिद्धान्तकौमुदी जस्ता प्रक्रियामा आधारित ग्रन्थहरू बनिए । यसपछि पाणिनीय व्याकरणको ज्ञान यिनै प्रक्रिया ग्रन्थहरूको अध्ययन गरी गर्ने परम्परा विकसित भयो । व्याकरणका रघुवंशम् आदि काव्यहरू र अमरकोश आदि कोशग्रन्थहरूको समेत अध्ययन गरी व्यक्ति संस्कृतज्ञ बन्ने गर्दथे । नेपालमा पनि आजभन्दा लगभग १५, २० वर्ष अघिसम्म गुरुकुलमा बसेर गुरुपरम्पराअनुसार यिनै ग्रन्थहरूको अध्ययन गरी संस्कृत भाषा जान्ने प्रचलन रहेको थियो । यसैगरी गुरुकुलमा एउटै गुरुबाट धेरै विद्यार्थीहरूले ज्ञान प्राप्त गर्न सक्तछन् । किनकि पहिले पढेका विद्यार्थीले पछिकालाई पढाउने र पाठ लगाई सिकाइदिने प्रचनल हुन्छ ।

वर्तमानमा आधुनिक शिक्षाको अभ्युदयसँगै संस्कृत भाषा शिक्षणको पनि प्रक्रिया केही परिवर्तित भएको देखिन्छ । सबै विषयको औपचारिक अध्ययन हुनुपर्ने समयानुकूल व्यवस्थाअनुसार संस्कृत प्रशिक्षणका लागि पनि आधुनिक पद्धतिको प्रयोग हुन थालेको छ । जस्तै - केही अनुवादात्मक ग्रन्थहरू, भाषा प्रशिक्षणका लागि लेखिएका ग्रन्थहरू र प्रक्रियाग्रन्थहरूलाई संक्षिप्त बनाई लेखिएका ग्रन्थहरूको प्रयोग गरी शिक्षण गर्न थालिएको छ । पहिले सूत्रहरूलाई रटाएर, कण्ठस्थ गराएर पढाइन्थ्यो र छात्रहरूले पनि धेरै तर्कवितर्क नगरी पहिले कण्ठस्थ गर्ने अनि विस्तारै त्यसको प्रयोग बुझेर भाषाज्ञान गर्ने चलन थियो तर अहिले विद्यार्थीहरूले तत्काल नै ती नियम या सूत्रहरूको प्रयोग बुझ्न चाहने भएकाले सूत्रहरूको अध्यापनसँगै तिनीहरूको प्रयोग पनि बुझाउने क्रम विकसित हुँदै आएको छ । अहिले त विभिन्न कम्प्युटर, मोबाइल आदि यान्त्रिक उपकरणहरूका माध्यमको उपयोग गरी शिक्षण दिने-लिने समेत गरिँदैछ । यसबाट सिक्न चाहनेका लागि केही सहज भएको पनि देखिन्छ । यसरी हामीले समयानुकूल संस्कृत शिक्षणको पद्धतिलाई विकसित गर्दै आएका छौँ भन्न सकिन्छ । यसबारे अरु धेरै कुराहरू राख्न सकिने भए तापनि समयाभाव र कार्यपत्रको सीमा अधिक हुने डरका कारण यस विषयलाई यतिमै सीमित गर्दछु ।

**निष्कर्ष**

यसरी यस लेखमा चर्चा गरेअनुसार गुरुकुल स्थापना गर्नुको उद्देश्य बालकलाई स्वत्वको पहिचान गराई आफ्नो धर्म-संस्कृति, संस्कार, आचार, विचार, पुरुषार्थचतुष्टय, अनुशासन, मर्यादाको ज्ञान गराई वैदिक सनातन धर्मसंस्कृतिका ज्ञाता बनाउने, सदाचार र सद्विचारले परिपूर्ण आदर्श देशभक्त नागरिक बनाउने हो । वर्तमानमा आधुनिक भनिने पाश्चात्त्य शिक्षाको केही कमी छैन, आधुनिक पढेका बालबालिका घरघरै छन् । तर अहिले देशलाई चाहिएको अर्थप्रधान आधुनिक शिक्षा प्राप्त गरेका व्यक्ति मात्र होइन, एक आदर्श नागरिक पनि हो, जसमा नेपाली हुनुको गौरव बोध होओस्, जसले आफ्नो

गौरवपूर्ण वैदिक वाङ्मय र त्यसमा निहित अथाह ज्ञानराशिको स्वाद चाखेको होओस्, जसले पूर्वीय दर्शन, पूर्वीय प्राच्यराजनीति, धर्मनीति, अर्थनीति जानेको होओस् । यसका लागि गुरुकुलीय शिक्षा अपरिहार्य छ । साथै आधुनिक शिक्षाले व्याप्त अहिलेको समाजका लागि गुरुकुलीय शिक्षा उत्तिकै उपादेय समेत छ । किन्तु यसको शिक्षण पद्धति जटिल न बनाई सरल बनाउनु पर्ने हुन्छ । समयको मागअनुसार स्वतः शिक्षण पद्धति परिवर्तित हुँदै आएको पनि छ तर संस्कृत वाङ्मयभित्र रहेको गहनतम ज्ञानविज्ञानलाई बुझ्न प्राचीन शिक्षण पद्धतिलाई पनि केही हदसम्म यथावत् राख्नुपर्ने देखिन्छ । नभए सरलता र सहजताको खोजीमा मात्र दृष्टि राख्दा शास्त्रहरूको गहराइमा पुग्न नसक्ने अवस्था पनि हुन सक्छ ।

# गुरुकुल, संस्कृत माध्यमिक विद्यालय र विद्यापीठको अन्तःसम्बन्ध

डा. खेमराज खनाल
सहप्राध्यापक : व्याकरण विभाग
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ, धरान

डा. रमेश घिमिरे
सहप्राध्यापक : साहित्य विभाग
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ, धरान

## पृष्ठभूमि

संस्कृत शिक्षाको सम्वर्धन र समुन्नयन संस्कृतका शिक्षण संस्थाहरूको पारस्परिक सरसहयोग र समन्वयविना सम्भव छैन । वर्तमान नेपालमा गुरुकुल, माध्यमिक विद्यालय र विश्वविद्यालय गरी तिनथरी संस्कृत अध्ययन र अध्यापन हुने शिक्षण संस्थाहरू छन् । पाठ्यक्रम, शिक्षणशैली, शिक्षक, विद्यार्थी, भौतिक पूर्वाधार, आर्थिक स्रोत आदिका दृष्टिले यी तिन शिक्षण संस्थाहरूबिच परस्पर सुसम्बन्ध गाँसिन सकेको छैन । यी तिनैथरी शिक्षण संस्थाहरूको प्रमुख उद्देश्य नेपालमा संस्कृत भाषा, सनातन संस्कृति र संस्कृतभित्रका ज्ञानगरिमाको समुन्नयन गर्नु हो । साथै, यी कुराबाट देश र देशवासीलाई लाभान्वित गराउनु हो । प्रत्येक शिक्षण संस्थाहरू भिन्नाभिन्नै शैलीले अगाडि बढिरहेकाले संस्कृत जगत्का साथै देशले तिनीहरूबाट पाउनुपर्ने जति लाभ पाएको छैन । यस कारण संस्कृत शिक्षा बाँड्ने यी तिनवटा संस्थाहरूको अन्तःसम्बन्ध आवश्यक छ । यसै विषयलाई निचोडमा पुर्याउनुपर्ने भएकाले त्यो अन्तःसम्बन्ध केलाउन यो कार्यपत्र तयार गरिएको हो ।

## महत्त्व

संस्कृत आफैंमा गरिमामय भाषा हो । भाषावैज्ञानिकका अनुसार भोरोपेली परिवारको जेठो भाषा हो । देवनागरी लिपिमा लेखिने सबै भाषाको मातृभाषा हो । यसभित्र वेद, उपनिषद्, पुराण, धर्मशास्त्र आदि महनीय पौरस्त्य शास्त्रहरू लिपिबद्ध छन् । उत्कृष्ट संस्कृत साहित्य, भाषाविज्ञान र व्याकरण विश्वभरि चर्चित छन् । आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, वास्तुशास्त्र, ज्यौतिष, तर्कशास्त्र र अनेकानेक दर्शनशास्त्रहरू यसैभित्र गुम्फित छन् । हिन्दुहरूका जन्मदेखि मृत्युसम्मका कर्म संस्कृतसँग जुडेका छन् । अझ जन्मअघि र मृत्युपछिका कतिपय कर्महरूलाई पनि संस्कृतले निर्देशन गरेको छ । हिन्दुहरूका वर्षभरिका सांस्कृतिक उत्सवहरूमा संस्कृत अभिन्न रूपमा गाँसिएको छ । यसका शब्दहरूको कथ्य र लेख्य रूप एउटै हुन्छ । आजभोलि वैज्ञानिकहरू विज्ञानसँग संस्कृतको महत्त्व गाँस्न थालेका छन् ।

हिन्दुहरूको त इतिहास, धर्म, संस्कृति, भाषा, जीवनशैली र पहिचान संस्कृत वाङ्मयमै सुरक्षित छ । संस्कृतले सात्त्विक जीवनशैलीको अभिप्रेरणा दिन्छ । यसमा भोगदेखि योगसम्मका र भुक्तिदेखि मुक्तिसम्मका विषयहरू लुकेका छन् । यो वैज्ञानिक भाषा हो । भाषावैज्ञानिक दृष्टिले यसको उपयोग उच्च छ । अन्य जातजातिका भाषासँग यस भाषाको तुलनात्मक अध्ययन गर्न सकिन्छ । प्रचार प्रसारको अभावमा यी कुराहरू छायामा परेका छन् । संस्कृतको महत्त्व जति गाए पनि कमै हुन्छ । तामसिक पाश्चात्त्य जीवनशैलीले सात्त्विक पौरस्त्य जीवनशैली छायामा परेको छ । भौतिक विज्ञानको सकारात्मक पक्षको सारग्रहण गर्दै सभ्य, समुन्नत, अनुशासित, स्वस्थ, शान्त, प्राकृतिक र सात्त्विक जीवनशैलीका लागि संस्कृत वाङ्मयको ज्ञानराशि आजको मानवीय जीवनसँग गाँस्न आवश्यक छ । यो नै संस्कृत शिक्षाको महत्त्वपूर्ण उपलब्धि हो र हुनेछ । संस्कृतको यो महत्त्वबाट नै यो कार्यपत्रको महत्त्व प्रस्फुटित हुन्छ ।

**समस्या**

संस्कृत पठनपाठनमा धेरै बाधा र समस्याहरू छन् । संस्थापिच्छे छुट्टै समस्याहरू रहेका छन् । ती समस्याहरू केलाउँदा समाधानमा पुग्न सजिलो हुन्छ । संस्कृत शिक्षण संस्थाहरूका समस्या संस्कृत शिक्षाका पनि समस्या हुन् । यसैले संस्कृत शिक्षणका समस्याहरू यस कार्यपत्रमा छुट्टाछुट्टै रूपमा चर्चा गरिएका छन् ।

**गुरुकुलका समस्या**

नेपाली बृहत् शब्दकोषले विद्यार्थीहरूलाई सिधा र आवासको निःशुल्क व्यवस्था गरी पठनपाठन आदि गराउने आश्रम, गुरुको सेवाशुश्रूषा गरी विद्याको आर्जन तथा अध्ययन गर्नुपर्ने प्राचीन पद्धतिको विद्याकेन्द्र भनेर गुरुकुलको परिभाषा गरेको छ । नेपालमा गुरुकुलहरू धेरै छन् । तिनीहरूमा परम्परागत पद्धतिबाटै बढी पढाइ हुन्छ । तिनीहरूका समस्याहरू प्रथमतः यस कार्यपत्रका विषय बनेका छन् ।

**पाठ्यक्रमको अभाव**

प्रायशः गुरुकुलमा निश्चित पाठ्यक्रम हुदैन । रुद्री, चण्डी, वेद, ज्यौतिष, लघुसिद्धान्तकौमुदी, भागवत र कर्मकाण्ड पढाउने, सिकाउने चलन छ । कतै कतै अमरकोष, धातुरूपावली, अनुवाद र गुरुकुलको सम्प्रदाय अनुसारका ग्रन्थहरू पढाइन्छन् । गुरुकुलपिच्छे फरकफरक अध्ययन, अध्यापन पनि गराइन्छ । पाठ्यपुस्तकहरूमा स्तरणको अभाव छ । कति समयमा कुन ग्रन्थ पढिसक्ने भन्ने कुरो विद्यार्थीको रटाइमा भर पर्दछ । कुन ग्रन्थपछि कुन ग्रन्थ पढ्ने भन्ने पनि खासै वैज्ञानिक नियम पाइँदैन । सबै गुरुकुलका लागि उपयोगी हुने तथा संस्कृत माध्यमिक विद्यालयसँग गाँसेर यसका पाठ्यपुस्तकहरू निर्माण गर्न जरुरी छ । यसमा अङ्ग्रेजी, स्वास्थ्य, शिक्षा, गणित, विज्ञान जस्ता आधुनिक विषयका प्रारम्भिक चरणका पाठ्यपुस्तकहरू पढाउने व्यवस्था पनि गर्न आवश्यक छ । यसो गर्दा विद्यार्थीहरूमा समसामयिक ज्ञानका साथै पौरस्त्य शास्त्रहरूको ज्ञान पनि हुन्छ ।

**तालिम प्राप्त शिक्षकको अभाव**

गुरुकुलका शिक्षकहरूले कुनै तालिम पाएका हुदैनन् । अधिकतम पूर्वमध्यमादेखि शास्त्रीसम्म अध्ययन गरेका शिक्षकहरू गुरुकुल शिक्षणमा संलग्न रहेका पाइन्छन् । परम्परागत शैली अनुसार किताबको रटाइलाई नै प्राथमिकता दिइन्छ । गुरुकुल शिक्षणमा वैज्ञानिक शिक्षण पद्धतिहरू अप्नाइको खासै पाइँदैन । यसैले गुरुकुलका शिक्षकहरूलाई नेपाल संस्कृत विश्वविद्यालय, विद्यापीठहरू तथा संस्कृत माध्यमिक विद्यालयहरूबाट प्रशिक्षणको व्यवस्था गर्न जरुरी छ ।

**तहगत परीक्षाको अभाव**

गुरुकुलमा तहगत परीक्षा हुदैन । भएका परीक्षाहरू पनि निर्माणात्मक मात्रै हुन्छन्, निर्णयात्मक हुदैनन् । कतिपय गुरुकुलका विद्यार्थीहरू भारतको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट निर्णयात्मक परीक्षा उत्तीर्ण गरी विद्यापीठहरूमा आउने गर्दछन् । कतिपय विद्यार्थीहरू कर्मकाण्ड गर्नमै सीमित हुन्छन् । आजभोलि केही विद्यार्थी संस्कृत माध्यमिक विद्यालयमा समेत आउने गरेका छन् । वैज्ञानिक ढङ्गले पाठ्यपुस्तक निर्माण गर्ने हो भने यो समस्या त्यहीँ समाधान भएर जान्छ । त्यसै अनुरूप निर्माणात्मक/निर्णयात्मक परीक्षा पनि लिन सकिन्छ ।

**भर पर्दो आर्थिक स्रोतको अभाव**

धेरै गुरुकुलहरूमा दिगो आर्थिक स्रोतको अभाव छ । मुष्टिदान, चन्दासङ्कलन, अभिभावकबाट सहयोग, व्यक्तिविशेष र दातृसंस्थाबाट सहयोग, थोरै सरकारी सहयोग आदिबाट दुःखले गुरुकुलको दैनिकी चलेको छ । थोरै भए पनि आजभोलि सरकारी सहयोग प्राप्त हुन थालेको छ । यहाँ भर पर्दो आर्थिक स्रोत कायम हुन आवश्यक छ । संस्कृतकै शिक्षण संस्था भएकाले नेपाल संस्कृत विश्वविद्यालयबाट शिक्षक वा केही निश्चित रकम सहयोग गर्न सके आपसी अन्तःसम्बन्ध बलियो हुन्छ । नेपाल संस्कृत विश्वविद्यालयले कर्मकाण्ड प्रशिक्षण, प्राक्शास्त्रीको पढाइ र गुरुकुललाई संस्कृत माध्यमिक तहमा जोड्ने पाठ्यक्रमको प्रशिक्षण चलाएदेखि राम्रो हुन्छ ।

**भौतिक पूर्वाधारको अभाव**

धेरैजसो गुरुकुलसँग मजबुत भौतिक पूर्वाधार छैन । विद्यार्थीहरू टहरा र खुला चौरमा बसेर पढ्न बाध्य छन् । आधुनिक कक्षाकोठा र घण्टी अनुसारको शृङ्खलाबद्ध अध्यापनका अभावमै गुरुकुलहरू चलिरहेका छन् । बलियो आर्थिक स्रोतको अभाव सिङ्गो संस्कृत जगतको समस्या हो । यसका लागि सबै संस्कृतका शिक्षण संस्थाले साझा समस्या मानेर साझा पहल गर्नुपर्दछ । संस्कृतको महत्त्व बुझ्ने दातासँग अनुरोध गर्नुपर्दछ । सरकारलाई समेत संस्कृतको विशिष्ट स्वरूपको जानकारी गराएर अनुदान बढाउन माग गर्नुपर्दछ । आजभोलि कतिपय विदेशी सङ्घसंस्थाहरूले पनि संस्कृतका शिक्षणसंस्थालाई सहयोग गर्ने गरेका छन् । संस्कृत पढेर माथिल्लो तहमा पुगेका संस्कृतानुरागी छात्रछात्राहरूलाई समेत सहयोगको हात बढाउन भन्न सकिन्छ ।

यी अभाव र समस्याका बाबजुद पनि नेपाली जनमानसको विश्वास गुरुकुलहरूमा कायमै रहेको छ । यसको प्रमाण त्यहाँ पढ्ने विद्यार्थीहरूको सङ्ख्या हो । यो विश्वास वैदिक सनातन संस्कृतिप्रतिको विश्वास

नै हो । गुरुकुलका समस्याहरूको समाधान गर्न सके यो जनविश्वास अझ बढेर जानेछ । खास गरेर गुरुकुलका विद्यार्थीलाई निर्णयात्मक परीक्षामा जोड्नु र वैज्ञानिक पाठ्यपुस्तक उपलब्ध गराउनु पहिलो प्राथमिकता हो ।

### संस्कृत माध्यमिक विद्यालयका समस्या

संस्कृत माध्यमिक विद्यालय भनेका ती माध्यमिक विद्यालयहरू हुन्, जहाँ अरू विषयका साथै संस्कृत पनि पढाइन्छ । संस्कृतमा पनि विषयगत विविधता छ । यस्ता विद्यालयहरूमा नर्सरीदेखि कक्षा बाह्रसम्म पढाइ हुने गर्दछ । सबै विद्यालयमा कक्षा एघार र बाह्र नहुन सक्छन् । निर्णयात्मक परीक्षा लिई कक्षा दससम्म अन्य विषयका साथै संस्कृतसमेत पढाइ भएमा संस्कृत माध्यमिक विद्यालय भनिन्छ । यसका आफ्नै समस्या र अप्ठ्याराहरू छन्, जसलाई यस प्रकार देखाउन सकिन्छ ।

### शिक्षाविभागको हेर्ने गलत दृष्टिकोण

शिक्षा विभागले माध्यमिक विद्यालयमा विद्यार्थी सङ्ख्या हेर्ने गर्दछ । संस्कृत माध्यमिक विद्यालय विशिष्ट प्रकृतिको शिक्षालय हो भन्ने सरकारले बुझ्दैन । यहाँ थोरै विद्यार्थीमा महत्त्वपूर्ण धेरै विषयहरू पढाइ हुन्छन् । यसको यही विशिष्टतालाई मूल्याङ्कन गर्नुपर्ने हुन्छ । सरकारले त्यसो गर्दैन । संस्कृत माध्यमिक विद्यालयहरू विशिष्ट प्रकृतिका छन् भन्ने सन्देश सरकारी निकायमा पुर्याउनु विज्ञ, जिम्मेवार र संस्कृतानुरागीहरूको पहिलो कर्तव्य हुन जान्छ ।

### दरबन्दीको अभाव

संस्कृत माध्यमिक विद्यालयहरूमा थोरै विद्यार्थीबिच धेरै विषयहरू पढाइ हुन्छन् । विषयको प्रकृति अनुसार छुट्टाछुट्टै शिक्षकले पढाउनुपर्ने हुन्छ । विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दी दिइनाले समस्या आइपर्छ । यसैले धेरै संस्कृत माध्यमिक विद्यालयले दरबन्दीको अभाव झेलिरहेका छन् । यसको उपचार नखोजी संस्कृत माध्यमिक विद्यालयहरू फस्टाउँदैनन् । नेपाल संस्कृत विश्वविद्यालयबाट संस्कृत माध्यमिक विद्यालयहरूमा शिक्षकहरू सहयोग गर्ने वातावरण मिलाउन सके आपसी सम्बन्ध सुमधुर हुनाका साथै विद्यापीठहरूमा विद्यार्थीको सङ्ख्या बढ्ने देखिन्छ ।

### भौतिक पूर्वाधारको अभाव

संस्कृत माध्यमिक विद्यालयहरूमा सरकारले यथेष्ट बजेट छुट्याउँदैन । जसका कारण भौतिक पूर्वाधारमा समस्या उब्जिन्छ । शिक्षण भवन, कार्यालय, छात्रावास आदिको अभावका कारण संस्कृत माध्यमिक विद्यालय दुःखले चलिरहेका छन् । धेरैजसो गरिबका छोराछोरी पढ्ने एवं टाढा टाढाबाट विद्यार्थी आउने हुनाले संस्कृत माध्यमिक विद्यालयमा छात्रावास अनिवार्य हुन्छ । दाताहरूबाट सहयोग लिएर जसोतसो भवन निर्माण गर्ने गरेको देखिएको छ । यसका लागि सरकारको ध्यानाकर्षण गर्नुपर्दछ ।

### विद्यार्थी आकर्षणको अभाव

गुरुकुलहरूमा प्रशस्त विद्यार्थीहरू छन् । ती विद्यार्थीहरूलाई संस्कृत माध्यमिक विद्यालयमा ल्याउने वातावरण बनिसकेको छैन । संस्कृत माध्यमिक विद्यालयमा भएका विद्यार्थी पनि अतिविपन्न परिवारका हुने र कतिपयले बिचैमा स्कुल छाड्ने पनि गर्दछन् । विद्यार्थी सङ्ख्या कम हुने भएकाले सरकारी सहयोग पनि कम हुने अवस्था छ । संस्कृत शिक्षाको उचित प्रचार नहुनु र परम्परागत सोचाइका कारण यो समस्या रहेको देखिएको छ । गुरुकुलमा निर्णयात्मक परीक्षा हुने र आधुनिक तबरले पाठ्यपुस्तक निर्माण हुने हो भने त्यहाँका विद्यार्थीहरू अन्त नगई संस्कृत माध्यमिक विद्यालयमै आउने छन् र यो समस्या समाधान हुने छ ।

### पाठ्यवस्तुको स्तरणको अभाव

संस्कृत माध्यमिक विद्यालयका पाठ्यवस्तुमा पूर्वापर क्रमको विन्यास राम्रो देखिँदैन । अगाडि र पछाडिका कक्षागत पाठ्यपुस्तकमा एउटै पाठ धेरै ठाउँ दोहोरिनाले सिकाइ राम्रोसँग नभएको अवस्था छ । पाठ्यवस्तुलाई शृङ्खलाबद्ध वितरण नगरी यो समस्याको समाधान हुदैन । शिक्षाविद् र सम्बन्धित विषयका विज्ञहरूसँग सल्लाह गरेर संस्कृत माध्यमिक विद्यालयका पाठ्यपुस्तकहरू निर्माण गर्न सकिन्छ । गुरुकुल, संस्कृत माध्यमिक विद्यालय र विद्यापीठका पाठ्यक्रमहरू अन्तःसम्बन्धित बनाउनुपर्दछ । यसमा नेपाल संस्कृत विश्वविद्यालयका विज्ञहरूको सल्लाह र सुझाव लिन सकिन्छ ।

### पाठ्यपुस्तकको अभाव

संस्कृत माध्यमिक विद्यालयका पाठ्यपुस्तकहरू पर्याप्त पाइँदैनन् । संस्कृत विषयसँग सम्बन्धित पाठ्यपुस्तकहरू कम बिक्री हुने भएकाले पाठ्यक्रम विकास केन्द्रले पर्याप्त मात्रामा छापेको देखिँदैन । पाठ्यपुस्तक नपाएर विद्यार्थीले एउटै किताबको फोटोकपी गरेर पढ्ने, पढाउने गरेको पनि देखिएको छ । त्यसबाट पनि विद्यार्थी वर्गमा संस्कृतप्रति अरुचि आउन सक्छ । सम्बन्धित निकायसँग समन्वय गरेर यो समस्याको समाधान गर्नुपर्दछ ।

### परम्परागत सोच

संस्कृत भनेको बाहुनको भाषा हो भन्ने परम्परागत पूर्वाग्रही सोचका कारण कतिपय संस्कृत माध्यमिक विद्यालयहरू बन्द भएका छन् । यो सोचले विद्यार्थीको संस्कृतप्रतिको आकर्षण पनि घटेको छ । संस्कृतको ज्ञानराशिको प्रचारप्रसार गरेर ती विद्यालयहरूमा पुनः संस्कृत पठनपाठनको व्यवस्था मिलाउनुपर्दछ । संस्कृत शिक्षाको महत्त्व फोरेर यो शिक्षा सबै भाषाभाषीका लागि उपयोगी छ भन्ने विश्वास दिलाउन सक्नुपर्दछ । यो काम गुरुकुल, संस्कृत माध्यमिक विद्यालय, विद्यापीठहरू र सिङ्गो नेपाल संस्कृत विश्वविद्यालयको दायित्वभित्र पर्दछ ।

संस्कृत माध्यमिक विद्यालयहरू निर्णयात्मक मूल्याङ्कन गर्ने शिक्षणसंस्थाहरू हुन् । निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीलाई पढाइको प्रमाणपत्र दिन्छ । यसबाट उनीहरूको अगाडि पढ्ने र बढ्ने मार्ग खुल्दछ । यसैले संस्कृत माध्यमिक विद्यालयहरूको जगेर्ना गर्न जरुरी छ । यसको विशिष्ट स्वरूपको

व्याख्या-विश्लेषण पनि आवश्यक छ। यहाँका उत्पादन कम भए पनि तिनीरूको मूल्य सामान्य माध्यमिक विद्यालयका उत्पादनभन्दा कम नभएर बढी छ भन्ने बुझाउन सक्नुपर्दछ। संस्कृत माध्यमिक विद्यालयहरूका समस्यालाई नेपाल संस्कृत विश्वविद्यालयले आफ्ना समस्याका रूपमा लिन सक्नुपर्दछ।

**विद्यापीठका समस्या**

नेपालको एउटै संस्कृत विश्वविद्यालय नेपाल संस्कृत विश्वविद्यालय हो। यसअन्तर्गत नै विद्यापीठहरू सञ्चालित छन्। विद्यापीठहरू पनि आङ्गिक र सम्बन्धन प्राप्त गरेर दुई प्रकारका छन्। विद्यापीठका समस्या भनेका संस्कृत विश्वविद्यालयका समस्या नै हुन्। विद्यापीठहरूमा पनि सबैको एउटै स्थिति छैन। यहाँ केही साझा समस्याहरू उठाइएका छन् :

**घट्तो विद्यार्थी सङ्ख्या**

संस्कृत पढ्ने विद्यार्थीहरूको सङ्ख्या विद्यापीठमा घटिरहेको छ। केही विद्यापीठहरू विद्यार्थीको अभावले बन्दै भएका छन्। केहीको अवस्था नाजुक छ। गुरुकुलका विद्यार्थीहरू संस्कृत माध्यमिक विद्यालय हुँदै विद्यापीठमा आउने बाटो बनिरहेको छैन। साथै सबै संस्कृत माध्यमिक विद्यालयहरूमा कक्षा एघार र बाह्रको कक्षा चलाउने व्यवस्था छैन। नेपाल संस्कृत विश्वविद्यालयद्वारा गुरुकुल, संस्कृत माध्यमिक विद्यालय र विद्यापीठहरूलाई पाठ्यक्रम, विभिन्न प्रशिक्षण, निर्णयात्मक परीक्षा, शिक्षकहरूको सहयोग र सम्भावनाहरूको आदानप्रदानबाट यो समस्याको समाधान खोज्न सकिन्छ।

**प्राविधिक शिक्षाको कमी**

संस्कृतमा ज्यौतिष पढ्ने विद्यार्थीका लागि वेधशाला चाहिन्छ। त्यो वाल्मीकि विद्यापीठ बाहेक अरू विद्यापीठमा छैन। त्यस्तै वास्तु इन्जिनियरिङ्ग जस्तो नयाँ विषय स्वीकृत भइसकेको छैन। आयुर्वेद, प्राकृतिक चिकित्सा र योगलाई पनि पर्याप्त प्रचारप्रसार गरिएको छैन। सबै विद्यापीठमा शिक्षाशास्त्री ( बि.एड्.) को पठनपाठन भएको छैन। यी समस्याको समाधान गर्न सके विश्वविद्यालय, विद्यापीठका साथै संस्कृत शिक्षाको महत्त्व बढ्ने छ। विद्यार्थी सङ्ख्यामा समेत कमी हुने छैन।

**जग्गाजमिन सदुपयोगहीन**

विद्यापीठहरूमा धेरैतिर धेरै जग्गाजमिन छ। त्यसबाट प्रशस्त आम्दानी लिन सकिएको छैन। केही नगण्य आम्दानी लिन सकिएको देखिन्छ। पिण्डेश्वर विद्यापीठको केही जग्गा ठेक्कामा दिइए पनि धेरै जग्गा उपयोगविहीन छ। त्यसलाई सही काममा लगाउनु पर्दछ।

**आर्थिक जगको कमी**

सिङ्गो विश्वविद्यालय पूर्णरूपमा सरकारी अनुदानमा निर्भर छ। विद्यापीठहरू विश्वविद्यालयमा निर्भर छन्। दिगो आर्थिक स्रोत नभएकाले कहिलेकाहीँ यहाँका शिक्षककर्मचारीले चार महिनामा तलब खानुपर्ने बाध्यता आएको इतिहास साक्षी छ। निजी स्रोतहरूको पहिचान गरेर आर्थिक जग दह्रो बनाउन आवश्यक छ। विश्वविद्यालयका साथै विद्यापीठहरूको जग्गा भाडा, ठेक्का र आम्दानीमूलक काममा लगाउन सके विश्वविद्यालय र विद्यापीठको एउटा भर पर्दो आर्थिक स्रोत निर्माण हुन सक्छ।

**तीव्र राजनीतिक प्रभाव**

नेपाल संस्कृत विश्वविद्यालय सानो संस्था भए पनि यहाँ राजनीतिक प्रभाव छिटो पर्छ । विद्यापीठहरू पनि त्यसबाट अछुता रहँदैनन् । पदाधिकारीदेखि प्राचार्यसम्मका पदहरू राजनीतिक भागबण्डा अनुसार विभाजित हुन्छन् । राजनीतिक कारणले नै लामो समय विश्वविद्यालय पदाधिकारी विहीन बन्दा विश्वविद्यालयका साथै विद्यापीठहरू गतिशील बनेनन् । प्राज्ञिक, बौद्धिक, शैक्षिक मर्यादा कायम नभएसम्म विश्वविद्यालय अस्थिर रहने र त्यसबाट विद्यापीठहरू प्रभावित रहने निश्चित छ ।

**धमिलिँदो शैक्षिक वातावरण**

संस्कृतका विद्यार्थीहरू पूर्णरूपमा शिक्षक/प्राध्यापकमा निर्भर रहन्छन् । संस्कृतका ट्युसन केन्द्र पनि हुदैनन् । स्वाध्ययनबाट मात्र विद्यार्थीले संस्कृतका जटिल ग्रन्थहरूको आशय फोर्न सक्तैनन् । प्राध्यापकहरू घण्टीमा उपस्थित नहुने, बाहिर बढी समय दिने र राजनीतिक वातावरणबाट प्रभावित हुने गर्नाले धेरै विद्यापीठका शैक्षिक गतिविधिहरू धमिलिँदै गएको गुनासो छ । संस्कृत पढाउनु भनेको सेवाभाव पनि भएकाले सबै प्राध्यापकहरूले आफ्नो घण्टीमा उपस्थित भई जिम्मेवारी वहन गर्न जरुरी देखिएको छ ।

विद्यापीठहरू गुरुकुल र संस्कृत माध्यमिक विद्यालयका तुलनामा आर्थिक/भौतिक दृष्टिले धेरै सक्षम छन् । यहाँ विषयशिक्षकहरू पनि उपलब्ध छन् । यहाँको मुख्य चुनौती विद्यार्थीको घट्तो सङ्ख्या नै हो । निजी जग्गाजमिनको राम्रो सदुपयोग गरे केही मात्रामा भए पनि आर्थिक जग बलियो हुन्छ । गुरुकुल, संस्कृत माध्यमिक विद्यालय र नेपाल संस्कृत विश्वविद्यालयका बिच समन्वय, सहकार्य, चुनौतीको साझा निकास एवं समस्या र सम्भावना साटासाट गर्ने हो भने यी समस्याहरू धेरै मात्रामा समाधानका बाटामा गुड्ने निश्चित छ । यसबाट यी संस्कृत शिक्षण संस्थाहरूको अन्तःसम्बन्ध बलियो बनेर जान्छ ।

**अन्तःसम्बन्ध**

संस्कृत शिक्षण संस्थाहरू मूलतः तीन प्रकारका भए पनि यिनीहरूका समस्याहरू परस्पर अन्तःसम्बन्धित छन् । यी सारा समस्याहरू संस्कृत भाषा, संस्कृतानुरागी र संस्कृत शिक्षण संस्थाका साझा समस्या हुन् । संस्कृत शिक्षण संस्थाहरूमा विद्यापीठ जेठो र ठुलो संस्था हो । विद्यापीठहरू नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत सञ्चालित छन् । विश्वविद्यालयको सक्रियताविना अन्य शिक्षण संस्थाहरूको क्रियाशीलताले मात्र गुरुकुल, संस्कृत माध्यमिक विद्यालय र विद्यापीठबिच अन्तःसम्बन्ध सुदृढ हुन गाह्रो पर्छ । गुरुकुलहरूमा संस्कृत माध्यमिक विद्यालयहरूसँग समन्वय गरेर पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ । गुरुकुलका विद्यार्थीहरू संस्कृत माध्यमिक विद्यालयमा आउने वातावरण मिलाउनुपर्छ । पाठ्यक्रम, पाठ्यपुस्तक र निर्णयात्मक परीक्षाका माध्यमबाट गुरुकुल र संस्कृत मा.वि.बिच अन्तःसम्बन्ध खोज्न सकिन्छ । यसले संस्कृत मा.वि.मा विद्यार्थीको कमी हुने समस्या पूर्णरूपमा समाधान भएर जान्छ । हरेक संस्कृत मा.वि.मा दस जोड दुई चलाउने अवस्थाको सिर्जना गर्नुपर्दछ । संस्कृत मा.वि.का विद्यार्थीहरू विद्यापीठमा जाने भएकाले त्यहाँको विद्यार्थीको कमीको समस्या पनि हराएर जानेछ । दस जोड दुईमा शिक्षकको समस्या समाधान गर्न विद्यापीठ र नेपाल संस्कृत विश्वविद्यालयले सहयोग गर्न सक्छन् । विद्यापीठहरूका नजिकमा रहेका दस जोड दुईमा विद्यापीठबाट प्राध्यापकहरू गई शिक्षण गर्ने वातावरण

मिलाउन सकिन्छ । त्यस्ता शिक्षण संस्थामा नेपाल संस्कृत विश्वविद्यालयले शिक्षक सहयोग गर्न सक्दछ । संस्कृत माध्यमिक विद्यालयलाई नेपाल संस्कृत विश्वविद्यालयका अधीनमा चलाउन सकिन्छ । शिक्षामन्त्रालयसँग सम्झौता गरी संस्कृत माध्यमिक विद्यालयहरूको जगेर्ना गर्नु नेपाल संस्कृत विश्वविद्यालयको दायित्वभित्र पर्दछ । गुरुकुल, संस्कृत माध्यमिक विद्यालय र विद्यापीठहरूबिच पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक निर्माण, निर्णयात्मक परीक्षा, शिक्षक सहयोग, भौतिक सहयोग, आर्थिक सहयोग आदिमा नेपाल संस्कृत विश्वविद्यालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसबाटै यी तीन संस्थाबिच बलियो अन्तःसम्बन्ध कायम हुन जान्छ ।

**निष्कर्ष**

धेरै नेपालीहरूको संस्कृतिको मूल स्रोत संस्कृत भाषा नै हो । संस्कृत मर्दा संस्कृति मर्छ । संस्कृति नरहे हामी हुनाको भाव रहँदैन । यसैले संस्कृतको जगेर्ना हामी सबैको पहिलो कर्तव्य हुनुपर्छ । संस्कृत शिक्षण संस्थाका समस्या हाम्रा साझा समस्या हुनुपर्दछ । संस्कृतका लागि मरिहत्ते गर्ने दाताहरू स्वदेशी संस्थाहरू, विदेशी संस्थाहरू, विश्वविद्यालयहरू छन् । तिनीहरूसँग समस्या र समाधान साटासाट गर्नुपर्दछ । नेपाल संस्कृत विश्वविद्यालयका दक्ष र सक्षम उत्पादनहरू विदेशी संस्थाहरूमा पठाउन सकिन्छ । विदेशी संस्थाहरूबाट आर्थिक, भौतिक, प्राविधिक आदि सहयोग लिन सकिन्छ । ती सहयोगहरूलाई विश्वविद्यालयले विद्यापीठ, संस्कृत मा.वि. र गुरुकुलहरूमा बाँडचुँड गर्न सक्दछ । विश्वविद्यालय माऊ संस्था हो । यसैमार्फत विद्यापीठ, संस्कृत मा.वि. र गुरुकुलबिच गहिरो नाता जोड्न सकिन्छ । यी तीन संस्थाबिच विद्यार्थी, सिप र शिक्षकको आदानप्रदानबाट दिगो अन्तःसम्बन्ध कायम हुन सक्छ ।

# योग र आयुर्वेदीय चिकित्सा पद्धतिको उपयोगिता

रामबाबु यादव
वरिष्ठ कविराज
धरान उपमहानगरपालिका, धरान

**परिचय**

आयुर्वेद एक प्राचीन चिकित्सा विज्ञान हो जुन पूर्वीय सभ्यतामा नेपाल भारतलगायत प्राचीनकाल देखि अभ्यास गर्दै आएको छ । आयुर्वेद संस्कृत शब्द आयु (जीवन) र वेद (ज्ञान) बाट आएको हो । आयुर्वेद, वा आयुर्वेदिक चिकित्सा, वेद र पुराणहरूमा धेरै शताब्दी पहिले नै दस्तावेज गरिएको थियो । आयुर्वेद वर्षौंदेखि विकसित भएको छ र अब योगसहित अन्य परम्परागत अभ्यासहरूलाई नेपाल सरकारको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग नै सञ्चालनमा रहेको छ।

**इतिहास**

धन्वन्तरी आयुर्वेदका प्रमुख प्रवक्ता हुन् । समुन्द्र मन्थनको समयमा धन्वन्तरी अमृत, शङ्ख, चक्र र जडीबुटीका साथ प्रकट भएका हुन् । कात्तिक कृष्ण त्रयोदशीका दिन धनवन्तरि जयन्ती मनाउने गरिएको छ । विसं १९७४ मा आयुर्वेद चिकित्सा क्याम्पस, नरदेवी स्थापना भएदेखि नेपालमा 'धन्वन्तरि जयन्ती' मनाउन थालिएको हो । वि.सं २०५६ सालदेखि धन्वन्तरी जयन्तीलाई राष्ट्रिय आरोग्य दिवसका रूपमा पनि मनाउने गरिएको छ । नेपाल भारत बंगलादेशलगायतका दक्षिण एसियाली मुलुकहरूमा आयुर्वेदको प्रयोग निकै नै बढी पाइन्छ । हाल विश्वभरि नै आयुर्वेद वैकल्पिक उपचार पद्धतिको रूपमा प्रख्यात हुँदै आइरहेको छ।

नेपाल सरकारले १०० शय्याको १ केन्द्रीय आयुर्वेदिक अस्पताल - नरदेवी अस्पताल, ३० शय्याको १ क्षेत्रीय अस्पताल - दाङ अस्पताल, ७५ वटा जिल्लामा आयुर्वेद औषधालय र ३०० भन्दा बढी गाविसमा आयुर्वेद प्राथमिक स्वास्थ्य चौकीहरू संचालनमा ल्याएको छ।

यसका अलावा त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थान (आइ.ओ.एम.) अन्तर्गतको आयुर्वेद क्याम्पसले कीर्तिपुरमा वि.स. २०६५ देखि आयुर्वेद टिचिङ अस्पतालको समेत सुरुआत गरेको छ। आयुर्वेदिक औषधिहरूको निर्माणको निम्ति सिहदरबार बैद्यखानाको समेत सञ्चालन गरेको छ। यो प्रताप मल्लको समयदेखि नै सुरु भएको हो ।

नेपालमा सर्वप्रथम पढाइ भएको पहिलो प्राविधिक विषय आयुर्वेद हो । हाल त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थान (आइ.ओ.एम.) अन्तर्गतको आयुर्वेद क्याम्पस र नेपाल संस्कृत विश्वविद्यालयमार्फत स्नातक तहको चिकित्सक तहको अध्यापन गराइन्छ । नेपाल आयुर्वेद मेडिकल काउन्सिलले आयुर्वेद कलेज, आयुर्वेद चिकित्सकको नियमन गर्ने गरेको छ।

**क) संहिताकाल (Golden period of Ayurveda)**

संहिताकालको समय ५ औं शताब्दी ई.पू. छैठौं शताब्दीदेखि मानिन्छ। यो अवधि आयुर्वेदको मौलिक रचनाको युग थियो । यस समयमा आचार्यहरूले आफ्नो प्रतिभा र अनुभवको बलमा विभिन्न अङ्गहरूमा आ-आफ्ना विद्वान्का ग्रन्थहरू सुनाए । आयुर्वेदका त्रिमुनिहरू - चरक, सुश्रुत र वाग्भटको उदयको अवधि पनि संहिताकालको युग हो । चरक संहिता ग्रन्थको माध्यमबाट चिकित्सा क्षेत्रमा अद्भुत सफलता प्राप्त हुनु यस कालको प्रमुख विशेषता हो ।

**ख) व्याख्यानकाल**

यसको समय ठ औं शताब्दी देखि ज्ञछ औं शताब्दी सम्म मानिन्छ र यो अवधि आलोचना र टिप्पणीकारहरू को लागी परिचित छ। यस अवधिमा टीकाकारहरूले संहिताकालका रचनाहरूमा परिपक्व र स्वस्थ व्याख्याहरू प्रस्तुत गरे । यस समयका आचार्य दल्हाडको सुश्रुत संहिता टीका आयुर्वेदको संसारमा निकै महत्वपूर्ण मानिन्छ ।

आचार्य वाग्भटद्वारा चरक र सुश्रुत संहिता र धेरै रसायनशास्त्रीहरूको रचनाको आधारमा लेखिएको अनुसन्धान ग्रन्थ 'रसरत्नसमुच्चय' पनि यसै कालको रचना हो ।

**विवृतिकाल**

यस अवधिको समय ज्ञद्ध औं शताब्दीदेखि आधुनिक समयसम्म मानिन्छ । यो अवधि विशिष्ट विषयहरूमा ग्रन्थहरूको रचनाको अवधि हो । यस कालमा माधवनिदान, ज्वरदर्पण आदि पुस्तकहरू पनि लेखिएका थिए । यस अवधिमा विभिन्न प्रकारका औषधिहरूमा पनि विशेष ध्यान दिइयो, जुन अहिले पनि सान्दर्भिक छन् । यस अवधिमा आयुर्वेदको विस्तार र प्रयोग निकै ठूलो मात्रामा भइरहेको पाइन्छ ।

**ऋग्वेदमा आयुर्वेद**

आयुर्वेदका महत्त्वपूर्ण तथ्यहरूको विवरण ऋग्वेदमा उपलब्ध छ। ऋग्वेदमा आयुर्वेदको उद्देश्य, वैद्यका गुण, विभिन्न औषधि र शरीरका अंगहरूका फाइदाहरू र अग्निचिकित्सा, जलचिकित्सा,सुर्यचिकित्सा, शल्यक्रिया, विष, वशिकरण आदिको विस्तृत विवरण पाइन्छ। ऋग्वेदमा ६७ औषधिहरू उल्लेख पाइन्छ । त्यसैले आयुर्वेदको दृष्टिकोणले ऋग्वेद निकै उपयोगी छ ।

**यजुर्वेदमा आयुर्वेद**

यजुर्वेदमा आयुर्वेदसँग सम्बन्धित निम्न विषयहरूको वर्णन छ: विभिन्न औषधिहरूको नाम, शरीरका विभिन्न अङ्गहरू, चिकित्सा गुणहरू, चिकित्सा, स्वास्थ्य, तेज वर्चस, आदि हुन् । यसले ८२ किसिमका औषधिहरू सूचीबद्ध गर्दछ ।

**सामवेदमा आयुर्वेद**

आयुर्वेदको अध्ययनमा सामवेदको योगदान थोरै छ । यसमा मुख्यतया आयुर्वेदसँग सम्बन्धित केही मन्त्रहरूमा औषधिको वर्णन र धेरै कम रोगहरूको उपचार पाइन्छ ।

**अथर्ववेदमा आयुर्वेद**

आयुर्वेदको दृष्टिकोणले अथर्ववेदको स्थान निकै महत्वपूर्ण छ । यसमा आयुर्वेदका लगभग सबै अङ्ग र उपाङ्गहरूको विस्तृत विवरण उपलब्ध छ । अथर्ववेद आयुर्वेदको आधारभूत आधार हो । आयुर्वेदसँग सम्बन्धित विभिन्न विषयहरूको विवरण अथर्ववेदमा उपलब्ध छ, जसमध्ये मुख्य हुन् । वैद्यका गुण, कर्म

वा औषधि, औषधि, दीर्घायु, वाजीकरण, विभिन्न रत्न, जीवन चिकित्सा, शल्य चिकित्सा, वाजीकरण, जल चिकित्सा, सूर्य चिकित्सा र विभिन्न नामहरू पाइन्छन् । यहाँ औषधि, गुण, कर्म आदिको स्पष्ट वर्णन पाइन्छ ।

**आयुर्वेदका अङ्गहरू**

आयुर्वेदका ८ वटा अङ्गहरू छन् ।

१. **शल्य तन्त्र-** शारीरिक र मानसिक कष्टको कारणलाई शल्य भनिन्छ। अर्थात् प्राणी मात्रको शरीरमा काठ, ढुङ्गा, फलाम आदिबाट भएको व्रण, दृष्ट व्रण र गर्भरूप शल्यको निवारणका लागि यन्त्र, क्षार र अग्निको उपयोगद्वारा उपचार गरिने उपायहरूको उपदेश शल्यतन्त्रमा गरिएको छ ।

२. **शालाक्यतन्त्र-** घाँटीभन्दा माथिका अङ्ग जस्तै नाक, कान, आँखा, मुख, घाँटी र शिर आदिमा हुने रोगहरूलाई निको पार्ने तन्त्रलाई शालाक्य तन्त्र भनिन्छ ।

३. **कायचिकित्सा-** कायको अर्थ जठराग्नि हो। त्यसको दोष मन्दाग्नि आदिका कारण उत्पन्न हुने सर्वाङ्गत ज्वर, रक्तपित्त, शोष, उन्माद, अपस्मार, कृष्ठ, प्रमेह, अतिसार आदि शारीरिक मानसिक रोगहरूको निदान र चिकित्साको वर्णन जुन अङ्गमा भएको हुन्छ त्यसलाई कायचिकित्सा भनिन्छ।

४. **भूतविद्या-** देव, असुर, गन्धर्व, यक्ष, पितृ, मृतात्मा, पिशाच, नाग आदि अदृश्य शक्तिहरूले अनेक रोग उत्पन्न गरी प्राणीहरूलाई शारीरिक र मानसिक कष्ट दिन्छन्। त्यसबाट छुटकारा पाउन शान्तिकर्म, बलि, उपवास, होम आदि उपायहरूको उपदेश दिने तन्त्रलाई भूतविद्या भनिन्छ ।

५. **कौमारभृत्य-** शुक्र र शोणितको शुद्धता, तिनका दोष एवं निवारणको उपाय, गर्भाधान, गर्भरक्षा, गर्भिणी, सूतिका एवं शिशुको परिचर्या, प्रसवपछि सूतिकाको आरोग्यको रक्षण, बालकको पोषण, स्तन्यपान आदि बालकको स्वास्थ्यरक्षामा सहायक उपायहरूको वर्णन तथा बालग्रहादिको कारण बालकहरूलाई हुने रोगहरूको शानितो उपायबारे उपदेश दिने तन्त्रलाई कौमारभृत्यतन्त्र भनिन्छ।

६. **अगदतन्त्र-** सर्प, कीट, लूता, माकुरा, विच्छी, मुसा आदि जीवहरूको दंशबाट उत्पन्न विष, स्वाभाविक, संयोगज र गर विषको लक्षण, त्यसको निवारण गर्ने विधिको उपदेश दिने तन्त्रलाई अगदतन्त्र भनिन्छ ।

७. **रसायनतन्त्र-** जुन आहार-विहार एवं औषधिको सेवनबाट प्रशस्त मात्रामा रस-रक्तादि धातुहरूको वृद्धि हुन्छ । दीर्घ जीवन, स्मरणशक्ति, धारणाशक्ति, सुस्वास्थ्य, शारीरिक पुष्टि, इन्द्रिय शक्ति, बलवृद्धि र वाक्शक्ति आदिको प्राप्ति हुन्छ। त्यस्ता रसायनहरूको उपदेश दिने तन्त्रलाई रसायनतन्त्र भनिन्छ ।

८. **वाजीकरण-** रज, शुक्र एवं मैथुनसम्बन्धी विकारहरूको लक्षण र त्यसको उपचारबारे जुन तन्त्रमा वर्णन गरिन्छ त्यसलाई वाजीकरण तन्त्र भनिन्छ ।

यी सबै अङ्गहरूमा आयुर्वेदमा यी थप तत्त्वहरूको पनि विशेष महत्त्व रहेको उल्लेख गर्दै तिनलाई स्वास्थ्योपचारको महत्त्वपूर्ण क्षेत्र मानिएको छ । ती केही यसप्रकार रहेका छन् -

**पञ्चमहाभूत :** आयुर्वेदमा आकाश वायु अग्नि जल पृथ्वी पंचमहाभूत बाट ब्रह्माण्ड निर्मित भएको व्याख्या गरेको छ र सोही पञ्चमहाभूतको लक्षणको आधारमा उपचारको विधि प्रक्रिया भनी सम्पादन गरेको छ ।

**त्रिदोष :** वात, पित र कफ यिनलाई आयुर्वेदमा त्रिदोष मानिएको छ ।

**सप्त धातु :** रस, रक्त, मांस, मेद, अस्थि, मज्जा र शुक्रलाई महत्त्वपूर्ण सप्त धातु मानिन्छ।

**महागुण :** सत्व, रज र तम यी तीन महागुण हुन्।

**मानस दोष :** रज र तमलाईए मानस दोष भनिन्छ।

**योग**

शारीरिक रूपमा स्वस्थ, मानसिक तवरले शान्त र अध्यात्मिक रूपमा उच्च चेतनायुक्त भएर जिउने कलालाई योग भनिन्छ। सामान्यतया, आत्माको परमात्मासँगको जोड नै योग हो। साथै, यो एक किसिमको अनुभूति र रूपान्तरण हो। परापूर्वकालमा योगलाई अदृश्य शक्तिसँग जोडिने माध्यमका रूपमा लिइन्थ्यो। तर, समयक्रमसँगै योगको महत्व पनि परिवर्तन हुँदै आएको छ। योग विभिन्न किसिमका हुन्छन्। योगको अर्थ आफ्नो चेतना वा अस्तित्वको बोध हो । यो शारीरिक, मानसिक तथा अध्यात्मिक अनुशासन हो जसले शरीर र मनलाई सकरात्मक परिवर्तन गर्दछ । आयुर्वेदमा महाऋषि पतञ्जलीद्वारा व्याख्या गरिएको अष्टाङ्ग योग सूत्रको विशेष प्रभाव रहेको छ ।

सन २०१४ डिसेम्बर ११ का दिन संयुक्त राष्ट्रसंघको १९३ सदस्य सम्मेलनले अङ्ग्रेजी महिनाको जुन २१ मा' अन्तराष्ट्रिय योगा दिवस' मनाउने निर्णय गरेको छ भने राष्ट्रिय योग दिवस माघ १ गते मनाइन्छ।

अहिलेको रहनसहन तथा खानपिनको अवस्था विकृत बन्दै गएको छ । योगमा खाना तथा जीवनशैली व्यवस्थापनका विषयमा जीवनोपयोगी जानकारी पाइन्छ।

अन्य अभ्यासमा पाचन प्रणाली बिग्रने, लामो समयपछि हाडजोर्नी तथा मांसपेसी दुख्ने जस्ता समस्या आउन सक्छन्, तर योगमा त्यस्ता कुनै 'साइड इफेक्ट' हुँदैन ।

योगले अहिंसा, शान्ति, चरित्र निर्माण, नैतिक शिक्षा, मनको निग्रह, बुद्धि विकास, सद्गुण विकास तथा समग्र जीवन जिउने तरिका सिकाउँछ। शरीरमा हर्मोन्स तथा इन्जाइमको सन्तुलन मिलाउन र शरीरलाई सक्रिय एवं ऊर्जावान् बनाउन योगले ठूलो भूमिका खेल्छ।

मानव जीवनको दिनको शुरुवातबाटै सम्पूर्ण दैनिक क्रियाकलाप खानपान आदिमा आयुर्वेदमा वर्णित नियमहरूको पालन गर्दा शरिरलाई स्वास्थ्य राख्न सहयोग गर्छ

योग तथा आयुर्वेदको व्यवहार अनुसरण गर्दा व्यक्ति स्वस्थ्य रहने र स्वास्थ्य क्षेत्रका खर्च कटौती भई समग्र दैनिक क्रियाकलाप सुचारु रही व्यक्ति समाज तथा राष्ट्रलाई आर्थिक व्ययभार कम हुने देखिन्छ। स्वास्थ्य, व्यक्तिको स्वास्थ्य रक्षा र रोगीको रोग प्रशमन गर्नु आयुर्वेदको मुख्य उद्देश्य रहेको बुझिन्छ।

# The use of technology in Sanskrit learning

Sanjaya Niroula
Assit.Prof.: Department of Computer sciense
Central Campus of science & Technology,
Hattisar Dharan

**Importance of Sanskrit**

Cultural and historical significance- Sanskrit is an ancient Indo-Aryan language that plays an important role in maintaining our cultural and historical heritage. Ancient books such as Vedas, Upanishads and The Bhagwat Gita are written in it. These venerable texts works as a basis for religious guideline into spirituality and Hinduism. Sanskrit has played an important role in the development of various South Asian language and literature.

Linguistic knowledge and grammatical glory- Sanskrit specializes in complex language and its grammar. Its grammatical guidelines and substantial wording encourage language preservation and syntax. Studying Sanskrit improves the ability for grammatical approach, logical debate and comparative contemplation according to linguistic experts.

Knowledge preservation- Traditionally Academics and intellectuals used Sanskrit for reading in ancient times. The classical books having historical importance among many disciplines of philosophy, science, mathematics, medicinal chemistry and literature are written in Sanskrit. Studying Sanskrit helps understand the anthology in human culture.

Education and research- Sanskrit is still studied in various educational institutions worldwide. People excelling in Sanskrit devote their time in explanations, translations and analysis of various fields such as linguistic sciences, literature, philosophy, history, humanities, religious studies and more.

TARGETED GROUPS

1. Gurukul students
2. Students in secondary school (Madhyama level)
3. Bachelor level students (shastri level)
4. Master's and PhD candidates (acharya and bidhyawaridhi)

5. Computer engineering students
6. Interested individuals

Gurukul students: -
There are two ways in learning one memorizing and other understanding and learning.
There should be a policy in gurukul education for the students to use technology in learning process.
The more they use they learn new thing in new ways. Students at this stage they learn faster.

**Students in secondary school: -**

1. Inability to use modern techniques by concerned groups of people
2. Unavailability of proper access to better levels of study materials in rural areas.
3. Lack of knowledge in using available resources.
4. Hampering studies because of natural disasters.
5. Distractions caused by social medias and entertainment devices.

We have to consider there are many Sanskrit teaching and learning institution. Every institution must have new way
of learning these new methods so it is the proper authority or policy makers to co-ordinates this effort.

There are many different gurukul and Sanskrit teaching institutions taught by different teachers with different skills sets, we have to share their knowledge so the students can benefit from it.

Bachelor level students are also facing great difficulties, lack of study materials complexity of learning and understanding. Most of the books are in Hindi language. Proper dictionary Sanskrit to Nepali is also needed.

To overcome the above problems, we have to take help of technology, mostly digital technology. This thing has to be taught right from the beginning ie school level, college level.

TECHNIQUES FOR LEARNING IMPROVEMENT

<u>Online sources</u>- There are various websites, forums, blogs, online classes devoted to learning Sanskrit available on the internet. These platforms encourage proper

pronunciation, correct grammatical sentence formation and explanations of word origin which in turn makes reading, writing and speaking Sanskrit much easier.

Mobile Apps- Many different apps are there for studying Sanskrit. These apps contain flash cards, quizzes, voice recordings, debates as well as other features that helps students learn Sanskrit better.

E-books and digital libraries- Digital books and libraries have been a great boon for intellectuals and Sanskrit experts. Ancient texts, manuals and Sanskrit books are now available digitally. These sources improve the knowledge and understanding of the language and its traditions.

Language study platforms- Online language studies teach different levels of Sanskrit texts. These include interactive chapters, multimedia contents and playful learning exercises which is very helpful. Users can track their progress, get feedback and attend virtual classes and learning forums.

Technology helps us in every way but it depends on our hand how to use it. The more you play with the technology the more you gain knowledge. The concern authority should make proper policy towards the use of technology. This applies to school level, college level and so on.

The most important factor in Sanskrit is lack of sharing learning process where teachers have developed skills but not sharing. This is the most drawbacks of Sanskrit learning

Reference:

Online Wikipedia
NSU bachelor level Sanskrit curriculums,
Bachlor level BSCCSIT curriculum,
Bachelor in information technology curriculums,

पिण्डेश्वर विद्यापीठ धरानमा

मिति २०८० वैशाख २१, २२ र २३ गते सम्पन्न

# अनुसन्धान प्रविधि कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्रहरू

# शोधसामग्रीको विश्लेषण र निष्कर्षणका प्रक्रिया

अनिल अधिकारी
उपप्राध्यापक : नेपाली विभाग
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
*aniladhikaribhojpur@gmail.com*

**विषयप्रवेश**

यो शोधकार्यसँग सम्बन्धित प्रत्येक गतिविधिका लागि अपरिहार्य खण्ड हो । शोधकार्यमा उठाइएका समस्याको समाधानसँगै सैद्धान्तीकरण गरिने भएकाले यसको महत्त्व अनुसन्धानमा अनिवार्य हो । शोधक्षेत्र र सामग्रीको प्रशाधन गर्ने अङ्गका रूपमा यसको प्राज्ञिक महत्त्व रहने गर्दछ भने यो नयाँ ज्ञानको उत्पादन गर्ने शोधअङ्ग हो । अध्ययनको विश्वसनीयता, वैधता र परिष्कार गरी नवीन विषयको प्रतिपादन गर्ने भएकाले यो ज्ञानको स्थानिक मान्यतालाई विश्वव्यापी तुल्याउने विषय पनि हो । मूलभ्रत रूपमा शोधकार्यमा पहिले भइसकेका अनुसन्धानका सम्बन्धमा गम्भीर विश्लेषण, अन्तर्मन्थन गरी रिक्तता पहिचान गरी उक्त रिक्ततालाई विषयगत आधारमा वर्गीकरण गरी निष्कर्ष प्रस्तुत गरिने भएकाले भइरहेको अध्ययनसँग सम्बन्धित सामग्रीको विश्लेषणको पक्ष तथा त्यसको अब गरिने अनुसन्धानसँगको अन्तर्सम्बद्धता स्थापित गरिनुपर्दछ । शोधक्षेत्रका स्पष्टता र शोधार्थीले गर्न चाहेको शोधक्षेत्रको चयनपछि सामग्रीको सङ्कलन र वर्गीकरणको प्रक्रिया पूरा भई व्यवस्थित ढाँचामा विश्लेषण र त्यसलाई सैद्धान्तीकरण अथवा अर्थापन गर्ने कार्य निष्कर्षण हो ।

शोधसामग्रीको विश्लेषणको अभिप्राय शोधक्षेत्रबाट सङ्कलान तथा तिनको वर्गीकरण गरी शोधकार्गसम्बद्ध सामग्रीको विषयगत विश्लेषण हो । सङ्कलित सामग्रीलाई विषयगत आधारमा विभाजन गर्नु शोधव्यवस्थापनकै एउटा प्रक्रिया हो । शोधकार्यमा अनुसन्धानको प्रकृतिअनुसार केकस्ता शोध्यप्रश्न निर्माण भएका छन् ती प्रत्येक शोध्यप्रश्न नै एउटा विषय (थिम) हो भने उक्त विषयले ग्रहण गर्नसक्ने क्षेत्रभित्र रहेका विषयलाई उपशीर्षक र त्यसभित्रका सूक्ष्म प्रतिमानलाई थप उपशीर्षकमा विभाजन गरी विषयगत क्षेत्रलाई स्थूलबाट सूक्ष्म तुल्याई तिनै सूक्ष्म विषयका आधारमा स्थूल र मुख्य शोधसमस्याको निराकरण गर्ने प्रक्रिया नै सारतः शोधसमस्याको विश्लेषण प्रक्रिया हो । शोधकार्यमा निष्कर्ष अध्ययन र विश्लेषण भएका सागम्री तथा तद्विषयक सामग्रीसम्बन्धी सूचना वा त्यसको सारसङ्क्षेप मात्र नभई यो सिङ्गो शोधकार्यको सैद्धान्तीकरण हो । यस खण्डमा शोधकार्यको आरम्भदेखि अन्त्यसम्म भएका कार्य र प्राप्तिलाई संश्लेषण गर्दै शोधकार्यबाट के प्राप्त भने ? त्यो प्राप्ति नवीन ज्ञानिर्माणको आधार कसरी भयो तथा त्यसले वर्तमान र भावी अनुसन्धानसमेतका लागि के मूल्य स्थापित गरेको छ ? गर्नसक्छ अथवा गर्नेछ ? जस्ता सापेक्ष प्रश्नको उत्तरका साथै भावी शोधार्थीका लागि विषयगत समस्या र निर्देशनसमेत दिने भएकाले अध्ययनबाट प्राप्त नतिजाको संश्लेषित प्रस्तुति अपेक्षित रहन्छ ।

**शोधसामग्री**

शोधार्थीले अनुसन्धान गर्न चाहेको विषय र तत्सम्बन्धी ज्ञानक्षेत्र शोधक्षेत्र हो भो शोधार्थीले शोभकार्य सम्पन्न गर्नका लागि चयन गरेको विषय र समस्यासँग सम्बन्धित पक्ष शोधसामग्री हो । मूलभूत रूपमा साहित्यको अनुसन्धानका लागि पुस्तकालय, छापाप्रकाशनमा प्रकाशित, विद्युतीय सञ्चारमाध्यमबाट प्राप्त तथा शोधको विषयका सम्बन्धमा उक्त विषयका विद्वत् वर्गले प्रस्तुत गरेका लिखित वा मौखिक प्रवचन आदि शोधसामग्री हो । मानविकी अनुशासनअन्तर्गत गुणात्मक अनुसन्धान पद्धतिका अन्तर्यमा गरिने शोधकार्य जस्तैः भाषा, लोकसहित्य, संस्कृति, तथा सामाजिक शास्त्र अनुशासनमा गरिने अनुसन्धानमा निश्चित भौगोलिक क्षेत्रलाई आधार मानी त्यहाँका भाषिक वक्ता, लोकव्यवहारका बारेमा संज्ञान भएका व्यक्ति, तथा सामाजिक, राजनीतिक र सांस्कृतिक संज्ञान भएका व्यक्तिसँगको अन्तर्वार्ता, लोकपर्यवेक्षण, क्षेत्रान्वेषणजस्ता स्रोतबाट सामग्री प्राप्त गर्नसकिन्छ । परिमाणात्मक अनुसन्धान पद्धति अवलम्बन हुने शोधकार्यमा क्षेत्रान्वेषणबाट परिमाणात्मक तथ्यसङ्कलन गरी तिनलाई विश्लेषणयोग्य तुल्याउने सफ्वेयर तथा तथ्यसङ्कलनका लागि उपयोग गरिने प्रविधिक र अप्राविधिक सामग्री पनि शोधसामग्री हुन् । शोधकार्यका लागि शोधार्थीले चयन गर्ने शोधक्षेत्र तथा त्यसबाट आफूलाई चाहिने कच्चापदार्थ प्राप्ति गर्ने माध्यम सबै शोधसामग्री हुन् । शोधकार्यमा सामग्री प्राप्त गरेपछि त्यसलाई विश्लेषण गर्नका लागि आवश्यक पर्ने अन्य प्राजमिक र द्वितीयक दुबैस्रोतका सामग्री पनि यही विषयअन्तर्गत आउँछन् । शोधार्थीले शोधकार्य गर्दा त्यसविषयमा भएका पूर्वअध्ययन र त्यसको समीक्षाबाट प्राप्त गर्ने अवधारणा र रिक्तता, शोधसमस्या र त्यसको निराकरणका लागि निर्धारण गरिने शोध्यसमस्या अर्थात् विषय (थिम), विश्लेषण गर्नका लागि चयन गरिने अनुसन्धानको पद्धति तथा त्यसको सैद्धान्तिक वा अवधारणात्मक ढाँचा वा अर्थापनको विधि निर्माण र निर्धारणका लागि आवश्यक सबै शोधसामग्री हुन् । शोधसामग्रको अपर्याप्तताले शोधकार्य सम्पन्न गर्नका लागि विविध कठिनाई उत्पन्न हुनुका साथै शोधकार्य नै दुर्घटित हुने भएकाले पनि यसको उचित व्यवस्था तथा व्यवस्थापनबाट मात्र सारपूर्ण शोधकार्य हुने तथ्यसिद्ध छ । शोधसामज्रीको व्यवस्थापछि त्यसको वर्गीकरण गरेपछि आरभ्ध हुने नयाँ ज्ञाननिर्माणको प्रक्रिया नै मूलभूत रूपमा शोधसामग्रीको विश्लेषण र निष्कर्षणको प्रक्रिया हो ।

**शोधसामग्रीको विश्लेषण प्रक्रिया**

अनुसन्धान कार्य सम्पन्न गर्नका लागि चयन भएका सबै प्रकारका सामग्री शोधसामग्री हुन् । यसप्रकारका सामग्रीको स्रोत अनुसन्धानको शोधक्षेत्र हो । यसप्रकारका सामग्रीको स्रोत प्राथमिक वा द्वितीयक जुनसुकै हुनसक्छ । आफ्नो अध्ययनसँग सम्बन्धित सामग्रीको विषयनिष्ठ वर्गीकरण र व्यवस्थापन गरिसकेपछि शोधसामग्रीको विश्लेषणको कार्य आरम्भ हुन्छ । शोधसामग्रीको विश्लेषणपूर्व सङ्कलित सामग्रीको सोपानक्रम व्यवस्थित गरिनुपर्दछ । सङ्कलित सामग्रीको व्यवस्थापन शोधसमस्यासँग सम्बन्धित चर अथवा शोध्यप्रश्नका आधारमा गरी विषयगत आधारमा वर्गीकरण गरिनुपर्दछ ।

**शोधसामग्री विश्लेषणमा विषयको वर्गीकरण**

शोधलेखन स्थूलबाट सूक्ष्मपक्षतर्फ जाने भएकाले तथ्यको व्यवस्थापन शोध्यसमस्याका आधारमा अलगअलग गरिनुपर्दछ । विषयको व्यवस्थापन उपशीर्षक, उपउपशीर्षकमा गर्दा यिनकाबीचको पारस्परिक सन्तुलन मिलाउनुपर्दछ । पूर्वअध्ययनमा भएका छलफल र तिनले स्थापना गरेका तर्क, धारणा, मान्यता, सैद्धान्तीकरणका प्रक्रिया र निष्कर्षसँग आफ्नो अध्ययनको अन्तर्सम्बद्धता स्थापित गर्दै समर्थन, विमति तिनमा रहेको रिक्तता, त्यसको पूर्ति हुने आधारसहित तथ्यप्रस्तुति र विश्लेषणप्रतिको सजगता अपनाउनुपर्दछ । शोधसामग्रीको विश्लेषणलाई शोध्यसमस्या तथा शोध्यसमस्यालाई पनि विभिन्न उपशीर्षकमा विभाजन गरी विश्लेषण गर्नुपर्दछ । उदाहरणका लागि शोधार्थीले शाहजहाँको इच्छा कवितामा व्याकरणिक संसक्तिका सम्बन्धमा शोधकार्य गरिरहेको छ भने शोधसामग्रीलाई व्याकरणिक संसक्तिको विषयक्षेत्रभित्र पर्ने निम्नलिखित तालिकामा उल्लेख भएअनुसारको मुख्य र उपशीर्षक तथा उपउपशीर्षकमा विभाजन गरी सामग्रीको विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

क्र. सं  शोधप्रश्न/समस्या विश्लेषणको ढाँचा अर्थापनको प्रक्रिया

१. शाहजहाँको इच्छा कवितामा व्याकरणिक संसक्ति निदर्शन/सन्दर्भन

व्यक्तिवाचक  दर्शकवाचक स्थान र समयवाचक प्रतिस्थापन र लोप प्रतिस्थापन लोप

संयोजन कारणवाचक परिणामवाचक व्यतिरेक आदि

प्रस्तुत तालिकामा शोधसमस्या शाहजहाँको इच्छा कवितामा व्याकरणिक संसक्ति हो । यस समस्याको निराकरणका लागि शोधार्थीले व्याकरणिक संसक्तिअन्तर्गत निदर्शन, प्रतिस्थापन र लोप तथा संयोजन उपशीर्षकमा विषय (थिम) निर्धारण गरेको छ । उपर्युक्त विषयलाई अझ सूक्ष्म विभाजन गरी शाहजहाँको इच्छा कवितामा व्याकरणिक संसक्तिको निरूपण गर्ने प्रयोजनका लागि निदर्शनका तीन उपउपशीर्षक, प्रतिस्थाजन र लोपको पृथक् व्याख्या तथा संयोजनलाई पनि तीन उपउपशीर्षकमा व्याख्या गर्ने आधार मिल्दछ । शोधकार्यमा मुख्यसमस्याको निराकरणका लागि सूक्ष्मपक्षलाई केन्द्रविन्दुमा राखिने भएकाले ती सूक्ष्मपक्षलाई उप तथा उपउपशीर्षकमा राखेर सामग्रीको विश्लेषण गरिँदा मुख्य विषयले उठान गरेको समस्याको समाधान हुने भएकाले उपशीर्षक र त्यसको आङ्गिक विन्यास भएको अनुसन्धान पारदर्शी हुनुका साथै शोधार्थीलाई मार्गदर्शन गर्दे निष्कर्षतर्फ अभिमुख गराउन प्रेरित गर्ने विशेषतायुक्त हुन्छ ।

शोधसामग्रीको विश्लेषणमा अनुच्छेद विन्यास

शोधसामग्रीको विश्लेषण अनुच्छेदमा व्यवस्थित ढाँचामा गरिनुपर्दछ । अनुच्छेदहरू परस्परमा अन्तर्सम्बद्ध र शृङ्खलित हुनुपर्दछ । अनुच्छेदभित्रका वाक्यहरू परस्परमा संसक्त, सङ्गति र सुसम्बद्धता कायम गर्नसक्ने प्रकृतिका हुनुपर्दछ । पूर्वअध्ययनसँगको अन्तर्क्रिया र त्यसमा प्रस्तुत अवधारणाका आधारमा आफ्नो अध्ययनको दाबी प्रस्तुत गर्नुपर्दछ । वर्गीकरण भइसकेका शोधसामग्री मध्येबाट विषयगत आधारमा वितरण भएका उद्धरण, उदाहरण, तालिका, ग्राफलगायत साङ्ख्यिक तथ्यको प्रयोग गरिनुपर्दछ । विश्लेषणका क्रममा पूर्वअध्ययनमा भएका निष्कर्ष, त्यसमा आएका सूक्ष्म र स्थूल पक्षसँग सम्बन्धित चयन भएका तथ्याङ्क अथवा उद्धरण/उदाहरण/तथ्यको विवेचना र संश्लेषण गर्नुपर्दछ । तथ्यको विश्लेषणका क्रममा परस्परमा अन्तर्सम्बद्ध र संसक्तियुक्त वाक्यको प्रयोगका साथै आफ्नो दाबीलाई पुष्टि गर्न तार्किक,

आलङ्कारिक, वस्तुपरक पूर्वाग्रहरहित, तटस्थ भाषा तथा संगठित र सुसम्बद्ध वाक्यको प्रयोग अपेक्षित छ । उदाहरणका लागि शाहजहाँको इच्छा कवितामा निदर्शनसम्बन्धी विवेचना भएको निम्नलिखित अनुच्छेदहरू हेरौं :

उदाहरण १

सङ्कथनात्मक संरचनाभित्र समाख्याता वा प्रस्तोताले प्रस्तुत/सङ्केत गरेको वक्ता, श्रोता वा विषय वा स्थानको परिचय गराई त्यसका माध्यमबाट सिङ्गो संरचनामा निहित भावगत दिशानिर्देश र तिनको अर्थसम्बन्धका बीचको सम्बन्ध देखाउने व्याकरणिक संसक्ति निदर्शन हो । प्रस्तुत "शाहजहाँको इच्छा" कवितामा व्यक्तिवाचक, दर्शक विशेषण र आंशिक रूपमा स्थानवाचक र समयवाचक निदर्शकको प्रयोग भई तिनका माध्यमबाट काव्यिक भावको सञ्चरण तथा तिनमा निहित आर्थी सम्बन्धको पृष्ठपोषण भएको छ । एकदेखि सात अनुच्छेदसम्म संस्मरणात्मक र आठौंदेखि अन्त्यसम्मका अनुच्छेद सम्बोधनात्मक शैलीमा लेखिएको यस कवितामा अधिल्ला सात अनुच्छेदमा समाख्याता कविनिबद्ध व्यक्तिवाचक निदर्शक 'म'मार्फत् दर्शकविशेषण ती/तिनी/तिनलाईप्रति परिलक्ष्यित प्रेमिकाको प्रेमको स्मरण तथा त्यसपछाडिका अनुच्छेदमा प्रियतमालाई सम्बोधन गर्दै वियोगजन्य मानसिकताबाट उत्पन्न विषादयुक्त भाव तथा आफ्नी प्रेमिकाको देहावसानले अन्तर्हृदयमा आप्लावित शोकपीडाका कारण सिङ्गो सृष्टि नै विचलित रहेको  अर्थ सम्बन्धलाई संसक्त तुल्याएको छ ।  स्वच्छ र शीतलजलप्रदायिनी यमुना नदीका छालमा विरही धून उराल्दै बजिरहेको मुरली, त्यस ध्वनिसङ्गीतले पर्यावरणमा छाएको शोक र वियोगमिलनको क्रीडाभूमि वृन्दावनको ऐतिहासिकतामा आफ्नो वियोगले केही योगदान दिएको भाव र प्रेमका लागि आफ्नो योगदान नगण्य रहेको स्वीकारोक्ति अर्थ सम्बन्ध पहिलो अनुच्छेदभित्र परस्परमा संसक्त भएका छन् । दोस्रो अनुच्छेदमा समाख्याताले सागरझैं रोदनमा बहिरहेको नदीमा आफ्नो रोदन मिसाएर प्रत्येक छालमा विरह आप्लावित रहेको चिहानजस्तो दुःखद स्थलका रूपमा दिन बितिरहेको भावमा प्रेमिकाको चिहानमा पोखिएका उसका आँसुआकाशमा टिल्पिलाई रहेका ताराका रूपमा रहेको समृद्ध अर्थ सम्बन्धमा संसक्त गरेको छ । सृष्टिको स्थीरताका लागि आफैंले बनाएको नियमका कारण आफैं भावविभोर भई पछुताइरहेको समुन्नत भावप्रवाहको अन्वय स्वनिर्मित अपरिवर्तनकारी नियमका कारण भएको विधाताको ठहर अर्थ सम्बन्ध तेस्रो अनुच्छेदमा भएको छ ।

कविताको चौथो अनुच्छेदमा समाख्याताकी प्रेमिका तिनी अर्थात् मुमताजको मृत्युलाई जागृतिशिथिला कोमलता आफ्न भनौं सुन्दरताको चिरनिन्द्रा भावसम्प्रेषण तथा तिनको मृत्युको शोकमा सिङ्गै पृथ्वीले कफन ओढेको अतिविस्तारित अर्थ सम्बन्धलाई संसक्त गरेको छ । थकाई लागेर निदाएकी प्रेमिकालाई चीरनिन्द्राबाट विमुख गराई स्वार्थवस् जगाउन प्राकृतिक नियमको प्रतिकार गर्ने समाख्याताको आशय अभिव्यञ्जित भाव र नश्वर जीवनलाई फर्काउने व्यर्थ चेष्टाप्रतिको सजगता अर्थ सम्बन्धको संसक्ति पाँचौं अनुच्छेदमा भएको छ । छैठौं अनुच्छेदमा समाख्याता जिवनको क्षणभङ्गुर नश्वरताको वास्तविकता बोध गरी सुन्दरताको बगैचामा वा मनुष्य जातिमा जहाँ भए पनि अल्पकालीन रहने भाविव्यक्ति र संयोगले दिने आर्त चराचरको एक्लो प्राणी अर्थात् समाख्याता स्वयंले आफूलाई चखेवामा आरोपित गरी चम्किएका तारामा आफ्नो आँसुलाई  प्रतिबिम्बित गरेको अर्थसम्बन्धका बीच अन्वय भएको छ । सातौं अनुच्छेदमा आज किन ? आफ्नो अर्न्तहृदयमा विद्यमान सुन्दर वस्तु आफूबाट निशृतः खोसियो र आफ्ना आँखाबाट अल्पियो जसको खोजी गर्दा तिनको आभाष जहाँतहीं विद्यमान रहेको भावाभिव्यक्ति प्रेमान्ध मेरा आँखाका

लागि तिनको साकार रूप किन खोसियो ? भनी विधातासमक्ष समाख्याताको प्रश्न उद्बोधन गर्ने सन्दर्भ र प्रेमको चीरस्मृत पर्यावरणमा एक्लिएको प्रेमीको आवाज प्रतिध्वनित अर्थ सम्बन्धबीचको संसक्ति भएको छ । आठौं अनुच्छेदमा समाख्याता प्रत्यक्ष साक्षात्कार भई "म' अर्थात् शाहजहाँले ती/तिनी अर्थात् मुमताजबीचको तुलनामा ज्योतिभन्दा मसिनो रूपाकृति भएकी तिनको र माटोभन्दा खस्रो आफू आकारप्रकार र संरचना नै अलग रहेकाले दुईबीचको मिलन असम्भव भएको हो कि भन्ने संशयपूर्ण भाव र आफू तिनको प्रेमका लागि अयोग्य रहेको अर्थ सम्बन्धबीच अन्वय भएको छ ।
नवौं अनुच्छेदमा समाख्याताले उसतट (स्वर्ग) मा रहेकी प्रेमिकालाई यस तट (धर्ती) मा बसी प्रेमका सामु बादशाही दम्भ शक्तिहीन बनेको तथा प्रेमिकाको स्मरणमा रून् मात्र दिनचर्या रहेको भाव एवम् अब स्मरणमा जीवित प्रेमिकाका लागि सम्झना र एक्लोपनमात्र बाँकी रहेको अर्थ सम्बन्धबीच संसक्ति पाइन्छ । दसौं अनुच्छेदमा सम्पन्नता र शक्तिमा कसैका सामु नझुकेको भग्यमानी बादशाह प्रेमका सामु दीनहीन गरिब बनेको भावुक परिदृश्य सम्मिलित भाव र प्रेमका लागि स्वयम्द्वारा सृजित बादशाही संसार, बादशाहत्व र समग्र जीवनको पनि मूल्यहीन अवस्था रहेको अर्थ सम्बन्धबीचको संसक्ति भएको छ । एघारौं अनुच्छेदमा पूर्वपर दसौं अनुच्छेदको भावगत निरन्तरतासँगै मान्छेको मानसिकताले चाहेको नश्वर सुन्दरता, भौतिक सुख र मनोगत भावनाको क्षणिकताका कारण आउनेजाने क्रमको निरन्तरता तथा सदैव मान्छे चीरविश्मय, शोक र वेदनामा अल्झिई रहँदा उसका सिर्जना तथा अठोटसमेत दिवङ्गत हुने भाव एवं अल्पकालीन जीवनवृत्तमा जेलिएको मान्छेमा आकर्षणजनित सम्बन्धबाट निर्मित प्रेमोपासनाको अन्त्यसँगै जीवनरूपी मानसपटलमा छाएको विस्मृत आकृतियुक्त छायाचित्र संसार रहने यथार्थबोध अर्थ सम्बन्धमा संसक्त भएको छ । समाख्याताका मानसिकतामा अनतर्निहित प्रेम तथा त्यसको जीवन्तताका लागि प्रेमस्मारक निर्माण गरी चीरकालसम्म प्रेमोपहारका रूपमा रहने भाव एवं यमुना किनारमा अद्भूतको शयनागार निर्माण गर्ने सङ्कल्पसहितको अर्थबीचको संसक्ति बाह्रौं अनुच्छेदमा पाइन्छ । (अधिकारी, २०८०, पृ. ९२) ।

प्रस्तुत विश्लेषण तीन अनुच्छेदमा विभाजित छ । पहिलो अनुच्छेदको पहिलो वाक्य लेखकको दाबी हो भने त्यसमा व्याकरणिक संसक्तिमा निदर्शन के हो, त्यो कृतिमा कसरी प्रस्तुत हुन्छ तथा त्यसको पाठनिर्माणका कस्तो भूमिका हुन्छ भन्ने सैद्धान्तिक पक्षलाई उठान गरी कवितामा त्यसको प्रयोग भएको पक्ष प्रस्तुत भएको छ । उपर्युक्त अध्ययनको पहिलो अनुच्छेदमा लेखकीय दाबीका अन्तर्यमा शाहजहाँको इच्छा कवितामा व्याकरणिक संसक्तिअन्तर्गत निदर्शनको विवेचना आरम्भ भई कविताका तीन अनुच्छेदमा त्यसको उपस्थिति र त्यसले सुसम्बद्ध पाठ निर्माण गर्न खेलेको भूमिकामाथि विमर्श भएको छ । उक्त पाठको दोस्रो अनुच्छेदमा कविताको चौथोदेखि आठौं अनुच्छेदसम्म निदर्शनको भूमिका तथा तेस्रो अनुच्छेदमा नवौंदेखि बाह्रौं पङ्क्तिपुञ्जमा प्रस्तुत निदर्शन र त्यसले संसक्त पाठ निर्माणमा खेलेको भूमिकाको विश्लेषण भएको छ । यस उद्धरणमा वाक्यवाक्य तथा अनुच्छेद-अनुच्छेदबीचको पारस्परिक संसक्ति छ । अनुच्छेद संरचनाका दृष्टिले यस लेखमा सन्तुलित व्यवस्था अवलम्बन भएको छ भने वाक्यात्मक संरचनाका दृष्टिले केही स्थानमा लामावाक्यको प्रस्तुतिले शोधनियमको पूर्णपालना नभएको देखिन्छ । शोधकार्यमा सैद्धान्तिक र विषयगत सामग्रीको समान भूमिका रहने भएकाले तिनको सन्तुलित ढङ्गमा व्यवस्थापन गरी विश्लेषण गर्नुपर्दछ ।

**शोधसामग्रीको व्यवस्थापन र विश्लेषणको नमुना**

शोधशीर्षक : १. शाहजहाँको इच्छा कवितामा व्याकरणिक संसक्ति

सैद्धान्तिक सामग्रीको विश्लेषण

शोधकार्यमा सैद्धान्तिक सामग्रको उपादेयता अनुसन्धान गरिने विषयको नियन्त्रण, निर्देशन तथा त्यसको विषयनिष्ठ विश्लेषणका लागि मार्गदर्शक सामग्री हो । अनुसन्धान प्रक्रियामा आगमनात्मक पद्धतिको उपयोग गरी अर्थापन वा निष्कर्णण गरिन्छ भने त्यस्तो शोधकार्यमा सिद्धान्त र सामग्रीको विश्लेषण समानान्तर उपयोग हुन्छन् । निगमनात्मक विधिमा सिद्धान्त र सिद्धान्तले निर्देश गरेका अवधारणात्मक आधारमा अर्थापन वा निष्कर्षणको ढाँचा निर्धारण हुने भएकाले यसको निर्धारित ढाँचाअनुसार शोधपद्धतिको निर्माण गरेपछि सामग्रीको विश्लेषण गरिन्छ । मूलभूत रूपमा शोधकार्यमा सैद्धान्तिक पक्ष अथवा आधार भनिए पनि सिद्धान्त अमूर्त विषय रहने हुँदा तिनले निर्दिष्ट गरेका विषयलाई आधार मानी आफ्नो शोधसामग्री र शोधार्थीले अर्थापन गर्न चाहेको विश्लेषणको ढाँचा निर्माण गरिने भएकाले यसलाई सिद्धान्तनिष्ठ अवधारणात्मक आधार भन्नु पनि उपयुक्त नै ठहर्दछ । सिद्धान्त अनुसन्धानदर्शनको महत्त्वपूर्ण अङ्ग रहेकाले मानव इन्द्रियले अनुभव गर्ने विषय यसको आधार मानिन्छ । सिद्धान्त शोधकार्यमा निर्माण गरिने पहिलो विषय अर्थात् शोध्यप्रश्नको उत्तरसँग जोडिएर आउने विषय रहेकाले पनि अनुसन्धानमा यसको महत्त्व स्थापित हुन्छ । शोधकार्यमा सिद्धान्तलाई विश्लेषण गर्ने सामग्रीभन्दा ठीक अघिल्तिर व्यवस्थापन गरी शोधसामग्रीको विश्लेषण तथा अलग्गै उपशीर्षकमा यसलाई व्यवस्थापन गरी सामग्री विश्लेषण गर्ने दुबै प्रक्रिया स्वीकृत रहेको छ । संस्कृत काव्यचिन्तनका अधिकतर साहित्यकेन्द्री सिद्धान्त तथा वादहरूको अवधारणा निर्माणका क्रममा मनीषीहरूले सैद्धान्तिक अभिलक्षण प्रस्तुत गरी त्यो कृतिमा करुणरस अथवा उपमा अलङ्कार प्रतिपाद्य छ भन्ने पक्षको उद्घाटन गर्नु सिद्धान्त र सामग्रीको विश्लेषणलाई सँगसँगै लाने पद्धति हो । प्राचीन ग्रीसेली साहित्यचिन्तनमा संस्कृत परम्पराकै अवधारणा अवलम्बन भएको छ भने आधुनिक पाश्चात्य र नेपाली शोधजगत्मा अलग्गै उपशीर्षकमा सिद्धान्त र अलग्गै उपशीर्षकमा सामग्रीको विश्लेषण गर्ने पद्धति विकास भएको छ । शोधसामग्रीको विश्लेषण गर्दा अवलम्बन हुने यी दुई पद्धतिका अतिरिक्त एकै अनुच्छेदमा सिद्धान्त र विषयगत विश्लेषणको प्रक्रियालाई आधसनिक अनुसन्धान प्रक्रिया भनी दाबी गरिए पनि ज्ञानमीमांसासँग सम्बन्धित समस्याको समाधानकेन्द्री यो विधि शोधकार्यमा सामग्रीको विश्लेषणका लागि अधूरो नै मानिन्छ । शोधसामग्रीको विश्लेषणका लागि अवलम्बन हुने सैद्धान्तिक सामग्रीको विश्लेषणको प्रक्रियालाई निम्नलिखित उदाहरणका माध्यमबाट हेर्नसकिन्छ :

उदाहरण २

संसक्तिव्यवस्था वाक्यभन्दा माथिल्लो भाषिक संरचनाको निर्माणका सन्दर्भमा व्याकरणिक एकाइको भूमिका र त्यसका आधारमा पाठगत सुसम्बद्धता कसरी भएको छ भन्ने विषय अध्ययन गर्ने भाषिक पद्धति हो । भाषिक अध्ययनपद्धतिका रूपमा नवसमालोचनाशास्त्रअन्तर्गत विकसित यो अध्ययनपद्धति सङ्कथन अध्ययनको एउटा शाखा रहेको छ । सङ्कथन अध्ययनले अनुच्छेद संरचनाभन्दा माथिल्लो भाषिक अभिव्यक्तिलाई सङ्कथन मान्दछ । सङ्कथन एक सारवाक्यका रूपमा वा यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ । कुनै गम्भीर भाषण वा कुनै विषयमा भएको

निश्चित लेखन, कुनै गम्भीर कुराकानी कुनै पनि कथन वा लेखनसँग जोडिएको भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ (गौतम, २०६८, पृ. ५७१) । सङ्कथन संरचनामा रहेका भाषिक प्रकार्यको आधारमा त्यसका निहित अर्थ र सन्दर्भको संयोजनका साथै तिनीहरूको प्रस्तुति सुसम्बद्ध लेखनका लागि कसरी प्रस्तुत भएका छन् भन्ने पक्षको अध्ययन गर्ने सङ्कथनपरक अध्ययन पद्धति सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषण अन्तर्विषयक अध्ययन रहेकाले यसको प्रवृत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ (एटम, २०७४, पृ.२४१) । भाषापरक अध्ययनका लागि सङ्कथन विश्लेषणअन्तर्गत संसक्तिव्यवस्था एक आधार हो । संसक्ति भन्नाले कुनै पनि पाठभित्र हुने अन्तर्सम्बन्ध हो, अनुच्छेदभित्रका वाक्यहरूमा भावप्रवाहलाई निरन्तरता दिने ढाँचा हो । चोम्स्कीको भाषाले भाषिक संरचनामा प्रयुक्त विचार संरचनासम्बद्ध हुने तथा यो भाषावैज्ञानिक सन्दर्भका आधारमा सङ्कथनको विश्लेषण हुन्छ भन्ने अवधारणासँगै वाक्यभन्दा माथिल्ला एकाइ, मौखिक-लिखित पाठको ध्वनिशास्त्रीय र व्याकरणिक अध्ययन पनि सङ्कथन अध्ययनको क्षेत्रमा समावेश भएको हो (फ्लावरड्यू, सन् २०१३, पृ. १) । पाठमा अवशिष्ट सन्दर्भ र त्यसको निरन्तरता स्थापना गर्ने भाषिक प्रकार्यका रूपमा संसक्तिव्यवस्थाको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । संसक्ति पाठमा रहेका व्याकरणिक र ध्वनि तात्त्विक शृङ्खलालाई परस्परमा सम्बद्ध गरी पाठको बुनोट गर्ने प्रक्रिया हो (डेभिस, सन्  १९८९, पृ. २५७) । संसक्तिले पाठमा विद्यमान पदावली संरचनाभन्दा माथि रहेका उपवाक्य, वाक्य, अनुच्छेद, मनोवाद, संवाद जस्ता भाषिक एकाइलाई परस्परमा जोडी एकीकृत भावप्रवाहका लागि संसक्ति सम्बन्ध स्थापित गर्न परस्परमा सुसम्बद्धता स्थापित गर्ने भाषिक प्रकार्यको भूमिका खेल्दछ । पाठमा प्रयोग गरिएका संयोजी शब्दमा लेखक, वक्ता वा प्रस्तुतकर्ताको प्रमुख अभिप्राय वा मुख्य भावको पुनरावृत्ति, अर्थगत समग्रता वा पूर्वापर अर्थसँग सम्बन्धित सन्दर्भलाई परस्परमा जोड्ने प्रकार्यको भूमिका संसक्ति व्यवस्थाले गर्दछ ।

संसक्ति व्यवस्थाअन्तर्गत पाठमा रहेका व्याकरणिक र कोशीय अर्थ दिने शब्द तथा तिनको प्रकार्यको अध्ययन गरी तिनले पाठलाई कसरी सुसम्बद्ध तुल्याएका छन् भन्ने पक्षको विश्लेषण गर्ने पद्धति हो । पाठको बुनोट प्रक्रियाको अध्ययन गर्ने संसक्तिले पाठको संगठन कसरी भएको छ ? तथा त्यसमा प्रयोग भएका व्याकरणिक र कोशीय शब्द कसरी परस्परमा सम्बद्ध छन् भन्ने पक्षको प्रकार्यात्मक विश्लेषण गर्दछ (मार्टिन, सन् २००१, पृ. ३५) । पाठको संसक्तिपरक अध्ययन गर्दा त्यसमा रहेका व्याकरणिक र कोशीय शब्दको सम्बद्धता तथा पारस्परिक सम्बन्धलाई आधार बनाइन्छ । व्याकरणिक संसक्तिगत युक्ति ( ग्रमाटिकल कोहेसिब डिभाइस) र कोशीय वा शाब्दिक संसक्तिगत युक्ति (लेक्सिकल कोहेसिब डिभाइस) को अध्ययन पाठको आर्थी सम्बन्धको निर्धारणका लागि गरिन्छ जुन सङ्कथन विश्लेषणको केन्द्रीय विषय हो ( गौतम, २०६८, पृ. ५७६) । पाठमा निहित कोशीय र व्याकरणिक संसक्तिको अध्ययन तथा तिनको प्रयोगले पाठभित्र रहेको भावप्रवाह र आर्थीसम्बन्धको निर्धारणका लागि संसक्ति सबल र सशक्त माध्यम मानिन्छ जसमध्ये व्याकरणिक संसक्ति एक मुख्य माध्यम हो । व्याकरणिक संसक्तिको अध्ययन गर्ने विविध सूक्ष्म एकाइ वा प्रतिमान रहेका छन् । भाषिक प्रकार्यका सन्दर्भमा निश्चित र अनिश्चित सूचनालाई सन्दर्भित गर्ने व्याकरणिक संसक्ति निदर्शन हो (फ्लावरडचु, सन् २००८, पृ. ३४) । ह्यालिडे र हसन (सन् १९७६) ले व्याकरिणक संसक्तिको विभाजन प्रथमतः निदर्शन वा सन्दर्भन, सार्वनामीकरण, प्रतिस्थापन, लोप र

संयोजन रहने तथा यसको पाठमा रहने उपस्थितिले सुसम्बद्धता सिर्जना गर्न अहम् भूमिका खेल्ने पक्षको विवेचना गरेका छन् (सन् १९७६, पृ. ३) । व्याकरणिक संसक्तिव्यवस्थाअन्तर्गत सुसम्बद्ध पाठ सिर्जना गर्ने सन्दर्भमा निदर्शनको भूमिका महत्त्वपूर्ण रहने गर्दछ । निदर्शन पाठको संरचनाभित्र आउने नामिक पद वा पदसमूहको विकल्पमा प्रयोग हुने सन्दर्भसूचक भाषिक एकाइ हो जसले पाठमा एकान्विति सिर्जना गरी पाठमा रहेका सन्दर्भलाई परस्परमा सम्बद्ध तुल्याउन महत्त्वपूर्ण भूमिका खेल्दछ (ह्यालिडे र हसन, १९७६, पृ. ३७) । निदर्शनले पाठमा रहेका विविध आर्थीसम्बन्ध भएका सन्दर्भलाई परस्परमा आबद्ध गरी पाठगत एकान्विति र केन्द्रीय अर्थ सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । पाठको आन्तरिक पक्षलाई सुसम्बद्ध तुल्याई पाठात्मक संरचनामा भाषिक प्रकार्यलाई तथ्यपरक र विश्वसनीय तुल्याउने भाषिक कोड वा सङ्केतव्यवस्था निदर्शन वा सन्दर्भन हो भने पाठको अर्थ कसरी प्रसार र विकसित भई समग्रार्थउन्मुख भएको छ भन्ने पाठकलाई आधार र मार्गनिर्देश गर्ने व्याकरणिक संसक्ति निदर्शन हो (म्याकार्थी, १९९१, पृ. ३५) । पाठ निर्माणका लागि सूक्ष्म संरचनामा आएर पनि भाषिक प्रकार्यका दृष्टिले महत्त्वपूर्ण भूमिका खेल्ने निदर्शन वा सन्दर्भनले पाठ निर्माण, यसको बुनोट, विकास र केन्द्रीय अर्थका तहमा सार्थक उपस्थिति जनाई सबै भाषिक एकाइ र अर्थबीच पारस्परिक सम्बद्धता स्थापित गर्ने माध्यम र आधार हो । निदर्शन पाठमा सन्दर्भनका रूपमा आएका नाम पदको संरचनात्मक प्रकार्यलाई बहन गर्ने संरचना, अर्थ र सन्दर्भको प्रतिनिधित्व गर्ने एकाइ भएकाले प्रनाउनका रूपमा नभई सार्वनामिक एकाइका रूपमा सङ्कथन संरचनामा आउने विषय हो (ह्यालिडे र म्याथिसेन, २००४, पृ. २४७) । निदर्शनले पाठमा प्रयुक्त सार्वनामिक पदलाई प्रोनोमिनल युनिटका रूपमा समेत अधिग्रहण गरी भाषिक प्रकार्यलाई निरन्तर सूचना प्रवाहसँग जोड्ने कार्य गर्दछ भने व्याकरणिक संसक्तिको दोस्रो प्रतिमान प्रतिस्थापन र लोप रहेका छन् । अधिकारी, २०८०, पृ. ) ।

प्रस्तुत उदाहरण शोधसामग्रीअन्तर्गत सैद्धान्तिक सामग्रीको विश्लेषणसम्बद्ध छ । यस उदाहरणमा संसक्ति के हो ? यो अध्ययनपद्धति कसरी विकास भयो ? यसका मूलभूत अभिलक्षण के हुन् ? यसका केकस्ता भेदउपभेद छन् ? व्याकरणिक संसक्ति कसरी यसको भेद हो ? व्याकरणिक संसक्तिका केकस्ता भेद-उपभेद छन् ? तिनीहरू मध्ये निदर्शन के हो ? निदर्शनको सैद्धान्तिक अभिलक्षण कसरी निर्माण भएको छ ? निदर्शनले साहित्यिक कृतिमा केकस्तो पक्षको अध्ययन गर्दछ भन्ने विषयको सोपानक्रममा विश्लेषण भएको छ । सैद्धान्तिक सामग्री ज्ञानमीमांसासँग सम्बन्धित रहने भएकाले यसको सिद्धान्तमा भनिएका विषयलाई शोधार्थीले आफ्नो शोधक्षेत्र अनुकूल बनाउँदै विश्लेषणको पद्धति निर्माण गर्ने भएकाले यो आफैंमा सिद्धान्त र अवधारण दुवैको अन्तर्मिश्रण पनि हो । माथिको उदारण शोधकार्यका लागि उपयुक्त पद्धति हो भन्ने विषयको पुष्टिका लागि यसको संरचना, सामग्रीको विश्लेषणका लागि अवलम्बन भएको पद्धति, यसमा उपयोग भएका उद्धरण, तिनीहरूबीचको सोपानक्रम, उद्धरणको व्याख्या, तिनले अङ्गीकार गरेको ज्ञान तथा वाक्यवाक्यबीचको संसक्तियुक्त लेखनका आधारमा भएको छ । शोधकार्यका लागि अत्यावश्यक विषयनिष्ठ र तार्किक भाषाको प्रयोग पनि सुसम्बद्ध लेखनको नमुना हो । यसप्रकार शोधकार्य सिद्धान्तको पुनर्व्याख्या मात्र नभई सिद्धान्तनिष्ठ अवधारणाका अन्तर्यमा दोस्रो सैद्धान्तिक पक्षको पुनराविष्कार वा निर्माण पनि भएकाले यो शोधकार्यका लागि उपयोगी, सान्दर्भिक र आवश्यक प्रक्रिया हो । (ऐजन, पृ. ९०-९१) ।

**पाठविश्लेषणमा सन्तुलित सामग्री विश्लेषणको प्रक्रिया**

शोधकार्यमा सैद्धान्तिक र विषयगत सामग्रीलाई प्रथमतः सिद्धान्त र सिद्धान्तको लगत्तैपछिको उपशीर्षक वा उपशीर्षक नराखी विश्लेषण गर्ने पद्धति पनि स्वीकृत रहेको छ । यस्तो पद्धतिमा सर्वप्रथम सिद्धान्त र सिद्धान्तनिष्ठ अवधारणा विषयविश्लेषणको प्रकृतिअनुरूप एक वा सोभन्दा बढी अनुच्छेदमा प्रस्तुत गरी त्यसपछिका अनुच्छेदमा विषयगत सामग्रीको विश्लेषण गरिन्छ ।

उदाहरण ३

संस्कृत काव्यचिन्तनमा औचित्यवादका प्रवर्तक क्षेमेन्द्र हुन् भने काव्य वा साहित्यमा अभिव्यञ्जित रस, अलङ्कार, ध्वनि, रीति, गुण वा वक्रोक्तिजस्ता सिद्धान्तको कहाँ र कुन स्थानसम्म तिनको प्रयोगगत औचित्य छ भन्ने विषयको अध्ययन अर्थात् अन्य सिद्धान्तको प्रयोगगत उपादेयताको पुष्टि गर्ने गर्ने मान्यता हो । क्षेमेन्द्रको औचित्य-विचारचर्चा शीर्षक लक्षणग्रन्थमा सिर्जनामा उपस्थित र प्रस्तुत हरेक पक्ष (रस, अलङ्कार, ध्वनि, रीति, गुण) जस्ता विषयको औचित्यपुष्टि हुँदैन भने त्यस कृतिको कुनै औचित्य नरहने भएकाले बिना औचित्य कुनै पनि कार्य सफल तथ्य काव्यका सन्दर्भमा औचित्यवादको प्रतिपाद्य विषय हो (सिग्द्याल, २०२८, पृ. ५५) । संस्कृत काव्यचिन्तनमा औचित्यवाद अन्य चिन्तनका बीच पारस्परिक अन्तर्सम्बन्ध स्थापित गर्ने सेतु हो । औचित्य कविता सिर्जनाका क्रममा नियोजित ढाँचामा प्रयोग गरिने पदविन्यासदेखि रसभावगत, अलङ्करणका प्रविधि, शब्दार्थसम्बन्ध र ध्वनि तथा काव्यगुणका अतिरिक्त कथनमा अभिव्यञ्जित प्रत्येक अङ्गको उपादेयता मापन गर्ने सैद्धान्तिक मत हो । सामान्य शब्दार्थकै आधारमा हेर्दा पनि औचित्यको तात्पर्य जुन धर्म वा विशेषताका लागि जुन वस्तुको परिभाषा भएको छ त्यसलाई त्यसैका सादृश्यमा प्रस्तुत गर्नुपर्छ भन्ने नै हो । जुन विषय, वस्तु वा पदार्थ जुन वस्तु वा पदार्थसँग मेल खान्छ त्यो उचित मानिन्छ भने त्यही उचितसम्बद्ध विषयलाई यो सही छ भन्नु वा अनुभव गर्नु औचित्य हो (पोखरेल उद्धृत क्षेमेन्द्र, २०५९, पृ. ३२) । साहित्यका सन्दर्भमा यसको अङ्गविन्यासदेखि रसभावगत अलङ्करणका प्रविधि तथा त्यसको भावगत सौन्दर्यको उचित स्थानमा यथोचित् व्यवस्थापनले मात्र काव्यको औचित्यसिद्ध हुने विषयको पृष्ठपोषण गर्दछ । काव्यमा यसको अभिवृत्तिको महत्त्वलाई पुष्टि गरिने औचित्यपूर्ण अभिव्यक्ति नै जीवित हो भने वक्ताको (यस सन्दर्भमा लेखक) अशयलाई कलात्मक अभिव्यञ्जनाका माध्यमबाट आवरण दिनु औचित्य हो (कुन्तक, १९८९, पृ. ७८) । साहित्य अभिव्यञ्जनात्मक कला भएका कारण यसको उपयोगिता भन्नु नै औचित्यले प्रमाणित गर्ने विषय हो । औचित्यहीन कथ्य र तिनको प्रस्तुतिले काव्यको रसभावगत प्राप्तिलाई भङ्ग गर्ने भएकाले साहित्यमा रसप्राप्तिमा बाधा सिर्जना गर्दछ । औचित्यको वास्तविक योजना नै रसप्राप्तिको आधार भएकाले यसमा काव्य हुनुको तात्पर्य अवशिष्ट छ (आनन्दवर्धन, १९५३, पृ ३७८) । काव्य वा साहित्यमा शब्दमाधुर्य, अर्थवैविध्य र अर्थगत चमत्कारका माध्यमबाट रसभावगत प्राप्ति हुने भएकाले यसको अनौचित्य कथनका माध्यमबाट कथ्यको पुष्टि गर्ने अभिवृत्तिबाट प्रेरित काव्यको औचित्य नरहने तथ्यसिद्ध छ । औचित्यका कोणबाट स्वर्ग र देवता कवितालाई नियाल्दा अर्थौचित्य, रसौचित्य, गुणौचित्य र अलङ्कारौचित्यको निर्वाह भएको विषयलाई निम्नलिखित पङ्क्ति र पङ्क्तिपुञ्जका आधारमा विवेचना गर्नसकिन्छ भने निम्नलिखित कवितांशमा अर्थौचित्यको प्रस्तुति भएको छ ।

तिम्रा महापण्डित, मेरो महामूर्ख !

तिम्रो स्वर्ग, मेरो नरक !
तिम्रो सून, मेरो फलाम !
साथी ! तिम्रो धर्म मेरो पाप !
जहाँ तिमी आफुलाई चलाक सम्झन्छौ,
उहाँ म देख्छु तिमीलाई बिल्कुल लाटा !
तिम्रो उन्नति, मेरो अवनति,
यस्तै छ मोल मोलाइको उलट-पलट
साथी
तिम्रो विश्व, मेरो बाल !
जरुर साथी ! म विल्कुल चन्द्राहत छु
चन्द्राहत,
यस्तै छ मेरो हाल ! अर्थौचित्य

देवकोटा, “पागल”, २०७६, पृ. १२३) ।

मूलभूत रूपमा शब्द र अर्थबीचको सहभावबाट संरचनाविधान प्राप्त हुने कवितामा शब्दले दिने अनौचित्य अर्थ काव्यिक विशेषताबाट रचनालाई विमुख गर्ने मुख्य आधार हो । शब्दार्थसम्बन्धको उचित व्यवस्थाले नै काव्यलाई सार्थक र औचित्यपूर्ण तुल्याउने भएकाले अर्थको औचित्य अर्थात् अर्थसम्बन्धमा हुने अनमेल काव्यदोषको कारक बन्दछ । प्रस्तुत कवितांशमा शब्दार्थसम्बन्धका कारण सृजित व्यङ्ग्य र अर्थगत चमत्कृतिका कारण कविता तीनै प्रकारका अर्थप्रस्तुतिको माध्यम बनेको छ । अभिधार्थ शक्तिशाली रहेको प्रस्तुत कवितांश लक्ष्यार्थ र व्यङ्ग्यार्थसमेतको अर्थप्राप्तिसम्म विस्तारित रहनु तथा यसमा प्रस्तुत काव्यकथनकै अन्तर्यमा कविताका अन्य सन्दर्भले आर्थीस्वरूप प्राप्त गर्नु अर्थौचित्यको प्रमाण हो । पागल हुनु, पागल बनाइनु अथवा पागल भनेर आलोचना गरिनुको बृहत्तर आर्थी सन्दर्भ अवशिष्ट रहेको यस पङ्क्तिगुच्छमा सामान्यतः मानसिक विचलन भई आफूलाई अन्य व्यक्तिभन्दा भिन्न देखाउने सम्बोधकको चरित्र तथा उसको जीवनजगत्प्रतिको दृष्टिकोण सामान्य व्यक्ति र सामाजिक व्यवहारभिन्न हुनुलाई स्वाभाविक ठान्दा पनि एउटा पागलको चारित्रिक विशेषताको मुख्यार्थमा बाधा भई वस्तुजगत्मा अभ्यन्तरमा रहेका मानवीय चेतनाको प्रकटीकरण, सूक्ष्म लोकपर्यवेक्षण तथा तिनीहरूप्रतिको दृष्टिकोणका दृष्टिले अभिधार्थमै कविता शक्तिशाली छ भन्ने विषयको पुष्टि हुनाले अर्थौचित्यको पुष्टि हुन्छ । व्यक्तिको व्यक्तिगत स्वतन्त्रता तथा व्यक्तिमा विद्यमान क्षमताका सामु आफ्नो बौद्धिकता निस्तेज रहेकाले स्वयम्लाई विद्वत् र आफ्नो ज्ञानको श्रेष्ठतालाई थप शक्तिशाली तुल्याउनका लागि आधारविहीन तर्कको सहयोग लिने कथित विद्वतसमाजको तर्कहीनता नतमस्तक व्यक्तित्वको आधारहीन आक्षेपको खण्डन गर्ने लक्ष्यार्थ प्रस्तुत गर्ने यस कवितांशले सिङ्गो कविता समाजको गतिहीन सोच र प्रवृत्तिलाई नङ्ग्याउने शक्तिशाली कथनका रूपमा प्रस्तुत हुनु अर्थौचित्य पुष्टि गर्ने ओस्रो आधार हो । अभिधार्थमै शक्तिशाली रहेको प्रस्तुत कविता समाजमा स्वतन्त्रता छ भन्ने आशयमा मानवीय संवेदना र अवस्थालाई विघटन गरी मान्छेको मूल्यविहीन र मानवीय धर्मका साथै मानवतामाथि नाङ्गो नाच गर्ने सत्ताप्रवृत्तिको भण्डाफोर गरेको छ । यस कवितांशका अन्तर्यमा अस्तित्वविहीन बनेको सीमान्तआवाजका माध्यमबाट नेपाली समाजको वास्तविक

चित्रण गर्ने व्यङ्ग्यार्थ प्रस्तुत गर्ने यस कवितांशमा उद्धृत आवाज सिङ्गो कवितालाई व्यञ्जनाप्रधान तुल्याउने माध्यम बन्नु कविता आफैंमा शक्तिशाली अन्तर्वस्तुमा संरचित छ भन्ने अर्थौचित्यको पुष्टि हुँदै हो भने यसकै सापेक्ष रसौचित्य पनि कवितालाई औचित्यपूर्ण कथनमा रूपान्तर गर्ने विषयलाई निम्नलिखित अंशले पुष्टि गर्दछन् ।

(अधिकारी, तिमल्सेना र रेग्मी, प्रकाशोन्मुख पागल कवितामा संस्कृत काव्यचिन्तनबाट साभार) ।

शोधसामग्रीको विश्लेषणका सन्दर्भमा सिद्धान्त र विश्लेषित तथ्यलाई एउटै अनुच्छेदमा राखी विश्लेषण गर्ने पद्धतिका रूपमा निम्नलिखित उदाहरणलाई लिनसकिन्छ :

उदाहरण ४

आफ्नो विशिष्ट नियम रहनु र परम्परामा आश्रित रही विचार विनिमयलाई निरन्तरता दिनु भाषाको विशेषता हो । भाषाले निर्धारित व्याकरणिक नियमको परिधिमा रही संरचनात्मक स्वरूप प्राप्त गरेको हुन्छ । काव्यात्मक संरचना अथवा अभिव्यक्तिभित्र पूर्व रूपमा निश्चित र निर्धारित भइसकेका मानक भाषिक नियमहरूको सार्थक तथा व्यवहारोपयोगी क्रमभङ्गता, भञ्जन वा अतिक्रमणबाट कविताभित्र विद्यमान भाषिक सौन्दर्यका नूतन आयाम र संभावनाको खोजी गरिन्छ । यसप्रकारको संभावित खोजीलाई भाषिक विचलनको प्रारूपका रूपमा परिभाषित गरी काव्यात्मक लय निर्माणमा भाषिक विचलनले के कस्तो प्रभाव पार्दछ भन्ने तथ्यको खोजी गरिन्छ भने भाषिक विचलनका कारण मुक्तलयमा संरचित गद्यकवितामा विद्यमान बाह्ययान्तरिक लयसौन्दर्यको सन्तुलन मापन गरिन्छ ( गौतम, २०६६ : ५८० ) । विशेष गरी गद्यलयमा संरचित कविता र गीत/गजल सङ्कथनमा रहेको लय सौन्दर्यका लागि विचलनको अहम् भूमिका रहने गर्दछ । प्रस्तुत कहाँ थियौ तिमी रङ्गमञ्च छुटेपछि आयौ शीर्षक गजलमा विचलनव्यवस्था तलका सन्दर्भमा निम्नलिखित रहेको छ ।

कहाँ थियौ तिमी रङ्गमञ्च उठेपछि आयौ
समयले जवानी यो लुटेपछि आयौ ।

यस पहिलो अनुच्छेद नेपाली व्याकरणको मानक नियमअनुसार रहेको छैन । यसमा प्रचलित पदक्रमका तहमा विचलन आएको छ । यसलाई प्रचलित पदक्रम (कर्ता, कर्म र क्रिया) को मानक अनुक्रममा रूपान्तरण गर्दा संरचना यसप्रकारको हुन आउँछ :

तिमी कहाँ थियौ ? तिमी रङ्गमञ्च उठेपछि आयौ
समयले यो जवानी लुटेपछि तिमी आयौ ।

माथिको संरचनामा सामान्यतः अर्थगत भिन्नता छैन तर गीतिमय व्यवस्था प्रभावित भएको छ । गीतकारले विचलनका माध्यमबाट ‘कहाँ’, ‘रङ्गमञ्च’, ‘समय, ‘जवानी लुटिनु’ जस्ता शब्दलाई जोड दिएका छन् र यी शब्दमा आएको सुर र बलाघातका कारण विशेष प्रकारको अन्तर्लयको सिर्जना भएको छ ।

ओइलिएका रहरहरू पलाउँछन् कि फेरि
सम्झनाको असिनाले चूटेपछि आयौ ।
कहाँ थियौ तिमी रङ्गमञ्च उठेपछि आयौ
समयले जवानी यो लुटेपछि आयौं ।

उपर्युक्त अनुच्छेद पनि नेपाली भाषाको मानक नियमअनुसार रहेको छैन । यसमा प्रचलित व्याकरणका तहमा विचलन आएको छ। यस अनुच्छेदलाई मानक अनुक्रममा यसप्रकार राख्न सकिन्छ :

मेरा ओइलिएका रहरहरू फेरि पलाउँछन् कि
तिमी सम्भनाको असिनाले चूटेपछि आयौ ।
तिमी कहाँ थियौ ? तिमी रङ्गमञ्च उठेपछि आयौ
समयले यो जवानी लुटेपछि तिमी आयौं ।

यस दोस्रो अनुच्छेदमा पनि अर्थगत भिन्नता छैन तर लय व्यवस्था प्रभावित छ । यसमा पनि गजलकारले व्याकरणिक विचलनका माध्यमले खासखास शब्द जस्तै ओइलिएका रहर, सम्भनाको असिना जस्ता शब्दमा जोड दिएर विशिष्ट लयको सिर्जना गरेका छन् ।

तिमी र म सँगसँगै गर्नुहुन्थ्यो यात्रा
जिन्दगीलाई बोक्ने गाडी छुटेपछि आयौ ।
कहाँ थियौ तिमी रङ्गमञ्च उठेपछि आयौ
समयले जवानी यो लुटेपछि आयौ ।

गजलको तेस्रो अनुच्छेद पनि नेपाली व्याकरणको मानक नियमअनुसार रहेको छैन । यसमा प्रचलित पदक्रमका तहमा विचलन आएको छ । यसलाई प्रचलित पदक्रम (कर्ता, कर्म र क्रिया) को मानक अनुक्रममा रूपान्तरण गर्दा संरचना यस्तो हुन्छ :

तिमी र म सँगसँगै यात्रा गर्नुहुन्थ्यो
तिमी जिन्दगीलाई बोक्ने गाडी छुटेपछि आयौ
तिमी कहाँ थियौ ? तिमी रङ्गमञ्च उठेपछि आयौ
समयले यो जवानी लुटेपछि तिमी आयौ ।

माथिको गीति सङ्कथनमा पनि अर्थगत भिन्नता छैन तर गीतिलय व्यवस्था प्रभावित छ । यसमा पनि गीतकारले व्याकरणिक विचलनका माध्यमले खासखास शब्दमा जोड दिएर विशिष्ट लयको सिर्जना गरेका छन् । यस दृष्टिले सङ्कथनमा अर्थलाई विशिष्ट तुल्याउन लयले पनि विशेष भूमिका निर्वाह गर्न सक्छ भन्ने स्पष्ट हुन्छ। अधिकारी, २०८०, पृ. २०३-२०४)।

यस उदाहरणमा कहाँ थियौ तिमी गजलमा भाषिक विचलनले लयनिर्माण र निर्धारणका लागि खेल्ने भूमिकाको विश्लेषणका लागि पहिले विचलनको सैद्धान्तिक पक्ष र लगत्तै गजलको विश्लेषण भएको छ । यसप्रकार सामग्रीको विश्लेषणको कार्य सकिएपछि त्यसलाई तथ्यपूर्ण निषकर्ष लेखी शोधकार्यलाई समापन गरिन्छ।

**निष्कर्षणका प्रक्रिया**

निष्कर्ष शोधकार्यको अन्तिम परिणाम वा प्राप्ति हो । शोधकार्यमा शोधार्थीले गरेका कार्य, अवलम्बन गरेको पद्धति, प्रक्रिया र औचित्यलाई सैद्धान्तीकरण र सामान्यीकरण गर्ने कार्य यस खण्डमा गरिन्छ । निष्कर्ष परिणाममुखी तथा शोधकार्यको सामान्यीकरण र सैद्धान्तीकरणसँग सम्बन्धित हुनुपर्दछ । शोधकर्ताले गरेका कार्यको संश्लेषण गर्ने स्तम्भ भएकाले यसमा निर्णयात्मक भाषाको प्रयोग गरिन्छ । निष्कर्षमा सन्देहार्थक, द्विअर्थी, अमूर्त भाषाको प्रयोन गर्नुहुन्न । शोधकार्यमा विश्लेषण भएका कार्यको

सोपानक्रमलाई पूर्णतः पालन गरी निष्कर्ष लेख्नुपर्दछ । निष्कर्षमा शोधसामग्रीको विश्लेषणबाट के प्राप्त भयो, ती शोधसमस्याको निराकरणका लागि कसरी उपयोगी भए ? उक्त विश्लेषणले किन मूल्य स्थापित गरेको छ ? भन्ने प्रश्नको संश्लेषित उत्तर आउनुपर्दछ । शोधसमस्या र शोधअन्तरालका सम्बन्धमा शोधार्थीले दाबी गरेको विषयको पुष्टि कसरी भएको छ ? भन्ने प्रश्नको उत्तर आउनुपर्दछ । शोधसमस्याको उत्तर विश्लेषणका क्रममा आए नआएको विषयलाई ख्याल गरी निष्कर्ष प्रस्तुत गर्नुपर्दछ । निष्कर्षमा शोधकार्यको अन्त्यमा आउने खण्ड भएकाले यसको प्रभाव र भावी अनुसन्धानका लागि मार्गनिर्देशन अपेक्षित रहन्छ । उदाहरणका लागि व्यवस्थित निष्कर्षका रूपमा माथिल्ला शीर्षकमा प्रस्तुत भएका उदाहरणबाट प्राप्त नतिजालाई तलका सन्दर्भमा निष्कर्षण गरेर हेर्न सकिन्छ ।

उदाहरण १

निदर्शन व्याकरणिक कोटिका रूपमा रहने सार्वनामिक एकाइले पाठमा नियमित सन्दर्भको निर्माण गरी तिनमा पारस्परिक सम्बन्ध स्थापित गर्दै सुसम्बद्ध पाठ निर्माण गर्ने व्याकरणिक संसक्ति हो भने यस कविताका सन्दर्भमा यो विषय सशक्त छ । कविताको पहिलो पङ्क्तिगुच्छदेखि बाह्रौं पङ्क्तिगुच्छसम्मको निदर्शनको संसक्त पाठ निर्मापकको भूमिकालाई हेर्दा एकदेखि सातौं पङ्क्तिपुञ्जसम्म सम्बोधकको संस्मरण र त्यसपछिका पाँच पङ्क्तिगुच्छमा सम्बोधनात्मक कथ्यप्रस्तुतिका क्रममा सम्बोधककी प्रेमिका तिनी तथा त्यसकै पुष्टिका लागि आएका व्यक्तिवाचक निदर्शनको नियमित पुनरावृत्ति भई प्रेम, विरह, रोदन, पीडा तथा प्रेमोपासनालाई प्रस्तुत गर्ने सन्दर्भलाई सन्दर्भित गरी पाठगत अर्थलाई केन्द्रीकृत गरेको छ ।

उदाहरण २

वाक्यभन्दा माथिल्लो प्रकार्यात्मक भाषिकव्यवस्था सङ्कथन हो भने यसको अध्ययन गर्ने एउटा अनुशासन संसक्ति हो । अन्तर्विषयक अनुशासनका रूपमा भाषिक सन्दर्भले सङ्केत गरेका विविध आयामको अध्ययन गर्ने क्रममा पाठमा आएका कोशीय र व्याकरणिक प्रकार्यका माध्यमबाट सिङ्गो पाठको अर्थको अन्वेषण गर्ने संसक्तिसिद्धान्तमा व्याकरणिक संसक्तिको उपादेयता व्याकरणिक कोटिले सुसम्बद्ध पाट निर्माण गरी अर्थमा एकान्विति कसरी सिर्जना गरेको छ भन्ने पक्षको खोजी नै हो । निदर्शन/सन्दर्भन, सार्वनामीकरण, प्रतिस्थापन, लोप र संयोजन तथा यिनका सूक्ष्मभेदका आधारमा सुसम्बद्ध पाठको आधार तथा केन्द्रीकृत अर्थको खोजी गर्ने यो सिद्धान्त भाषापरक अनुसन्धानपद्धति हो ।

उदाहरण ३

संस्कृत काव्यचिन्तनमा आचार्य क्षेमेन्द्रद्वारा प्रतिपादित औचित्यवाद कृतिमा प्रस्तुत भाषिक र अन्य कला एवम् भावसौन्दर्यको उपादेयताका आधारमा काव्य/साहित्यको विश्लेषण र मूल्याङ्कन गर्ने अनुशासन हो । कवितामा प्रयुक्त रस, अलङ्कार, ध्वनि, गुण, अर्थको उचित विन्यास हुनु नै उत्तम काव्यको अभिलक्षण हुने मान्यता स्थापित गर्ने यस सिद्धान्तका आधारमा पागल कविता अध्ययनीय शोधसामग्री हो भने यसमा अन्य विषयका तुलनामा अर्थौचित्यको संयोजन सशक्त छ । सामाजिक विभेदका कारण सृजित विषयम परिस्थितिमा मानवीय अस्तित्वका लागि सीमान्त मानिसको आवाज प्रतिध्वनित भएको यस कृतिमा प्रयुक्त व्यङ्ग्य र विद्रोहको अभिव्यञ्जनाका लागि वाच्यार्थ र लक्ष्यार्थका तुलनामा व्यञ्जनाका तहमा अर्थ प्रतिपाद्य हुनु औचित्यका दृष्टिले सशक्त अभिव्यक्ति हो ।

उदाहरण ४

भाषिक अभिव्यक्तिको मानक र व्याकरणिक नियमलाई मिचेर आलङ्कारिकता सिर्जना विधान गर्ने प्रक्रिया विचलन हो भने कहाँ थियौ तिमी रङ्गमञ्च शीर्षक गजलमा पर्याप्त विचलन भएको छ । गजल सिर्जनाका क्रममा अन्तर्साङ्गीतिकता र लयनिर्माणका लागि मानक व्याकरणिक नियमको पालना नभएको यस गजलमा विचलनको प्रक्रिया निरुद्देश्य नभई सोद्देश्य छ भने यसले कृतिको आन्तरिक सौन्दर्यका साथै लयसंयोजनमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

उपर्युक्त चारवटा उदाहरण क्रमशः शोधसामग्रीको विश्लेषणअन्तर्गत बाक्य र अनुच्छेदयोजना, सैद्धान्तिक सामग्रीको विश्लेषण, सिद्धान्त र विषयगत विश्लेषणको आधार तथा सिद्धान्त-विषयको एकैस्थानमा कसरी विश्लेषण गरिन्छ तथा त्यसको निष्कर्ष वा निष्कर्षणको प्रक्रिया कस्तो हुन्छ भन्ने पक्षको पुष्टिका लागि प्रस्तुत भएको छ । शोधसामग्रीको विश्लेषण गरिसकेपछि गरिने यस कार्यमा विश्लेषणबाट प्राप्त नतिजालाई दशांशमा सैद्धान्तीकरण गरिन्छ । सामग्रीविश्लेषणका क्रममा शोधार्थीको दाबी, दाबीको पुष्टिका लागि प्रस्तुत गरिएका तथ्य, प्रमाण, त्यस विषयमा भएका विमर्श र विश्लेषण, अन्तर्मथन तथा प्राप्त नतिजालाई विश्चयार्थक भाषाको प्रयोग गरी सैद्धान्तीकरण गरिन्छ । शाहजहाँको इच्छा कविताका १-१२ अनुच्छेदको निदर्शन व्यवस्थासम्बन्धी विमर्शबाट आएको नतिजाको संश्लेषण उदाहरण १ मा प्रस्तुत भएको छ । त्यसैगरी संसक्ति व्यवस्थासम्बन्धी विषयको विमर्शको संश्लेषण उदाहरण २ हो । उदाहरण ३ मा सिद्धान्त र विषयगत शोधसामग्रीलाई सँगसँगै लाने प्रक्रियाको प्राप्ति सैद्धान्तीकरण भएको छ भने चौथो उदाहरणमा सिद्धान्त र विषयलाई एकै स्थानमा व्यवस्थापन गरिने पक्षको निष्कर्ष प्रस्तुत भएको छ ।

## निष्कर्ष

शोधकार्य नयाँ ज्ञानको उत्पादन र त्यसलाई सैद्धान्तीकरण गर्ने प्रक्रिया हो । वस्तु र जीवनजगत्का कुनै पनि विषयका बारेमा उठ्ने जिज्ञासा र तिनको सामान्यीकरण गर्ने प्रक्रिया भएकाले यो ज्ञान उत्पादन र त्यसलाई वितरण गर्ने क्षेत्र पनि हो । मानव सभ्यता र समाज विकासको इतिहासमा भएका सामाजिक अभ्यास र ती विषयसँगको गम्भीर अन्तर्मन्थन तथा लामो अभ्यासपछि तिनले निर्माण गरेको संज्ञानबाट निर्मित ज्ञानसीमांसा, त्यसले ओगटेको बृहत्तर तत्त्वमीमांसा तथा वर्तमानमा त्यसको मूल्य स्थापित गर्ने प्रक्रिया भएकाले यो तीन चरणको ज्ञानलाई एकैस्थानमा उभ्याउने माध्यम पनि हो । शोधकार्यका लागि प्रथमतः शोधक्षेत्र, शोधसामग्री, तिनको व्यवस्थापन, विश्लेषण र निष्कर्षण मूलभूत चरण हुन् । शोधकार्यमा शोधार्थीले शोधक्षेत्र निश्चय गरेपछि आफूलाई आवश्यक शोधसामग्रीको व्यवस्थापन गरिसकेपछि गरिने शोधकार्यको अन्तिम चरण शोधसामग्रीको विश्लेषण हो भने शोधकार्यलाई सैद्धान्तीकरण वा अर्थापन गरिने चरण निष्कर्षण हो । मूलभूत रूपमा शोधसामग्रीको विश्लेषण सैद्धान्तिक र विषयगत आधारमा गरिन्छ । शोधकार्यमा सैद्धान्तिक सामग्रीको विश्लेषण मूलतः गुणात्मक अनुसन्धान पद्धति अवलम्बन भई गरिने अनुसन्धानका लागि विषयगत सामग्रीको विश्लेषणपूर्व उल्लेख गरिने विषय हो भने परिमाणात्मक अनुसन्धान पद्धति अवलम्बन हुने शोधकार्यमा तथ्यको विश्लेषणपछि प्राप्त हुने निष्कर्ष र सिद्धान्तको तुलनात्मक अध्ययन गरी विमर्शबाट प्राप्त नतिजाको परीक्षण वा प्रक्कल्पनाको समूर्तनका लागि यसको आवश्यकता छँदैछ । शोधकार्यमा विषयगत सामग्रीको विश्लेषणबाट नै नवीन

ज्ञानको प्राप्ति हुने भएकाले यो महत्त्वपूर्ण पक्ष हो । सिद्धान्तलाई आधार मानी गरिने शोधकार्यमा विषयको व्यवस्थापन शोधसमस्या, शोध्यसमस्या र सिद्धान्तसापेक्ष व्यवस्थापन गरी तिनको क्रमशः व्याख्या, विवेचना र विश्लेषण गरिन्छ । शोध र शोध्यसमस्याका आधारमा वितरित सामग्रीको विश्लेषण गर्दा विषयगत तथ्यलाई केन्द्रमा राखी शोधकार्यको प्रकृतिअनुसार सोपनक्रममा राखी सरल तर मझौला संरचनाका वाक्य, सन्तुलित अनुच्छेद तथा वस्तुपरक भाषामा लेख्नु उपयुक्त हुन्छ । शोधसमस्यामा उल्लेख भएका विषयअनुरूप सन्तुलित ढाँचामा तथ्यको प्रस्तुति तथा तिनको विश्लेषणका लागि अवलम्बन हुने वस्तुनिष्ठ विश्लेषण नै शोधकार्यको गुणस्तर मापनि हुने आधार भएकाले अन्तर्निष्ठ पक्ष यसका लागि स्वीकार्य छैन । सिद्धान्तनिष्ठ शोधकार्यमा शोधसामग्रीको विश्लेषण गर्दा सिद्धान्त र विषयको पारस्परिक अन्तर्सम्बन्ध प्रस्तुत गर्दै तुलना, प्रतितुलना, खण्डन-मण्डन, उदाहरण, पूर्वकार्यमा उल्लेख भएका सन्दर्भ, तिनीहरूसँग सहमति, विमति वा नवीनपनजस्ता विषय उल्लेख गर्दै सारपूर्ण प्राज्ञिक लेखनमा रूपान्तर गर्नुपर्दछ । शोधसामग्रीको विश्लेषणका लागि वाक्यवाक्य र अनुच्छेद-अनुच्छेदबीग संसक्तिपूर्ण लेखन गरिनुपर्दछ भने एउटा सन्दर्भका विषयमा विश्लेषण गरिसकेपछि प्रसङ्ग निर्देश अनिवार्य मानिन्छ । सामग्रीको विश्लेषणपछि उक्त कार्यबाट शोधार्थीले के प्राप्त गरेको छ भन्ने विषयलाई प्रस्तुत गर्ने खण्ड निष्कर्षण हो । यस खण्डमा शोधकार्यमा भएका सम्पूर्ण विषयलाई शोत्रप्रबन्धमा प्रस्तुत गरिएको सोपानक्रमका आधारमा क्रमबद्ध ढाँचामा प्रस्तुत गरिन्छ । मुख्यतः शोधकार्यमा निष्कर्षण दशांशमा नघट्ने गरी उल्लेख गर्ने प्रचलन छ । निष्कर्षणका क्रममा सामग्रीको विश्लेषणबाट के कुरा ज्ञाप्त भएको छ ? प्राप्ति कसरी भएको छ ? तथा त्यसको प्राज्ञिक औचित्य वा प्रयोजन किन छ भन्ने पक्षलाई ख्यालमा राखी उपर्युक्त तीन प्रश्नका आधारमा नतिजाको संश्लेषण भएको निष्कर्ष सार्थक सम्यक र उपयुक्त सैद्धान्तीकरण वा अर्थापन मानिन्छ ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, अनिल (२०८०). शाहजशाँको इच्छा कवितामा व्याकरणिक संसक्ति' द जर्ननल अफ नलेज एन्ड इनोभेसन ९(१) (पृ. ८९-९५ । DOI https://doi.org/10.3126/jki.v9i1.53508

अधिकारी, अनिल (२०८०). 'कहाँ थियौ तिमी गजलमा लयव्यवस्था', दृष्टिकोण १३(१) पृ. १९७ -२०७ । https://doi.org/10.3126/dristikon.v13i1.56101

त्रिपाठी, वासुदेव (२०५३). 'शोधप्रक्रिया र त्यसमा सैद्धान्तिक ढाँचाको प्रयोग', वाङ्मय ७ (१) ।

बन्धु चूडामणि (२०५३). 'तथ्य सङ्कलन र विश्लेषण', वाङ्मय ७ (१) ।

शर्मा, मोहनराज (२०५३). 'शोधप्रबन्धको सङ्गठन र भाषाशैली', वाङ्मय ७ (१) ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६८). शोधविधि (पाँचौं संस्क.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७). साहित्यको अनुसन्धान व्यवस्थापन, शिखा बुक्स ।

Bailey, Stephen. Academic writing: A handbook for international students, Second edition, New York: Routledge, 2006.

Boote, David N and Beile, Penny (2005). Scholars before researchers: On the

centrality of the dissertation literature review in research preparation, Educational
Researcher, Vol. 34, No. 6, pp. 3–15
Creswell, J.W. (2014). Research Design (4th edn.), Sage.
Holden, M. T. and Lynch, P. (n.d.). Choosing the Appropriate Methodology: Understanding Research Philosophy. Cork Road, Waterford: Waterford Institute of Technology.
Mathukutty M. Mathukutty and Badrinarayan S. Pawar. Academic writing: A Guide for Management Students and Researchers. New Delhi: Response Books, SAGE, 2010.
Murray, Rowena and Sarah Moore. The handbook of academic writing: A fresh approach, Berkshire: Open U P, McGraw-Hill Education, 2006.

# संस्कृत वाङ्मयमा अनुसन्धेय शीर्षकहरूको खोजी

डा.चक्रपाणि खनाल
प्राध्यापक : नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय (सेवानिवृत्त)

**अनुसन्धानको अर्थ**

नवप्रवर्तन, अनुसन्धान र आविष्कारहरू नयाँ वस्तु, विचार र व्याख्याहरूको निर्माणसँग सम्बन्धित छन् । यिनीहरू सबैले नयाँ केही पत्ता लगाउनु , नवनिर्माण गर्नु भन्ने बुझाउँछन् र यी नवनिर्माण गरिएका वा नयाँ पत्ता लगाइएका 'केही' बाट मानव समाजमा थप उपयोगिताको सृष्टि हुन्छ । आविष्कार, अनुसन्धान, नवप्रवर्तन जस्ता शब्दको अर्थमा ध्यान दिने हो भने तिनमा सूक्ष्म अन्तर पनि पाइन्छ ।

नवप्रवर्तन भन्नाले नयाँ बनाउनु भन्ने नै बुझिन्छ , खासमा यसबाट कारखाना आदिले निरन्तर बनाइराखेको वस्तु आदिमा लागत घटाउन वा उपयोगिता बढाउन त्यसको केही रूप,गुण वा अंश बदल्नु वा बिलकुलै नयाँ बनाउनु नवप्रवर्तन हो । नेपालीमा जसलाई आविष्कार भनिन्छ त्यसलाई अंग्रेजीमा मष्कअयखभच बलम ष्लखभलतष्यल भनिन्छ , यिनमा डिस्कवर भन्नाले प्रकृति वा समाजमा पहिले नै विद्यमान भएको कुरा वा तत्वलाई अहिले नयाँ ढङ्गले प्रस्तुत गर्नु वा ढाकिएको छोपिएको कुनै वस्तु आदिलाई उघारेर स्पष्ट पारेर देखाउनु भन्ने हुन्छ । उदाहरणार्थ न्युटनका नियमहरू । दोस्रो अर्थात् इन्वेन्सन भनेको त बिलकुलै नयाँ बनाउनु हो । उदहरणार्थ समाजमा उपलब्ध विभिन्न विद्युतीय उपकरणहरू । अब अनुसन्धान शब्दमा ध्यान दिउँ, यो शब्द धारणपोषणार्थक, अनु उपसर्ग लागेको, डुधाञ् धातुमा भावार्थक ल्युट् प्रत्यय जोडिएर बनेको छ । यसको कोशीय अर्थ हुन्छ ' गहिरो खोजी, चेष्टा , प्रयत्न, जाँच, परीक्षा , अनुसन्धान आदि ।

सर्वसामान्य अर्थमा अनुसन्धान भनेको व्यवस्थित वैज्ञानिक रूपमा ज्ञानको खोजी हो । यसको प्राप्तिको निश्चित प्रक्रिया हुन्छ । विकिपेडिया अनुसार 'ज्ञानको भण्डार अभिवृद्धि गर्न सृजनात्मक तथा व्यवस्थित रूपमा गरिएको काम अनुसन्धान हो ।' यसमा प्रमाण वा तथ्यहरूको सङ्कलन, संगठन तथा विवेचना गरिन्छ जसबाट कुनै विषय शीर्षकबारेको समझ बढ्छ । यसमा पूर्वाग्रह रहन वा पक्षपात हुन नदिन विभिन्न उपाय वा सावधानी अपनाइन्छ । प्राज्ञिक अनुसन्धान कार्य एक अर्थमा सोही विषयवस्तुमा गरिएका पूर्ववर्ती कार्यको थप विस्तार हो । पूर्ववर्ती अनुसन्धानमा प्रयोगमा ल्याइएका उपकरण, प्रक्रिया, परीक्षण उपाय आदिको समीक्षा जाँचबुझ गरिसकेर अनुसन्धानको आरम्भ गरिन्छ । सम्बन्धित विषय क्षेत्रको पूर्ववर्ती ज्ञान वा उपलब्धिलाई समग्र रूपमा साथमा लिएर अनुसन्धानकर्ता आफ्नो अनुसन्धानमा अघि बढेको हुन्छ ।

अनुसन्धानलाई सामान्यतया सामाजिक र वैज्ञानिक भनी छुट्याइन्छ । प्रयोगशालामा प्रयोग गरिराखिएका परीक्षण सामग्री र प्राप्त परिणामहरूले डोऱ्याएको दिशामा अघि बढ्ने अनुसन्धान वैज्ञानिक

हो सोबाहेक अरु अनुसन्धानलाई सामाजिक अनुसन्धान भनिन्छ । सामाजिक अनुसन्धानमा सम्बन्धित अनुसन्धानकर्ताका पूर्वजानकारीहरूको महती भूमिका रहन्छ ।

**संस्कृत वाङ्मयको सर्वेक्षण**

संस्कृत भाषामा लेखिएको जुनसुकै सामग्री संस्कृत वाङमय हो ।यो ललित साहित्य हुन वा नहुन सक्छ । संस्कृत भन्नासाथ यो भाषा नै हाम्रा सामुन्ने वा हाम्रा समक्षमा अगाडि आउँछ । यसका दुई भेद छन्, वैदिक र लौकिक । तल वैदिक वाङ्मयको मुख्य विषय वा शीर्षकहरू प्रस्तुत गरिएका छन् । वैदिक वाङ्मयका शीर्षकहरू - - -

वेदसंहिता ४ छन्, वेदाङ्गहरू ६ वटा र केही उपवेद रहेका छन् । यिनका शाखा आदि - -

**अ. ऋग्वेद**

ऋग्वेदको प्रचलित शाखा शैशिरीय शाकल शाखा हो । यस शाकलभित्र निम्न ५ चरण रहेका छन् । क. मुद्‌गल ख. गालव वा गोखुल ग.वात्स्य घ. शालीय ङ .शैशिरीय

आश्वलायन शाखा- यसका यही नामका श्रौतसूत्र र गृह्यसूत्र पाइन्छन् ।

शाङ्खायनीय शाखा- उद्धरणहरूमा पाइने ।

कौषीतकी शाखा - यही नामका ब्राह्मण र उपनिषद पाइन्छन् ।

**आ.यजुर्वेद - -**

यसका दुई भेद छन् शुक्ल यजुर्वेद र कृष्ण यजुर्वेद ।

**कृष्ण यजुर्वेदका शाखाहरू - -**

कठ शाखा - यसका कठोपनिषद र काठक संहिता पाइन्छन् ।

कपिष्ठल शाखा - अपूर्ण रुपमा पाइएको र मुद्रित ।

श्वेताश्वतर शाखा - यही नामको उपनिषद पाइन्छ ।

चारायणीय शाखा - यसको शिक्षा ग्रन्थ मुद्रित, अन्य अनुपलब्ध ।

मैत्रायणीय शाखा- यसको यही नामको उपनिषद् प्रख्यात छ ।

टर्कीमा पाइएका मितानी अभिलेखहरू बसाइँ सरेर त्यहाँ गएका भरतखण्डवासी मैत्रायणीयहरूले बनाएको विश्वास गरिन्छ ।

मानव मैत्रायणीय शाखा- यसका श्रौतसूत्र र गृह्यसूत्र उपलब्ध ।

वाराह मैत्रायणीय शाखा - यसका श्रौतसूत्र (त्रुटित) र गृह्यसूत्र उपलब्ध ।

तैत्तिरीय शाखा - यसका ब्राह्मण, आरण्यक, उपनिषद् उपलब्ध छन् ।

पाणिनिको अष्टाध्यायी (४।३।१०२) मा वेदप्रवक्ता तित्तिरिको उल्लेख औख, वरतन्तु, खण्डिका आदि आचार्यहरूसँग गरिएको छ ।

भारद्वाज शाखा - यसको गृह्यसूत्र मात्र उपलब्ध छ ।

आपतस्म्ब शाखा - यसका श्रौतसूत्र ,गृह्यसूत्र, धर्मसूत्र, शुल्बसूत्रहरू उपलब्ध छन् ।

बौधायन शाखा - यसका यही नामका श्रौतसूत्र ,गृह्यसूत्र, धर्मसूत्र, शुल्बसूत्रहरू उपलब्ध छन् ।

हिरण्यकेशी शाखा - यसका श्रौतसूत्र ,गृह्यसूत्र, धर्मसूत्रहरू भाष्यसहित उपलब्ध छन् ।

वाधूल शाखा - यसको श्रौतसूत्र मात्र उपलब्ध ।

शाट्यायनीय शाखा - नामशेष । (नामोल्लेख मात्र प्राप्त)
आग्निवेश्य शाखा - गृह्य सूत्र मात्र उपलब्ध ।
वैखानस शाखा - यो एक अर्वाचीन ग्रन्थ लाग्छ ।

**शुक्ल यजुर्वेदका शाखाहरू**

माध्यन्दिनीय वाजसनेयी शाखा - यसका संहिता, शतपथ ब्राह्मण, कात्यायन श्रौतसूत्र, पारस्कर गृह्यसूत्र र विभिन्न परिशिष्टहरू उपलब्ध छन् । काण्व वाजसनेयी शाखा, कात्यायन वाजसनेयी शाखा , वैजवाप वाजसनेयी शाखा पनि रहेका छन् ।

**सामवेद**

सामवेदका शाखाहरू यस प्रकार रहेका छन् -

जैमिनीय शाखा - यस शाखाका जैमिनीय संहिता, जैमिनीय ब्राह्मण, जैमिनीय आर्षेय ब्राह्मण, जैमिनीय उपनिषद् ब्राह्मण र सो भित्रको केनोपनिषद् र यही नामका गृह्यसूत्र र श्रौतसूत्र उपलब्ध छन् ।

कौथुम राणायनीय शाखा - यसमा आर्चिक संहिता,गानसंहिता, ताण्डि ब्राह्मण(महाब्राह्मण),षड् विंश ब्राह्मण, सामविधान ब्राह्मण,आर्षेय ब्राह्मण,देवताध्याय ब्राह्मण, छानदोग्य ब्राह्मण वा उपनिषद ब्राह्मण, छान्दोग्योपनिषद, संहितोपनिषद ब्राह्मण, वंश ब्राह्मण ,(आठ ब्राह्मणग्रन्थ), विभिन्न गृह्यसूत्र, श्रौतसूत्र, निदानसूत्र, नारदीय शिक्षा आदि रहेका छन् ।

शालिहोत्र राणायनीय शाखा, शार्दूल राणायनीय शाखा, नैगेय राणायनीय शाखाको नाममात्र उल्लेख पाइन्छ । गौतम राणायनीय शाखाका गौतम पितृमेध सूक्त, गौतम शिक्षा ग्रन्थ पाइन्छन् ।

सात्यमुग्रिराणायनीय शाखा - यस शाखामा ह्रस्व एकार तथा ह्रस्व ओकारको शिक्षा दिइन्थ्यो भन्ने उल्लेख एओङ सूत्रको महाभाष्य व्याख्यामा रहेको छ । यस्ता ह्रस्वको उल्लेख आपिशली शिक्षा ग्रन्थमा पनि रहेको पाइन्छ । पैङ्गि राणायनीय शाखाको उल्लेख भए पनि कृति पाइँदैन ।

**अथर्ववेद**

अथर्ववेदका शाखाहरू यस प्रकार रहेका छन् -

पैप्पलाद शाखा - पैप्पलादाथर्व संहिता, गोपथ ब्राह्मण, केनोपनिषदहरू रहेका छन् ।

शौनकीय शाखा- प्रचलित अथर्व वेद संहिता यही शाखाको हो । यसमा मुण्डक र माण्डुक्य उपनिषद्हरू, कौशिक सूत्र ,वैतान सूत्र , अथर्व परिशिष्टहरू रहेका छन् ।

**वेदाङ्गहरू**

वेदका शिक्षा कल्प व्याकरण निरुक्त छन्द र ज्योतिष यी छ वटा अङ्गहरू प्रसिद्ध रहेका छन्

शिक्षा - ऋक्प्रातिशाख्यदेखि पाणनीय शिक्षासम्मका १४ वटा ग्रन्थहरू उपलब्ध रहेका छन् ।

कल्प- विभिन्न संस्कार तथा गृहस्थ कर्महरूको विधान गर्ने ग्रन्थहरूलाई कल्प भनिन्छ । यसका ५ वर्ग वा उपवर्ग रहेका छन् ।

क. श्रौत कल्प वा श्रौतसूत्र - वेदका हरेक शाखा र चरणहरूका आआफ्ना श्रौतकल्प वा श्रौतसूत्र रहेका थिए , तर ती सबै अहिले उपलब्ध छैनन् । ऋग्वेदका २ वटा, कृष्णयजुर्वेदका ८ वटा, शुक्लयजुर्वेदको १ वटा ,सामवेदका ३ वटा अथर्ववेदको १ वटा श्रौतकलप वा श्रौतसूत्र ग्रन्थ पाइन्छन् ।

ख. गृह्य कल्प वा गृह्य सूत्र - गृहस्थीका संस्कार आदिको व्यवस्थापन बुझाउने यस्ता ग्रन्थहरू ऋग्वेदका ३ वटा, कृष्ण यजुर्वेदका ९ वटा, शुक्ल यजुर्वेदका ३ वटा , सामवेदका ४ वटा , अथर्व वेदका १ वटा उपलब्ध छन् ।

ग. परिशिष्टहरू - श्रौतकल्प वा श्रौतसूत्रले आकांक्षा गरेका विषयका प्रतिपादक ग्रन्थलाई परिशिष्ट भनिन्छ । यिनीहरू २ खालका हुन्छन् ।

घ. शुल्बसूत्रहरू - केही कुराको माप गर्न प्रयोगमा ल्याइएको डोरीलाई शुल्ब भिन्छ । यजुर्वेदले विधान गरेका यज्ञकर्मको निम्ति वेदीको निर्माण गर्न चाहिने मापको प्रतिपादक ग्रन्थहरू शुल्बसूत्रहरू हुन् । यी ग्रन्थहरू यजुर्वेदका श्रौतसूत्रका परिशिष्टहरू हुन् । अहिले पाइने शुल्बसूत्रहरूमा कृष्ण यजुर्वेदका मैत्रायणीय शुल्बसूत्र, मानव शुल्बसूत्र, वाराह शुल्बसूत्र, आपस्तम्ब शुल्बसूत्र, बौधायन शुल्बसूत्र, हिरण्यकेशी वा सत्याषाढ शुल्बसूत्र,वाधूल शुल्बसूत्र र शुक्ल यजुर्वेदका कात्यायन शुल्बसूत्रहरू रहेका छन् ।

ङ. अन्य परिशिष्टहरू- विभिन्न शाखाका विविध सूत्र ग्रन्थसँग सम्बन्धित अनेकौ परिशिष्टहरू पाइन्छन् । माध्यन्दिनीय शाखाका १८ परिशिष्टहरू ,आश्वलायन परिशिष्ट, काण्व परिशिष्ट, मैत्रायणीय परिशिष्ट आदि प्रमुख छन् ।

व्याकरण-वेदाङ्गमा मुख्य व्याकरण हो । संस्कृत व्याकरणमा पाणिनिको अष्टाध्यायी मुख्य छ । पूर्ववर्ती व्याकरणका आवश्यक तथ्यलाई समावेश गरी कसिलो व्याकरण बनाएको हुनाले अरु व्याकरणहरूको अस्तित्व रहन सकेन । पाणिनिले आफ्ना पूर्ववर्ती वैयाकरणहरू गार्ग्य, गालव, आपिशलि आदि १० जनाको नाम उल्लेख गरेका छन् । पाणिनीय अष्टाध्यायीमा कात्यायनका वार्तिक, पतञ्जलिको महाभाष्य र अरू वृत्ति आदि समावेश रहेका छन् । पाणिनि पछि अरु केही व्याकरण संस्कृतमा लेखिएका छन् तिनको विशेषता केही फरक छ ।

निरुक्तम्- यास्कप्रणीत निरुक्तम् मुख्य हो ।यसमा ऋग्वेदका कम प्रचलित वा अपठ्यारा शब्दको संकलन निघण्टुका १२९६ शब्दको व्युत्पत्ति गरिएको छ । त्यसमा भाषासिद्धान्तका अन्य विषय पनि छन् ।

छन्द - पिङ्गलले वैदिक र लौकिक छन्दहरूको अध्ययन गरे । धेरैवटा पुस्तक उपलब्ध ।

ज्योतिष -वैदिक संहिताहरूमा ज्योतिषसम्बन्धी उक्तिहरू छन् । लगध मुनिले लेखेको वेदाङ्ग ज्योतिष सर्वप्राचीन हो । गणित ज्योतिष र फलित ज्योतिष यसका २ विभाग छन् ।

**संस्कृतका दर्शनहरू**

संस्कृत भाषामा वेदलाई मान्ने ६ वटा आस्तिक दर्शन र केही वेदलाई नमान्ने नास्तिक दर्शनहरू रहेका छन् ।

आस्तिक दर्शनहरू

१. मीमांसा वा पूर्वमीमांसा २. उत्तरमीमांसा वा वेदान्त दर्शन
३. वैशेषिक दर्शन ४. न्याय दर्शन
५. सांख्य दर्शन ६. योग दर्शन

केही नास्तिक दर्शनहरू

१. चार्वाक २.जैन ३. बौद्ध (क.महायान ख. हीनयान आदि)

यी सबैमा संस्कृत वाङ्मय विस्तार रहेको छ ।

**अनुसन्धान दृष्टिले काव्य महाकाव्य, नाटक आदि ललित साहित्य**

संस्कृत साहित्यको विपुल भण्डारमा ३० हजार जति ललित साहित्य कृति उपलब्ध होलान् । तिनमा केही हजार नेपालमा हस्तलिखित सुरक्षित वा अर्धसुरक्षित होलान् । राष्ट्रिय अभिलेखालयका करोडौं पन्नाहरू पाठकको अभावमा आफैं थोत्रिरहेका होलान् । यहाँ प्रख्यात काव्य आदिको नाम लिइएको छ , यिनैको पनि विभिन्न दृष्टिकोणले अनुसन्धान गर्न सकिन्छ ।

बुद्धचरितम् यसको शैलीको वाल्मीकीय रामायण, कालिदासका काव्य आदिसँग तुलनात्मक अध्ययन उपयोगी हुन्छ । कालिदासका प्रख्यात रचना मेघदूतम्, रघुवंशमहाकाव्यम्, अभिज्ञानशाकुन्तलम्, कुमारसंभवम् आदिमा प्रसस्त अनुसन्धान गर्न सकिन्छ ।

सौन्दरनन्दम्, अश्वघोषको वैराग्यप्रतिपादक रचना हो । स्वप्नवासवदत्तम् भासको प्रसिद्ध नाट्य रचना हो । मुद्राराक्षसम् विशाखदत्तको कूटनीतिपरक नाट्य रचना हो । वाल्मीकिको रामायणम् र व्यासका महाभारतम् तथा १८ पुराणहरू तथा १८ वटा उपपुराणको उल्लेख कौडिन्न्यायनले गरेको पाइन्छ । यी सबैको गहन अध्ययन यनुसन्धान युगको आवश्यकता हो ।

**संस्कृत व्याकरण तथा साहित्यबाट केही अनुसन्धेय शीर्षकहरू**

पाणिनिले संस्कृत भाषा बनाएको सम्बन्धमा । विकिपेडियामा पाणिनिले संस्कृत व्याकरण लेखेपछि संस्कृत भाषा प्रचलनमा आयो र यो १५००-२००० वर्षसम्म दक्षिण एसियामा राज्यभाषा र पछिल्लो समयमा धर्मभाषा रहेको अर्थ लाग्ने सामग्री राखिएको छ । योगेन्द्र प्रसाद यादव र अरूको लेखाइको पुस्तक भाषाविज्ञानमा पनि यसै किसिमको सामग्री राखिएको छ । यो कुरा सही होइन । लोकमा प्रचलित संस्कृत भाषालाई सुव्यस्थित बनाउने काम पाणिनिले गरेका हुन् यो विषयमा थप अनुसन्धान गर्न आवश्यक छ ।

पाणिनिले आफैं विभिन्न सूत्रहरू मार्फत लोक व्यवहार नै भाषा प्रयोगको शुद्धताको प्रमाण हो भनेका छन् । उनले यसनिम्ति संज्ञाप्रमाण, लोकविज्ञान, अन्य प्रमाण आदि शब्दको प्रयोग गरेका छन् । सूत्र संख्या '१।२।५३ तदशिष्यं संज्ञाप्रमाणत्वात्' ले यी शब्दहरू संज्ञाप्रमाण हुनाले यिनको सिद्धिका लागि व्याकरणले उपदेश दिनु पर्दैन भनेका छन् , सूत्र संख्या ' १।२।५४ लुब् योगासंख्यानात्' मा यी शब्द लोकप्रचलित हुनाले यिनमा लोप प्रक्रियाको उपदेश गर्नु पर्दैन । यही क्रमको अर्को सूत्र प्रधानप्रत्ययार्थ वचनमर्थस्यान्यप्रमाणत्वात्' को अर्थ वर्णन गर्दा जयादित्यले काशिका वृत्तिमा भनेका छन् 'तत्पाणिनिराचार्यः प्रत्याचष्टे, अशिष्यमेतत्, अर्थस्यान्यप्रमाणत्वादिति । अन्य इति शास्त्रापेक्षया लोको व्यपदिश्यते । ...यैरपि व्याकरणं न श्रुतं तेऽपि राजपुरुषमानयेत्युक्ते राजविशिष्टं पुरुषमानयन्ति, न राजानं, न पुरुषमात्रम् । ... यश्च लोकतोऽर्थसिद्धः किं तत्र यत्नेन ।' '(यहाँ भनिएको छ कि व्याकरणबाट अर्थ निर्धारण गरिदिने अन्य आचार्यको भनाइलाई आचार्य पाणिनिले खण्डन गर्नुभएको छ, यो व्याकरणले उपदेश गर्नुपर्ने विषय होइन । यहाँ अन्यप्रमाण भनिएकामा अन्य भनेको शास्त्रको तुलनामा लोक व्यवहार मुख्य हुन्छ भनिएको हो, शब्दले अर्थ बुझाउँछ, यसको अर्थ यो भनी कसैलाई तोक्न सकिँदैन । लोकबाट

अर्थ अवगत हुन्छ । व्याकरण नसुनेका मानिसले पनि राजपुरुषलाई ल्याउ भन्दा राजालाई होइन, कोही पुरुषलाई होइन, राजपुरुषलाई नै ल्याउँछन् । ... लोकबाट नै अर्थ सिद्ध हुन्छ भने त्यहाँ यत्न गरेर के हुन्छ ?')

यस विषयमा अनुसन्धान गर्दा कात्यायन, पतञ्जलिका वचन लगायत पाणिनि रचित धेरै सूत्रले उच्चारणमा स्वर व्यवस्था, सम्बोधनको प्रयोग, अभिवादन र प्रत्यभिवादनमा स्वरको उचाइ र होचाइ आदिको व्यवस्था गरेका छन् भन्ने थाहा हुन्छ ।

नेपाली तद्धित प्रत्यय र संस्कृत तद्धित प्रत्ययको अर्थको तुलना गर्न सकिन्छ । पाणिनिले संस्कृत तद्धित प्रत्ययको निर्धारण अर्थको आधारमा गरेका छन् , उदाहरणार्थ ' दाधिकम्' शब्दलाई चार अर्थमा चारवटा सूत्रबाट सिद्ध गरिएको छ । नेपालीमा यस्तो छैन, प्रत्ययको रूप र अर्थको वर्गीकरण गरेको भए पनि सटीक हुन सकेको पाइँदैन ।

मीमांसा दर्शनानुसारका विधि, अर्थवाद, स्तुति, नामधेय आदिको आधारमा भानुभक्तीय रामायणका वाक्यार्थको अध्ययन, गौतमीय मतको लक्षणा वृत्ति र पाश्चात्य तर्कशास्त्रको द्वितीयक अर्थको तुलनात्मक अध्ययन, लक्षणा वृत्तिबारे गौतम, जैमिनि, पतञ्जलि, मुकुल भट्ट, र साहित्यशास्त्रीको मतको तुलनात्मक अध्ययन, अभिधा शक्तिमा तात्पर्या र व्यञ्जना वृत्तिको अन्तर्भावबारे अभिनव गुप्तको मतको समीक्षा, पूर्वीय र पाश्चात्य अनुमान पद्धतिको तुलनात्मक अध्ययन, निरुक्तम् मा दुर्गाचार्य र पुरुषोत्तमका वृत्तिहरूको तुलनात्मक अध्ययन, तरुण तपसी काव्यमा प्रयुक्त योग दर्शनका प्रतीकहरूको अध्ययन आदि विषयको तुलनात्मक र विश्लेषणात्मक अध्ययन गर्न सकिने देखिन्छ । यी मध्ये केही विषयमा अध्ययन अनुसन्धान भइरहेका पनि छन् ।

# अनुसन्धानमा सामग्री सङ्कलन र व्यवस्थापन

डा॰ दीपकप्रसाद न्यौपाने
महेन्द्र बहुमुखी क्याम्पस, धरान
*tu.deepak31@gmail.com*

**विषयप्रवेश**

अनुसन्धान नयाँ तथ्य पत्ता लगाउने वैज्ञानिक प्रक्रिया हो । कुनै खास विषयशीर्षकमा केन्द्रित भई अनुसन्धान गर्दा तथ्यहरूको आवश्यकता पर्दछ । अनुसन्धानमा यस प्रकृतिका तथ्यहरूलाई नै सामग्री भनिन्छ । यी सामग्रीहरूका व्यवस्थापनबाट नै अनुसन्धानले पूर्णता प्राप्त गर्दछ । यही कारणले अनुसन्धानमा सामग्री व्यवस्थापनको धेरै महत्त्व रहन्छ । खास विषयमा केन्द्रित भई गरिने अनुसन्धानका लगि सामग्रीको आवश्यकता मात्र नभई यसको व्यवस्थापनको कुरा पनि अति नै महत्त्वपूर्ण मानिन्छ । यस कार्यपत्रमा अनुसन्धानमा सामग्रीको व्यवस्थापन कसरी गर्ने भन्ने यही विषयलाई नै सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

**अनुसन्धानमा सामग्री**

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जानकारी तथा आँकडाहरू तथ्याङ्क हुन् । अनुसन्धानमा परिकल्पनालाई परीक्षण गर्न तथा अनुसन्धानलाई उद्देश्यमूलक बनाउनका लागि तथ्याङ्कको प्रयोग गरिन्छ । सामग्री भनेका अनुसन्धानलाई पूरा गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा तथ्याङ्क तथ्याङ्क हुन् । तथ्याङ्क सङ्ख्यात्मक र विवरणात्मक दुवै हुन सक्छ । तथ्याङ्क नै अनुसन्धानका आधार भएकाले यसका अभावमा कुनै पनि अनुसन्धान पूरा गर्न सकिँदैन । अनुसन्धानकर्ता तथ्याङ्कै माध्यमद्वारा उद्देश्य तथा गन्तव्यतर्फ उन्मुख हुने भएकाले तथ्याङ्कलाई अनुसन्धानको मेरुदण्डको रूपमा लिने गरिएको छ । अनुसन्धानका क्रममा आउने हरेक नयाँ उपलब्धिहरूलाई तथ्याङ्कद्वारा पुष्टि गरिपछि मात्र अनुसन्धान प्रमाणित हुनाका साथै यसले वैधता, विश्वसनीयता र मान्यता पाउने भएकाले अनुसन्धानमा सामग्रीको सबैभन्दा बढी भूमिका रहने गर्दछ ।

**सामग्री व्यवस्थापन र निर्धारणको आधार**

अनुसन्धानमा केकस्ता र केकति सामग्रीको प्रयोग गर्ने भन्ने कुरा केही हदसम्म यसको शीर्षकले नै निर्धारण गर्दछ । पश्चिममा अनुसन्धानको सङ्गो विधिका निर्धारणका लागि अनुसन्धान प्याज (Research Onion) लाई अगाडि सारिएको पाइन्छ । अनुसन्धान प्याज भनेको अनुसन्धान ढाँचाको निर्धारण गर्ने प्रभावकारी विधि हो । अनुसन्धान प्याजमा छवटा मुख्य तहहरू रहने गर्दछन् : दर्शनको तह, दृष्टिकोणको तह, रणनीतिको तह, विधिहरूको छनोटको तह, समय क्षितिजको तह र डाटा सङ्कलन र विश्लेषणको तह । चित्रमा अनुसन्धान प्याजलाई निम्नअनुसार देखाउन सकिन्छ :

दर्शनको तहले विश्व दृष्टिकोण वा दृष्टिकोण सम्बन्धी सिद्धान्तहरूको सेटलाई जनाउँछ । यो तत्त्वमीमांस, ज्ञानमीमांसा र मूल्यमीमांसासँग सम्बन्धित रहन्छ । प्राज्ञिक अध्ययनहरूमा प्रयोग हुने दार्शनिक स्थितिहरू प्रायः सकारात्मकवाद र व्याख्यावादमा केन्द्रित रहन्छन् । सकारात्मकतावादले ज्ञान अध्ययन गरिएको विषयबाट स्वतन्त्र छ भनेर मान्दछ । व्याख्यावादले व्यक्तिगत पर्यवेक्षकहरूको वास्तविकताको आफ्नै धारणा र बुझाइ रहेको दाबी गर्दछ । यसैले सकारात्मकतावादी अध्ययनहरू प्रायः अधिक वैज्ञानिक हुने भएकाले घटनाहरूको परीक्षणको परिणाम दिने गर्दछन् । व्याख्यात्मक अध्ययनहरू प्रायः गुणात्मक प्रकृतिका हुन्छन् ।

दृष्टिकोणको तहले निगमनात्मक तथा आगमनात्मक विधिको छनोटलाई सङ्केत गर्दछ । अनुसन्धानकर्ताले अवलोकन गरिएको साहित्य समीक्षाको आधारमा एक विशिष्ट परिकल्पनाको निर्माण गरी त्यसलाई परीक्षण गर्ने प्रयास गर्दा यी विधिको छनोट गर्नुपर्दछ । यसै गरी रणनीतिको तहमा कार्य अनुसन्धान, प्रयोगात्मक अनुसन्धान, अन्तर्वार्ता, सर्वेक्षण, केस स्टडी अनुसन्धान वा व्यवस्थित साहित्य समीक्षा समावेश हुन सक्ने भएकाले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क र अध्ययनको उद्देश्यका आधारमा रणनीति छनोट गरिन्छ । विधिहरूको छनोटका तहमा मोनो वा एकल विधि, मिश्रित विधि र बहु-विधिमध्ये कस्तो विधि चयन गर्ने भन्ने सुझाव दिइन्छ भने समय क्षितिजका तहमा अनुसन्धानको समय सीमालाई हेरिन्छ । डाटा सङ्कलन र विश्लेषणको तहमा प्राथमिक तथा द्वितीयक कुन स्रोतका सामग्रीहरूको चयन गर्ने भन्ने कुराको खोजी गरिन्छ । यसरी अनुसन्धानका समग्र प्रक्रियालाई अनुसन्धान प्याजले निर्धारण तथा निर्देशन गरेको पाइन्छ । अनुसन्धानमा सामग्री सङ्कलन गर्ने मुख्य आधार पनि अनुसन्धान प्याजले प्रधान गरेको हुन्छ । अनुसन्धानमा सामग्री सङ्कलन तथा व्यवस्थापनका लागि अनुसन्धान प्याजका विभिन्न तहमा ध्यान दिनुपर्दछ ।

**सामग्री वा तथ्याङ्कका प्रकार**

शैक्षिक अनुसन्धानको प्रकृतिअनुसार प्रयोग हुने तथ्यहरू पनि अलग अलग हुन्छन् । अनुसन्धान कार्यमा प्रयोगमा आउनसक्ने तथ्याङकहरूलाई प्रकृतिको आधारमा परिमाणात्मक तथ्याक र गुणात्मक तथ्याक तथा मौलिकताका आधारमा प्राथमिक तथ्याङ्क र द्वितीयक दुई भागमा बाँडिएको पाइन्छ । परिमाण, सङ्ख्या वा मात्रामा आधारित तथ्याङ्कलाई परिमाणात्मक तथ्याङ्क भनिन्छ । यस्ता तथ्याङ्कहरू अङ्कहरूमा प्राप्त हुने भएकाले तथ्याङ्कशास्त्रीय गणनामा प्रयोग गरी निष्कर्षमा पुग्न सजिलो हुन्छ । तथ्याङ्कका सङ्ख्यामा भन्दा गुणलाई महत्त्व दिई त्यसैमा आधारित तथ्याङ्कलाई गुणात्मक तथ्याङ्क भनिन्छ । अनुसन्धानका क्रममा कतिपय अवस्थामा परिमाणात्मक अवस्थालाई भन्दा गुणात्मक तथ्याङ्कलाई ज्यादा महत्त्व दिने गरिएको पाइन्छ । अन्तर्वार्ता, अवलोकन तथा लिखित दस्तावेजबाट गुणात्मक तथ्याङ्क प्राप्त हुनेगर्दछन् ।

**तथ्याङ्कका स्रोतहरू**

प्राथमिक स्रोत (Primary Source) र द्वितीयक स्रोत (क्भअयलमबचथ क्यगचअभ) गरी तथ्याङ्कका स्रोतहरू दुई किसिमका हुन्छन् । अनुसन्धानकर्ताद्वारा पहिलोपटक सङ्कलन र प्रयोग गरिएका मौलिक स्रोतका तथ्याङ्कहरू प्राथमिक स्रोतसँग सम्बन्धित रहन्छन् । प्रथमपटक नै अनुसन्धानकर्ताले सङ्कलन गर्ने भएकाले तिनीहरूको व्याख्या विश्लेषण र टिप्पणी गर्ने अधिकार पनि अनुसन्धानकर्तामै रहन्छ । यस्ता स्रोतहरू प्रत्यक्ष रूपमा व्यक्तिबाट जुट्न सकिने हुनाले त्यस्ता स्रोतलाई व्यक्तिगत स्रोत वा प्रत्यक्ष स्रोत पनि भनिएको पाइन्छ । प्राथमिक स्रोतहरूबाट प्राप्त तथ्याङ्कहरू उपयोगी मात्र नभई बढी विश्वसनीय र वैधसमेत हुनेगर्दछन् । प्राथमिक तथ्याङ्कहरू प्राप्त गर्ने प्रमुख स्रोतहरू प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, घटनाअध्ययन, लिखत दस्तावेज, रुजुसूची आदि मानिन्छन् ।

कतिपय अनुसन्धानहरू प्राथमिक स्रोतहरूको आधारमा मात्र पूरा गर्न सम्भव हुँदैन । यसका लागि द्वितीयक स्रोत (क्भअयलमबचथ क्यगचअभ)  सामग्रीहरूको आवश्यकता पर्दछ । कतिपय अवस्थामा प्राथमिक स्रोतबाट सही तथ्याङ्क सङ्कलन नहुने अवस्थामा द्वितीयक स्रोतको प्रयोग पनि आवश्यक हुने गर्छ । अनुसन्धानको सिलसिलामा पूर्वप्रकाशित तथा सङ्कलित तथ्याङ्कहरूलाई द्वितीयक स्रोत मान्ने गरिएको छ । अर्को शब्दमा भन्दा पहिले नै भए गरिएका अनुसन्धान प्रकाशन, दस्तावेज इत्यादि द्वितीयक स्रोतसँग नै सम्बन्धित रहन्छ । त्यस्ता स्रोतमा भएका तथ्याङ्कहरूको प्रयोग र व्याख्या विश्लेषण पहिले नै भइसकेका हुन्छन् । प्रश्नावली अवलोकन र अन्तर्वार्तालाई प्राथमिक तथ्याङ्क प्राप्त गर्ने स्रोत मानिएको र प्राथमिक स्रोतबाट पूरा गरिसकेको अनुसन्धान अनुसन्धानकर्ताका लागि द्वितीयक स्रोतका रूपमा रहने गर्दछन् ।

**सामग्री सङ्कलन विधि**

अनुसन्धानमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय स्रोत विधि, सर्वेक्षण विधि, क्षेत्रीय अध्ययन विधि, प्रयोगात्मक विधि, भाषा प्रयोगशालीय विधि आदिको चर्चा भएको पाइन्छ । पुस्तकालयीय स्रोतका सामग्री लिखित दस्तावेजबाट प्राप्त हुने गर्दछन् । पाठ्यपुस्तक, जर्नल, समचारपत्र, वेभसाइट जस्तै गुगल, युटुव, फेसबुक आदि सामाजिक साइटका साथै सरकारी अभिलेख, थेसिस, अध्ययनपत्र, फिल्म, टेलिभिजन कार्यक्रम आदिबाट पुस्तकालयीय स्रोत प्राप्त हुने गर्दछन् ।

पुस्तकालयीय स्रोतका सामग्रीको व्यवस्थापनका सन्दर्भमा सामग्रीहरूलाई एपिए, एमएलए सिकागो आदि ढाँचामा केन्द्रित रही व्यवस्थापन गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा  प्रत्यक्ष वा अप्रत्यक्ष उद्धरणको प्रयोग गर्न सामग्रीको व्यवस्थापन गर्न सकिन्छ । प्रत्यक्ष उद्धरण गर्दा अध्ययनको विषयवस्तुसँग मेल हुने लेखकको कृतिबाट ४० वा सोभन्दा कम शब्द जस्ताको त्यस्तै उद्धृत गर्नुपर्ने भएमा त्यस्ता शब्द वा वाक्यलाई उद्धरण चिन्ह प्रयोग गरी मुख्य अनुच्छेदभित्र लेख्नु पर्दछ र कोष्ठकमा लेखकको (अन्तिम नाम, वर्ष र पृष्ठक्रम) लेखी पूर्णविराम चिन्ह दिनु पर्दछ । जस्तैः

सामाजिक भाषाविज्ञान समाजसापेक्ष रूपमा भाषाको अध्ययन गर्ने शास्त्र हो । "सामाजिक भाषाविज्ञानले भाषातत्त्वहरूको अलगअलग वा सन्दर्भविहीन अध्ययनलाई महत्त्व नदिई भाषाप्रयोगको सन्दर्भ र कार्यमा

सामाजिक तत्त्वले पारेको प्रभावको अध्ययन गर्दछ ” (न्यौपाने, २०६७, पृ. २२) । Parenthetical Citation वा सामाजिक भाषाविज्ञानका कार्यको उल्लेख गर्दै टङ्कप्रसाद न्यौपाने (२०६७) टिप्पणी गर्छन् “सामाजिक भाषाविज्ञानले भाषातत्त्वहरूको अलगअलग वा सन्दर्भविहीन अध्ययनलाई महत्त्व नदिई भाषाप्रयोगको सन्दर्भ र कार्यमा सामाजिक तत्त्वले पारेको प्रभावको अध्ययन गर्दछ ” (पृ. २२) । Narrative Citation

४० भन्दा बढी शब्दहरू जस्ताको तस्तै उद्धृत गर्नुपर्ने अवस्था भएमा ती वाक्यहरूको स्वतन्त्र अनुच्छेद तयार गरी उद्धरण चिन्ह हटाई पृष्ठक्रम सहित उल्लेख गर्नु पर्दछ । यस सन्दर्भमा दुई जना लेखकले लेखेको कृतिको उद्धरण गर्दा निम्नअनुसारका कुरामा ध्यान दिनुपर्दछ :

- दुई जना लेखकले लेखेको कृति उद्धृत गर्नु परेमा हरेक पटक दुवैको अन्तिम नाम र प्रकाशन वर्ष कोष्ठकमा उल्लेख गर्नु पर्दछ ।
- तीन वा चार वा पाँच जनासम्मका लेखकले तयार गरेको कुनै एक कृतिको पहिलो पटक उद्धृत गर्दा सबै लेखकको अन्तिम नाम र प्रकाशन वर्ष र त्यसपछि पनि पुनः सोही लेखकहरूको सोही कृति उद्धृत गर्नु पर्ने भएमा पहिलो लेखकको (अन्तिम नाम र साथीहरू वा अन्य लेखी प्रकाशन वर्ष उल्लेख गर्नु पर्दछ ।
- यदि कुनै लेखकको लेख, पुस्तक, प्रतिवेदन, शोधपत्र, पत्रपत्रिका वा सन्दर्भ सामग्री अध्ययन गरेर आफ्नो भाषामा सार खिच्नु परेमा उद्धृत गर्नका लागि ल्बचचबतष्खभ ऋष्तबतष्यल लेखकको अन्तिम नाम वा नाम (प्रकाशन वर्ष) विधि प्रयोग गर्नु पर्दछ र एबचभलतजभतष्अबब ऋष्तबतष्यल भए (लेखकको अन्तिम नाम, प्रकाशन वर्ष) विधि प्रयोग गर्नुपर्दछ ।

सर्वेक्षण विधि (Survey Method)

कुनै समसामयिक गतिविधि प्रयोग र प्रवृत्ति सम्बन्धी अध्ययनका लागि सम्बन्धित क्षेत्रमा गई यथार्थको अवलोकन गरी निष्कर्ष निकालिने अनुसन्धान प्रक्रियालाई सर्वेक्षण विधि भनिन्छ । यसमा अनुसन्धानका क्रममा प्रश्नावली, अन्तरवार्ता तथा अवलोकनका माध्यमबाट तथ्य सङ्कलन गरिन्छ । सर्वेक्षण विधिको मुख्य उद्देश्य सम्बन्धित जनसङ्ख्याको बानी व्यवहार वा विशेषताहरूको अध्ययन गर्नु हो । कुनै तथ्यबारे प्रारम्भिक जानकारी प्राप्त गर्ने, अनुसन्धानको सम्भाव्यता अध्ययन गर्ने, सामाजिक आर्थिक समस्याहरू बुझ्ने आदि कार्यमा यो विधि प्रभावकारी हुनेगर्दछ । यो विधि अपनाएर बहत् जनसङ्ख्यालाई लक्षित गरी अनुसन्धान गर्न सकिने किसिमको हुन्छ । यो विधिबाट समग्र जनसख्याको अध्ययन पनि गर्न सकिन्छ र नमुना छानी त्यसको सर्वेक्षण पनि गर्न सकिन्छ ।

क्षेत्रीय अध्ययन विधि (ँष्भमि क्तगमथ :भतजयम)

निश्चित भौगोलिक स्थान वा घटना घटेकै स्थानमा गएर खुल्ला रूपमा गरिने स्थलगत अध्ययन विधि क्षेत्रीय अध्ययन विधि हो । यसमा अनुसन्धाता आफैं सम्बन्धित क्षेत्रमा गएर विषय वस्तु वा घटनाको प्राकृतिक अवस्थाको अध्ययन गरी वास्तविक र स्वाभाविक वातावरणमा प्राथमिक स्रोतबाट नै तथ्याङ्क सङ्कलन गरिन्छ । भाषा, साहित्य, लोक साहित्य, समाज शास्त्र, मानव शास्त्र, जीव विज्ञान, भूगोल आदि विभिन्न क्षेत्रको अध्ययनमा पनि यो अनुसन्धान उपयोगी हुनेगर्दछ ।

प्रयोगात्मक विधि (Experimental Method)

प्रयोगशालामा परीक्षण गरेर उत्तर पहिल्याउने वा निष्कर्षमा पुग्ने विधि प्रयोगात्मक विधि हो । यो विशुद्ध विज्ञानका क्षेत्रमा बढी प्रभावकारी हुने विधि हो । यसमा  प्रयोग, परीक्षण, अध्ययन विश्लेषण आदिका माध्यमबाट प्रयोगात्मक अनुसन्धानलाई अघि बढाइन्छ ।

भाषा प्रयोगशाला विधि ïबलनगबनभ ेबदयचबतयचथ :भतजयम)

भाषा प्रयोगशालामा गएर प्रयोग परीक्षण गरी निष्कर्षमा पुग्ने अनुसन्धान भाषा प्रयोगशाला विधि हो । यो प्रयोगशालीय अध्ययन विश्लेषणबाट तथ्याङ्क प्राप्त हुने गर्दछ । यस विधिमा बाहिरवाट प्राथमिक स्रोतको उपयोग गरी सूचना सङ्कलन गरिन्छ । यस विधिमा कम्प्युटर उच्चारण यन्त्र, ध्वनियन्त्र, श्रव्यदृश्य उपकरणहरू, भाषानुवाद मेसिन आदिको उपयोग गरेर अध्ययन गरिन्छ ।

**तथ्याङ्क सङ्कलनका साधनहरू**

प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने साधनहरूमध्ये एक प्रमुख साधन हो प्रश्नावली । अन्तर्वार्ता र अवलोकन दुवै अनुपयुक्त भएको बेलामा यस विधिद्वारा आवश्यक तथ्याङ्क सङ्कलन गर्ने गरिन्छ । प्रश्नावली व्यक्तिगत (क्ष्लमष्खष्मगबi), सामूहिक (न्चयगउ) र हुलाकद्वारा पठाइने (:बषभिम) गरी तीन किसिमका हुन्छन् । व्यक्तिगत प्रश्नावलीमा एक ठाउँमा एउटा व्यक्तिलाई मात्र प्रश्नावली भराइन्छ भने सामूहिक प्रश्नावलीमा एउटै समूहमा रहेका धेरै व्यक्तिहरूलाई प्रश्नावली भराइने गरिन्छ ।

प्रश्नावलीलाई संरचित (क्तचगअतगचभ), असंरचित (ग्लकतचगअतगचभम), खुला (इउभल), बन्द (ऋयिकभम), मिश्रित (:ष्हभम) र चित्रात्मक (एष्अतयचष्बl) आदि भागमा वर्गीकरण गरिएको पाइन्छ । पूर्ण रूपमा लेखेर अथवा टाइप गरी संरचना गरिएको प्रश्नावली संरचित प्रश्नावली हो । प्रश्नहरूलाई साङ्केतिक रूपमा मात्र उल्लेख गरिएको प्रश्नावली असंरचित प्रश्नावलीअन्तर्गत पर्दछ । यसमा आवश्यकतानुसार प्रश्ननिर्माण गर्दै प्रश्न शोधपुछ गरिन्छ । बन्द प्रश्नावलीमा दिएका उत्तरहरूमध्ये एक छान्नुपर्ने हुन्छ । खुला प्रश्नावलीमा उत्तरदाताले खुलारूपमा उत्तर दिन सक्ने व्यवस्था रहेको हुन्छ ।

अनुसूची

अनुसूची भनेको अनुसन्धाताले आवश्यक सूचना लिनका लागि तयार पारेको प्रश्नावली वा तालिका हो । अनुसूचीमा  प्रश्नकर्ता स्वयम् उत्तरदाताकहाँ पुगी प्रश्नहरू सोधेर उत्तर लेख्ने गरिन्छ । अनुसूची प्रश्नावली नै भए पनि यसलाई प्रश्नकर्ता स्वयम्ले उत्तरदाताको आमुन्नेसामुन्ने भएर प्रश्न सोधिने तथा उत्तर लेखी सामग्री बटुल्ने गरिन्छ ।

अन्तर्वार्ता

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्ने विभिन्न साधनहरूमध्ये अन्तर्वार्ता पनि प्रमुख हो । यसमा अन्तर्वार्ता दिने र लिने व्यक्तिले आमने सामने भएर मौखिक रूपमा आवश्यक जानकारीहरूलिने गरिन्छ । अन्तर्वार्ता आन्तरिक विचार, चाहना, धारणा र सोच अभिव्यक्ति गर्ने उद्देश्यपूर्ण वार्तालाप भएकाले यसलाई पनि सामग्री सङ्कलनको महत्त्वपूर्ण साधनका रुपमा लिने गरिएको छ ।

रुजुसूची

अवलोकनद्वारा व्यक्ति, वस्तु तथा अन्य प्रक्रियागत तत्त्वहरूको उपस्थिति अथवा अनुपस्थिति जनाउन तयार गरिएका वाक्यांशहरूको सूचीलाई रुजुसूची भनिन्छ । रुजुसूचीमा अनुसन्धेय समस्याका लागि आवश्यक विभिन्न तत्त्वहरू समावेश छन् छैनन् भनी पूर्वनिर्धारित वाक्यांशहरूमा रुजु गरिन्छ ।

अनुसन्धानमा सन्दर्भ सामग्रीको व्यवस्थापन

अनुसन्धानमा उल्लिखित विभिन्न साधनको प्रयोग गरी सामग्री सङ्कलन गरी तिनीहरूको उपयोग गरिन्छ । जुनसुकै स्रोत र साधनका माध्यमबाट सामग्री लिए पनि सामग्रीको उपयोग गरिसकेपछि ती समाग्रीहरू सन्दर्भ सूचीमा निम्नअनुसार व्यवस्थित गर्नुपर्दछ :

एक जना लेखक भए

उप्रेती, सञ्जीव (२०६८). सिद्धान्तका कुरा. अक्षर क्रियसन्स ।

न्यौपाने, टङ्कप्रसाद (२०५१). भाषाविज्ञानको रूपरेखा. नेपाल बुक डिपो ।

दाहाल, तेजनारायण (२०७५). सतार जातिको धर्म, संस्कार र पर्व. पर्वतीय प्रकाशन ।

दुई जना लेखक भए

न्यौपाने, टङ्कप्रसाद र न्यौपाने, दीपकप्रसाद (२०६३). रूपविज्ञान. भुँडी पुराण प्रकाशन ।

तीन जना र सोभन्दा बढी भए (बिस जनासम्म सबैको त्यसभन्दा बढी भए १९ जनासम्मको लेखी ... तीन थोप्ला दिने)

न्यौपाने, टङ्कप्रसाद. भण्डारी पारस. न्यौपाने, दीपक (२०६७). सामान्य भाषाविज्ञान. सनलाइट पब्लिकेसन ।

सम्पादित पुस्तक भए

विजौरिया, कृष्णकुमार (सम्पा.) (२०७१). मेरो जीवन र मेरा अधुरा सपनाहरू. कल्याणी प्रकाशन ।

यादव, चन्द्रदेव. चौँलागाईं, हिरण्यकुमार. पाण्डे, पदमप्रसाद. ओली, माधुरी र भारती, कमला (सम्पा.) (२०६५), हिन्दू धर्मभित्रका शाखा, उपशाखा र सामाजिक विश्वासका चरणहरू, कार्तिकेय प्रकाशन तथा वितरण ।

सम्पादित पुस्तकभित्रको लेख भए

आचार्य, बाबुराम (२०५५). हाम्रा आदिकवि भानुभक्त. घनश्याम कँडेल (सम्पा.), नेपाली समालोचना (पृ. १-८). साझा प्रकाशन ।

संस्था नै लेखक भए

Central Bereau of Statistics -2017. National economic census 2018.M.National Report.

Central Bereau of Statistics -2019. Pilot agriculture integrated survey 2019. httpsM//cbs.gov.np/pilot.agriculture–integrated. survey–2019.chitwan/pdf/

केन्द्रीय तथ्याङ्क विभाग (२०६८). नेपालको भाषिक तथ्याङ्क ।

शब्दकोशबाट सामग्री लिएको भए

पोखरेल, बालकृष्ण. त्रिपाठी, वासुदेव. दाहाल, वल्लभमणि. पराजुली, कृष्णप्रसाद. शर्मा, गोपीकृष्ण र भट्टराई, सोमनाथ (सम्पा.) (२०७५). नेपाली बृहत् शब्दकोश (१० औं सं.). नेपाल प्रज्ञा प्रतिष्ठान ।

Journal article with a doi
McCauley, S. M., & Christiansen, M. H. -2019. Language learning as language useM A cross.linguistic model of child language development. Psychological Review, 126-1, 1–51, httpsM⁄⁄doi.org⁄10=1 037⁄rev0000126 Journal article without a doi and found in website
Kettey, M., Lodward, J. H., Putterson, K., & Zupdoter, F. L. -2019. Language hegemony of mojority group= Journal of Language Expedition, 31-1, 17–39, httpsM⁄⁄www.language.org.language diversity⁄resource÷24901⁄Journal article without a doi and no website .
Ahrnann, E., Tuttle, L. J., Saviet, M., & Wright, S. D. -2018. A descriptive review of ADHD coaching researchM Implications for college students. Journal of Postsecondary Education and Disability, 31-1, 17–39. httpsM⁄⁄www.ahead.org⁄professional. resources⁄ pu bl ications⁄j ped⁄ a rch ived.j ped⁄j ped.volu me–31 .
न्यौपाने, दीपकप्रसाद (२०७१). मोरङ निबन्ध सङ्गह : विशेषता र प्राप्ति. अन्वेषण, ४(४). २४–३५ ।
पोखरेल, भोलानाथ (२०७१), पात्रविधानका दृष्टिकोणले मञ्जरी उपन्यास, दृष्टिकोण, ४, ३२-३८ ।
Magazine article
Watson, N. T. -2014, March_. Smoking habit of youths. Health Care, 4-6, 22–35.
Beterson, P. W. -2019, January 4. Brain and nervous system. Science and Health, 36-22, 33–34.
Online newspaper article & Newspaper. Hard Copy.
Baral, S. -2020, October 3. Stigma towards mental health remains a barrier to accessing care. Kathmandu Post= httpsM⁄⁄kathmandupost=com⁄health
Mandal, C. K. -2020, October 9. Small but improving demand for Nepali workers offers hope for foreign employment sector. Kathmandu Post.
Unpublished dissertation or thesis
Harris, L. 2014. Instructional leadership perceptions and practices of elementary school leaders [Unpublished doctoral dissertation]= University of Virginia.

**निष्कर्ष**

अनुसन्धानमा सामग्रीको उपयुक्त ढङ्गले व्यवस्थापन गर्नु आवश्यक हुन्छ । साग्रीको पहिचान, छनोट, सङ्कलन, साधनहरूको प्रयोग उपयुक्त भएन भने अनुसन्धानले प्रामाणिकता, वैधता र विश्वसनीयता प्राप्त गर्न सक्तैन । अनुसन्धानमा सामग्री सङ्कलन र तिनको व्यवस्थापन गर्दा अनुसन्धान प्याजका मान्यतामा अन्तर्निर्भर हुँदै शोधको प्रकृति र स्वरूपमा आधारित भई विशेषतः प्राथमिक स्रोतका अधिकारिक

सामग्रीहरूको निश्चित साधनको प्रयोग गरी सङ्कलन गरेर तिनीहरूलाई उपयुक्त ढङ्गले व्यवस्थापन गर्नुपर्दछ । भाषिक तथा साहित्यिक अनुसन्धानमा झन् सामग्रीको सङ्कलन एवम् व्यवस्थापनमा ध्यान दिनु जरुरी हुन्छ । सामग्री नै समस्या समाधानको खास उपकरण भएकाले र यसले नै अनुसन्धानलाई वैधानिकता प्रदान गर्ने भएकाले शोधमा यसको व्यवस्थापनमा सचेत रहनु अति नै आवश्यक हुन्छ ।

सन्दर्भ ग्रन्थसूची

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२), भाषिक अनुसन्धान विधि (दो.सं.), सनसाइन पब्लिकेसन ।

बन्धु, चूडामणि (२०७५), अनुसन्धान तथा प्रतिवेदन लेखन (दो.सं.), रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), भाषिक अनुसन्धान विधि (ते.सं.), शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०७५), अनुसन्धान विधि, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्दप्रसाद (२०६६), शोधविधि (चौ.सं.), साझा प्रकाशन ।

American Psychological Association. -2020. Publication manual of the American Psychological Association -7th ed. httpsMl/doi.org/10. 1037/000016S.000.

Khanal, Peshal. -2017. Research Methodology in Education.in Nepali, 6th ed.

httpsM//15writers.com/research.onion.

# संस्कृतको प्राचीन सन्दर्भाङ्कन परम्परा र वर्तमान अभ्यास

डा. भवानीशङ्कर भट्टराई
सहप्राध्यापक : व्याकरण विभाग
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ, धरान
*dikshitbhattarai072@gmail.com*

**विषय प्रवेश**

संस्कृतमा अनुसन्धान विषयको प्रारम्भिक चर्चा उपनिषत् ग्रन्थहरूबाटै सुरु भएको देखिन्छ । वेदको व्याख्या गरिएको बृहत् आरण्यकोपनिषत् (कल्याण, उपनिषत् अङ्क-२०६४, पृ.५१५) मा- आत्मा वा अरे द्रष्टव्यः, श्रोतव्यः, मन्तव्यः, निदिध्यासितव्यः (मैत्रेयी ! आत्मातत्त्वलाई बुझ, किनभने यो दर्शनीय, श्रवणीय, मननीय अनि ध्यान-मनन गर्न योग्य छ) भनेर आत्मातत्त्व खोज्ने प्रक्रिया बताइएको छ । यसरी संस्कृतको प्राचीन परम्पराले अनुसन्धानका विधि र प्रक्रियालाई अव्यक्तरूपमा प्रसङ्गान्तरमै दिङ्निर्देश गरिसकेको पाइन्छ । उक्त मन्त्रलाई अनुसन्धानसँग जोडेर विद्वान्हरूबाट निम्न अर्थ लगाइएको छ-

द्रष्टव्यः- दर्शन/सम्बद्ध सामग्रीको पर्यालोचन एवम् समस्या पहिचान, उद्देश्यनिर्धारण ।
श्रोतव्यः- श्रवण/पूर्वकार्यको श्रवण, विज्ञबाट परामर्श ग्रहण, सामग्री सङ्कलन आदि ।
मन्तव्यः - मनन/सङ्कलित सामग्रीहरूको अनुशीलन/ व्याख्या विश्लेषण ।
निदिध्यासितव्यः- विश्वस्ततया धारण/पचाएर आफ्नै शैलीमा ग्रहण, बोध, निष्कर्ष निष्पादन ।
(आचार्य, (२०४२, पृ. ८)

यसरी वैदिक कालदेखि नै संहिता, उपनिषत्, स्मृति, पुराण आदिले अनुसन्धान परम्परा सुरु गरेका सन्दर्भमा अनुसन्धानमा प्रयोग हुने सन्दर्भाङ्कन पद्धतिलाई ती प्राचीन संस्कृत ग्रन्थले र आजका संस्कृत शोधपत्र एवम् ग्रन्थहरूले के कसरी प्रयोग गरिरहेका छन् ? सन्दर्भाङ्कन गर्ने संस्कृतका प्राचीन र वर्तमान परिपाटीहरू के कति तुलनीय छन् ? वर्तमान शोधपत्रहरूले कसलाई अधिकतर प्रयोग गरिरहेका छन् ? आदि विषयमा संक्षेपमा प्रकाश पार्ने प्रयास यस लघुलेखमा गरिएको छ ।

सन्दर्भाङ्कनको अर्थ हुन्छ- अनुसन्धाताद्वारा प्रस्तुत धारणा वा विचार प्रमाणित गर्न, खण्डन गर्न वा व्याख्या आदि गर्न अन्य व्यक्तिका धारणा/विचार आदिलाई उही ठाउँमा उद्धृत गर्नु । यसलाई चिनाउँदै अनुसन्धान विधि पुस्तकका लेखक दुर्गाप्रसाद दाहाल लेख्छन्- अनुसन्धान प्रतिवेदनका मूल पाठका प्रसङ्ग आएकै ठाउँमा आफूले प्रयोग गरेको सन्दर्भस्रोत उल्लेख गर्नु सन्दर्भाङ्कन हो, दाहाल, (२०७५, पृ. १८२) । त्यस्तै सन्दर्भाङ्कनलाई परिभाषित गर्दै पारसमणि भण्डारी लेख्छन्- अनुसन्धान प्रतिवेदनका मूल पाठका प्रसङ्ग आएकै ठाउँमा सन्दर्भस्रोत खुलाउने प्रक्रियालाई सन्दर्भाङ्कन (Citation) भनिन्छ, भण्डारी (२०७५, पृ.१२७) । यसरी आफ्नो अनुसन्धेय सामग्रीमाथि प्रकाश पार्न वा आफ्ना तर्क, प्रमाण आदिलाई सुपुष्ट

बनाउन सामग्री विश्लेषण गरिएकै ठाउँमा अन्य सान्दर्भिक कुरा उल्लेख गरिएको हुन्छ, त्यसैलाई अनुसन्धानका भाषामा सन्दर्भाङ्कन भन्ने गरिन्छ । सन्दर्भाङ्कनले आधुनिक र सङ्कुचित अर्थमा त्यही ठाउँमा सामग्री उद्धरण गर्ने प्रक्रियालाई मात्र सङ्केत गरेको देखिए पनि परम्परागत रूपमा भने उक्त प्रक्रियाका साथै अरुका सामग्री लिने प्रक्रिया वा लिने कार्य र सन्दर्भ सामग्रीसूची (Bibliography) राख्ने कामलाई समेत बुझाएको पाइन्छ । संस्कृतमा सन्दर्भाङ्कनका लागि उद्धरण शब्द प्रयोग गरिएको देखिन्छ र उद्धरण शब्दबाट अरुका सामग्री लिने कार्यलाई संकेत गरेको छ ।

व्यापक अर्थमा गर्भेटिप्पणी र पादटिप्पणी दुवै सन्दर्भाङ्कन अन्तर्गत पर्दछन् । संकुचित र आधुनिक अर्थमा भने सन्दर्भाङ्कन उही ठाउँमा सन्दर्भ उल्लेख गर्ने, पादटिप्पणी उही पृष्ठको पुछारमा उल्लेख गर्ने र अध्यायान्त टिप्पणी चाहिँ अध्यायको अन्त्यमा उद्धरणीय सामग्रीलाई साभार गर्ने ढाँचा हो । संस्कृत परम्परामा यी तीन ढाँचामध्ये मध्यटिप्पणी र पादटिप्पणीको भरमार प्रयोग भएको देखिन्छ । प्राचीन आचार्य र अनुसन्धाताहरू कविता, सूक्ति आदि छोटा सामग्रीलाई प्रायः पाठका बिचमै उद्धृत गर्दथे भने लामा र पाठलाई भद्दा बनाउने सामग्रीलाई चाहिँ पृष्ठान्तमा प्रस्तुत गर्दथे । यसरी संस्कृतको प्राचीन सन्दर्भाङ्कन परम्पराले मध्यटिप्पणी र पादटिप्पणी दुवैलाई स्वीकार गरेको कुरा तत्कालीन प्रतिकृतिहरूमा देख्न सकिन्छ । यहाँ सन्दर्भाङ्कनका प्राचीन र आधुनिक दुवै सन्दर्भलाई यथाशक्य केलाउने प्रयत्न गरिएको छ ।

**शोधसमस्या**

प्रस्तुत आलेख निम्न समस्याहरूमा केन्द्रित रहेको छ :

क) प्राचीन संस्कृत सन्दर्भाङ्कन परम्परा के कस्तो रहेको थियो ?

ख) आधुनिक संस्कृत प्रतिकृतिहरूमा सन्दर्भाङ्कनका अभ्यास के कसरी भएका छन् ?

ग) प्राचीन र आधुनिक सन्दर्भाङ्कन प्रक्रिया के कति तुलनीय छन् ?

**शोध उद्देश्य**

प्रस्तुत आलेख निम्न उद्देश्यहरूमा आधारित रहेको छ :

क) प्राचीन संस्कृत सन्दर्भाङ्कन परम्पराको पर्यवेक्षण गर्नमा,

ख) आधुनिक संस्कृत प्रतिकृतिहरूमा पाइने सन्दर्भाङ्कनका अभ्यासहरूको उल्लेख गर्नमा,

ग) प्राचीन र आधुनिक सन्दर्भाङ्कन प्रक्रियाको तुलना गरी निष्कर्ष प्रस्तुत गर्नमा ।

**सामग्री सङ्कलन र विश्लेषणका विधि एवम् सीमा**

यस अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्रीहरू लिइएका छन् । मूलतः संस्कृतका संहिता, उपनिषत्, स्मृति, शास्त्र लगायतका सामग्रीबाट अनुसन्धेय सामग्री लिई उपयोग गरिएका छन् । ती सामग्रीहरूको अध्ययन, विश्लेषण र अन्य पाठ्यक्रमसँग तिनको तुलना गरी निष्कर्ष निकालिएको छ, अतः यो अध्ययन मूलतः द्वितीयक र अंशतः प्राथमिक स्रोतीय सामग्रीमा आधारित गुणात्मक प्रकृतिको छ । सामग्री अध्ययन र विश्लेषणको विधि चाहिँ निगमनमूलक वर्णनात्मक र तुलनात्मक प्रकृतिको रहेको छ ।

यस आलेखमा प्राचीनकाल शब्दले वैदिककालदेखि साहित्यका प्रसिद्ध आचार्य जगन्नाथ, नव्यवैयाकरण नागेश आदिको समय (इसाको सत्रौं शताब्दीसम्म) लाई र आधुनिक कालले चाहिँ वि.सं.२०७० को

दशकलाई सङ्केत गरेको बुझ्नु पर्दछ । अतः उक्त समयबिचका संस्कृत शास्त्र, ग्रन्थ र अनुसन्धान सम्बद्ध केही सामग्रीलाई यहाँ स्थाली पुलाक न्यायले लिई प्रस्तुत आलेख तयार गरिएको छ ।

## छलफल र निष्कर्ष

### संस्कृतको प्राचीन सन्दर्भाङ्कन परम्परा

संस्कृतमा प्रयुक्त प्राचीन सन्दर्भाङ्कन प्रक्रिया निकै विविधतामय र आजभन्दा भिन्न देखिन्छ । त्यतिबेला स्रोतको उद्धरण गर्दा उद्धरणीय स्रोतको उल्लेख गर्ने कुनै नियम थिएन । उद्धरणकर्ताहरू कोही कृतिकारको नाम लेखेर, कोही पुस्तकको नाम लेखेर, कोही अप्रत्यक्ष संकेत गरेर (कोही, केही, कुनै कुनै व्यक्ति, अन्य व्यक्ति) भनेर सामग्री साभार गर्दथे। उनीहरू उद्धरण प्रक्रियालाई भन्दा पनि ग्रहणीय सामग्रीलाई प्रत्यक्षतः, अप्रत्यक्षतः, संकेततः, नामतः, पुस्तकतः, कालतः (प्राचीनाः, नव्याः आदि), दर्शनतः ( नैयायिक, मीमांसक, वैयाकरण), पन्थातः (बौद्ध, जैन, शाक्तः, कैरातः) र अरु पनि विभिन्न प्रक्रियाबाट सम्बोधन गरी उनीहरूका सामग्री व्याख्यानार्थ, खण्डनार्थ, पारिपोषणार्थ वा अन्य कार्यका लागि लिने गर्दथे । ऋग्वेद सर्वप्राचीन मन्त्रराशि भएकाले यसले अरुका सामग्री लिएको देखिँदैन । त्यसपछिका यजु,साम,अथर्व वेदहरूले ऋग्वेदका ऋचाहरू धेरै ठाउँमा प्रयोग गरेका भए पनि ती ससन्दर्भ चाहिँ देखिँदैनन् । कतिपय व्याख्याताले द्वितीय, तृतीय र चतुर्थ वेदमा तिनै मन्त्र आउनुको कारण मन्त्रसंख्या पूरण आदि हुन सक्छन् । तर सन्दर्भ उल्लेख नहुँनाले त्यतिबेला सामग्री साभार गरिँदा उद्धरणस्रोत लेख्ने चलन नभएको स्पष्ट हुन्छ । उपनिषत् कालमा आइपुग्दा उपनिषत्कारहरूले ठाउँ ठाउँमा आफ्ना कुरा प्रस्तुत गर्ने सन्दर्भमा वेदवाक्य र विचारलाई आधार बनाएका छन्, जस्तै : कठोपनिषत्मा नाचिकेता र यमराजबिचको संवादमा ब्रह्मतत्त्व के हो ? भन्ने विषयको वर्णनमा ॐ तत्त्व सबैको मूल हो भन्ने कुरा वेदबाट प्रमाणित छ भन्ने कुरा यसरी बताएका छन् -

सर्वे वेदा यत्पदमामनन्ति तपांसि सर्वाणि च यद् वदन्ति ।

यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण ब्रवीम्योमित्येतत् ॥ (कठोपनिषत्-१५, पृ.२०९)

(सबै वेद जुन परं पदको बारम्बार प्रतिपादन गर्दछन्, जसलाई पाउन तपस्वीहरूले तपस्या गर्दै ब्रह्मचर्यको पालना गर्दछन्, त्यस्तो पद के होला भन्ने जिज्ञासा सबैमा उठ्न सक्छ, त्यस्तो पदको प्रतीक ॐ कारको महिमा म संक्षेपमा वर्णन गर्दछु ।)

यहाँ ॐ कारलाई वेदले ब्रह्मको प्रतीक मानेको छ भन्ने कुराको वर्णन गर्दा उपनिषत्कारले वेदलाई अप्रत्यक्षतः उद्धृत गरेका छन् । यसरी नै अन्य प्रसङ्गमा पनि उपनिषत्कारहरूले सन्दर्भाङ्कन प्रक्रियाको उल्लेख गरेका छन् । उपनिषत्पछिका निरुक्तकाल, पाणिनिकाल र त्यसपछिका ग्रन्थ र शोधहरूमा पनि परम्परागत सन्दर्भाङ्कन प्रक्रियाको उल्लेख गरिएको देखिन्छ । निरुक्तकार यास्क वेदका अफ्यारा अनि व्याख्येय पदलाई निरुक्ति (व्याख्या) गर्ने सन्दर्भमा ग्रन्थको सुरुमै यसो भन्छन्- समाम्नाय-समाम्नातः स व्याख्यातव्य इति (वेदबाट छानेर लिइएका व्याख्येय पदहरूलाई यहाँ निरुक्ति (निर्वचन) गरिन्छ) । यस वाक्यबाट वेद उद्धरणीय निरुक्त ग्रन्थका सामग्रीहरूको स्रोत रहेछ भन्ने स्पष्ट हुन्छ । यद्यपि यहाँ के

उद्धरण गरिएको छ भन्ने कुराको स्रोतसन्दर्भ लेखिएको छैन तर पनि यसपछिका निरुक्तका सबै व्याख्येय शब्दका स्रोत/आधार वेद बनाइएको देखिन्छ । यहाँ सन्दर्भाङ्कन संकेतात्मक मात्र भए पनि अन्य कतिपय ठाउँमा चाहिँ प्रत्यक्ष नै रहेको छ । आचार्य यास्ककै समयको नजिकका मानिएका आचार्य पाणिनिले रचना गरेका अष्टाध्यायी सूत्रहरूमा पनि सन्दर्भाङ्कनको परम्परागत पद्धति प्रयोग भएको देखिन्छ । उनले रचना गरेका पचासौं सूत्रमा पूर्वाचार्यहरू र उनका प्रक्रिया स्मृत छन् । उनले सम्बुद्धौ शाकल्यस्येतावनार्षे (पा.सू.१-१-१६) सूत्रमा आचार्य शाकल्य, एङ् प्राचां देशे (पा.सू.१-१-७५) सूत्रमा प्राच्य देश (पूर्वी देशका आचार्य) आदिका भाषाप्रयोग परम्परालाई उद्धरण गरी पाणिनीय व्याकरणमा समावेश गरिएको छ । पाणिनिपछिका अरुका कुरा धेरै साभार गर्ने आचार्य महाभाष्यकार पतञ्जलि हुन् । उनले आफ्नो महाभाष्यमा धेरै ठाउँमा पूर्ववर्ती आचार्यका कुरा कतै ससन्दर्भ र कतै परोक्ष रुपमा सन्दर्भाङ्कन गरेका छन्, यसरी- अचः परस्मिन् इति किमर्थम् ? ....हे गौः, बाभ्रवीयाः, नैधेय... इत्यादि नैतदस्ति प्रयोजनम् । आचार्यप्रवृत्तिर्ज्ञापयति न सम्बुद्धिलोपे स्थानिवद्भावो भवतीति । (अचः परस्मिन् पूर्वविधौ सूत्रमा विद्यमान परस्मिन् पदको प्रयोजन के हो ? हे गौः, बाभ्रवीया आदि हो ? यी प्रयोजन होइनन्, आचार्यहरूको प्रवृत्तिले ज्ञापित गर्दछ कि सम्बुद्धि लोपको कर्तव्यतामा स्थानिवद्भाव हुन्न) यसरी आचार्य शब्दको प्रयोग गरेर पतञ्जलिले पूर्वाचार्य पाणिनिलाई संकेत गरेका छन् । यसरी पतञ्जलिले विभिन्न ठाउँमा आचार्य प्रवृत्तिर्ज्ञापयति भन्ने वाक्यबाट पूर्वाचार्यका उद्धरणलाई उद्धृत गरेका छन् । आचार्य आनन्दवर्द्धन ध्वन्यालोकको मङ्गलाचरणमा सन्दर्भाङ्कनका विभिन्न युक्तिहरूको प्रयोग गर्दछन्, यसरी-

काव्यस्यात्मा ध्वनिरिति बुधैर्यः समाम्नातपूर्वस् ।
तस्याभावं जगदुरपरे भाक्तमाहुस्तमन्ये ॥
केचिद् वाचां स्थितमविषये तत्त्वमुचूस्तदीयं
तेन ब्रूमः सहृदयमनः प्रीतये तत्स्वरूपम् ॥ आनन्दवर्द्धन, (ई.१९९७, पृ.८)

विद्वान् (वैयाकरणहरू) ले काव्यको आत्मा ध्वनि हो भनिसकेको सन्दर्भमा अभाववादीहरूले ध्वनि काव्यको आत्मा हुन सक्दैन भने । अर्काथरि लक्षणावादीहरूले यो ध्वनि लक्षणामै अन्तर्भाव हुन्छ भनेर व्याख्या गरे । त्यस्तै अर्का किसिमका अनिर्वचनीयतावादीहरूले ध्वनि अनिर्वचनीय र अव्याख्येय छ भनी व्याख्या गरे । यसरी ध्वनिबारे अनेक मतहरू उपस्थित भइ सकेका सन्दर्भमा सहृदयीहरूको मन प्रसन्न बनाउन ध्वनिको वास्तविक स्वरुप बताउँछौं)

यहाँ- बुधैः (वैयाकरणैः) समाम्नातपूर्वम्, अपरे जगदुः, अन्ये आहुः, केचित् शब्दहरूको प्रयोग गरेर पूर्वाचार्यका कथनलाई कतै नामग्रहण पूर्वक र कतै संकेतद्वारा उद्धृत गरिएको छ । यसलाई नवौं दसौं शताब्दीतिरको सन्दर्भाङ्कन प्रणाली मान्न सकिन्छ । यस्तै शैलीले सन्दर्भाङ्कन गर्ने परिपाटी अठारौं उन्नाइसौं शताब्दीका कृतिसम्म पनि देखिन्छ ।

यसरी नै एउटा स्फुटपद्यमा साम्प्रायिक आचार्यहरूलाई उनीहरूको सम्प्रदायस्मरणबाटै सन्दर्भाङ्कित गरिएको छ, यसरी -

यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो ।

बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः ॥
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः ।
सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः ॥ ..........?

अ. प्रत्यक्ष सन्दर्भाङ्कन- सामग्रीलाई प्रत्यक्ष रुपमा उद्धृत गरिएको, स्रोतको लेखकादि उल्लेख समेत भएको, वैयाकरण भूषणसारमा आचार्य कौण्डभट्टले मीमासकास्तु, नैयायिकास्तु आदि भनेर स्पष्ट उल्लेख गरेका, साहित्य दर्पणमा पनि अभिहितान्वयवादिनस्तु... भनेर उल्लेख गरिएको, धर्म सिन्धुमा गृहारम्भ प्रकरणमा ज्योतिर्निबन्ध कृतिको सन्दर्भलाई प्रत्यक्षतः उद्धृत गरिएको छ, हेरौं- अथ गृहारम्भः । ज्योतिर्निबन्धे बादरायणिः वैशाखे फाल्गुने पौषे श्रावणे मार्गशीर्षके । सूत्रारम्भः शिलान्यासः स्तम्भारम्भः प्रशस्यते । नारदः सौम्यफाल्गुनवैशाखमाघश्रवणकार्तिका । मासाः स्युः गृहनिर्माणे पुत्रारोग्यधनप्रदाः । (पृ.६१०)

आ. अप्रत्यक्ष सन्दर्भाङ्कन- सामग्रीको आशयमात्र लिइएको/भावहरण गरिएको, स्रोत निर्देश नभएको, धर्म सिन्धुमा सपिण्डीकरणबारे विचार प्रस्तुत गरिँदा अप्रत्यक्ष उद्धरणको प्रयोग भएको पाइने, जस्तै- अथ सपिण्डीकरणविचारः । तत्र सपिण्डनकालः । नासपिण्ड्याग्निमान् पितृयज्ञं समाचरेत् इति वचनात् पित्रादीनां मात्रादीनां त्रितयमध्येऽन्यतममरणे साग्निको द्वादशाहे सपिण्डनं कृत्वा आगामि दर्शे पिण्डपितृयज्ञादिकं कुर्यात् । (साग्निक पुत्रले सपिण्डी नगरेसम्म पिण्डदान एवम् पितृयज्ञ गर्नु हुन्न भन्ने वचनलाई पालना गर्दै पिता आदि तीन वा माता आदि तीनमध्ये कसैको निधन भएमा साग्निक पुत्रले बाह्रौं दिनमा सपिण्डी गरेर आगामी दर्श वा अमावस्यामा पिण्ड पितृयज्ञ आदि गरोस् ।)

इ सङ्केत सन्दर्भाङ्कन- केचित् (कोही), अन्ये (अरु), अपरे (अर्का थरि), परे तु (परमतवादीहरू) आदि शब्द प्रयोग गरेर पनि प्राचीन आचार्यहरूले धेरै ठाउँमा सन्दर्भाङ्कन गरेको देखिन्छ । त्यहाँ आएका ती शब्दबाट बुझिने व्यक्ति को हुन् भन्ने कुरा भाष्य, व्याख्या आदि नपढेसम्म वा अन्य सम्बद्ध ग्रन्थको अध्ययन नगरेसम्म बुझ्न सकिँदैन, त्यसैले त्यस्ता सन्दर्भाङ्कनलाई संकेत सन्दर्भाङ्कन भन्नु उपयुक्त हुन्छ, जस्तै- रसगङ्गाधरको लक्षणा प्रकरणमा प्रश्न उठेको छ कि- गौण सारोपा लक्षणामा चन्द्र आदि पदमा चन्द्रसमान मुख र चन्द्राभिन्न मुखमा के भिन्नता छ ? भन्ने प्रश्नमा ग्रन्थकारले शंका उठाएर विभिन्न पूर्व पक्षीय मत उठाएर उत्तर पक्षीय मत प्रस्तुत गरेका छन्, यहाँ केचित्, अन्ये, अपरे यी तीन प्रतीकद्वारा प्राचीन मतको उपस्थापन गरिएको र अन्त्यमा नव्यास्तु भनेर नव्यको मत उपस्थापन गरिएको, केचित्, अन्ये, अपरे भनिएका व्यक्ति को को हुन् ? स्पष्ट भएको छैन । यसरी संकेत मात्र गरेर अरुका भाव र कतै उद्धरण नै उल्लेख गरका हुनाले यी संकेत सन्दर्भाङ्कन हुन् ।

इ. उद्धरण स्रोतमा व्यक्ति उल्लेख गर्ने परम्परा- कतिपय उद्धरण कर्ताले सामग्रीको उद्धरण गर्दा स्रोत व्यक्तिको नाम उल्लेख गरेर सामग्री लिएको देखिन्छ, जस्तै- यस जगत्को उत्पत्ति कसरी भयो भन्ने विषयमा विभिन्न आचार्यहरूका आआफ्नै मत छन्, जस्तै-

ई. उद्धरणस्रोतमा पुस्तक उल्लेख गर्ने परम्परा - कति उद्धरणकर्ताले अन्य सामग्रीको उद्धरण गर्दा - यथा वीरचरिते चतुर्थाङ्कस्यादौ (वीर चरितको चतुर्थ अङ्कको सुरुमा), यथा शाकुन्तले (जस्तै शाकुन्तलमा),

यथा बालरामायणे (जस्तै बाल रामायणमा), यथा वेण्याम् (जस्तै वेणीसंहार नाटकमा) आदि भनेर कृतिस्रोतको उद्धरण उल्लेख गरेका छन् ।

उ. प्राचीन लेखन परिपाटीमा कसैले भनेको कुरा प्रमाणका रूपमा उपस्थापित गर्दा अध्याय, परिच्छेद, तिथिमिति, पृष्ठसङ्ख्या आदि दिने चलन थिएन । त्यहाँ त तदुक्तं श्रुतौ, तदुक्तं व्याकरणे, मीमांसायां... भनेर निर्देश गर्ने चलन थियो । .... आकरस्थल निर्देश गर्दा गर्भमा र पादटिप्पणीमा दिने भन्ने मतभेद भए पनि गर्भे टिप्पणीका रूपमा स्थलनिर्देश गर्दा सम्बद्ध लेखकले नै निर्देश गरेको भान पर्न आउँछ, पादटिप्पणीमा दिँदा त्यस्तो भ्रान्ति हुँदैन, त्यसकारण पादटिप्पणीमा नै गर्नु उचित हुन्छ भनेर अनुसन्धाता वेणीमाधव ढकालले एक लेखमा उल्लेख गरेका छन् ।

**निर्णयसिन्धुको सन्दर्भाङ्कन पद्धति**

क. अथ मलमासः । तत्रैकमात्रसंक्रान्तिरहितः सितादिश्चान्द्रो मासो मलमासः । एकमात्रसंक्रान्तिराहित्यसङ्क्रान्तत्वेन सङ्क्रान्तिद्वयत्वेन च भवतीति मलमासो द्वेधा, अधिकमासः क्षयमासश्चेति । तदुक्तं काठकगृह्ये यस्मिन् मासे न सङ्क्रान्तिः सङ्क्रान्तिद्वयमेव वा । मलमासः स विज्ञेयो मासः स्यात्तु त्रयोदश इति । (मासः त्रिंशत्तमे भवेत् - पाठान्तर)

(एक पनि संक्रान्ति नभएको वा दुई संक्रान्ति परेको शुक्लपक्षबाट सुरु भएको मास मलमास हो । संक्रान्ति नहुने वा दुईवटा हुने कारणबाट यो दुई प्रकारको हुन्छ, अधिकमास र क्षयमास । काठक गृह्यसूत्रमा भनिएको छ जुन महिनामा संक्रान्ति नै पर्दैन वा दुईवटा संक्रान्ति पर्दछन्, त्यो मलमास हो, यसलाई तेह्रौं महिना मानिएको छ, यो प्रत्येक ३० महिनामा आउँछ)

(भट्ट, कमलाकर, (ई.२०१२), निर्णयसिन्धु (व्रजरत्न भट्टाचार्यकृत हिन्दी अनुवादसहित),चौखम्बा विद्याभवन, पृ.१५ ।

- यहाँ काठक गृह्यसूत्र भनेर काठकशाखाको पुस्तकलाई उद्धरणको मुख्य आधार मानिएको,
- स्रोत निर्देश गर्ने चलन नरहेको ।

ख. अज भेषजम् । चण्डेश्वरः मूलानुराधमृगतिष्यपुनर्वसौ च पौष्णाश्विनीश्रवणशक्रकरत्रये च । वारेषु वाक्पतिदिनेषु सिंतेन्दुशस्तेभैषज्यभक्षणममीषु हितं नराणाम् । (पृ.५५)

(अब औषधिको वर्णन सुरु हुन्छ । चण्डेश्वरको वचन छ- मूल, अनुराधा, मृगशिरा, पुनर्वसू, विशाखा, पुष्य, रेवती, अश्विनी, श्रवण, ज्येष्ठा, हस्ता, चित्रा, स्वाती नक्षत्रमा एवम् बृहस्पति, शुक्र तथा सोमबार औषधिको भक्षण/सेवन मनुष्यका लागि हितकारी हुन्छ ।)

- यहाँ स्रोत उद्धरण गर्दा चण्डेश्वर नामका आचार्यको नाममात्र उल्लेख गरिएको, कृति उल्लेख नरहेको ।

ग. अथ गृहारम्भः । ज्योतिर्निबन्धे बादरायणिः वैशाखे फाल्गुने पौषे श्रावणे मार्गशीर्षके । सूत्रारम्भः शिलान्यासः स्तम्भारम्भः प्रशस्यते । नारदः सौम्यफाल्गुनवैशाखमाघश्रवणकार्तिका । मासाः स्युः गृहनिर्माणे पुत्रारोग्यधनप्रदाः । (पृ.६१०)

(अब गृहारम्भको विधि बताइन्छ । ज्योतिर्निबन्धमा बादरायणि भन्छन् वैशाख, फाल्गुन, पुस, श्रावण, मार्गशीर्ष महिनामा धागोद्वारा भूमि नाप्नु, शिलाको स्थापना एवम् स्तम्भ गाड्नु राम्रो मानिन्छ । नारद भन्छन् फाल्गुन, वैशाख, माघ, श्रावण एवम् कार्तिक यी महिनामा गृहनिर्माण गरिँदा पुत्रलाई आरोग्य र धन मिल्छ)

- यहाँ उद्धरण गर्दा ज्योतिष शास्त्रको निबन्ध पुस्तक भनी पुस्तकको नामै किटान गरी त्यसका लेखक बादरायणपुत्र (बादरायणि) को नामसमेत दिइएको,

**धर्मसिन्धुको सन्दर्भाङ्कन पद्धति :**

क. अथ सपिण्डीकरणविचारः । तत्र सपिण्डनकालः । नासपिण्ड्याग्निमान् पुत्रः पितृयज्ञं समाचरेत् इति वचनात् पित्रादीनां मात्रादीनां त्रितयमध्येऽन्यतममरणे साग्निको द्वादशाहे सपिण्डनं कृत्वा आगामि दर्शे पिण्डपितृयज्ञादिकं कुर्यात् ।

(काशीनाथोपाध्यायः, (ई. २०१२), धर्मसिन्धुः (टीकाकार रविदत्त शास्त्री), चौखम्बा संस्कृत प्रतिष्ठान, पृ.७१६।

(साग्निक पुत्रले सपिण्डी नगरेसम्म पिण्डदान एवम् पितृयज्ञ गर्नु हुन्न भन्ने वचनलाई पालना गर्दै पिता आदि तीन वा माता आदि तीनमध्ये कसैको निधन भएमा साग्निक पुत्रले बाह्रौं दिनमा सपिण्डी गरेर आगामी दर्श वा अमावस्यामा पिण्ड पितृयज्ञ आदि गरोस् ।)

- यहाँ अप्रत्यक्ष उद्धरण रहेको,
- कसको उद्धरण गरिएको भनेर नामसमेत नलेखिएको,

ख. अथ पिण्डोपघाते श्वसृगालखरैः स्पृष्टः पिण्डो भिन्नः प्रमादतः । मार्जारमूषकैः स्पृष्टश्चाण्डालपतितादिभिः । प्राजापत्यं चरेत् स्नात्वा पुनः पिण्डान्यथाविधिः पाकान्तरेण तेन पाकेन वा पिण्डदानमात्रं पुनः कार्यं न सर्वश्राद्धावृत्तिरिति सर्वसम्मतम्, काकस्पर्शेन तु न दोषः । .... कृतमङ्गलोपि पिण्डान् दद्यात् केचिद् भात्रादिवार्षिकेप्याहुः ।

(पिण्डमा कसैले व्यवधान गरेमा के गर्ने भन्ने विषयमा यहाँ चर्चा गरिन्छ । कुकुर, स्याल, गधा, बिरालो, मुसो, चण्डाल आदिले छोएर पिण्डमा व्यवधान गरेमा वा प्रमादवश निर्मित पिण्ड फुटेमा स्नान गरेर प्राजापत्य प्रायश्चित्त गरोस्, त्यसपछि पुनः पकाएर पिण्ड मात्र देओस्, श्राद्धकै पुनरावृत्ति गर्नु पर्दैन भन्ने ऋषिहरूको सर्वसम्मति रहेको छ, ....मंगलकार्य गरेको मानिसले पनि महालय आदिमा पिण्डदान गर्नू, कति ग्रन्थकारले चाहिँ भाइ आदिका श्राद्धमा पिण्डदान गर्नू भनेका छन्)

- यहाँ अप्रत्यक्ष उद्धरणको प्रयोग गरिएको,
- केचिद् आहुः (कोही भन्छन् भन्ने अप्रत्यक्ष शैलीको प्रयोग गरिएको । भन्ने मानिस को हुन् भन्ने विषयमा स्पष्ट नभएको,

(काशीनाथोपाध्यायः, (ई.२०१२), धर्मसिन्धुः (टीका रविदत्त शास्त्री), चौखम्बा संस्कृत प्रतिष्ठान, पृ.६१५ ।

**ब्रह्मसूत्रशाङ्करभाष्यको सन्दर्भाङ्कन पद्धति**

क. तमेतमेवं लक्षणमध्यासं पण्डिता अविद्येति मन्यन्ते । तद्विवेकेन च वस्तुस्वरूपावधारणं विद्यामाहुः ।

(शङ्करः (भाष्यकारः), (२०५५), ब्रह्मसूत्रशाङ्करभाष्यम् (सूत्रकारो वेदव्यासः),महेन्द्र संस्कृत विश्वविद्यालयः, पृ. ७ ।

(यस किसिमको लक्षण भएको (सिपिमा चाँदीको अध्यास हुनु) अध्यासलाई विद्वान्हरू अविद्या भन्दछन् । अध्यास गरिएका वस्तुको छानबिन गरेर वस्तुको यथार्थबोध गर्नुलाई विद्या भन्दछन् ।

- यहाँ पण्डितहरू अध्यासको लक्षणबारे यसो भन्छन् भनिएको छ तर ती को हुन् ? उल्लेख छैन, अनि केचित्तु बाट उद्धरण सुरु गरेर आहुः मा टुङ्ग्याउने चलन यहाँ पनि देखिन्छ ।

ख. यत्तु मुख्यप्राणलिङ्गं दर्शितं दर्शितम् ... इदं शरीरं परिगृह्योत्थापयति इति तदसत्... यो शरीरलाई आश्रय गरेर उठाउँछ भन्ने मुख्य प्राणको चिन्ह देखाइयो, त्यो नहुने कुरा हो... (पृ.२५६)

- यहाँ विषय उपस्थापन र खण्डन मण्डन गर्ने शास्त्रीय परम्परालाई उल्लेख गरी यत्तु सम्बद्ध विषलाई पूर्वपक्ष मानी खण्डन गरिएको छ, यो पनि उद्धरणको एउटा शैली हो ।
- यहाँ पनि यत्तु भनिएका व्यक्ति को हुन् ? स्पष्ट छैन ।

**रसगङ्गाधरको सन्दर्भाङ्कन पद्धति (सत्रौं शताब्दी)**

रसगङ्गाधरको लक्षणा प्रकरणमा प्रश्न उठेको छ कि- गौण सारोपा लक्षणामा चन्द्र आदि पदमा चन्द्रसमान मुख र चन्द्राभिन्न मुखमा के भिन्नता छ ? भन्ने प्रश्नमा ग्रन्थकारले शंका उठाएर विभिन्न पूर्व पक्षीय मत उठाएर उत्तर पक्षीय मत प्रस्तुत गरेका छन्, त्यहाँको सन्दर्भाङ्कन यस्तो छ :

क. उक्तशङ्कायाः प्राचामभिमतं मतभेदेन समाधानत्रयं प्रतिपादयिष्यन् तावत् प्रथममतमाह- अत्र केचित् रूपकस्योपमातः स्वरूपसंवेदनांशमादायावैलक्ष्यण्येऽपि लक्षणाफलीभूततादूप्यसंवेदनमादाय वैलक्ष्यण्यं निर्बाधम् ... (उक्त शंकामा प्राचीनहरूको मतलाई प्रतिपादन गर्ने सन्दर्भमा प्रथम मत प्रस्तुत गर्दछन्- यहाँ केही भन्छन् - चन्द्रसदृश मुख र चन्द्राभिन्न मुखमा स्वरुप संवेदनाले प्राथमिक बोधमा भिन्न प्रतीति नभएजस्तो लागेपनि द्वितीयक बोधमा यी दुई भिन्न मानिन्छन्... ।) पृ. १७२ ।

ख. उक्तारुचेर्द्वितीयं मतमुपदर्शयति- अन्ये तु चन्द्रादिपदेभ्यो लक्षणया चन्द्रसदृशत्वेनापि रूपेणोपस्थितानां मुखादीनां चन्द्रत्वेन रुपेणैव मुखापिदोपस्थापितैः सहाभेदान्वयबोधो जायते ।

ग. उक्तसामञ्जस्यसाधकं तृतीयं मतमाह- अपरे तु भेदकरम्बितं सादृश्यमुपमाजीवातुभूतम्....

घ. प्राचीनमतं खण्डयितुं नवीनमतं प्रपञ्चयति- नव्यास्तु मुखं चन्द्रं वाहीको गौः इत्यादौ च्रन्द्रादीनां मुखादिभिः सह सम्भवति लक्षणा.... । (पृ.१७८)

(जगन्नाथ, (ई.१९९७), रसगङ्गाधर (चन्द्रिका हिन्दीव्याख्यासहित), चौखम्बा विद्याभवन, पृ.१७८) ।

- यहाँ केचित्, अन्ये, अपरे यी तीन प्रतीकद्वारा प्राचीन मतको उपस्थापन गरिएको र अन्त्यमा नव्यास्तु भनेर नव्यको मत उपस्थापन गरिएको,
- केचित्, अन्ये, अपरे भनिएका व्यक्ति को को हुन् ? स्पष्ट नभएको ।

**ज्योतिष ग्रन्थ जातकालङ्कारको सन्दर्भाङ्कन (वि.सं.१६७०)**

जातकालङ्कारका रचयिता कवि गणेश दैवज्ञले मङ्गलाचरणमा श्रीमद्भागवतलाई श्रीधर स्वामीले व्याख्या गरेजस्तै जातकशास्त्रको व्याख्या गर्छु भनेका छन्, यसरी-

सद्भावकलितं पदार्थललितं योगाङ्गलीलार्चितम्
श्रीमद्भागवतं शुकास्यगलितं यच्छ्रीधरस्वामिना ॥

सुव्यक्तं क्रियते गणेश कविना ...... (संज्ञाध्याय, श्लोक २, पृ.१०)

गणेशदैवज्ञ, (ई. १९९९), जातकालङ्कार (व्या. सुरेशचन्द्रमिश्र), रञ्जन पब्लिकेसन, पृ. १०)

**साहित्यदर्पणको सन्दर्भाङ्कन विधि (विश्वनाथ चौधौं शताब्दी)**

काव्यमा हुने विभिन्न सन्धिहरूको चर्चा प्रसङ्गमा साहित्यदर्पणकारले अन्य व्यक्तिका कुरालाई यसरी उद्धरण गरेका छन्-

यत्पुनः केनचिदुक्तम्- मुखसन्धिमारभ्य सन्धिचतुष्टये क्रमेण भवन्ति इति । तदन्ये न मन्यन्ते, एषामत्यन्तमुपादेयानामनियमेन सर्वत्रापि भवितुं युक्तत्वात् । (पृ.४१५)

(विश्वनाथ, (ई.१९८१), साहित्य दर्पण (टीकाकार विश्वनाथ कविराज), कृष्णदास एकेडेमी, पृ.४१५।

(काव्यमा पताका स्थान कतै मङ्गलका लागि र कतै अमङ्गलका लागि सबै सन्धिमा हुन्छन् । यस विषमा कसैले भनेका छन्- मुखसन्धिदेखि लिएर चार सन्धिमा क्रमशः हुन्छन्, यस कुरालाई अरुले मान्दैनन् । अत्यन्त उपादेय हुने भएकाले विना नियम नै सबै सन्धिमा हुन सक्दैन)

यसैगरी अन्यत्र पनि तथा च, तथा हि, यथा, यथा वीरचरिते चतुर्थाङ्कस्यादौ (पृ.४१९), यथा शाकुन्तले (४२३), यथा बालरामायणे (पृ.५३५), यसरी उद्धरण गरिएको देखिन्छ ।

कति ठाउँमा भने स्रोतको उल्लेख पनि पाइन्छ, जस्तै-

यथा वेण्याम्-

राजा- कञ्चुकिन् ! देवस्य देवकीनन्दनस्य ....आख्यानं पूर्ववृत्तोक्तिः- यथा तत्रैव- 'देशः सोऽयमरातिशोणितजलैर्यस्मिन् ह्रदाः पूरिताः- ' (वे.सं. ३-३३) इत्यादिः ।

- यहाँ आधुनिक उद्धरण शैलीको आंशिक प्रयोग,
- लगत्तै दोस्रो पटक उद्धरण गर्दा पूर्ववत्/ऐजन लेख्ने चलन यहाँ देखिने, प्राचीन परम्परामा तत्रैव लेखिएको । (पृ.५३७)
- माथि उद्धरणभित्र राख्ने शैली नवीन छ, अतः यो आधुनिक सम्पदकद्वारा सम्पादित हुनसक्छ।

**ज्योतिष ग्रन्थ बृहत् संहिताको सन्दर्भाङ्कन पद्धति**

ज्योतिषग्रन्थ बृहत् संहिता पनि एक प्राचीन अनुसन्धान ग्रन्थ हो, त्यहाँ जगत्को उत्पत्ति कसरी भयो भन्ने विषयमा विभिन्न पूर्ववर्त्ती आचार्यहरूले प्रस्तुत गरेका विचारलाई आचार्य वराहमिहिरले यसरी उद्धरण गरेका छन्-

कपिलः प्रधानमाह द्रव्यादीन् कणभुगस्य विश्वस्य ।
कालं कारणमेके स्वभावमपरे जगुर्कर्म ॥

(वराहमिहिर, (१९८३),बृहत् संहिता (व्या.अच्युतानन्दझा), चौखम्बा विद्या भवन, पृ.३)

(जगत्को उत्पत्ति कसरी भयो भन्ने विषयमा अनेक प्रमाण मिल्छन्, यसबारे कपिल मुनि मूलप्रकृतिलाई, कणाद द्रव्य आदि पदार्थलाई, कोही काललाई, कति स्वभावलाई र मीमांसक कार्यलाई कारण मान्दछन्)

- यहाँ अप्रत्यक्षतः पूर्ववर्तीका कथनलाई उद्धरण गरिएको,
- उद्धरणस्रोत उल्लेख नगरिएको,

**काव्यप्रकाशकार मम्मटको उद्धरण प्रक्रिया (बाह्रौं शताब्दी)**

काव्यका भेद उल्लेख गर्ने सन्दर्भमा आचार्य मम्मट वाच्य काव्यभन्दा व्यङ्ग्यकाव्य नै उत्तम हुन्छ भन्ने कुरा पुष्टि गर्ने प्रयास गर्दछन् । यसमा पूर्ववर्ती विद्वान्हरूको समेत सहमति रहको कुरा यसरी उल्लेख गर्दछन्-

इदमुत्तममतिशयिनि व्यङ्ग्ये वाच्याद् ध्वनिर्बुधैः कथितः ॥

इदमिति काव्यम् । बुधैर्वैयाकरणैः प्रधानभूतस्फोटरूपव्यङ्ग्यव्यञ्जकस्य शब्दस्य ध्वनिरिति व्यवहारः कृतः । ततस्तन्मतानुसारिभिरन्यैरपि न्यग्भावितवाच्यव्यङ्ग्यव्यञ्जनक्षमस्य शब्दार्थयुगलस्य...। (पृ.२९)

(इदं काव्यको बोधक हो । वाच्यार्थका अपेक्षामा व्यङ्ग्यार्थ अधिक चमत्कारपूर्ण हुने भएकाले त्यही नै उत्तम काव्य हुन्छ भनेर वैयाकरणहरूले भनेका छन् । त्यसकारण ध्वनिकाव्य नै उत्तम काव्य हो । वैयाकरणहरूले प्रधानभूत व्यङ्ग्यशब्द/अर्थरुपी स्फोटको अभिव्यक्ति गराउनमा ध्वनि नै कारण हो भनेका छन्, साहित्यका आचार्यहरूले पनि व्यङ्ग्यार्थलाई प्रकाशित गर्ने शब्द एवम् अर्थलाई ध्वनि मानेका छन्, अतः ध्वनिकाव्य नै उत्तम काव्य हो ।)

(मम्मट,(२०४२), काव्यप्रकाशः (व्या.विश्वेश्वर सिद्धान्तशिरोमणि)(षष्ठ सं.), ज्ञानमण्डल लिमिटेड, पृ.२९ ।

- यहाँको उद्धरण प्रक्रिया अप्रत्यक्ष र स्रोतरहित ।
- वैयाकरणहरूले ध्वनिलाई महत्व दिएका छन् भन्ने विचार चाहिँ आएको, विषयप्रधान उद्धरण ।

श्रीमद्भगवद्गीताको सन्दर्भाङ्कन पद्धति

ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिरवाप्यते । (अ.१३,श्लोक ४)

**निरुक्तको उद्धरण प्रक्रिया (निरुक्तकालीन उद्धरण प्रक्रिया)**

निरुक्तकार यास्क निरुक्तविवृतिको मङ्गलाचरणमा भन्छन्

समाम्नाय समाम्नातः स व्याख्यातव्यः । (समाम्नाय अर्थात् वेदबाट चयन गरेर समाम्नातः निरुक्ति गरिएका सामग्रीलाई यहाँ व्याख्या गर्न उपयुक्त हुन्छ ।)

यास्कः, ई.(२००२), निरुक्तम्, (दुर्गाचार्यकृतव्याख्यासहितम्), चौखम्बा संस्कृत प्रतिष्ठान, पृ.१ ।

- यहाँ उद्धरण गर्ने प्राचीन शैलीलाई प्रयोग गरिएको,
- वेदबाट लिइएको भनिए पनि कुन वेदको कुन कुन मन्त्रबाट लिइएको भन्ने विषयमा केही उल्लेख नभएको, अस्पष्ट उद्धरण ।

# शोधशीर्षक चयनका चुनौती

मदनराज बराल
सहप्राध्यापक : नेपाली शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस, इटहरी
*baralmadanraj@gmail.com*

**अनुसन्धान शीर्षक भनेको के हो?**

अनुसन्धानात्मक लेख वा प्रतिवेदनको नाम नै 'अनुसन्धान शीर्षक' हो । यस्ता प्रत्येक लेख वा प्रतिवेदनको एउटा शीर्षक रहन्छ । यिनको शीर्षक राख्नु भनेको एक किसिमले नामकरण गर्नु हो । कुन विषयमा अनुसन्धान गर्ने भन्ने कुरा निश्चित भएपछि त्यस विषयभित्रको कुनै एक पक्षमा सीमित भई त्यसलाई शीर्षकको रूप दिइन्छ। अनुसन्धानका अवधिमा त्यस शीर्षकलाई पछि अझ स्पष्ट र सीमित गरी परिभाषित गर्न पनि सकिन्छ। अनुसन्धानका क्रममा शीर्षकको छनोट पहिलो काम हो । पूर्वकार्यको समीक्षा गर्दा अघि भएका कार्यहरूका विषयमा जानकारी हुन्छ र मौलिक र उपयुक्त शीर्षक छान्न सहायता मिल्छ । एउटै विषयमा पनि विभिन्न शाखा, विधा वा पक्ष हुन सक्छन् र तिनमा कुनचाहिँ आफूलाई उपयुक्त छ भन्ने कुराको निर्णय गरेर मात्र शीर्षक छान्न सकिन्छ ।

**अनुसन्धान (शोध) लेख र प्रतिवेदनको शीर्षकको मूल विशेषता कस्तो हुन्छ?**

अनुसन्धानात्मक लेख विस्तृत अनुसन्धान कार्यकै शैलीमा लेखिने छोटो तर पूर्ण लेख हो । यसलाई शोध लेख, अनुसन्धानात्मक लेख, रिसर्च आर्टिकल आदि विविध नामले चिन्ने गरिन्छ । यो प्राज्ञिक लेखन नै हो । यसले एउटा सानो क्षेत्रको व्यवस्थित, वैज्ञानिक, वस्तुपरक र प्रामाणिक खोजी गरी निष्कर्ष निकाल्ने काम गर्दछ । यो तीनचार हजार शब्दमा पुरा भए पनि यसमा अनुसन्धानका लागि आवश्यक सबै विधि, पद्धति र प्रक्रियाहरूको पालना हुने गर्दछ । कुनै पनि अनुसन्धान कार्य सम्पन्न गरेपछि त्यस अनुसन्धानका समस्या,अनुसन्धान विधि,तथ्य तथा तथ्याङ्कको व्याख्या विश्लेषण र निष्कर्षलाई लिखित रूपमा प्रस्तुत गरिएको प्रतिवेदन भने अनुसन्धान प्रतिवेदन हो । समष्टिमा अनुसन्धानात्मक लेखलाई सानो आकारको र शोधप्रतिवेदनको एउटा सानो स्वरूप नै प्रस्तुत गरिएको प्राज्ञिक लेखन साथै शोधप्रतिवेदनलाई लामो आकारको प्राज्ञिक लेखन पनि भन्न सकिन्छ ।

शीर्षक छनोटमा केन्द्रित भएर हेर्दा यी दुवैमा धेरै साझा विशेषताहरू देखिन्छन् । शीर्षक अनुसन्धेय विषयलाई सङ्केत गर्ने खालको हुनु पर्ने, शीर्षकले नै तर्क र दाबीलाई सङ्केत गर्नुपर्ने तथा अमूर्त र अस्पष्ट शीर्षक राखिनु नहुने, यो सरल,सङ्क्षिप्त र आकर्षक हुनुपर्ने, शब्दद्वारा अनुसन्धानलाई व्यक्त गर्ने खालको हुनुपर्ने, यसमा सङ्क्षिप्त शब्द र अङ्कको प्रयोग गर्नु नहुने, मूल विषय, विषय र सिद्धान्त तथा विषयको सीमितता अभिव्यञ्जित भएको हुनुपर्नेलगायतका मान्यता पाइन्छन् । यसका आधारमा हेर्दा

अनुसन्धानात्मक लेख वा शोधप्रतिवेदन दुवैको शीर्षक अनुसन्धेय विषयप्रति लक्षित तथा शोधसमस्यालाई प्रतिविम्बित गर्ने प्रकारको छोटो र स्पष्ट हुनुपर्छ भन्ने बुझिन्छ । शोधको शीर्षकमा सर्वेक्षण, अवलोकन, विश्लेषण, विवेचना जस्ता शब्दहरू राखियो भने त्यसले सतही लेखनलाई सङ्केत गर्ने हुनाले के गर्न लागिएको हो त्यसको स्पष्ट सङ्केत र शोधको मूल समस्या के हो त्यसको स्पष्ट दिशानिर्देश हुनु उपयुक्त मानिन्छ ।

**अनुसन्धान लेखनको शीर्षक चयनमा आउने सम्भावित चुनौतीहरू के के हुन सक्छन् ?**

शोध वा अनुसन्धानका विभिन्न विषय र क्षेत्रहरूमध्येबाट आफूलाई रुचि लागेको, विशेष दखल भएको, तत् सम्बन्धी पूर्व अध्ययन वा जनाकारी भएको तथा व्यावहारिक र उपयोगी हुन सक्ने विषय क्षेत्रबाट त्यसको खास पक्षमा केन्द्रित भई शीर्षक छनोट गर्नु पर्ने हुन्छ र त्यसैलाई शोध प्रस्तावको शीर्षक बनाइनु पर्छ । तर यी कामकुरा त्यति सरल छैनन्; यिनै कुरा नै अनुसन्धान लेखनको शीर्षक चयनमा आउने सम्भावित चुनौतीहरू हुन् । यीमध्ये मुख्य चुनौतीलाई यसप्रकार प्रस्तुत गरिएको छ -

**अनुसन्धेय क्षेत्र छनोट गर्ने**

अनुसन्धाताले म कुन विषय क्षेत्रमा काम गर्न सक्छु वा वा मेरो रुचिको विषय क्षेत्र भाषा, भाषाशिक्षण, साहित्य, इतिहास, भूगोल, गणित, समाजशास्त्र, मानवशास्त्र, भाषाशास्त्र,राजनीतिशास्त्र, पत्रकारिता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध, विपद् व्यवस्थापन, शान्तिसुरक्षा, अर्थ, उद्योग, वाणिज्य, आपूर्ति, कानुन, न्याय , संसदीय मामिला,कृषि, भूमि व्यवस्था, सहकारी, खानेपानी ,ग्रामीण तथा सहरी विकास, जलस्रोत , ऊर्जा ,परराष्ट्र , भौतिक पूर्वाधार, यातायात , रक्षा, वन,वातावरण , शिक्षा, विज्ञान, प्रविधि, युवा, खेलकुद,श्रम, रोजगार, महिला, बालबालिका, सामाजिक सुरक्षा, संस्कृति, पर्यटन, नागरिक उड्डयन, सङ्घीय मामिला, सामान्य प्रशासन, सञ्चार , सूचना, प्रविधि, स्वास्थ्य, जनसङ्ख्या आदिमध्ये कुनचाहिँ हो? साथै यी विषयक्षेत्रभित्र पनि उक्त अनुसन्धान परिमाणात्मक वा गुणात्मक कुन किसिमको हो? भनी किटान गर्ने कार्य यस सन्दर्भमा एउटा प्रमुख चुनौती हो ।

अनुसन्धाताले म कुन विषय क्षेत्रमा काम गर्न सक्छु वा वा मेरो रुचिको विषय क्षेत्र भाषा, भाषाशिक्षण, साहित्य, इतिहास, भूगोल, गणित, समाजशास्त्र, मानवशास्त्र, भाषाशास्त्र,राजनीतिशास्त्र, पत्रकारिता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध, विपद् व्यवस्थापन, शान्तिसुरक्षा, अर्थ , उद्योग,वाणिज्य ,आपूर्ति,कानुन, न्याय , संसदीय मामिला,कृषि, भूमि व्यवस्था, सहकारी, खानेपानी ,ग्रामीण तथा सहरी विकास , जलस्रोत , ऊर्जा ,परराष्ट्र , भौतिक पूर्वाधार, यातायात , रक्षा, वन,वातावरण , शिक्षा, विज्ञान, प्रविधि, युवा , खेलकुद,श्रम, रोजगार, महिला, बालबालिका, सामाजिक सुरक्षा,संस्कृति, पर्यटन , नागरिक उड्डयन, सङ्घीय मामिला, सामान्य प्रशासन, सञ्चार , सूचना, प्रविधि, स्वास्थ्य, जनसङ्ख्या आदिमध्ये कुनचाहिँ हो भन्ने कुरा सुनिश्चित गर्नु साथै यी विषयक्षेत्रभित्र पनि उक्त अनुसन्धान परिमाणात्मक वा गुणात्मक कुन किसिमको हो भनी किटान गर्नु यस सन्दर्भमा माथिको चुनौती सामना गर्ने मूल उपाय हो ।

यसै क्रममा यहाँ उल्लिखित असीमित विषयक्षेत्र र तिनका उपक्षेत्रहरूमध्ये एउटामा केन्द्रित भएर शीर्षक छनोट गर्न सकिन्छ। नेपाली भाषा शिक्षाका दृष्टिले भाषा विज्ञानका विभिन्न क्षेत्र र प्रायोगिक भाषा

विज्ञानका असङ्ख्य क्षेत्रहरूबाट शोध शीर्षक छनोट गर्न सकिन्छ। भाषा विज्ञानबाट विभिन्न भाषा, भाषिका र उपभाषिकाभित्रका उच्चारण, लिपिविन्यास वा वर्णविन्यास, शब्दभण्डार, शब्दरूपायन, शब्दव्युत्पादन, उखानटुक्का वा वाक्पद्धति, वाक्यसंरचना, वाक्यान्तरण, उक्ति परिवर्तन, भाषिक परिवर्तन, भाषिक विकास क्रम, ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान, अर्थविज्ञान, व्याकरण आदि कुनै पनि क्षेत्रमा अध्ययन गर्ने गरी शीर्षक चयन गर्न सकिन्छ र कालक्रमिक, वर्णनात्मक, तुलनात्मक आदि कुनै पनि ढाँचामा अनुसन्धान गर्न सकिन्छ । प्रायोगिक भाषा विज्ञानका क्षेत्रबाट सङ्कथन विश्लेषण, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, कोश विज्ञान, शैली विज्ञान, अनुवाद अध्ययन, भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक वा पाठ्यसामग्री, भाषिकमूल्याङ्कन, भाषाशिक्षण योजना, भाषाशिक्षण पद्धति / विधि/प्रविधि, श्रुतिबोध शिक्षण, वक्तृता शिक्षण, सस्वर पठनशिक्षण, पठनबोध शिक्षण, लिखित रचना शिक्षण, भाषाशिक्षण सामग्री, भाषा योजना, सामाजिक भाषा विज्ञान, मनोभाषाविज्ञान, शैक्षणिक व्याकरण आदि अनेकौं विषयवस्तुलाई शोधकार्यको शीर्षक बनाउन सकिन्छ । एउटा पाठ्यपुस्तक वा पाठ्यसामग्रीलाई आधार बनाउँदा मात्र पनि त्यसका भौतिक र प्राज्ञिक विशेषता, पाठ्यक्रम अनुरूपता, पाठ्यसामग्री निर्माण आधारको परिपालन, पाठ र पाठ्यवस्तु छनोट र स्तरण प्रक्रिया, शब्द भण्डार व्यवस्था, व्याकरणात्मक पक्ष, विधा सन्तुलन, भाषिक सिप सन्तुलन, पाठगत विधा विश्लेषण, अभ्यास सामग्री, चित्र संयोजन, पठनशीलता, स्तरीयता आदि अनेकौं विषयवस्तुहरू अध्ययनका शीर्षक बन्न सक्छन् । यी केही उदाहरणहरूलाई आधार मान्दा पनि शोधकार्यको क्षेत्र असीमित र असङ्ख्य हुन सक्ने देखिन्छ । एउटै शीर्षकलाई पनि भौगोलिक, सामाजिक, जातिगत, भाषागत, पेसागत, समुदायगत, उमेरगत, लिङ्गगत आदि विभिन्न आधारमा परिसीमित गरेर अध्ययन गर्ने गरी शीर्षक छनोट गर्न सकिन्छ । शोध प्रतिवेदन/लेख प्रस्तोताले के पनि बुझ्नु जरुरी छ भने शोध प्रतिवेदन/लेखमा राखिने शीर्षक अन्तिम चयन होइन, यसको अन्तिम सम्पादनसम्म पनि यसमा आवश्यक संशोधन र परिमार्जन गर्न सकिन्छ।

**छानिएको क्षेत्रको पुनरवलोकन गर्दा कुन कुन प्रकाशनका के के सामग्री पढ्ने भन्ने**

सैद्धान्तिक पूर्वकार्यको पुनरावलोकनपछि सम्बन्धित क्षेत्रमा भएका अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानमा आधारित भएर लेखिएका लेखहरू पुनरवलोकन गरिएका छन्? यस प्रकारको पुनरवलोकनमा सम्बन्धित खोज तथा अनुसन्धान कुन कुन शीर्षक वा समस्यामा गरिए? कुन कुन विधि प्रयोग भएर ती अनुसन्धान अघि बढाइएका रहेछन् र त्यस प्रकारका अनुसन्धानबाट के कस्ता जानकारी तथा प्राप्तिहरू हासिल भएका छन्? भन्ने जस्ता कुराहरूको जवाफ खोज्न नसक्नुलाई यस सन्दर्भमा अर्को चुनौती मान्न सकिन्छ ।

सैद्धान्तिक पूर्वकार्यको पुनरावलोकनपछि सम्बन्धित क्षेत्रमा भएका अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानमा आधारित भएर लेखिएका लेखहरू पुनरवलोकन गर्नु, यस प्रकारको पुनरवलोकनमा सम्बन्धित खोज तथा अनुसन्धान कुन कुन शीर्षक वा समस्यामा गरिए भन्ने कुराको खोजी गर्नु, कुन कुन विधि प्रयोग भएर ती अनुसन्धान अघि बढाइएका रहेछन् र त्यस प्रकारका अनुसन्धानबाट के कस्ता जानकारी तथा प्राप्तिहरू हासिल भएका छन् भन्ने कुराको खोजीका अतिरिक्त आधिकारिक तथा सम्बन्धित कृति अध्ययन गर्नु आदिलाई भने यी चुनौतीहरूको समाधान गर्ने मुख्य उपायका रूपमा लिन सकिन्छ।

**पुनरवलोकन गर्दै अनुसन्धान रिक्तता पत्ता लगाउने**

पहिलाका अनुसन्धानले कुन कुन पक्षहरूमा अध्ययन गर्न बाँकी राखेको छ? आफ्नो अध्ययन ती अनुसन्धानभन्दा त्यसरी बाँकी राखेका वा रिक्त रहेका कुन कुन समस्याको अध्ययन गर्ने हो सो पनि उल्लेख गरिएको छ ? अन्य पूर्वकार्यको पुनरवलोकनले आफ्नो अध्ययनमा कहाँ, के, कसरी सहयोग पुऱ्याउने हो ? पहिला कसैले गरिसकेको अध्ययनमा के के कुराहरू छुटेका छन् र छुटेका ठाउँमा आफ्नो अनुसन्धानले के कसरी पूर्णता दिन वा रिक्तस्थानको परिपूर्ति गर्न सक्छ ? भन्ने कुरा पनि यस सन्दर्भमा चुनौती हो ।

पहिलाका अनुसन्धानले कुन कुन पक्षहरूमा अध्ययन गर्न बाँकी राखेको छ भन्ने कुरा पहिल्याउनु, आफ्नो अध्ययन ती अनुसन्धानभन्दा त्यसरी बाँकी राखेका  वा रिक्त रहेका कुन कुन समस्याको अध्ययन गर्ने हो सो पनि उल्लेख गरिएको छ छैन भन्ने कुराको सूक्ष्म खोजी गर्नु, अन्य पूर्वकार्यको पुनरवलोकनले आफ्नो अध्ययनमा कहाँ, के, कसरी सहयोग पुऱ्याउने हो सोको खोजी गर्नु यस्तो चुनौती समाधानको उपाय हो ।

**अनुसन्धेय विषयवस्तुलाई विधिसँग जोड्ने /विषय र विधिको सम्बन्ध पहिल्याउने**

अनुसन्धान गर्न थाल्दा कुनै प्रविधि, मानदण्ड, सिद्धान्त वा आधारको निर्माण गरेर वा पूर्वनिर्मित सिद्धान्तको प्रयोग गरेर मात्र थालिएको हो ? समस्या र त्यसको समाधानका लागि सिद्धान्त, प्रविधि र मानदण्डलाई जस्ताको तस्तै ग्रहण र प्रयोग नगरी तिनमा आफ्नो अनुसन्धानको प्रकृतिअनुकूल हुने गरी उपयुक्त आधारहरूको निमार्ण गरिएको छ ? अनुसन्धातालाई विभिन्न सिद्धान्त र पद्धतिमध्ये कुनै एक वा अनेकलाई छान्न सकिने पर्याप्त सम्भावना छ ? छ भने ती विभिन्न सिद्धान्त वा पद्धतिमा आफूले छानेको चाहिँ अरूभन्दा के कति कारणले उपयुक्त छ? अनुसन्धान आधारहरूको निर्माण गर्न आवश्यक सामग्रीको सङ्कलन साथै त्यसै आधारमा परीक्षण र मूल्याङ्कन गरिएको छ? अनुसन्धानमा सिद्धान्तको निर्माणमै वा निर्मित सिद्धान्तको परीक्षणमा जोड दिइएको छ? भन्ने कुरा यस यहाँ चुनौती हो।

अनुसन्धान गर्न थाल्दा कुनै प्रविधि, मानदण्ड, सिद्धान्त वा आधारको निर्माण गरेर वा पूर्वनिर्मित सिद्धान्तको प्रयोग गरेर मात्र थाल्नु, समस्या र त्यसको समाधानका लागि सिद्धान्त, प्रविधि र मानदण्डलाई जस्ताको तस्तै ग्रहण र प्रयोग नगरी तिनमा आफ्नो अनुसन्धानको प्रकृतिअनुकूल हुने गरी उपयुक्त आधारहरूको निर्माण गर्नु,  अनुसन्धातालाई विभिन्न सिद्धान्त र पद्धतिमध्ये कुनै एक वा अनेकलाई छान्न सकिने पर्याप्त सम्भावना पहिल्याउनु, विभिन्न सिद्धान्त वा पद्धतिमा आफूले छानेको चाहिँ अरूभन्दा के कति कारणले उपयुक्त छ भन्ने कुरा किटान गर्नु, अनुसन्धान आधारहरूको निर्माण गर्न आवश्यक सामग्रीको सङ्कलन साथै त्यसै आधारमा परीक्षण र मूल्याङ्कन गर्नु साथै अनुसन्धानमा सिद्धान्तको निर्माणमै वा निर्मित सिद्धान्तको परीक्षणमा जोड दिइने हो भन्ने कुरा किटान गर्नु उक्त चुनौती सामना गर्ने उपाय हो ।

**समस्यालाई शीर्षकसँग जोड्ने**

कुनै पनि शोधकार्यले कुन कुन कुराको तार्किक र वस्तुनिष्ठ जवाफ दिन सक्छ भनी राखिएका प्रश्नहरू अर्थात् शोधका समस्याकथन अनुसन्धानकर्ताको रूचि सामर्थ्य र पूर्व अनुसन्धानका निष्कर्ष,

विशेषज्ञको सुझाव आदि स्रोतबाट गरिएका छन्? समस्या कथनमा मौलिकता, सरलता र स्पष्टता छ? समस्या कथन गर्दा घोषणात्मक वा प्रश्नात्मक रूपमा समस्याहरू राखिएका छन्? यसमा रहेका प्रश्नहरूले समाधानका उपायहरूको सङ्केतसमेत गरेको छ? यो यात्रापूर्व गरिने गन्तव्यको पहिचानका रूपमा देखिन्छ ? समस्या शीर्षकसँग अन्तर्सम्बन्धित छ ? भनी शीर्षकसँग जोड्ने कुरा यस अर्थमा चुनौती हो ।

कुनै पनि शोधकार्यले कुन कुन कुराको तार्किक र वस्तुनिष्ठ जवाफ दिन सक्छ भनी राखिएका प्रश्नहरू अर्थात् शोधका समस्याकथन अनुसन्धानकर्ताको रूचि सामर्थ्य र पूर्व अनुसन्धानका निष्कर्ष, विशेषज्ञको सुझाव आदि स्रोतबाट गरिएका छन् भन्ने सुनिश्चितता गर्नु, समस्या कथनमा मौलिकता, सरलता र स्पष्टता ल्याउनु, समस्या कथन गर्दा घोषणात्मक वा प्रश्नात्मक रूपमा समस्याहरू राख्नु, यसमा रहेका प्रश्नहरूले समाधानका उपायहरूको सङ्केतसमेत गरेनगरेको यकिन गर्नु, यो यात्रापूर्व गरिने गन्तव्यको पहिचानका रूपमा देखिए नदेखिएकामा स्पष्ट पार्नु,समस्या शीर्षकसँग अन्तर्सम्बन्धित भएनभएको कुरा पत्ता लगाउनु यस चुनौतीको समाधान गर्ने उपाय हो ।

**अनुसन्धान शीर्षकको भाषा कस्तो हुनु पर्छ भन्ने**

यसमा भावनात्मक र निजात्मक पक्षको प्रभाव परेको छ कि ? अनुसन्धानको शीर्षकको भाषा वस्तुपरकता तथा तार्किकतामा आधारित छ? मानक भाषिक प्रयोग तथा प्रचलित वर्णविन्यास र प्रामाणिक शब्दकोशमा आधारित शब्दहरू छन्? सरल, सुबोध र सुस्पष्ट किसिमका वाक्यढाँचामा आधारित छ? लिङ्ग, वर्ण, जात, वर्ग, पेसा, धर्मलगायत कुनै पनि किसिमका सामाजिक/व्यक्तिगत आग्रह तथा पूर्वाग्रहबाट मुक्त भई शिष्ट, विशिष्ट र सद्भाव कायम गर्ने खालको छ ? विचलनयुक्त भाषाको पनि प्रयोग गरिएको छ कि? शीर्षकलाई सम्प्रेषणीय र स्तरयुक्त बनाउन सबैले बुझ्ने तथा सर्वस्वीकार्य भाषिक प्रयोग गरिएको छ? भन्ने कुराको उत्तर खोज्ने कार्य यस सन्दर्भमा चुनौती हो ।

यसमा भावनात्मक र निजात्मक पक्षको प्रभाव परेनपरेको पहिल्याउनु, अनुसन्धानको शीर्षकको भाषा वस्तुपरकता तथा तार्किकतामा आधारित भएनभएको यकिन गर्नु, मानक भाषिक प्रयोग तथा प्रचलित वर्णविन्यास र प्रामाणिक शब्दकोशमा आधारित शब्दहरू छन्छैनन् भन्ने सुनिश्चित गर्नु, सरल, सुबोध र सुस्पष्ट किसिमका वाक्यढाँचामा आधारित भएनभएको खोजी गर्नु, लिङ्ग, वर्ण, जात, वर्ग, पेसा, धर्मलगायत कुनै पनि किसिमका सामाजिक/व्यक्तिगत आग्रह तथा पूर्वाग्रहबाट मुक्त भई शिष्ट, विशिष्ट र सद्भाव कायम गर्ने खालको छ छैन भन्ने कुरा पत्ता लगाउनु, विचलनयुक्त भाषाको पनि प्रयोग गरिएको छ कि छैन भन्ने कुराको खोजी गर्नु साथै शीर्षकलाई सम्प्रेषणीय र स्तरयुक्त बनाउन सबैले बुझ्ने तथा सर्वस्वीकार्य भाषिक प्रयोग गरिएनगरिएको भन्ने कुराको खोजी गर्नुचाहिँ अनुसन्धान शीर्षकको भाषा कस्तो हुनु पर्छ भन्ने

चुनौतीबाट पार पाउने मुख्य उपाय हुन सक्छ ।

यस कुरासँग जोडेर केही अनुसन्धान प्रतिवेदन/लेखका शीर्षकहरू(खास गरी नेपाली भाषा शिक्षासँग सम्बन्धित) लाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ -

१.  ...५/६/७/८/९ कक्षामा अध्ययनरत विद्यार्थीहरूको उच्चारण, सस्वर पठन, शब्दभण्डार, वाक्य रचना, श्रुतिबोध, पठनबोध, द्रुत पठन, निबन्ध, चिठी, अनुच्छेद लेखन, श्रुति लेखन, वर्ण विन्यास ...,
२. दोस्रो भाषी (गुरूङ, मगर, तामाङ, राई, थारू, मैथिली, अवधी आदि) विद्यार्थीहरूको उच्चारण, सस्वर पठन, शब्दभण्डार, वाक्य रचना, श्रुतिबोध, पठनबोध, द्रुत पठन, निबन्ध, चिठी, अनुच्छेद लेखन, श्रुति लेखन, वर्ण विन्यास ...,
३. ...६/७/८/९ कक्षामा कथा, निबन्ध, कविता, रूपक, चिठी, व्याकरण ...को शिक्षण प्रक्रिया,
४. भाषा - भाषा, भाषा - भाषिका, भाषिका- भाषिका बिचको व्यतिरेकी अध्ययन वा तुलना (नेपाली भाषाका सापेक्षतामा कुनै मातृभाषा  वा अन्य भाषाको अध्ययन, स्तरीय नेपाली वा अन्य भाषिकाहरूका बिच तुलना),
५. नेपाली शिक्षणप्रति शिक्षकहरूको दृष्टिकोण/अभिवृत्ति/क्षमता
६. नेपाली भाषाका कक्षामा शिक्षक विद्यार्थी अन्तरक्रिया
७. द्विभाषिक/बहुभाषिक कक्षामा नेपाली शिक्षण,
८. कक्षाको समाज भाषिक स्थितिको अध्ययन (कुनै कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, उमेर, लिङ्ग, जात, जाति आदिका दृष्टिले भाषा सिकाइमा प्रभाव),
९. कुनै कृतिको समाज भाषिक अध्ययन ,
१०. कुनै कक्षा/तहका नेपाली भाषा पाठ्यक्रमहरूको अध्ययन,
११. कुनै तहका पुराना र वर्तमान पाठ्यक्रमको एकल वा तुलनात्मक अध्ययन,
१२. विद्यालय तह(सामुदायिक एवम् संस्थागत दुबै) का नेपाली पाठ्यपुस्तक तथा पाठ्य सामग्रीहरूको अध्ययन; जस्तै-

    वर्तमान पाठ्यपुस्तकका निम्नलिखित पक्षमा एकल वा तुलनात्मक अध्ययन,

    - विधागत एकल वा तुलनात्मक अध्ययन, पुराना पाठ्यपुस्तकको एकल वा तुलनात्मक अध्ययन,
    - पाठका विषयवस्तुको उपयुक्तता,
    - पाठ्यक्रमसँग पाठ्यपुस्तकका पाठहरूको सङ्गति,
    - शब्दभण्डार विकासका दृष्टिले पाठ्यपुस्तक,
    - पाठ्यपुस्तकमा प्रयुक्त भाषा : वाक्यभित्रका शब्दसङ्ख्या, वाक्यको जटिलता...,
    - पाठहरूको सङ्गठन, रचना र प्रस्तुति तथा शैलीगत सहजता,
    - पठनीयता र सुबोध्य आदि ।

१३. ...कक्षाको नेपाली पाठ्यपुस्तकका पाठ र अभ्यासहरूका बिच पाठ्यक्रमअनुरूपताको अध्ययन
१४. पाठहरूको सङ्कथन विश्लेषण(सम्बद्धक र सम्बद्धनका आधारमा, वाक्य रचना, शब्दभण्डार आदिका आधारमा),
१५. मातृभाषा र नेपाली भाषाका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,

१६. अनौपचारिक शिक्षामा प्रयुक्त पाठ्यसामग्रीको अध्ययन,
१७. बाल साहित्यको अध्ययन(बालकका लागि लेखिएका साहित्यिक पठन सामग्री, बाल पत्रिका...),
१८. शैक्षिक व्याकरणको अध्ययन (विभिन्न तह वा कक्षाका लागि भनी लेखिएका व्याकरणका पुस्तकको विद्यार्थीको भाषिक सिप तथा सम्प्रेषणात्मक क्षमता विकासका दृष्टिले उपयोगिता तथा सान्दर्भिकता...।),
१९. खास कक्षा वा तहमा शिक्षणसामग्रीको उपयोग र सान्दर्भिकताको अध्ययन,
२०. नेपालीका शिक्षक निर्देशिकाको अध्ययन(निर्देशिकाहरूमा पाठ्यक्रमअनुरूपता र प्रयोगको अवस्था...।),
२१. खास कक्षाका विद्यार्थीहरूको आवधिक प्रगतिको अध्ययन ,
२२. भाषिक क्षमताका दृष्टिले समस्यापूर्ण वा फरक क्षमता भएका विद्यार्थीको भाषिक क्षमताको अध्ययन,
२३. भाषिक मूल्याङ्कन प्रक्रियाको अध्ययन भाषिक सिपहरूको परीक्षण प्रक्रिया, प्रश्न निर्माण, विभिन्न तहका नेपाली प्रश्नपत्रको विश्लेषण, उत्तर पुस्तिकाको जँचाइ आदि ।
२४. भाषा शिक्षणमा निरन्तर मूल्याङ्कन र यसको प्रभावकारिताको अध्ययन,
२५. तालिम प्राप्त र अप्राप्त शिक्षकको नेपाली शिक्षण,
२६. नेपाली भाषाका प्रशिक्षण कार्यक्रमको प्रभावकारिताको अध्ययन,
२७. प्रारम्भिक कक्षामा मातृभाषाको माध्यमको प्रयोग/बहुभाषिक शिक्षा कार्यक्रमको अध्ययन
२८. शब्दकोशहरूको अध्ययन (विद्यार्थीहरूका लागि शब्दकोश र अन्य शब्दकोशको एकल र तुलनात्मक साथै तिनको प्रयोगको अवस्थाको समेत),
२९. सञ्चार माध्यममा प्रयुक्त नेपाली भाषाको अध्ययन (रेडियो, टेलिभिजन,समाचारपत्र ...।),
३०. अनुवाद अध्ययन (अनुदित पाठ्यपुस्तक, अनुदित रचना ...।),
३१. बालभाषाको अध्ययन (उच्चारण, शब्दभण्डार, वाक्य रचना...।),
३२. पाठ्यसामग्री निर्माण (पाठ्यपुस्तक, सहायक पुस्तक र अभ्यास पुस्तिका/पुस्तक),
३३. ..कृतिको सङ्कथन विश्लेषण आदि ।

| अस्पष्ट शीर्षक | स्पष्ट शीर्षक |
|---|---|
| लेप्चा भाषी विद्यार्थीले नेपाली भाषामा गर्ने त्रुटिको अध्ययन | कक्षा ६ मा अध्ययन गर्ने लेप्चा भाषी विद्यार्थीले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन |
| नेपालीका शिक्षक निर्देशिकाको अध्ययन | पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ८ को नेपाली शिक्षक निर्देशिकाको अध्ययन |
| ब्लास्ट टाइम्स दैनिकमा प्रयुक्त नेपाली भाषाको अध्ययन | ब्लास्ट टाइम्स दैनिकको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको वर्णविन्यासको अध्ययन |
| कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन, | बाह्य आन्तरिक विशेषताका आधारमा कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन |

**निष्कर्ष**

व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको परीक्षण वा पुनर्व्याख्या गर्नु अनुसन्धान हो । कुनै पनि क्षेत्रमा गरिने अनुसन्धानले नयाँ ज्ञान थप्दछ । 'शोध' पनि भनिने अनुसन्धानको अर्थ 'शुद्ध गर्नु' वा 'खार्नु' हो । यसरी समग्रमा हेर्दा शोधकार्य कुनै तथ्यको परिमार्जन वा परिष्कार हो । शोधकार्यका लागि जुनसुकै विषयवस्तु वा क्षेत्रबाट शीर्षक चयन गर्दा पनि आफूले शोध गर्न आँटेका विषयसँग सम्बन्धित क्षेत्रमा के के अध्ययन भइसके ? केके अध्ययन भइरहेका छन् ? र के केचाहिँ अध्ययन हुन बाँकी छन्?भन्ने कुराहरूमा सचेतता अपनाउन सकिएन भने त्यहाँ गम्भीर समस्या(चुनौती) खडा हुन सक्छन् । त्यस्ता चुनौतीबाट पार पाउन अनुसन्धाताले निम्नलिखित कुराहरूमा विशेष ध्यान दिनु आवश्यक हुन्छ -

- आफ्नो पूर्वज्ञान, अनुभव, सिप र तालिमको दायरामा रहने,
- आफ्नो रुचिक्षेत्र र दक्षतालाई विशेष महत्त्व दिने,
- सैद्धान्तिक दृष्टिले मौलिक र व्यावहारिक दृष्टिले उपयोगी हुने कुरामा ध्यान दिने,
- राष्ट्रिय जीवनका विविध पक्ष र विभिन्न समस्या समाधानमा सहयोगी हुने विषयको ख्याल गर्ने,
- आफूले गरेको शोधकार्यको सरल र सहज मापन वा मूल्याङ्कन गर्न सकियोस् भन्ने कुरामा ध्यान दिने,
- सम्बन्धित विषयमा विशेषज्ञता भएका व्यक्ति र शोध निर्देशकको उपलब्धतालाई ध्यान दिने,
- शोधमा लाग्न सक्ने समय, श्रम र आर्थिक व्ययभारको समुचित ख्याल गर्ने,
- शोधकार्यमा सहयोग प्राप्त हुन सकोस् र त्यसको प्राप्ति वा निष्कर्ष अरूका लागि हानिकारक नहोओस् भन्ने कुरामा सचेत रहने,
- सम्बन्धित क्षेत्रमा भएका पूर्वकार्यहरू नदोहोरियून् भनेर शोधमूलक पत्र पत्रिका, बुलेटिन, शोध प्रतिवेदन तथा समाचार पत्रहरूको पर्याप्त अध्ययन गर्ने,
- पूर्वकार्यका रूपमा रहेका शोध प्रतिवेदनहरूको गहन अध्ययन गरी समाधान हुन नसकेका समस्याहरू पहिल्याउने,
- स्तर अनुसारको शोध आयाम र आवश्यकतालाई ख्याल गर्ने ,
- सम्बन्धित विषय क्षेत्रका विशेषज्ञ, विद्वान् र शिक्षकहरूसँग आवश्यक विचार विमर्श गरी परामर्श लिने आदि ।

# संस्कृत वाङ्मयमा अनुसन्धान पद्धति

डा.महानन्द तिमिल्सिना
उपप्राध्यापक : साहित्य विभाग
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ, धरान
*timsinamahanada@gmail.com*

**अनुसन्धानको अर्थ**

- नयाँ तथ्य खोजेर पत्ता लगाउनु
- पुरानो सिद्धान्त वा तथ्यको पुनरवलोकन, व्याख्या वा विश्लेषण गर्नु,
- पुरानो सिद्धान्तलाई परिष्कार गर्नु,
- संस्कृत वाङमयअन्तर्गत रहेका सूत्र अथवा सिद्धान्तमा वार्त्तिक, भाष्य, समालोचना, टीका आदि लेख्नु, अन्य समान कृतिसँग तुलना गर्नु, प्रचलित सिद्धान्तको खण्डन/मण्डन गर्नु, अज्ञात तथ्यको उद्घाटन र ज्ञात तथ्यको प्रमाणहरूद्वारा परीक्षण गरी स्थापन गर्नु नै अनुसन्धान हो ।

अनुसन्धानका विषयमा प्रकाश पार्दै भनिएको छ :

कार्यकारणभावस्य द्रव्याणां गुणकर्मणोः ।
परीक्ष्य स्थापनं सम्यगनुसन्धानमुच्यते ॥
अन्वेषणं पर्येषणं गवेषणमथापि च
शोध इत्यादिपर्यायैर्लोके समभिधीयते ॥ (अनुसन्धानप्रकाश पृ.१ )

वर्तमान समयमा अनुसन्धान पद्धतिलाई पनि एउटा कलाको विधाका रूपमा लिइन्छ । अनुसन्धानका आठ प्रकारहरू : अनुभवात्मक, प्रायोगिक, विश्लेषणात्मक, ऐतिहासिक, वर्णनात्मक, पुस्तकालयीय, प्रयोगशालाश्रित र क्षेत्रीय । यीमध्ये क, ख, ग पद्धतिका आधारमा ।  घ, ङ विषयवस्तुका आधारमा एवम् च, छ, ज क्षेत्रका आधारमा रहेका छन् । (अनुसन्धानप्रकाश, पृ ५)

**अनुसन्धान परम्परा**

संस्कृतवाङ्मयमा प्राचीन कालदेखि नै अनुसन्धानको परम्परा चलिआएको देखिन्छ ।

- आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः (बृहदारण्यकोपनिषद् ५/६)
- परं ब्रह्मानुसन्दध्यात् (नृसिंहोत्तरतापनीयोपनिषद्)
- यथाकर्तव्यममनुसन्धीयताम्, अलमनेनोपालम्भेन प्रस्तुतमनुसन्धीयताम्, प्रसवयोग्यं स्थानमनुसन्धीयताम्, दुर्गशोधनमुसन्धातव्यम् । (हितोपदेशः)
- भरतमुनेः रससूत्रे आचार्याणामनुसन्धानेन रसस्याभिव्यक्तिरिति सिद्धान्तोऽनुसंहितः ।

**संस्कृतवाङ्मयका अनुसन्धान**

क. आलोचनात्मक अध्ययन : कुनै ग्रन्थका अनेक संस्करण छन् र जसमा अनेक पाठ छन् । यस अवस्थामा लेखकको मूल पाठ कुन हो भन्ने थाहा पाउन यस्तो अध्ययन गरिन्छ । यस्तो अध्ययनमा समय र श्रम निकै खर्च हुन्छ ।

ख. समालोचनात्मक अध्ययन : विषयको गुण र दोषको विवेचन गरी निष्कर्षमा पुग्नु । पाणिनीय प्रत्याहार शिक्षणको आधुनिक पद्धति ।

ग. तुलनात्मक अध्ययन : दुई विचारको तुलना । कालिदासको अभिज्ञानशाकुन्तल नाटक र देवकोटाको शाकुन्तल महाकाव्यमा प्रयुक्त कथावस्तुको तुलनात्मक अध्ययन । ज्ञानमीमांसा, तत्त्वमीमांसा र मूल्य मीमांसा एवम् अन्य आधारमा तुलना गर्नु र निष्कर्षमा पुग्नु ।

घ. भाषाशास्त्रीय अध्ययन : कुनै पनि ग्रन्थमा रहेको ध्वनि, वर्ण, पद, वाक्य आदिलाई आधार मानेर अध्ययन गर्नु ।

ङ. काव्यशास्त्रीय अध्ययन : कुनै पनि काव्यमा रहेका रस, छन्द, अलङ्कार, रीति आदि तत्त्वलाई आधार मानेर कुनै खण्डकाव्य, महाकाव्य, नाटक, कथासाहित्य आदिको अध्ययन गर्नु

च. भौगोलिक अध्ययन : कुनै भूगोललाई आधार मानेर अध्ययन गर्नु । कालिदासको मेघदूतको भौगोलिक अध्ययन ।

छ. सांस्कृतिक अध्ययन : सभ्यता, खानपान, रहनसहन, भेषभूषा आदिको आधारमा अध्ययन ।

ज. पर्यालोचन : कुनै विषयको चारैतर्फबाट गुणदोषको विवेचन गर्दै अध्ययन गर्नु ।

झ. अनुशीलन : अध्ययन गर्नु । पाणिनीय व्याकरणको अनुशीलन । जगदम्बिकावैभवमहाकाव्यको साहित्यिक अनुशीलन ।

व्याख्यात्मक : पदच्छेदपदार्थोक्तिः विग्रहो वाक्ययोजना ।
आक्षेपोऽथ समाधानं व्याख्यानं षड्विधं स्मृतम् ॥

दार्शनिक : विषयो विशयश्चैव पूर्वपक्षस्तथोत्तरम् ।
सिद्धान्तश्चेतिपञ्चैते शास्त्रेऽधिकरणं स्मृतम् । (यास्क, निरुक्त)

**साहित्यको अनुसन्धान**

संस्कृत वाङ्मयका क्षेत्र यसप्रकार रहेका छन् :

**वैदिक वाङ्मय**

१. वेद - ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद ।
२. ब्राह्मण ग्रन्थ
३. आरण्यक ग्रन्थ
४. उपनिषद्

ईशकेनकठप्रश्नमुण्डमाण्डुक्यतित्तिरिः ।
ऐतरेयं च छान्दोग्यं बृहदारण्यकं दश ॥

५. भाष्यग्रन्थ (वेदहरूको व्याख्या, सायण भाष्य)

६. वैदिक काल निर्धारण : ऐतिहासिक एवम् भाषावैज्ञानिकलगायत आधारमा गर्नुपर्ने (विद्वान्हरूबिच एकरुपता नदेखिएको)

७. वैदिक देवता : अग्नि, इन्द्र, रुद्र, वरुण, आप आदि देवताहरूलाई आधार बनाएर पनि अनुसन्धान गर्न सकिने ।

८. वेदाङ्ग

शिक्षा : याज्ञवल्क्य, पाणिनि आदि शिक्षा ग्रन्थ ।

कल्प : श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र आदि ।

व्याकरण : ३००० बढी शोधकार्य भइसकेको दाबी

निरुक्त : निघण्टु शब्दकोश

छन्द : छन्दःपादौ तु वेदस्य ।

ज्योतिष : सिद्धान्त ज्योतिष, फलित ज्योतिष ।

**लौकिक वाङ्मय**

रामायण : ७ काण्डमध्ये कुनैलाई वा समग्रलाई आधार मानेर अध्ययन गर्न सकिने

महाभारत : १८ पर्वमध्ये कुनैलाई वा समग्रलाई आधार मानेर ।

पुराण : १८ पुराण, उपपुराण आदिलाई आधार मानेर ।

काव्यशास्त्री र काव्यलाई आधार मानेर

कालिदास, अश्वघोष, भारवि, माघ, श्रीहर्ष, भास, दण्डी, बाणभट्ट

महाकाव्य, खण्डकाव्य, गीतिकाव्य, नीतिकाव्य, स्तोत्रकाव्य, गद्यकाव्य, चम्पूकाव्य, रुपक साहित्य, कथासाहित्य

काव्यशास्त्र : रससम्प्रदाय, अलङ्कार सम्प्रदाय, रीतिसम्प्रदाय, ध्वनिसम्प्रदाय, वक्रोक्तिसम्प्रदाय, औचित्यसम्प्रदाय

दर्शनशास्त्र : आस्तिक दर्शन : साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त ।

नास्तिक दर्शन : चार्वाक, जैन, बौद्ध ।

आयुर्वेद, धर्मशास्त्र, अर्थशास्त्र, कोशग्रन्थ, पाण्डुलिपि, संस्कृतपत्रपत्रिका, आधुनिक कवि र काव्य, संस्कृत शिक्षानीति ।

संस्कृत अनुसन्धान पद्धतिलाई निम्न आधारमा विश्लेषण गर्न सकिन्छ :

**शीर्षक चयन**

अनुसन्धाताका लागि रुचि भएको र आफ्नो दक्षता भएको शीर्षक गुरुका सहयोगबाट अनुसन्धाताले छान्नुपर्दछ भनेका छन् (त्रिपाठी : ई.१९६० : पृ.८) । त्यस्तै अनुसन्धाता हरिप्रसादशर्मा आचार्यले देश, काल, शास्त्र र समाजका लागि उपयोगी हुने शीर्षक अनुसन्धाताले छान्नुपर्नेमा जोड दिएका छन् (शर्मा, वि.सं.२०४२ : पृ.१५) । आधुनिक शोध निर्देशिकाहरूले शोधशीर्षक १२ शब्दसम्मको विशिष्टीकृत,

समस्यामा केन्द्रित, वस्तुगत र मापनीय हुनुपर्ने उल्लेख गरेका छन् । लेख वा प्रबन्धमा समेट्न सकिने, स्पष्ट र प्राज्ञिक ज्ञानमा योगदान दिने शीर्षक छनोट गर्नुपर्दछ । अनुसन्धानको शीर्षक समस्याकेन्द्रित हुनुपर्छ र यसमा शोधक्षेत्र र समस्याबिच सन्तुलन आवश्यक रहनुपर्दछ (श्रेष्ठ, २०६९ : ४५) । जस्तै :

| **शोधक्षेत्र** | **समस्या** |
|---|---|
| भवभूतिका नाटकमा | रसतत्त्व |
| पाणिनीय अष्टाध्यायीमा | पूर्वव्याकरणहरूको प्रभाव |
| हरिकेलिमहाकाव्ये प्रयुक्तानाम् | अलङ्काराणां लक्षणशास्त्रदृष्ट्या परिशीलनम् |
| बौद्धतन्त्रप्रतिपादित | योगस्यानुशीलनम् |
| श्रीमद्भगवद्गीतामा | अलङ्कारप्रयोग |

मूलतः अनुसन्धानको शीर्षक विशिष्टीकृत, व्यावहारिक, लोकोपयोगी र समस्यामा केन्द्रित हुनुपर्दछ । ग्रन्थको प्रारम्भमा सान्दर्भिक शीर्षक राख्ने प्राचीन परम्परा रहेको छ । संस्कृतका प्राचीन ग्रन्थहरूमा राखिएका शीर्षकले ग्रन्थमा अन्तर्निहित समग्र विषयवस्तुको प्रतिनिधित्व गरेको देखिन्छ । आधुनिक शोधप्रबन्धको सुरुमा शीर्षक राख्ने प्रचलन संस्कृत भाषामा पहिलेदेखि नै रहेको देखिन्छ । जस्तै :

प्रणम्य परमं ज्योतिर्वामनेन कविप्रिया ।
काव्यालङ्कारसूत्राणां स्वेषां वृत्तिर्विधीयते ॥ (काव्यालङ्कारसूत्रवृत्ति, १/१)

संस्कृतमा मङ्गलाचरण, ग्रन्थलेखनको औचित्य र शीर्षक एकैसाथ उल्लेख भएको पनि पाइन्छ, जस्तै :

मातरं हृदये ध्यात्वा विशदाम्बुजवासिनीम् ।
बालानां सुखबोधाय क्रियते काव्यदीपिका ॥ (काव्यदीपिका १/१)

## शोधसार र शब्दकुञ्जिका

अनुसन्धानले दिएको नवीन तथ्यलाई शोधसारमा प्रस्तुत गरिन्छ । शोधसार छुट्टै अनुच्छेदमा फरक बनाएर प्रस्तुत गर्नुपर्दछ । यसमा विषयको उपस्थापनपछि शोधप्रश्न, उद्देश्य, विधि, तथ्यविश्लेषण एवम् शोधनिष्कर्ष र यसबाट प्राप्त हुने उपलब्धि लेख्नुपर्दछ । यसमा पाठकले स्पष्ट बुझ्ने गरी निष्कर्ष र प्राप्ति उल्लेख गर्नुपर्दछ । अनुसन्धाताले आफ्ना लागि उपयोगी सामग्री खोज्न यसबाट सहयोग पुग्छ । संस्कृतवाङ्मयमा शोधप्रबन्ध वा ग्रन्थको सारलाई प्रारम्भमा उपस्थापन गर्ने परम्परा रहेको विषय वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट प्रष्ट हुन्छ, जस्तै :

निपीय यस्य क्षितिरक्षिणः कथां तथाऽऽद्रियन्ते न बुधाः सुधामपि ।
नलः सितच्छत्रितकीर्तिमण्डलः स राशिरासीन्महसां महोज्ज्वलः ॥ (नैषधीयचरितम्, १/१)

यहाँ राजा नलको कथा सुनेर विद्वान् वा देवताहरू आनन्दित हुन्थे, सूर्यसमान उज्ज्वल कीर्ति भएका उनी शृङ्गारिक थिए भन्ने ग्रन्थसारलाई पहिलो श्लोकले नै समेटेको छ । शोधसारमा सिङ्गो शोधपत्रका मुख्य मुख्य कुरालाई २-३ पृष्ठमा समेट्नु उपयुक्त हुन्छ । लेखसारमा भने अनुसन्धानको उद्देश्य, विधि र

प्राप्तिलाई १५०-२०० शब्दमा समेट्नुपर्दछ । संस्कृत शोधप्रबन्धमा श्लोकमा नै शोधसार लेख्दा अझ सान्दर्भिक हुने देखिन्छ ।

शोधसारको अन्त्यमा शीर्षक दिएर शब्दकुञ्जी लेख्ने गरिन्छ । यो ५ शब्दसम्मको हुनुपर्दछ । यसमा समग्र भाव बताउने पदावली पनि एउटै शब्द बनेर आउन सक्छ । शब्दकुञ्जीमा राखिने शब्द शोधसार तथा शोधनिष्कर्षमा आएका पद-पदावलीबाट लिनुपर्दछ । शब्दकुञ्जी राख्ने पद्धति पाश्चात्य जगत्‌बाट भित्रिएको हो । नेटमा लगाइएका शोधसामग्रीहरू खोज्न सहज बनाउने प्रयोजनका लागि शब्दकुञ्जी राख्ने प्रचलन सुरु भएको पाइन्छ ।

**विषयपरिचय**

विषयपरिचयअन्तर्गत शोधशीर्षकले बुझाउन खोजेको तथ्यलाई उल्लेख गर्नुपर्दछ । यसले अनुसन्धेय समस्याको उठान गर्दछ । शीर्षक चयनको पृष्ठभूमि, अनुसन्धानको सान्दर्भिकता, यसको सामाजिक, व्यावहारिक महत्त्व आदि विषय यहाँ उल्लेख गरिन्छन् । यसमा अनुसन्धानको ढाँचा, यसमा प्रयोग हुने सैद्धान्तिक र व्यावहारिक अध्ययन विधि र प्रक्रियाका बारेमा पनि सङ्केत गरिन्छ ।

संस्कृतग्रन्थहरूमा विषय परिचयलाई प्रारम्भमा राख्ने गरिएको प्राचीन परम्परा नै हो । जस्तै : आनन्दवर्धनले आफूले ग्रन्थमा उपस्थापन गर्न खोजेको विषयलाई परिचयका रूपमा सूत्रात्मक ढङ्गले प्रबन्धको प्रारम्भमा नै प्रस्तुत गरेका छन् :

काव्यस्यात्मा ध्वनिरिति बुधैर्यः समाम्नातपूर्व-
स्तस्याभावं जगदुरपरे भाक्तमाहुस्तमन्ये ।
केचिद्वाचां स्थितमविषये तत्त्वमूचुस्तदीयं
तेन ब्रूमः सहृदयमनःप्रीतये तत्स्वरूपम् ॥ (ध्वन्यालोक, १/१)

**समस्याकथन**

शोधका निम्ति चयन गरिएको शीर्षकसँग सम्बन्धित विषयवस्तु नै समस्या हो । कुनै पनि विषयका बारेमा प्रकाशमा नआएका कुरा प्रकाशित गरेर देखाउने उपाय खोज्नु वा प्रकाशमा आइसकेका कुराहरूको पुनर्मूल्याङ्कन गर्ने प्रविधि प्रस्तुत गर्नु समस्या कथन हो । शोधप्रबन्धहरूमा आवश्यकताअनुसार धेरै समस्या हुन सक्छन् । यसरी आउने ती समस्यालाई तेस्रो अध्यायदेखि एउटा अध्यायमा एउटा समस्यासम्बद्ध शीर्षक राखेर क्रमशः अध्ययन गरिनुपर्दछ । समस्या शीर्षकमा केन्द्रित हुन्छ । यो प्रश्नात्मक वाक्यमा हुन्छ । शोधप्रश्नहरू काल्पनिक एवम् निराधारपूर्ण नभई प्राज्ञिक तर्कमा आधारित र वैज्ञानिक हुनुपर्छ । साना लेखहरूमा यस्ता शोधप्रश्न अधिकतम दुईवटासम्म राखिन्छन्, शोधप्रबन्धहरूमा भने आवश्यकता अनुसार धेरै समस्या हुन सक्छन् ।

प्राचीन संस्कृत ग्रन्थहरूमा पनि प्रश्नका रूपमा शोधसमस्या राख्ने चलन रहेको पाइन्छ, जस्तै :

- शब्दानुशासन नाम केषां शब्दानाम् ? अर्थात् कुन शब्दको शब्दानुशासन गर्ने ? (पतञ्जलि, महाभाष्य, ई.१९६८)
- गौरित्यत्र कः शब्दः ? अर्थात् गौमा के चाहिँ शब्द हो ?

**उद्देश्य**

यस खण्डमा शोध प्रश्नहरूलाई नै प्रत्यक्ष रूपले उद्देश्यमा रूपान्तरण गर्नुपर्दछ । समस्या कथनमा प्रस्तुत गरिएका प्राज्ञिक जिज्ञासाहरूको समाधानको सङ्केत नै उद्देश्य हो । उद्देश्य सरल, स्पष्ट, सङ्क्षिप्त र मापनीय हुनुपर्छ । उद्देश्यले समग्र शोधकार्यलाई निर्देशित गर्न सक्नुपर्छ ।

प्राचीन संस्कृत ग्रन्थहरूमा शोधसमस्या राख्ने चलन देखिएझैं प्रयोजन वा उद्देश्य राख्ने गरेको पनि पाइन्छ, जस्तै :

- रक्षोहागमलाघवसन्देहाः प्रयोजनम् (शब्दानुशासनका प्रयोजनमा रक्षा, ऊह अथवा विभक्ति आदिको परिवर्तन, आगम वा पूर्वकार्य/शास्त्र, लाघव अथवा सरलता र सन्देहनिवारण आदि कुरा पर्दछन् ।)

यसै गरी आचार्य कुन्तकले वक्रोक्तिजीवित ग्रन्थ लेख्नुको उद्देश्य पुस्तकको प्रारम्भमा नै यसरी प्रस्तुत गरेका छन् :

लोकोत्तरचमत्कारकारिवैचित्र्यसिद्धये ।
काव्यस्यायमलङ्कारः कोऽप्यपूर्वो विधीयते ॥ (वक्रोक्ति, १/२)

यस अगाडि भामह, दण्डी आदिका थुप्रै अलङ्कारग्रन्थहरू रहेका अवस्थामा यस ग्रन्थको उद्देश्य के हो भन्ने जिज्ञासा आफैंले परिकल्पना गरी त्यसको उत्तरमा कुन्तकले लोकोत्तरचमत्कारजनक वैचित्र्य सिर्जना गर्नु काव्यको प्रयोजन रहेको उल्लेख गरेका छन् । यहाँ ग्रन्थको अभिधान - अलङ्कार, अभिधेय - उपमादिप्रमेय र प्रयोजन - वैचित्र्यसिद्धि रहेको छ ।

**औचित्य र महत्त्व**

प्रस्तावित शोधको विषय र प्रक्रिया के कति कारणले उचित छ एवम् त्यसले कसकसलाई कसरी लाभान्वित गर्न सक्छ भन्ने कुराको पुष्टि गर्नु नै शोधको औचित्य र महत्त्व देखाउनु हो । सम्बन्धित शोधको आवश्यकता र उपयोगिताको पुष्ट्याइँ नै औचित्य कथन हो ।

आचार्य कुन्तकले प्रस्तुत गरेको माथिको श्लोकबाट संस्कृतका प्राचीन ग्रन्थहरूमा ग्रन्थलेख्नुको औचित्य र महत्त्व देखाउने गरेको तथ्य पुष्टि हुन्छ । त्यस्तै आचार्य विश्वनाथले साहित्यदर्पण ग्रन्थको प्रारम्भमा 'अस्य ग्रन्थस्य काव्याङ्गतया काव्यफलैरेव फलवत्वमिति काव्यफलान्याह' भन्दै रघुवंश आदि काव्य लेख्नुको औचित्य चतुर्वर्गफलप्राप्ति भएझैं यस ग्रन्थको औचित्य पनि त्यही रहेको बताएका छन् । (साहित्यदर्पण, ई.१९९४, पृ.२)

**सीमा**

शोधको सीमाअन्तर्गत प्रस्तावित शोधकार्यले ओगटेको क्षेत्र, त्यसमा अपनाइने विधि र प्रक्रिया एवम् सामग्री आदिको स्पष्ट किटान गरेर देखाइन्छ । कुनै विधि वा सिद्धान्तलाई कतिसम्म प्रयोग गरिएको छ र के चाहिँ गरिएको छैन कुरा नै शोधको सीमा निर्धारण हो । यसलाई सकेसम्म बुँदागत रूपमा सङ्क्षिप्त ढङ्गले प्रस्तुत गर्नुपर्दछ ।

**पूर्वकार्यको समीक्षा**

अनुसन्धेय विषयका क्षेत्रमा यसअघि केकति अनुसन्धान भएका छन् भनेर जाँच्ने प्रक्रिया पूर्वकार्यको समीक्षा हो, यसबाट पूर्वाध्ययनबारे जानकारी मिल्नुका साथै अनुसन्धेय विषयका लागि मार्गदर्शन प्राप्त हुन्छ । यसबाट शीर्षक जुंध्ने समस्या पनि हुँदैन । पूर्वकार्यको समीक्षालाई कालक्रमिक रूपमा प्रस्तुत गर्नुपर्दछ । यसमा शोधसमस्यासँग सम्बद्ध अध्ययन, उक्त विषय क्षेत्रमा भएका अध्ययन र सैद्धान्तिक विषयसँग सम्बद्ध अध्ययनहरूको समीक्षा हुन्छ । पूर्वाध्ययनको आशय अरूका अध्ययनमाथि खोट लगाउनु होइन, तिनका शक्ति र सीमाको निक्यौंल गरी आफ्नो अध्ययन नवीन तथ्यमा केन्द्रित हुने कुराको पुष्टि हो । समीक्षाको अन्त्यमा पूर्वोक्त तथ्यहरूबारे सङ्क्षिप्त विश्लेषण गरी उक्त तथ्यहरूसँग प्रस्तुत अनुसन्धेय विषयलाई जोड्दै ती तथ्यबाट गतार्थ हुन नसकेकाले यो अध्ययन सुरु गरिएको हो भन्ने कुरा उल्लेख गर्नुपर्दछ ।

संस्कृत काव्यशास्त्रीहरूले काव्यलक्षण प्रस्तुत गर्ने सन्दर्भमा पूर्ववर्ती आचार्यहरूले प्रस्तुत गरेका काव्य लक्षण उल्लेख गर्दै अझ परिष्कार गरी नवीन मतहरू स्थापना गरेको देखिन्छ, जस्तै :

क. शब्दार्थौ सहितौ काव्यम् - भामहः (छैटौं शताब्दी)

ख. तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापि- मम्मटः (एघारौं शताब्दी)

ग. वाक्यं रसात्मकं काव्यम् - विश्वनाथः (चौधौं शताब्दी)

घ. रमणीयार्थः प्रतिपादकः शब्दः काव्यम्- जगन्नाथः (सत्रौं शताब्दी)

यी काव्यलक्षण प्रस्तुत गर्ने क्रममा आचार्यहरूको पूर्ववर्ती लक्षणहरूको समीक्षा गर्दै नवीन लक्षण प्रस्तुत गरेका छन् । यसैगरी आचार्य भरतमुनिद्वारा प्रतिपादित ‘विभावानुभावव्यभिचारि-संयोगाद्रसनिष्पत्तिः’ भन्ने रससूत्रको व्याख्यानमा भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक र अभिनवगुप्तले पूर्ववर्ती विचारहरूको समीक्षा गर्दै र त्यसलाई परिष्कार गर्दै नवीन मत प्रस्तुत गरेका छन् । संस्कृतका अमरकोश, काव्यप्रकाश, ध्वन्यालोक, अभिनवभारती जस्ता ग्रन्थहरूमा पूर्वाचार्यहरूको मतको समीक्षा गर्दै आफ्ना नवीन मत राख्ने गरेको देखिन्छ । पूर्वाचार्यहरूले ध्वनिका विषयमा केके भनेका छन् भन्ने सन्दर्भलाई प्रस्तुत गर्दै ती विचारमा परिष्कार गर्नुपर्ने अवधारणा आनन्दवर्धनले उपस्थापन गरेका छन् :

काव्यस्यात्मा ध्वनिरिति बुधैर्यः समाम्नातपूर्व-
स्तस्याभावं जगदुरपरे भाक्तमाहुस्तमन्ये ।
केचिद्वाचां स्थितमविषये तत्त्वमूचुस्तदीयं
तेन ब्रूमः सहृदयमनःप्रीतये तत्स्वरूपम् ॥ (ध्वन्यालोक, ई.२०११, पृ. ८)

पाणिनिले पनि आफ्नो अष्टाध्यायीमा आफूभन्दा अगाडिका दश जना आचार्यहरूका फरक मतको उल्लेख र खण्डन गरेका छन् (पोखरेल : पृ.३)

यसरी संस्कृतवाङ्मयमा पूर्वकार्यसमीक्षा गर्ने प्राचीनपरम्परा रहेको देखिन्छ ।

**सैद्धान्तिक अवधारणा**

अनुसन्धेय विषयलाई कुन कोणबाट अध्ययन विश्लेषण गर्ने भन्ने कुरा सैद्धान्तिक अवधारणामा प्रस्तुत गरिन्छ । पूर्वीय एवम् पाश्चात्य विभिन्न सैद्धान्तिक मान्यताका आधारमा अनुसन्धेय विषयको विश्लेषण गर्नुपर्दछ । काव्यहेतु, काव्यप्रयोजन, रस, ध्वनि, रीति, अलङ्कार, छन्द आदि सिद्धान्तका आधारमा अनुसन्धेय कृतिको विवेचन गर्न सकिन्छ । त्यस्तै शोध विषयअनुसार मनोविज्ञान, समाजशास्त्र, दर्शन, इतिहास, भाषाशास्त्र आदिका सैद्धान्तिक अवधारणामा टेकेरसमेत अनुसन्धान गर्न सकिन्छ । भाषिक शोधसम्बन्धी सैद्धान्तिक ढाँचा शोध शीर्षकअनुरूप ऐतिहासिक, वर्णनात्मक, प्रयोगात्मक आदिका शाखाप्रशाखाबाट प्राप्त हुन्छ । मेघदूत खण्डकाव्यलाई रस, ध्वनि, अलङ्कार, छन्द, संस्कृति, पर्यावरण आदि विभिन्न सिद्धान्तबाट अध्ययन विश्लेषण गर्न सकिन्छ । अनुसन्धाताले कुन कोणबाट अध्ययन विश्लेषण गर्न चाहेको हो, त्यो कुरा सैद्धान्तिक पर्याधारमा उल्लेख गर्नुपर्दछ । यसबाट विश्लेषण गर्ने सैद्धान्तिक आधार तय हुन्छ र अनुसन्धान सहज बन्दछ ।

**अनुसन्धान विधि**

अनुसन्धान विधिअन्तर्गत सामग्री सङ्कलन र विश्लेषण विधि पर्दछन् ।

**सामग्री सङ्कलन विधि**

शोध समस्याहरूको प्राज्ञिक समाधान गर्न आवश्यक सामग्रीको सङ्कलन विधिबारे प्रकाश पार्नुपर्दछ । अध्ययनका लागि लिइने प्राथमिक स्रोतका सामग्री, द्वितीयक स्रोतका सामग्री, पुस्तकालयीय अध्ययन, क्षेत्रीय वा प्रयोगशालीय अध्ययन आदि बारे अनुसन्धान विधिमा किटान गरिनुपर्दछ । शोधविधि पनि गुणात्मक र परिणामात्मक अनुसन्धानमा फरक फरक हुन्छ । गुणात्मक  अनुसन्धान मान्छेका धारणा, प्रवृत्ति, भावना, विचार आदिसँग सम्बन्धित हुन्छ । यो भाषासाहित्य, शिक्षा, मनोविज्ञान आदि क्षेत्रमा प्रचलित छ । यसमा तथ्याङ्कको न्यून प्रयोग हुन्छ । परिमाणात्मक अनुसन्धान वस्तुगत अनुसन्धान हो । यसमा छानविन, परीक्षण, मापन गरेर नतिजा निकालिन्छ । यसमा नमुना छनोटको क्षेत्र, नमुना छनोटको ढाँचा, छनोट प्रक्रिया, उपकरणको प्रयोग प्रक्रिया, तथ्याङ्कको प्रशोधन प्रक्रिया, तिनीहरूको व्याख्याविधि आदि पनि स्पष्ट उल्लेख गर्नुपर्दछ ।

संस्कृतवाङ्मयका विद्वान् हरिप्रसादशर्माले सामग्रीसङ्कलनका मधुकर, उपज्ञा र प्रतिभा गरी तीन प्रकार उल्लेख गरेका छन् । जसरी मौरीले विभिन्न फूलमा गई रस बटुलेर मह बनाउँछ, त्यसैगरी विभिन्न क्षेत्रबाट सामग्री सङ्कलन गरी अनुसन्धान गर्नुपर्छ भन्दै उनले मधुकर पद्धतिको उपयोगिता बताएका छन् । 'दृष्टपूर्वा अपि ह्यर्थाः काव्ये रसपरिग्रहात् । सर्वे नवा इवाभान्ति मधुमास इव द्रुमाः ।' भन्दै उनले अनुसन्धानको सादृश्यमा तुल्यदेहिवत् अर्थात् हरेक व्यक्तिको स्वरूप फरक भएझैं भिन्न हुनुपर्नेमा जोड दिएका छन् । त्यस्तै सुरुको ज्ञान उपज्ञा हो र कुनै समस्या पर्दा विदग्धबुद्धिमार्फत जुन समाधानको उपाय खोजिन्छ, त्यो नै उपज्ञा हो । उपज्ञापद्धतिमा अनुसन्धातामा पूर्वज्ञानको अभावमा पनि समाधानात्मक ज्ञान प्राप्त हुन्छ । जुन उपायका माध्यमबाट पाणिनिले अपूर्व व्याकरण रचना गरे । तेस्रो प्रतिभा पद्धति हो । कल्पनाका माध्यमबाट प्रतिभाको उपयोग गरिन्छ । आधुनिक व्योमयान एवम् परमाणु अस्त्र प्राचीन

कवीहरूकै कल्पना थियो । उपज्ञा मस्तिष्क पक्षसँग एवम् प्रतिभा हृदयपक्षसँग सम्बन्धित हुन्छ (शर्मा, २०४२ : ३४-४४) । दर्शन क्षेत्रमा सामग्री परीक्षणका विषय(उपस्थापन), विशय (संशय), पूर्वपक्षस्थापन र उत्तरपक्षबाट समाधान गरी चार विधि प्रचलित छन् । त्यस्तै न्यायमा सामग्री प्रमाणीकरणका प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगम गरी पाँच विधिको चर्चा पाइन्छ । यसरी संस्कृत वाङ्मयमा सामग्री सङ्कलनका सन्दर्भमा विषयअनुसारका विधिहरूको चर्चा भएको देखिन्छ ।

**विश्लेषण विधि**

सङ्कलित सामग्रीहरूको विश्लेषण कुन प्रक्रियाबाट गर्ने भन्ने कुरा उल्लेख गर्नुपर्दछ । भाषा साहित्यका प्रायः शोधहरूमा विषयको उठान र वर्णन वर्णनात्मक विधि (सङ्कलित तथ्यलाई सरासर वर्णन गरेर लेखिने विधि), व्याख्या विधि (विषयलाई साहित्यिक र भाषिक युक्तिमार्फत विस्तार गर्ने विधि) र विश्लेषण विधि (विषयलाई पक्ष विपक्षबाट वर्णन, तुलना, खण्डन-मण्डन गरिने विधि) बाट सम्पन्न गरिन्छन् ।

संस्कृतका मूलग्रन्थ वा टीका ग्रन्थमा विस्तृत ढङ्गले विषयवस्तुप्रतिपादनका लागि विश्लेषण गर्ने परम्परा देखिन्छ । पूर्वपक्षका विचारहरू राखी तर्कसम्मत रूपमा खण्डनमण्डन गर्ने प्राचीन परम्परा रहेको छ । संस्कृत वाङ्मयमा विषयको प्रकृतिअनुसार विश्लेषण पद्धति रहेको पाइन्छ । साहित्य विषयमा निम्नानुसारका तत्त्वहरूमा केन्द्रित भई विश्लेषण विवेचन गर्नेगरेको पाइन्छ :

सन्दर्भोऽथ प्रसङ्गश्च विग्रहश्चान्वयक्रमः
कवेरिष्टश्च शब्दार्थो गुणालङ्काररीतयः ।
रसो ध्वनिश्च वक्रोक्तिः शब्दसन्दर्भसूचना
छन्दःकोशादिसङ्केतो भावसाम्यप्रदर्शनम् ।
इत्येतान्येव तत्त्वानि यथा लब्धानि काव्यतः ।
काव्यव्याख्यासु चीयन्ते मल्लीनाथादिसूरिभिः ॥ (रहसविहारी द्विवदी, सारस्वतीसुषमा)

**सन्दर्भाङ्कन**

आधुनिक अनुसन्धान परम्परामा APA, MLA लगायतका शोधढाँचा प्रचलित छन् । सामग्री उद्धरणका क्रममा पनि यिनै ढाँचाको अनुसरण गरेको पाइन्छ । वर्तमान संस्कृत भाषाका शोधहरूमा पनि मूलतः यी दुई पद्धतिलाई नै अवलम्बन गरेको देखिन्छ । कुनै एक ढाँचाका नियमहरूलाई पूर्णतः पालन नगरी संस्कृतको मौलिक एवम् परम्परागत ढाँचालाई पनि मिसाउँदै संस्कृत शोध प्रबन्धहरू तयार भएका पाइन्छन् ।

संस्कृतग्रन्थहरूमा सन्दर्भाङ्कनका पर्याप्त सन्दर्भहरू भेटिन्छन् । आचार्य विश्वनाथले काव्यलक्षण प्रस्तुत गर्ने सन्दर्भमा मम्मट र आनन्दवर्धनद्वारा प्रतिपादित काव्यलक्षण खण्डन गरी आफ्नो मतको समर्थनका लागि विविध ग्रन्थका काव्यलक्षणलाई निम्न ढाँचामा उल्लेख गरेका छन् :
आग्नेयपुराणेऽप्युक्तम् - 'वाग्वैदग्ध्यप्रधानेऽपि रस एवात्र जीवितम्' इति ।

व्यक्तिविवेककारेणाऽप्युक्तम् - 'काव्यस्यात्मनि संज्ञिनि, रसादिरूपे न कस्यचिद्विमतिः' इति ।

ध्वनिकारेणाऽप्युक्तम् - 'नहि कवेरितिवृत्तमात्रनिर्वाहेणात्मपदलाभः, इतिहासादेरेव तत्सिद्धेः' इत्यादि ।

यसै गरी रसगङ्गाधर ग्रन्थमा आचार्य जगन्नाथले ठाउँठाउँमा पूर्वाचार्यहरू मत प्रस्तुत गरी युक्तिपूर्वक खण्डन गर्ने क्रममा निकै लामा सन्दर्भाङ्कनको प्रयोग गरेको देखिन्छ । जस्तै :

यत्तु 'चित्रमीमांसायामप्पयदीक्षितैः' 'निश्शेषच्युतचन्दनम्' इति पद्यं ध्वन्युदाहरणप्रसङ्गे व्याख्यातम् - 'उत्तरीयकर्षणेन चन्दनच्युतिरिन्यन्यथासिद्धिपरिहाराय निश्लेषग्रहणम् । ततश्चन्दनच्युतेः स्नानसाधारण्यव्यावर्तनेनसम्भोगचिह्नोद्घाटनाय तटग्रहणम् ...' (रसगङ्गाधर, प्रथम आनन, पृ.४८) ।

यसरी संस्कृत ग्रन्थहरूमा मूल पाठमा नै छोटादेखि लामा उद्धरणहरूलाई पनि जस्ताको तस्तै राखेको देखिन्छ । उद्धरण राख्ने क्रममा कतै काव्यमीमांसायां राजशेखरः, यथा वेण्याम्, यथा वीरचरिते, तदुक्तं श्रुतौ जस्ता सन्दर्भबाट प्रष्ट लेखक र ग्रन्थको सङ्केत पाइन्छ भने कतै केचित् ... आहुः, अपरे ... आहुः, अन्ये ...आहुः, केचन... ऊचुः, परे तु ..... आहुः जस्ता अप्रत्यक्ष संकेतद्वारासमेत उद्धरण राखिएको देखिन्छ । आधुनिक शोध परम्परामा सन्दर्भाङ्कन भन्नासाथ पाठसँगै स्रोत उल्लेख गर्ने परिपाटी र उही पृष्ठको पुछारमा स्रोत उल्लेख गर्ने परिपाटी बुझिन्छ । आधुनिक संस्कृत शोध ग्रन्थहरूमा पनि यिनै ढाँचाको उपयोग गरेको पाइन्छ । कविता, सूक्ति आदि छोटा उद्धरण मूलमै राखेर तिनको अध्याय, श्लोक आदि त्यही लेख्ने संस्कृत परिपाटी उपयुक्त देखिन्छ । उद्धरणीय अंश लामा भए त्यसलाई पादटिप्पणीमा राखी त्यसको भावमात्र मूलमा लेख्ने र त्यसको सन्दर्भ सङ्केत पुछारमै लेख्ने संस्कृत परिपाटी पनि व्यावहारिक देखिन्छ ।

**निष्कर्ष**

सङ्कलन गरिएका सामग्रीहरूका आधारमा विभिन्न कोणबाट व्याख्या, विश्लेषण गरिसकेपछि अन्त्यमा निष्कर्ष निकालिन्छ । विश्लेषणमा अरूका तथ्य, मन्तव्य, धारणा आदि पनि आउन सक्छन् तर सामान्यीकरण र निष्कर्ष चाहिँ नितान्त लेखकीय हुन्छ ।

संस्कृतका मूलग्रन्थ एवम् ती ग्रन्थमा आधारित अनुसन्धानप्रबन्धकै रूपमा देखिएका टीकाग्रन्थहरूमा समेत निष्कर्षलाई प्रस्तुत गर्ने प्राचीन परम्परा रहेको छ । ध्वन्यालोक ग्रन्थको निष्कर्षलाई अन्तिमका दुई श्लोकमा आनन्दवर्धनले यसरी प्रस्तुत गरेका छन् :

इत्यक्लिष्टरसाश्रयोचितगुणालङ्कारशोभाभृतो
यस्माद्वस्तु समीहितं सुकृतिभिः सर्वं समासाद्यते ।
काव्याख्येऽखिलसौख्यधाम्नि विबुधोद्याने ध्वनिर्दर्शितः
सोऽयं कल्पतरूपमानमहिमा भोग्योऽस्तु भव्यात्मनाम् ॥
सत्काव्यतत्त्वनयवर्त्मचिरप्रसुप्त-
कल्पं मनस्सु परिपक्वधियां यदासीत् ।
तद्व्याकरोत्सहृदयोदयलाभहेतो-
रानन्दवर्धन इति प्रथिताभिधानः ॥ (ध्वन्यालोक, ४/१७)

**सन्दर्भसामग्रीसूची**

प्राचीन संस्कृत ग्रन्थहरूमा सन्दर्भसामग्रीहरूलाई व्यवस्थित रूपले उल्लेख गरेको देखिँदैन । परिशिष्ट खण्डअन्तर्गत ग्रन्थको मूल र वृत्तिमा उल्लेख भएका मूल श्लोकहरू, सूत्रहरू, उदाहरणहरू एवम् सूक्तिहरूलाई वर्णानुक्रमअनुसार राख्ने गरेको देखिन्छ ।

ध्वन्यालोक ग्रन्थको मूलमा एवम् लोचनटीकामा उपयोग गरिएका ग्रन्थहरूका नाम र पृष्ठ सङ्ख्याको उल्लेख उक्त ग्रन्थको अन्त्यमा प्रस्तुत गरिएको छ :

आदिकवि वाल्मीकि : ८६, ८९, १८०　　कालिदास : ९४, ३१३, ३६८

महर्षि व्यास : ३१३, ३८३　　भामह : ११९, ४९९ आदि ।

कतिपय शोधग्रन्थहरूमा पुस्तकको नाम र लेखक उल्लेख गरिएको पाइन्छ । जस्तै :वैयाकरणभूषणसार तारकेश्वरशास्त्री चतुर्वेदीद्वारा सम्पादित ।

लघुशब्देन्दुशेखर शेखरदीपिकाख्यटिप्पणीसमन्वितः ।

न्यायदर्शनम् (वात्स्यायनभाष्योपेतम्) द्वारिकादासशास्त्रिणा सम्पादितम् आदि ।

नेसंविबाट गराइएका संस्कृत अनुसन्धान ग्रन्थहरूमा आधुनिक शोधढाँचाअनुसार सन्दर्भग्रन्थसूचीलाई व्यवस्थित गरिएको देखिन्छ । लेखकको थर, नाम, प्रकाशन मिति, पुस्तकको नाम, व्याख्याता, संस्करण, प्रकाशक आदि विवरणलाई एउटै ढाँचामा राख्दा यही सूचनाका आधारमा अन्य अनुसन्धाताले पनि उक्त कृति सजिलै प्राप्त गर्न सक्ने अवस्था हुन्छ ।

**अनुसन्धानप्रबन्धको समग्र स्वरूप**

क. आवरण पृष्ठ

- शोधशीर्षक
- प्रस्तुत गरिएको संस्थाको नाम र प्रयोजन
- शोधनिर्देशक र शोधविशेषज्ञहरूको नाम
- शोधार्थीको नाम, ठेगाना र प्रस्तुत वर्ष

ख. भित्री पृष्ठ

- शोधनिर्देशकको सिफारिस वा मन्तव्य
- शोधविशेषज्ञको मन्तव्य
- तालिकासूची, चित्रसूची, नक्सासूची
- सङ्क्षेपीकृत शब्दसूची
- सङ्केतचिह्नसूची
- शोधप्रबन्धको मूल पाठ
- परिशिष्ट
- सन्दर्भकृतिसूची

ग. अन्तिम पृष्ठ

शोधार्थीको व्यक्तिगत विवरण

- नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रबाट प्रकाशित अनुसन्धानप्रकाश पुस्तकमा शोध प्रबन्धको अन्त्यमा शोधार्थीको व्यक्तिगत विवरण राख्नुपर्ने विषय उल्लेख भएको,
- भारतीय विश्वविद्यालयबाट गरिएका अनुसन्धानमा पनि शोधप्रबन्धको अन्त्यमा शोधार्थीको व्यक्तिगत विवरण राख्ने प्रचलन देखिएको,
- संस्कृत काव्यशास्त्रीय ग्रन्थहरूमा पनि अन्त्यमा लेखकको व्यक्तिगत विवरण राख्ने गरेको, जस्तैः नैषधीयचरितमहाकाव्य :

  श्रीहर्ष कविराजराजिमुकुटाऽलङ्कारहीरः सुतं
  श्रीहीरः सुषुवे जितेन्द्रियचयं मामल्लदेवी च यम् ।
  तस्य श्रीविजयप्रशस्तिरचनातातस्य भव्ये महा-
  काव्ये चारुणि नैषधीयचरिते सर्गोऽगमत् पञ्चमः ॥

ध्वन्यालोक :

  सत्काव्यतत्त्वनयवर्त्मचिरप्रसुप्तकल्पं मनस्सु परिपक्वधियां यदासीत् ।
  तद्व्याकरोत्सहृदयोदयलाभहेतोरानन्दवर्धन इति प्रथिताभिधानः ॥ (ध्वन्यालोक, २०११ : पृ. ६०२)

- संस्कृत अनुसन्धान प्रबन्धको अन्त्यमा अनुसन्धाताको व्यक्तिगत विवरण राख्नु संस्कृतको मौलिक परम्परा रहेकाले यसलाई निरन्तरता दिनुपर्दछ ।

**शोधमा मङ्गलाचरण**

संस्कृत शोधग्रन्थको प्रारम्भमा मङ्गलाचरण राख्नु सान्दर्भिक हुन्छ । यो संस्कृतपरम्परा हो । संस्कृत वाङ्मयअन्तर्गतका काव्य, लक्षणग्रन्थ, व्याकरण आदि विषयका सम्पूर्ण ग्रन्थको प्रारम्भमा मङ्गलाचरण गरिएको छ । संस्कृत शोध प्रबन्धमा पनि एकदुईवटा संस्कृतश्लोकका माध्यमबाट मङ्गलाचरण गर्ने पुरानो परम्परालाई पुनर्जागृत गरेमा हाम्रो मौलिकता झल्कने छ ।

**निष्कर्ष**

यस अनुसन्धान पत्रको निष्कर्ष निम्नानुसार रहेको छ :

- संस्कृत वाङ्मयमा प्राचीन कालबाट नै अनुसन्धानपरम्परा चल्दै आएको छ ।
- संस्कृत वाङ्मयको आफ्नै मौलिक अनुसन्धान पद्धति रहेको छ ।
- आधुनिक पाश्चात्य अनुसन्धानको ढाँचा पौरस्त्य अनुसन्धान पद्धतिबाट नै विकसित भएको हो ।
- संस्कृतवाङ्मयको अनुसन्धान पद्धतिमा शीर्षक चयन, शोधसार लेखन, विषयपरिचय लेखन, शोध समस्या र उद्देश्य निर्धारण, पूर्वकार्यको समीक्षालेखन आदि विषयमा सचेततापूर्वक पर्याप्त अभ्यास भएको देखिन्छ ।
- संस्कृतमा विषयअनुसारका शोधविधिहरू रहेका छन् ।

- आधुनिक सन्दर्भाङ्कन पद्धतिभन्दा भिन्न संस्कृत वाङ्मयको आफ्नै वैशिष्ट्य रहेको सन्दर्भाङ्कन परम्परा छ ।
- शोधप्रबन्धको प्रारम्भमा मङ्गलाचरण गर्ने प्राचीन परम्परालाई निरन्तरता दिनुपर्छ ।
- शोधप्रबन्धको अन्त्यमा शोधार्थीको व्यक्तिगत विवरण राख्ने परम्परालाई कायम राख्नुपर्छ ।
- संस्कृत शोधप्रबन्धका सन्दर्भाङ्कन आधुनिक एपीए, एमएलए ढाँचाकै अनुसरणका रूपमा देखिएकाले संस्कृतको परम्परागत ढाँचा झल्किने आधिकारिक पद्धति निर्माण गरी लागु गर्नुपर्छ ।

**सन्दर्भसामग्री सूची**


आचार्य, हरिप्रसाद र अन्य (२०४२), अनुसन्धान प्रकाशः, महेन्द्र संस्कृत विश्वविद्यालय

आनन्दवर्धन, (ई.२०११), ध्वन्यालोक, चौखम्बाविद्याभवन ।

कुन्तक, (ई.१९२८), वक्रोक्तिजीवितम्, के.एल्.मुखोपाध्याय ।

चालिसे, नारायण एवम् अन्य, सम्पा. (वर्ष-६, पूर्णाङ्क-३, २०७०), अनुसन्धान-प्रकाश, नेसंवि अनुसन्धान केन्द्र ।

जगन्नाथ, (ई.१९९७), रसगङ्गाधर (चन्द्रिका हिन्दीव्याख्यासहित), चौखम्बा विद्याभवन ।

त्रिपाठी, भगिरथप्रसाद (ई.१९६०), अनुसन्धान पद्धति, वाराणसेय संस्कृत विश्वविद्यालय ।

पोखरेल, माधवप्रसाद (२०७३)संस्कृत वाङ्मयको शोधविधि, नेसंवि अनुसन्धान केन्द्रको गोष्ठीमा प्रस्तुत कार्यपत्र

पौडेल, भूपहरि (२०६०), शोध र सिर्जना सिद्धान्त, विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६०), अनुसन्धान विधिका केही पक्ष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, टीका (२०४८), अनुसन्धान पद्धति, कान्ता भट्टराई ।

मम्मट (२०४२), काव्यप्रकाश, ज्ञानमण्डल लिमिटेड ।

वामन (ई.२०१०), काव्यालङ्कारसूत्रवृत्ति, चौखम्बा कृष्णदास अकादमी ।

विश्वनाथ, (ई.१९९४), साहित्यदर्पण, कृष्णदास अकादमी ।

श्रीहर्ष (ई.१९९१), नैषधीयचरितं महाकाव्यम्, चौखम्बा संस्कृत प्रतिष्ठान ।

युट्युब : संस्कृतवाङ्मये शोधस्य स्वरूपम्, https://youtu.be/t1K0Lywl9DU

Major Components of the Research Proposal

Achut Raj Kattel
Lecturer : Department of English
MMAMC, Biartnagar
*achutkattel@gmail.com*

## Introduction

Research proposal reflects the researcher's overall research project including the objectives, methods and issues of systematic investigation. Maxwell (2013) believes, "The purpose of a proposal is to explain and justify your proposed study to an audience of nonexperts on your topic." His proposition clearly denotes that the common people with no knowledge or little knowledge of the area of research have to understand the proposed study. Maxwell clarifies that the researcher has to assume even the experts evaluating the proposal may have very little knowledge in that field. They have to be convinced that the study area is researchable and justified. Similarly, the focus of the study should be on the issue or the proposed study instead of literature. From the very beginning, details presented in the proposal must be related to the proposed study.

Proposal guides the researcher in the right track during the process of research. A research proposal is a detailed plan that lays out the purpose, path, and procedures of the project (Tracy, 2013). Document prepared for proposing to do a research work on a particular issue, subject or area is a research proposal. It is necessary to find out whether the issue is researchable or not. For Tracy, proposal establishes the extensive roadmap from the beginning to the end of the research work. Proposal presents the argument and that argument must be coherent. It presents the logic that stands behind the proposed study.

Proposal writing has three major stages. Before beginning the writing process, researchers are in the confusion. They are uncertain about the area and undecided about the topic. They study profoundly and rigorously. Then they seek an issue and collect materials related to the issue. After that the writing process begins. After preparation of the first draft, they revise the proposal and finally edit it.

**Pre-writing Activities**

Before writing the proposal's first draft, the researcher must prepare the sketch of the research work. It is a design that has link with the research proposal. The smooth transition between the research design and the research proposal incites the validity and credibility of the research. The researchers have to select the research area of their interest and study the literature so that they have the clarity of the subject matter and issue. They have to ponder on what they have to do in the proposal. Locke et al. (2007) suggests that a researcher has to answer following three questions in the proposal:

1. What do we already know?
2. How does this particular question relate to what we already know or do?
3. Why select this particular method of investigation?

By these questions, conceptual model, research questions and research methods are addressed. Therefore, the proposal has to incorporate these three components according to Locke et al.

However, some researchers give importance to the research goals, research questions and validity which have to be highlighted in the proposal. Przeworski and Salomon (1988), suggest that the following three questions have to be answered in the research proposal. The reviewers seek the answers of these three questions.

1. What are we going to learn as the result of the proposed project that we do not already know?
2. Why is it worth knowing?
3. How will we know that the conclusions are valid?

two styles in use. The first one is the traditional one in which a researcher writes the details of the theory in a specific section of the research paper whatever length the paper has. The advanced style does not prefer this unnecessary reiteration of the ideas from the theorists. Instead, it uses the theoretical supports during the interpretation and analysis of the data for each argument, and mostly in each paragraph.

**An Example of the Use of the Five-Step Process**

Subiksha Rai from the Department of English at Mahendra Multiple Campus, Dharan is a MA fourth semester research student. I saw her growth as an applicant of transnationalism in the study of the novel *Running from the Dreamland* written by Tulasi Acharya. The text deals with the migrants' struggle in the USA. When she started her research classes in August 2022, she expressed her desire to work on the novel. But she was not sure how she could do it. So, at first, I suggested her to study the theory of transnationalism. It was the first step towards her use of theory in literary research.

She collected the materials that dealt with transnationalism as a theory to understand what it actually argued. Her initial readings gave her the ideas that transnationalism deals with the life and feeling of the people who travel across the national border(s) (Vertovec, 2009). When she studied Janine Dahinden's discussion on the theory of transnationalism, she understood that the theory of transnationalism divides all transnational migrants into three categories: diaspora, transnational mobiles, and transnational outsiders. The diaspora is the group of transnational migrants who have settled permanently in a new country termed as 'hostland' in transnational discourse. The second type or transnational mobiles are those migrants who frequently cross the national borders and develop the home in the homeland, not in the hostland unlike the diasporans who develop their homes in the hostland itself. The third category is transnational outsiders who illegally live in the hostland, such as the exiled ones and refugees (Dahinden, 2010). After the understanding of this theory, she was able to evaluate whether the theory is appropriate for the study of the literary text of her choice or not.

On the second stage, she went through the novel in details and tried to see what elements of transnationalism the text *Running from the Dreamland* possessed. She was trying to match the nature of the data, here the book, and the basic principles of a

theory she was attempting to apply on the novel. As both the novel and the theory dealt with the life and feelings of the people who cross the national borders in search of better life, she concluded that transnationalism was an appropriate theory for the study of the novel she had chosen. It is how the researchers make sure that a certain theory is applicable in the study of a certain data.

On the third stage, a researcher needs to find out a certain aspect of a chosen theory to bring into application. For example, it is necessary to find that among the three types of transnational migrants, which type of migrants the data deal with. Here, too, the data itself demands the specific aspect of the theory chosen for application. In case of Subiksha's research, the novel dealt mostly with the transnational students who had reached to the US with the hope of good education there. They had not planned for permanent stay. Even those who thought of living there permanently finally returned home in the novel. So, these were the transnational mobile characters. Thus, she decided to work with the ideas of transnational mobiles that both the theory of transnationalism and the data match with. But there were some prominent characters who had already been the diasporans with "hybrid identities at the 'in-between'" (McLeod, 2010, p. 216). So, Rai's study dealt with both types of characters. Based on this match, she decided her research title: "Transnational Characters' Struggle in Acharya's *Running from the Dreamland*". If the characters were only the transnational mobiles, her research title would have been "Transnational Mobiles' Struggle in Acharya's *Running form the Dreamland*". Thus, a researcher needs to be carefully calculative to decide the approach in the application of the theory in choice. This decision gives a distinct tool and way to a research.

The fourth stage is the step of interpreting and analyzing the data using the theory. This is the stage of finding the meaning of the data. The findings differ from theory to theory. If Marxism was used as a theoretical tool to study the novel, the findings would be related to the economic classes of the characters under study. Similarly, if feminism was used as a theory, the study would find the situation of women characters in the novel. But, as she was applying transnationalism with specific focus on transnational mobiles' life and emotion, the following findings were drawn through the interpretation of the novel:

- The characters were students and business migrants to the USA from Nepal, Bangladesh, India, China, Ireland and Mexico.

- All of these characters had migrated to the USA in search of better life than that of their homeland.
- When they reached the USA, they found the life there was not as easy as they had been told it would be there.
- They had to undergo serious financial, social, cultural, emotional and physical struggles resulting into homesickness, distress, domination from the mainstream society, discrimination, and up to the condition of trauma.
- Most of them finally decided to return to their homeland leaving the USA.

These findings were the results of her application of the theory on the data.

Then followed the fifth or the final step of the application of theory in the interpretation of the data. It is the stage of finding the place for the theory in the writing of a research paper. Here, a researcher needs to be aware of the practice of their department or the institution that has permitted them to conduct the research. A researcher does not have the authority to change the system of the institution; it is their academic responsibility to follow the norms of the institution. Generally, there are two models of the placement of a theory in a research paper whether it is a dissertation or a journal article. The traditional style demands the details of the theory in a separate section of the paper. After the mention of the theory in a section, the next section will include the free interpretation of the data without any reference to the theory in the analysis section. If a writer follows this system, the body of their research paper can be divided into the following sections:

INTRODUCTION
REVIEW OF LITERATURE
METHODOLOGY (that includes the details of the theory)
ANALYSIS
CONCLUSION

But when the research writer follows the advanced style, theory is used as a support of their argument in all parts of the paper. Mostly, it is written in the introduction section to support the argument that deals with the research problem, objective(s), methodology, hypothesis (if any) and delimitation. Even the review of literature can be theory driven in the sense, only those empirical studies will be reviewed that have used the chosen theory in the field. Such a review helps in the development of the framework of data analysis in the research. In such a model, there

will not be any separate section that deals with the details of the theory. Instead, the arguments and propositions of the theory will be used in the analysis of the data. In such a case, it is necessary to support every argument of the analysis with data and theoretical propositions.

The following is a paragraph from the introduction section of Rai's research paper:

> A transnational perspective on migration discards methodological nationalism and deals with the theorization of global power (Schiller 113). In the early 1990s when studies on transnationalism proliferated, transnationalism became one of the fundamental ways of understanding contemporary practices taking place across national borders, especially when speaking of migration. It shows that the waves of international migration effects are not only conditioned by conflicts between nation-states and economic and political cooperation between nations or organizations (Faist 32) but also by personal needs and desires. Thus, transnational migrants seek independence, they want to build a house in their home country and start to increase the social standard like the main character Deepak in *Running from the Dreamland*. He is after the American Dream with the maximum goal to complete master degree, if possible PhD as well, get a good job, and settle in the U.S.

(Note: As Rai's research paper has used MLA style, the references in the above paragraphs are different from the referencing of my paper that has followed APA format.)

In this paragraph, the ideas borrowed from Schiller and Faist are some propositions of transnationalism. These are drawn here to lead the discussion to the need of the theory of transnationalism in this study as an appropriate methodology. This research paper does not have a separate section for methodology. Thus, there is enough use of theoretical supports in the analysis section. The student was instructed to use at least one theoretical support in each paragraph. The following is one example paragraph from the analysis section of the research paper:

> To fulfill their economic needs transnational migrants are found working both legally and illegally in the host land. Such situations frequently arise because "[b]oundaries are objectified forms of differences manifested in inequality of access, unequal distribution of resources and opportunities to the transnational" (Dahinden 55). Deepak is not allowed to work legally in the host land which

brings a tough situation for him there. Similarly, Vikas whispers with a nervous smile to Deepak about his working off campus on a student visa that is going to be a problem for both (Acharya 58). Because of the student visa Deepak cannot find a well-paid job in the USA. Therefore, transnational migrants such as the character Deepak must work even illegally to keep up with funds they desperately need for sustaining their life there.

It is necessary to note, here, that the paragraph mentioned above has both the theoretical support cited from Dahinden (2010) and the data from the text to support the writer's argument: "To fulfill their economic needs transnational migrants are found working both legally and illegally in the host land".

## Conclusion

Theory is a perspective to look at reality. Different theories provide different perspectives for researchers. When a researcher wants to interpret data with the help of a particular theory, they need to understand the basic principles of that theory in the beginning. The next stage is to find whether the data and theory match or not. If they match, the next step would be to find the specific aspect of the chosen theory to be applied on the interpretation of the data. The data are interpreted and analysed with the help of the same aspect of the theory so that the meaning of the data can be deduced. These findings need to be written in a research paper using an appropriate model the institution that owns the research has been following. A research writer needs to choose between the traditional way of writing a theory that demands a separate section in the research paper and the advanced way that demands the use of theoretical precepts to support the argument in all parts of the paper.

## References

Achraya, T. (2014). *Running from the dreamland*. (Third Printing, 2019). Allwrite Publishing.

Barry, P. (2007). *Beginning theory: An introduction to literary and cultural theory.* (2nd. ed., First South Asian Edition). Manchester University Press.

Bharat-Muni. (1951). *The natyasastra.* (M. Ghosh, Trans.). Asiatic Society of Bengal.

Dahinden, J. (2010). The dynamics of migrants' transnational formations: Between mobility and locality. In R. Baubock and T. Faist (Eds.), *Diaspora and*

*transnationalism: Concepts, theories and methods* (pp. 51-71). Amsterdam University Press.

Kane, P. V. (1971). *History of Sanskrit poetics.* (5th reprint, 2015). Motilal Banarsidass Publishers.

Klages, M. (2008). *Literary theory: A guide for the perplexed*. Viva-Continuum.

McLeod, J. (2010). *Beginning postcolonialism.* (First Indian Edition). Viva Books.

Rai, S. (2023). Transnational characters' struggle in Acharya's *Running from the Dreamland* [Unpublished, just submitted for evaluation, Master Dissertation]. Mahendra Multiple Campus, Dharan, Tribhuvan University.

Sastri, G. (1943). *A concise history of Sanskrit literature.* (4th reprint, 2013). Motilal Banarsidass Publishers.

Subramanian, A. V. (1988). *The aesthetics of wonder*. Motilal Banarsidass.

Tyson, L. (2006). *Critical theory today: A user-friendly guide.* (2nd ed., Special Nepal Edition, 2008). Routledge.

Vertovec, S. (2009). *Transnationalism.* (First Indian Reprint, 2012). Routledge.

Waugh, P. (2006). *Literary theory and criticism*. (International Student Edition, First Indian Edition). Oxford University Press.

# परिशिष्ट : एक

# विद्यापीठको प्रतिवेदन २०८०

## विद्यापीठको स्थापना र विकास

वि.सं.२००४ सालमा हालको धरान १४ स्थित दुईधारे समीपमा स्थापित श्री संस्कृत पाठशाला नै हालको पिण्डेश्वर विद्यापीठको स्थापनाको पृष्ठभूमि हो । तत्कालीन समयमा ५० जना विद्यार्थी र २ जना शिक्षकसमेतलाई २००८ मंसिर २७ गते सुनसरी जिल्लाको धार्मिक, सांस्कृतिक, पौराणिक र पर्यटकीय स्थलका रूपमा सुपरिचित धरान नगरको शिरोभागमा रहेका पिण्डेश्वर मन्दिर परिसरमा स्थानान्तरण गरी पिण्डेश्वर विद्यापीठको विधिवत् स्थापना भएको थियो । प्रारम्भिक समयमा पिण्डेश्वर, चतरा र रामधुनी मठको गुठीबाट ७५ जना विद्यार्थीको भोजन वृत्तिसहित अन्य आर्थिक दायित्व वहन गरिएको थियो । यस संस्थाको स्थापनामा तत्कालीन बडा हाकिम भूपालमानसिंह कार्की र समाजसेवी पं.छविलाल पोखरेलको अतुलनीय योगदान रहेको छ । यस घडीमा वहाँहरूको स्मरण र सम्मान गर्नु हाम्रो कर्तव्य हो । यस संस्थालाई धरान, इटहरी, विराटनगर लगायतका शिक्षासेवी र समाजसेवीहरूको महत्वपूर्ण सहयोग र सद्भाव प्राप्त भएको थियो । सुरुमा वाराणसीको गभर्मेन्ट संस्कृत कलेज र पछि त्रिभुवन विश्वविद्यालय संस्कृत अध्ययन संस्थान अन्तर्गत पिण्डेश्वर संस्कृत महाविद्यालयका रूपमा अघि बढेको र वि.सं.२०४३ मा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय) स्थापना पछि त्यसको सबैभन्दा पुरानो आङ्गिक विद्यापीठका रूपमा रहेको कुरा यहाँहरूलाई अवगत नै छ । यस विद्यापीठका विविध गतिविधिहरूको सारसंक्षेपलाई प्रतिवेदनका रुपमा प्रस्तुत गरेको छु ।

## विद्यापीठमा सञ्चालित शैक्षिक कार्यक्रमहरू

पिण्डेश्वर विद्यापीठ पूर्वी नेपालमा रहेका गुरुकुल र संस्कृत मा.वि.हरूका विद्यार्थीको उच्च शिक्षाको गन्तव्य बनेको छ। देशबाहिर भारतबाट समेत उच्च शिक्षाका निम्ति विद्यार्थी आउने क्रम बढ्दै गएको हुनाले यहाँको शैक्षिक गतिविधि थप विस्तार हुँदै आएको छ। विगतमा यस संस्थाले आर्जन गरेको गौरवलाई अक्षुण्ण राख्दै परिवर्तित समयानुसार संस्कृत शिक्षाको महत्त्वलाई उजागर गर्न सक्नु हामी सबैको दायित्व हो । आजको यस विशेष परिस्थितिले संस्कृत शिक्षा आर्जन गर्न सबैलाई अवसर प्रेरणा दिन सकेकोमा विद्यापीठ गौरवान्वित भएको छ ।

विद्यापीठमा अहिले संस्कृतका शुक्लयजुर्वेद, नव्यव्याकरण, साहित्य, धर्मशास्त्र, प्राचीनन्याय र फलितज्योतिष विषयमा शास्त्री तह र नव्यव्याकरण तथा साहित्य विषयमा आचार्य तहको अध्ययन अध्यापन हुँदै आएको छ । आगामी शैक्षिक वर्षबाट आचार्य तहमा फलितज्योतिष विषयको पठनपाठन हुनेछ । प्राक् शास्त्री कक्षा सञ्चालन गरी शास्त्री तहमा विद्यार्थी संख्या वृद्धि गर्ने विश्वविद्यालयको नीति अनुरूप यहाँ पनि अनिवार्य विषयसहित संस्कृतका व्याकरण, वेद, ज्योतिष र न्याय विषयमा प्राक्शास्त्री कक्षा सञ्चालन हुँदै आएको छ ।

## विद्यापीठको अचल तथा भौतिक सम्पत्ति

क) यस विद्यापीठका नाममा दर्ता रहेको तीन कित्तामा १८ विघा १३ कट्ठा ८ धुर जग्गा रहेको छ ।

ख) वि. सं. २०१३ पुस १३ गते तत्कालीन राजा महेन्द्रबाट शिलान्यास भई निर्माण गरिएको २४ कोठे दुईतले पक्की तर हाल जीर्ण अवस्थामा रहेको शिक्षण भवन १

ग) दश कोठाको अढाई तले अतिथि आवाससहितको शिक्षण भवन १

घ) ने.सं.वि.को बहुवर्षीय योजनामा निर्मित एक तले प्रशासकीय पक्की भवन १

ङ) नेपाल भारत सहयोग अन्तर्गत नेपालस्थित भारतीय राजदूतावासको सहयोगमा निर्मित दुईतले कालीदास पुस्तकालय भवन १

च) गिलेवा जोडाईवाला टिनको छाना भएको ९ कोठे जीर्ण छात्रावास भवन १

छ) २०४७ मा निर्माण गरिएको ८ कोठे पक्की छात्रावास १, जसलाई २०६४ मा टिनको छाना लगाउने गरी तला थपिएको र २०७७ मा छाना परिवर्तन गरी मर्मत गरिएको छ।

ज) पुरानो पाकशालाका रूपमा प्रयोग गरिएको तर हाल प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको १० कोठे जीर्ण भवन १

झ) छात्रावासमा रहेका शौचालय २

ञ) सुनसरी निर्वाचन क्षेत्र नं १ को निर्वाचन विकास कोष तथा विश्वविद्यालयको सहयोगमा निर्मित ३ कोठे सटर सहितको चमेना गृह भवन १

ट) चौकीदार आवासका रूपमा निर्मित एकतले दुईकोठे पक्की भवन १

ठ) ३ कोठे शिक्षक कर्मचारी आवास भवन १

ड) २०७७ मा निर्माण सम्पन्न ६ कोठे ३ वटा सटर भएको एकतले पक्की व्यापारिक भवन १

ढ) व्यापारिक भवन नजिकै ३ कोठे शौचालय भवन १

ण) संस्कृत छात्रपुस्तकालयको २ कोठे जीर्ण भवन १

त) जीर्ण अवस्थामा रहेको भवनमा समेत गरेर करिब ८० जना बस्नसक्ने छात्रावास रहेको छ।

थ) विद्यापीठ परिसरमा निर्मित सरस्वती मन्दिर १

द) छात्रावासको ईशान कोणमा निर्मित १ कोठे भान्साघर १

ध) नेपाल संस्कृत विश्वविद्यालयको बहुवर्षीय लगानी अन्तर्गत दुईतले निर्माणाधीन शिक्षण भवन १

न) शिक्षक कर्मचारी आवास भवनमा तला थप्ने कार्य जारी रहेको छ।

विद्यापीठमा सहज ढंगले शैक्षिक गतिविधि सञ्चालन गर्नका लागि आवश्यक पर्ने फर्निचर लगायतका भौतिक सामग्रीहरू र शैक्षिक सामग्रीहरू अपर्याप्त रहेकाले समयानुकुल सामग्री थप गर्दै जान आवश्यक छ।

**विद्यापीठका समिति र शिक्षण विभागहरू**

**विद्यापीठ विकास समिति**

विद्यापीठ विकास समिति निरन्तर क्रियाशील रहेको छ। समयसमयमा यसले विद्यापीठको समग्र विकासका लागि प्रयत्न गर्दै आएको छ। समितिका पदाधिकारीहरू यसप्रकार रहरेका छन्।

| | |
|---|---|
| अध्यक्ष | श्री गोविन्द तिम्सिना |
| सदस्य | श्री शिवराज पोखरेल |
| सदस्य | श्री अम्बिका पौडेल |

| | |
|---|---|
| सदस्य | श्री खेमराज खनाल |
| सदस्य | श्री सुमन खतिवडा |
| सदस्य | श्री भेषबहादुर निरौला |
| सदस्य सचिव | श्री काशीनाथ पौडेल (प्राचार्य) |

**अनुसन्धान व्यवस्थापन एकाइ (Research Management Cell- RMC)**

अनुसन्धान व्यवस्थापन एकाइको वर्तमान कार्यसमिति -

| | | |
|---|---|---|
| १) संयोजक | : | उपप्रा. डा. महानन्द तिमिल्सिना |
| २) सदस्य | : | उपप्रा. डा. नित्यानन्द खतिवडा |
| ३) सदस्य | : | उपप्रा. डा. पुष्पलाल न्यौपाने |
| ४) सदस्य | : | सहायकप्रा. अम्बरराज ढकाल |
| ५) सदस्य-सचिव | : | उपप्रा. डा. रमेशकुमार लिम्बू |

अनुसन्धान व्यवस्थापन एकाइले RMC विधान एवम् अनुसन्धान कार्यनिर्देशिका अनुमोदन गराई लघु अनुसन्धानका कार्य र **शोधसुधा** जर्नलको प्रकाशन आरम्भ गरेको छ ।

**प्रशासनिक समितिहरू**

विद्यापीठमा आवश्यक कार्य सञ्चालन गर्नका निम्न प्रशासनिक समितिहरू क्रियाशील रहेका छन् ।

अ) टेन्डर समिति आ) निर्माण समिति

इ) पुस्तकालय समिति ई) छात्रवृत्ति वितरण समिति

**शिक्षण विभागहरू**

विद्यापीठमा निम्नानुसारका शिक्षण विभागहरू क्रियाशील रहेका छन् । विभाग र तिनका अध्यक्षहरू यसप्रकार छन् :

| **शिक्षण विभाग** | **विभागाध्यक्ष** |
|---|---|
| अ) वेद, न्याय तथा ज्योतिष विभाग | उपप्रा. गङ्गाराम नेपाल |
| आ) व्याकरण तथा धर्मशास्त्र विभाग | सहप्रा.डा. खेमराज खनाल |
| इ) साहित्य तथा अनिवार्य संस्कृत विभाग | सहप्रा.डा. रमेश घिमिरे |
| ई) राजनीतिशास्त्र, अर्थशास्त्र, नेपाली तथा अंग्रेजी विभाग : | उपप्रा.डा. कृष्णप्रसाद भण्डारी |

**पिण्डेश्वर विद्यापीठमा कार्यरत प्राध्यापकहरूको नामावली र सम्पर्क नम्बर**

| | | |
|---|---|---|
| १ .प्रा.डा.भीमप्रसाद खतिवडा (हाल शिक्षाध्यक्ष) | साहित्याचार्य, विद्यावारिधि | ९८४२०५१६६६ |
| २. उपप्रा. काशीनाथ पौडेल (प्राचार्य) | शुक्लयजुवेदाचार्य | ९८४२१७१०९९ |
| ३. सहप्रा.डा.भवानीशंकर भट्टराई (सहायक प्राचार्य) | व्याकरणाचार्य, विद्यावारिधि | ९८५२०३४५६६ |
| ४. सहप्रा.डा.खेमराज खनाल | नव्यव्याकरणाचार्य, विद्यावारिधि | ९८४२०६०८८२ |
| ५. सहप्रा.डा.रमेश घिमिरे | साहित्याचार्य, विद्यावारिधि | ९८५२०७०६५१ |
| ६. सहप्रा.डा.सागरमणि सुवेदी | साहित्याचार्य, विद्यावारिधि | ९८४२०५३१८९ |

| | | |
|---|---|---|
| ७. सहप्रा. दामोदर गौतम | धर्मशास्त्राचार्य | ९८४२०५२९९७ |
| ८. सहप्रा.डा.गुरुप्रसाद कोइराला | साहित्याचार्य, विद्यावारिधि | ९८५२०५६२४० |
| ९. सहप्रा.टेकनाथ घिमिरे | साहित्याचार्य | ९८४२२८९७२४ |
| १०. सहप्रा.डेगराज पौडेल | एम.ए.नेपाली | ९८४१५००८७४ |
| ११. सहप्रा. कृष्णप्रसाद शर्मा | व्याकरणाचार्य | ९८४२२८५६०२ |
| १२. सहप्रा.डा.नेत्रविनोद भट्टराई | व्याकरणाचार्य, विद्यावारिधि | ९८४२४५६४८० |
| १३. उपप्रा. प्रेमसागर खतिवडा | साहित्याचार्य | ९८६१३०२२२४ |
| १४. उपप्रा.डा.कृष्णप्रसाद भण्डारी | एम.ए. अंग्रेजी, विद्यावारिधि | ९८४२०३३६३८ |
| १५. उपप्रा. टीकाराम दहाल | व्याकरणाचार्य | ९८४७१२५३२२ |
| १६. उपप्रा.जंगबहादुर भट्टराई | एम.ए. अंग्रेजी | ९८४२०५३२०४ |
| १७. उपप्रा.हरिनारायण बास्कोटा | फलित ज्योतिषाचार्य | ९८४२१७१४३४ |
| १८. उपप्रा.डा.महानन्द तिमिल्सिना | साहित्याचार्य, विद्यावारिधि | ९८४२०८२०११ |
| १९. उपप्रा. सुमन खतिवडा | व्याकरणाचार्य | ९८४२२८९८८९ |
| २०. उपप्रा. दीपक पराजुली | व्याकरणाचार्य | ९८४२०८२४५५ |
| २१. उपप्रा.गिरिराज खतिवडा | साहित्याचार्य | ९८५२०५००९३ |
| २२. उपप्रा.सोमनाथ रेग्मी | साहित्याचार्य | ९८४२०५४६१९ |
| २३. उपप्रा. कृष्णगोपाल अधिकारी | एम.ए. अर्थशास्त्र | ९८४२१७२१५४ |
| २४. उपप्रा.डा.रमेशकुमार लिम्बू | एम.ए. अंग्रेजी, विद्यावारिधि | ९८४१२६९३४४ |
| २५. उपप्रा.डा. दिवाकर रेग्मी | एम.ए. अंग्रेजी, विद्यावारिधि | ९८४१३७०८८१ |
| २६. उपप्रा.सोमनाथ खतिवडा | व्याकरणाचार्य, एम.फिल. | ९८४१९३३८८१ |
| २७. उपप्रा.डा.नित्यानन्द खतिवडा | एम.ए. नेपाली, विद्यावारिधि | ९८४२१८१६१४ |
| २८. उपप्रा.गङ्गाराम नेपाल | शुक्लयजुर्वेदाचार्य | ९८४९१५०११३ |
| २९. उपप्रा.डा.पुष्पलाल न्यौपाने | साहित्याचार्य, विद्यावारिधि | ९८६२८४९१९६ |
| ३०. उपप्रा.तुलसी पौडेल | न्यायाचार्य | ९८४२४१७४२३ |
| ३१. सहायक प्रा.चिदानन्द नेपाल (करार) | फलितज्योतिषाचार्य | ९८४९१५३०४३ |
| ३२. सहायक प्रा.अम्बरराज ढकाल (करार) | फलितज्योतिषाचार्य | ९८४१४७५५०५ |
| ३३. आंशिक प्रा.मनकुमार राई | एम.ए. अंग्रेजी | ९८४२१७३२५० |
| ३४. आंशिक प्रा.हरिप्रसाद भट्टराई | एम.ए. अंग्रेजी | ९८५२०५६५१९ |

**पिण्डेश्वर विद्यापीठ, धरानमा कार्यरत कर्मचारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. अच्युतप्रसाद खरेल | सहायक प्रशासक | ९८४३५३३७१८ |
| २. पदमबहादुर वली | का.मु. लेखा अधिकृत (आइ.ए.) | ९८४७८३७६९६ |

| | | |
|---|---|---|
| ३ भेषबहादुर निरौला | नि.सहायक प्रशासक (वि.कम.) | ९८४२०३७५१७ |
| ४ राजकुमार खवास | पियन (एस.एल.सि.) | ९८०७३५४८११ |
| ६. भुवनसिंह विष्ट | चौकीदार (साक्षर) | ९८४२३५३६६५ |
| ७. रामकुमार तामाङ | चौकीदार (आठ कक्षा पास) | ९८१९३६१३२२ |
| ८. मञ्जु अधिकारी | पियन (आठ कक्षा पास) | ९८४२०५३०६४ |
| ९. देवका घिमिरे | बगैंचे (आठ कक्षा पास) | ९८४४२७४४२१ |
| १०.दीपक सुपरडुम | कुचिकार (साक्षर) | ९८१०४९२३९४ |
| ११. युदिन श्रेष्ठ | (सुरक्षाकर्मी, कम्पनी करार) | ९८२९४५९५९४ |
| १२ सुसन तामाङ | (सुरक्षाकर्मी, कम्पनी करार) | ९८१९३५८५३० |

**मिति : २०७९ चैत्र ३ मा निर्वाचित स्वतन्त्र विद्यार्थी युनियनको कार्यसमिति**

| | | | |
|---|---|---|---|
| अध्यक्ष | : | एनिस रेग्मी | ९८१९३१४७५० |
| उपाध्यक्ष | : | सुधाकर पोखेल | ९८२५३५१५०३ |
| सचिव | : | गुणराज निरौला | ९८१०४१३३८७ |
| सहसचिव | : | मनीष भट्टराई | ९८०७३३४७६० |
| कोषाध्यक्ष | : | पुष्कर निरौला | ९८०६०९४५६५ |
| सदस्य | : | सुवास चापागाईं | ९८६२६७१०३० |
| सदस्य | : | विपिन गौतम | ९८२९३०८९०७ |
| सदस्य | : | प्रदीप नेपाल | ९८०४९७१०९२ |
| सदस्य | : | पुरुषोत्तम दाहाल | ९८०६०३०५२७ |
| सदस्य | : | सोमनाथ दाहाल | ९८१४०३४२२५ |
| सदस्य | : | मनोज सुवेदी | ९८०७९३०९२३ |

**अध्ययनरत विद्यार्थीहरूको विवरण**

यस विद्यापीठमा प्राक्शास्त्री, शास्त्री र आचार्य तहमा अध्ययनरत विद्यार्थीहरूको विवरण यसप्रकार रहेको छ :

| क्र.सं. | तह | खण्ड | विद्यार्थी संख्या |
|---|---|---|---|
| १. | प्राक्शास्त्री | - | १६ |
| २. | शास्त्री | प्रथम | ८९ |
| ३. | शास्त्री | द्वितीय | ४० |
| ४. | शास्त्री | तृतीय | १८ |
| ५. | आचार्य | प्रथम | १० |
| ६. | आचार्य | द्वितीय | ६ |
| | | जम्मा | १७९ |

शैक्षिक वर्ष २०८०/८१ को शास्त्री प्रथम, आचार्य प्रथम र द्वितीय वर्षको नयाँ भर्ना जारी रहेको ।

**पुस्तकालयमा रहेका पुस्तकहरूको विवरण**

विद्यापीठमा १५००० भन्दा बढी महत्वपूर्ण पुस्तकहरू सहितको कालिदास पुस्तकालय भवन रहेको छ। पुस्तकालयमा रहेका भाषागत पुस्तकहरूको विवरण यसप्रकार रहेको छ :

| क.सं. | भाषा | संख्या |
|---|---|---|
| १. | संस्कृत | ५१२७ |
| २. | अंग्रेजी | १४६८ |
| ३. | नेपाली | ७०५७ |
| ४. | हिन्दी | १४८१ |
| ५. | विविध | ९२९ |
| ६. | पत्रपत्रिकाहरू | - |
| | जम्मा पुस्तक संख्या | १६,०६२ |

**विद्यापीठमा भए गरेका कार्यहरूको प्रगति विवरण**

पिण्डेश्वर विद्यापीठमा भए गरेका कार्यहरूको प्रगति विवरण यसप्रकार रहेको छ :

- विगत वर्षहरूमा देखापरेको विश्वव्यापी कोभिड-१९ महामारीको कारणले भौतिक कक्षा सञ्चालन हुन नसकेपछि विद्युतीय माध्यमबाट अनलाइन कक्षा सञ्चालन गरिएका थिए। ती कक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन विद्यापीठमा इन्टरनेट सेवा विस्तार गर्दै आवश्यक फर्निचर सुविधा र स्मार्ट बोर्डसहितको डिजिटल कक्ष निर्माण गरी सञ्चालनमा ल्याइएको छ।
- पुस्तकालयलाई व्यवस्थित गर्न काउन्टरको निर्माण गरी प्राध्यापक र विद्यार्थीका निम्ति वाचनालय र अध्ययन कक्षको अलगअलग व्यवस्था गरिएको छ।
- विद्यापीठ र छात्रावासमा आर.ओ. प्रविधिको फिल्टर जडान गरी शुद्ध पिउने पानीको समुचित व्यवस्था मिलाइएको छ। छात्रावासको फिल्टर जडानमा अग्रवाल महिलामञ्च धरानको सहयोग रहेको छ।
- विद्यापीठमा रहेका ५ वटा शिक्षण विभागका लागि आवश्यक फर्निचर सहितको अलग अलग विभागीय कक्षको स्थापना गरिएको छ।
- विद्यापीठको प्राङ्गणलाई व्यवस्थित गर्न र सुन्दर बनाउन फूलबारी निर्माण गरिएको छ।
- विद्यापीठ परिसरमा सरस्वतीको मन्दिर निर्माण गर्न धरान उपमहानगरका मेयर श्री तिलक राईज्यूबाट माघ शुक्ल पञ्चमी २०७८ मा शिलान्यास गरी धरान उपमहानगर र अन्य दाता महानुभावहरूको सहयोगमा मन्दिरको निर्माण कार्य सम्पन्न भई २०७९ माघ ९ गते प्राणप्रतिष्ठासमेत गरिएको छ।
- छात्रावासमा विद्यार्थीहरूको सहजताका लागि १ कोठे भान्साघर निर्माण गरिएको छ।
- प्राध्यापक कर्मचारी आवास भवनमा १ तला थप गरी वसोबासको व्यवस्था मिलाइएको छ।
- विद्यापीठलाई स्थानीय समाजसँग जोड्न स्थानीय संस्कृतिलाई समेटेर विद्यापीठका गतिविधिहरू उल्लेख गरिएको 'पिण्डेश्वर भित्तेपात्रो' प्रकाशनलाई निरन्तरता प्रदान गरिएको छ।

- ❖ लायन्स क्लब धरानको सहयोगमा विद्यापीठ प्राङ्गणमा धूपीका बिरुवा र छात्रावास परिसरमा विभिन्न जातका विरुवाहरू रोपिएका छन् र जगेर्ना गर्ने काम जारी रहेको छ ।
- ❖ पिण्डेश्वर विद्यापीठको अनुसन्धान व्यवस्थापन एकाइबाट 'शोधसुधा' अनुसन्धानात्मक जर्नल वर्ष १ अङ्क १, २०८० को प्रकाशन गरी त्यसलाई नेप्जोलमा अपलोड समेत गरिएको छ । साथै यस एकाइले विश्वविद्यालय अनुदान आयोगको सहयोगमा २०७९ सालमा प्राध्यापन क्षमता विकाससम्बन्धी ३ दिने गोष्ठी आयोजना गरेको छ, यसैगरी २०८० सालमा ३ दिने अनुसन्धान प्रविधि तालिम आयोजना गरेको छ ।
- ❖ पिण्डेश्वर विद्यापीठको वार्षिक मुखपत्र 'प्रभा' वर्ष ३२ अङ्क १७ लाई 'कार्यपत्र विशेषाङ्क २०८०' का रुपमा प्रकाशन गर्न लागिएको छ ।
- ❖ २०७९/४/१७ गतेबाट २३ गतेसम्म सहप्रा.डा.गुरुप्रसाद सुवेदीको संयोजनमा ७ दिने संस्कृत भाषाप्रशिक्षण सम्पन्न गरिएको र थप प्रशिक्षण कार्यक्रम सञ्चालनमा रहेको छ ।
- ❖ ०७९/४/२४ गते 'ध्यानयोग तथा शैक्षिक सफलता' विषयमा पथिक फाउण्डेसन नेपालकी सदस्य विजया गौतमद्वारा अभिमुखीकरण सम्पन्न ।
- ❖ २०७९/४/२९ गते महेन्द्र बहुमुखी क्याम्पस धरानका नेपाली विभागका विभागाध्यक्ष उपप्रा.डा.दीपक न्यौपानेको सहजीकरणमा प्रायोगिक लेखनसम्बन्धी अभिमुखीकरण परामर्श कार्यक्रम सम्पन्न गरियो ।
- ❖ २०७९/५/१६ गते ने.सं.वि.को नयाँ पाठ्यक्रमले तोकेको परियोजना प्रतिवेदन लेखन तथा अनुशिक्षण कार्यक्रम उपप्रा.डा नित्यानन्द खतिवडा र उपप्रा.डा.दिवाकर रेग्मीको सहजीकरणमा सम्पन्न गरियो ।
- ❖ २०७९/५/१० गते श्रीमद्भागवतीय र महाभारतीय श्रीकृष्णतत्त्वका विषयमा प्रा.डा. चन्द्रमणि नेपाल र डा.दिवाकर रेग्मीबाट समीक्षात्मक प्रवचन कार्यक्रम सम्पन्न भयो ।
- ❖ नेपाल संस्कृत विश्वविद्यालयको आर्थिक सहयोगमा दुईतले शिक्षण भवन निर्माण गर्न २०७९/५/२२ गते ने.सं.वि.का उपकुलपति प्रा.डा.यादवप्रकाश लामिछानेका करकमलबाट शिक्षणभवन शिलान्यास कार्यक्रम सम्पन्न भई निर्माण कार्य जारी रहेको छ ।
- ❖ २०७९/६/२७ गते विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा.भीमप्रसाद खतिवडाको प्रमुख आतिथ्यमा विद्यापीठको वेवसाइट *www.pindeshwar.edu.np* शुभारम्भ गरिएको छ ।
- ❖ विद्यापीठमा विद्युतीय हाजिरीलाई प्रयोगमा ल्याइएको छ ।
- ❖ यसै वर्ष सर्वसम्मत प्रक्रियाबाट स्वतन्त्र विद्यार्थी युनियनको चुनाव सम्पन्न गरी ११ सदस्यीय कार्यसमिति गठन गरिएको छ ।
- ❖ प्रा.डा.गोपाल भण्डारी र श्री राजेन्द्रकुमार भण्डारीले यसै वर्षदेखि शास्त्री द्वितीय वर्षमा र तृतीय वर्षमा उत्कृष्ट अङ्क ल्याई नियमित रुपमा उत्तीर्ण हुने विद्यार्थीका लागि पुरस्कार स्थापना गर्नुभएको छ ।
- ❖ २०७९/११/२ गते सुनसरी क्षेत्र नं. १ का माननीय सांसद श्री अशोककुमार राईलाई विद्यापीठमा स्वागत गरी विविध विषयमा छलफल गरियो ।
- ❖ २०८०/१/२१, २२ र २३ गते अनुसन्धान प्रविधि कार्यशाला तालिम २०८० सम्पन्न गरियो ।
- ❖ २०८०/२/१४, १५ र १६ गते कोशी प्रदेश स्तरीय तीनदिने बृहत् संस्कृत सम्मेलन सम्पन्न गरियो ।
- ❖ विद्यापीठ परिसरमा नेपाली काँग्रेस क्षेत्र नं. १ सुनसरीको सहयोगमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ ।

- ❖ विद्यापीठको सुरक्षालाई मध्यनजर गर्दै थप मजबुत बनाउन विद्यापीठमा सिसि क्यामेरा जडान गरिएको छ ।

**विद्यापीठका आगामी कार्ययोजनाहरू**

- ❖ वार्षिक मुखपत्र प्रभा, अनुसन्धानात्मक जर्नल शोधसुधा र पिण्डेश्वर भित्तेपात्रो प्रकाशनलाई निरन्तरता दिने ।
- ❖ पुस्तकालयमा परिवर्तित पाठ्यक्रम अनुसारका थप पुस्तकहरूको व्यवस्था गर्ने र पुस्तकालयलाई आधुनिकीकरण गर्दै नयाँ पुस्तकहरू थप गर्दै लैजाने ।
- ❖ आचार्य तहमा फलितज्योतिषको कक्षा सञ्चालन गर्ने एवम् शास्त्री तहमा बौद्धदर्शन विषय सञ्चालनार्थ माग गर्ने ।
- ❖ शास्त्री तहको पाठ्यक्रम परिवर्तन भएकाले विषयगत अभिमुखीकरणका लागि विषयगत गोष्ठीहरूको आयोजना गर्ने ।
- ❖ छात्रावास जीर्ण भएकाले थप विद्यार्थीहरूको लागि नयाँ छात्रावास निर्माण गर्न अग्रसर हुने ।
- ❖ विद्यापीठका सम्पूर्ण भवनहरूको आवश्यक मर्मत र रङरोगन क्रमशः गर्दै लैजाने ।
- ❖ छात्रावास र विद्यापीठ प्रवेश गर्ने बाटोको स्तरोन्नति गर्ने ।
- ❖ विद्यापीठको जग्गामा अव्यवस्थित बसोवास गरेका घरटहराहरू खाली गरी जग्गा जमिनलाई घेराबारा गर्ने ।
- ❖ विद्यापीठलाई प्राप्त भएका स्रोत र साधनको विद्यापीठको चौतर्फी विकासका निम्ति अधिकतम सदुपयोग गर्ने ।
- ❖ विद्यार्थीहरूको पठनपाठनलाई थप प्रभावकारी बनाउन समय समयमा आन्तरिक परीक्षा लिने व्यवस्था मिलाइने ।
- ❖ विद्यार्थीहरूको शैक्षिक र शारीरिक विकासका लागि समय समयमा साहित्यिक र खेलकूदका प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ❖ माध्यमिक स्तरको कर्मकाण्ड प्रशिक्षण, योग प्रशिक्षण सञ्चालन गर्ने ।
- ❖ सामाजिक उत्तरदायित्व निर्वाह गर्न शास्त्रीय र समसामयिक विषयहरुमा विमर्श कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने ।
- ❖ पुरानो शिक्षण भवनको मर्मत सम्भार गर्ने ।

**विद्यापीठमा स्थापित पुरस्कार र तिनका संस्थापकहरू**

पिण्डेश्वर विद्यापीठले विद्यार्थीका शारीरिक, मानसिक र बौद्धिक क्षमताको विकासका लागि विभिन्न समयमा खेलकुदसम्बन्धी, वाक्कलाविकास र सिर्जनात्मक क्षमताविकास सम्बन्धी विभिन्न प्रतियोगिताहरू आयोजना गरेर विजयीहरूलाई हरेक वर्ष पुरस्कार दिने गरेको छ । खासगरी विद्यापीठको वार्षिक उत्सवका अवसरमा सप्ताहव्यापी कार्यक्रम आयोजना गरिन्छ । अन्य समयमा पनि यी र यस्ता प्रतियोगिता समय-समयमा सञ्चालन हुने गर्दछन् । विद्यार्थीको शैक्षणिक उन्नयनका लागि आफन्तको

स्मृतिमा विभिन्न दाता महानुभावहरूले अनेकौं पुरस्कार स्थापना गर्नु भएको छ । विद्यापीठ र दाताहरूको सहयोगमा स्थापित पुरस्कारहरू, पुरस्कार प्राप्तिका लागि आवश्यक योग्यता तथा तिनका संस्थापकहरूको जानकारी यस प्रकार रहेको छ ।

**पिण्डेश्वरश्री पुरस्कार**

पिण्डेश्वर विद्यापीठमा अनुशासनात्मक तथा रचनात्मक काममा सक्रिय रही वार्षिक परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याई तह पार गर्ने एक जना विद्यार्थीलाई पिण्डेश्वरश्री पुरस्कार दिई हरेक वर्ष सम्मान गरिन्छ ।

**स्व.एलादेवी गौतम ज्योतिष पुरस्कार**

शास्त्री तहमा ऐच्छिक कवर्गीय विषय फलितज्योतिष लिई नियमित अध्ययन गरी तह पार गर्दा ( सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**स्व. अग्निप्रसाद उपाध्याय दाहाल एवम् अरुणादेवी दाहाल वेद तथा ज्योतिष पुरस्कार**

शास्त्री तहमा ऐच्छिक कवर्गीय विषय वेद तथा ज्योतिष लिई नियमित अध्ययन गरी तह पार गर्दा (चारै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १-१ जना विद्यार्थी (जम्मा दुई जना) लाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**श्रीविलास तथा शिवकुमारी वाग्ले व्याकरण पुरस्कार**

शास्त्री तहमा ऐच्छिक कवर्गीय विषय व्याकरण लिई नियमित अध्ययन गरी तह पार गर्दा (सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**पिङ्गलादेवी दाहाल तथा एलादेवी गौतम साहित्य (वाङ्मय) पुरस्कार**

शास्त्री तहमा ऐच्छिक कवर्गीय विषय व्याकरण लिई नियमित अध्ययन गरी तह पार गर्दा (सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**सपने पण्डित वेद-पुरस्कार**

शास्त्री प्रथम वर्षमा ऐच्छिक कवर्गीय विषय शुक्लयजुर्वेद लिई नियमित अध्ययन गरी पहिलो वर्ष उत्तीर्ण गर्दा सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**नेत्रप्रसाद काफ्ले व्याकरण पुरस्कार**

शास्त्री तहमा ऐच्छिक कवर्गीय विषय व्याकरण लिई नियमित अध्ययन गरी तह पार गर्दा (सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**स्व. गिरिधरशरण शर्मा वेद पुरस्कार**

शास्त्री तहमा ऐच्छिक कवर्गीय विषय वेद लिई नियमित अध्ययन गरी तह पार गर्दा (सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**पदमविष्णु साहित्य पुरस्कार**

शास्त्री तहमा ऐच्छिक कवर्गीय विषय साहित्य लिई नियमित अध्ययन गरी तह पार गर्दा (सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**स्व.रोहिणीप्रसाद भट्टराई अर्थशास्त्र पुरस्कार**

क) शास्त्री तह उत्तीर्ण गर्दा (सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

ख) शास्त्री तहमा ऐच्छिक खवर्गीय विषय अर्थशास्त्र लिई तह पार गर्दा (सबै विषयमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**घनश्याम, सरिता, स्मृति, स्तुति दाहाल अध्ययन अनुसन्धान पुरस्कार**

क. शास्त्री तह उत्तीर्ण गर्दा (सबै वर्षको सम्पूर्ण अङ्कमा) सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

ख. शास्त्री तहमा ऐच्छिक खवर्गीय विषय नेपाली लिई नियम अनुसार शोधकार्य समेत गरी तह पार गर्दा सबै विषयमा सर्वोत्कृष्ट अङ्क ल्याएका १ जना विद्यार्थीलाई वार्षिक रुपमा दिइने नगद पुरस्कार हो ।

**प्राध्यापक भोग्यप्रसाद - ढककुमारी भण्डारी स्मृति पुरस्कार**

शास्त्री तहको द्वितीय वर्षमा साहित्य विषयमा नियमित अध्ययन गरी सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्रछात्रा मध्ये १ जनालाई प्रदान गरिन्छ । यो पुरस्क्षर प्रा.डा. गोपाल भण्डारीले स्थापना गर्नुभएको हो ।

**स्व. मनोरथ तथा बालकुमारी भण्डारी स्मृति पुरस्कार**

क. शास्त्री तहको द्वितीय वर्षमा साहित्य विषयमा नियमित अध्ययन गरी सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्रछात्रा मध्ये १ जनालाई यो पुरस्कार प्रदान गरिन्छ ।

ख. शास्त्री तहको तृतीय वर्षमा साहित्य विषयमा नियमित अध्ययन गरी सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्रछात्रा मध्ये १ जनालाई यो पुरस्कार प्रदान गरिन्छ । यो पुरस्कार श्री राजेन्द्रकुमार भण्डारी र नम्रता भण्डारीले स्थापना गर्नुभएको हो ।

यसरी विद्यापीठका समग्र कार्यक्रमहरू निरन्तर अगाडि बढाउने कार्ययोजना रहेको छ । अन्त्यमा विद्यापीठलाई विश्वविद्यालयका ऐननियमले निर्देशन गरेका लक्ष्यहरू पूरा गर्दै नेपाली समाजको आवश्यकता र आकाङ्क्षालाई पूरा गर्नसक्ने दक्ष जनशक्ति उत्पादनको केन्द्रका रूपमा विकास गरिनेछ । यसलाई विकास र विस्तार गर्ने प्रयत्नमा विद्यार्थी, प्राध्यापक, कर्मचारी, अभिभावक र समाजसेवी शुभचिन्तकहरू सबैको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु । विद्यापीठमा पुरस्कारका लागि अक्षयकोष स्थापना गर्नुहुने दाता महानुभावहरू, सरस्वती मन्दिर निर्माणमा आर्थिक सहयोग गर्नुहुने सम्पूर्ण दाता महानुभावहरू, अनुसन्धान कार्यशाला गोष्ठी र कोशी प्रदेश स्तरीय तीन दिने संस्कृत सम्मेलन सम्पन्न गर्न सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोगसहित सम्पूर्ण सहयोगी संस्था र महानुभावहरू, शिक्षण भवन निर्माणमा आर्थिक स्रोतको व्यवस्थापन गरिदिनुहुने ने.सं.वि.का पदाधिकारीज्यूहरू तथा प्रभा पत्रिकाको सम्पादनमा संलग्न रहनुहुने सम्पादक मण्डललगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

काशीनाथ पौडेल
प्राचार्य

## परिशिष्ट : दुई

### बृहत्संस्कृतसम्मेलनेनानुमोदितः सङ्कल्पप्रस्तावः

पिण्डेश्वरविद्यापीठ-चन्द्रसंस्कृतमाध्यमिकविद्यालयः-विजयपुराध्यात्मिकमञ्चः पिण्डेश्वरसंस्कृत-माध्यमिकविद्यालयश्चेतिचतुर्ण्णां संस्थानां संयुक्तायोजने तथा विश्वविद्यालय अनुदानायोग-कोशीप्रदेशसर्वकारान्तर्गतसामाजिकविकासमन्त्रालययो-रार्थिकसहयोगे च
२०८० ज्येष्ठमासस्य १४, १५, १६ दिनाङ्केषु पिण्डेश्वरविद्यापीठे
धराने सम्पन्नेन कोशीप्रदेशस्तरीयेन त्रिदिवसात्मकेन
बृहत्संस्कृतसम्मेलनेनानुमोदिताः
१५ बिन्दुयुताः सङ्कल्पप्रस्तावाः

१. संस्कृतविद्याया योगक्षेमार्थमस्माकं (विद्यापीठ-संस्कृतमाध्यमिकविद्यालय-गुरुकुलानाम्) पारस्परिकः समन्वयो नैरन्तर्येण भविष्यतीति सम्मेलनमिदमुद्घोषयते ।

२. सम्मेलनमिदमस्माकं समन्वयेन प्रतिवर्षमेतादृशस्य बृहतः संस्कृतसम्मेलनस्यायोजनार्थं सघनं सङ्कल्पं करोति ।

३. संस्कृतविद्यार्थिसु शास्त्रीयज्ञानपूर्वकं लेख्यकथ्यात्मकभाषिककौशलप्रवर्द्धनायास्माकं ससमन्वयं प्रयत्नो भविष्यतीति सम्मेलनिमदं सङ्कल्पं कुरुते ।

४. पाठ्यक्रम-पाठ्यपुस्तक-स्तरनिर्धारण-परीक्षाव्यवस्थापन-प्रभृतिषु शैक्षणिककार्येषु सम्बद्धराजकीय-निकायसमक्षमभियाचनार्थ मस्माकं समवेत-प्रयासो भविष्यतीति प्रतिबद्धतां सम्मेलनिमदं प्रकटीकरोति ।

५. संस्कृतविद्याया गरिमविषयेऽनेकीभूतमस्मत्समाजं गरिमबोधपूर्वकमनुकूलयितुमस्माकं समन्वितो यत्न आवश्यको वर्तत इति तथ्यमुररीकृत्य तत्तद्विषयकसार्वजनिकगोष्ठी-कार्यकला-पादिसञ्चालनसम्बद्धां कार्ययोजनां निर्माय कार्यारम्भार्थं सम्मेलनमिदं सुदृढं सङ्कल्पयति ।

६. संस्कृत-राई-लिम्बू-गुरुङप्रभृतिभाषाणां निश्चितपाठ्यवस्त्वध्ययनं लोकसेवा-आयोगस्य परीक्षायाम-तिरिक्ताङ्कप्राप्तेराधारो भवेदित्यस्माकं समन्वितः प्रयासो भविष्यतीति सम्मेलनमिदं सङ्कल्पं करोति ।

७. गुरुकुलमाचारनिर्माणस्याधारः, पारम्परिकपौरस्त्यशिक्षाया आधारभूतविद्यालयश्चेति तथ्यं स्वीकृत्य तेषां संरक्षणसंवर्धनादिकं सर्वैः कर्तव्यमित्यस्माकं समन्वितः सङ्कल्पोऽस्ति ।

८. योगायुर्वेदादिकाः प्राविधिका व्यावहारिकाश्च विषया गुरुकुलेषु संस्कृतमाध्यमिकविद्यालयेषु चाध्यापनविषयत्वेन व्यवस्थापयितव्या इति तथ्यमात्मसात्कृत्य एतदर्थं समन्विततया प्रयासो विधास्यत इत्यस्माकं सङ्कल्पं सम्मेलनमिदमुद्घोषयते ।

९. नेपालसंस्कृतविश्वविद्यालयद्वारा पाठ्यविषयत्वेन स्वीकृतस्य वास्तु-इन्जिनियरिङविषयस्याध्यापनं पिण्डेश्वरविद्यापीठे भवेदित्यभियाचनां सम्मेलनमिदं सशक्ततया प्रस्तौति ।

१०. गुरुकुलेषु विज्ञान-गणित-आङ्ग्ल-ज्यौतिषादिविषयाणां समावेशो भवेद्, तदर्थं समन्विततया प्रयासश्च विधातव्य इति मान्यतां सम्मेलनमात्मसात्करोति ।

११. शिक्षणशिल्पपरिष्कारार्थं प्रशिक्षणकार्यक्रमाणां समायोजनमावश्यकमिति तथ्यमवलम्ब्य तदर्थं सम्बद्धराजकीयनिकायसमक्षं समन्विततया सम्मेलनमिदमभियाचनां प्रस्तौति । तथैव एकत्र स्थितं नैपुण्यं कौशलञ्चान्यत्र प्रयुज्य पारस्परिकलाभप्रदानाय सम्मेलनमिदं प्रस्तावयति ।

१२. विद्यापीठ-गुरुकुल-संस्कृतमाध्यमिकविद्यालयानां पारस्परिकं समन्वयं विधायातिरिक्तक्रियाकला-पादीनां च समायोजना विधास्यत इति सम्मेलनिमदं सङ्कल्पं करोति ।

१३. विद्यार्थिनां संस्कृतविद्यासम्बद्धस्य भाविजीवनस्य नैश्चित्याय पथप्रदर्शनकर्मणि अस्माभिः शृङ्खलान्विति-नीतेवलम्बनं विधास्यत इति सम्मेलनस्यास्य प्रतिज्ञा वर्तते ।

१४. गुरुकुलेष्वौपचारिककक्षासञ्चालनानुमतिप्राप्त्यर्थम् (यत्र आवश्यकता भवति), मान्यताप्राप्तेषु गुरुकुलेषु शैक्षणिकव्यवस्थापनार्थम्, सामुदायिकाधारभूतविद्यालययेष्विव सौविध्यप्राप्त्यर्थञ्च सम्बद्धराजकीय-निकायसमक्षमिभयाचनं विधास्यत इति सम्मेलनस्यास्य सङ्कल्पो वर्तते

१५. उपरि प्रस्तुतानां प्रस्तावानां कार्यान्वयनाय, गुरुकुल-संस्कृतमाध्यमिकविद्यालय-विद्यापीठ-सम्बद्धानामन्यासां समस्यानां समाधानाय च परस्परं समन्वयं विधातुं सहकार्यार्थञ्च सम्मेलनमिदमधो ऽङ्कितप्रतिनिधियुतां विद्यापीठ-संस्कृतमाध्यमिकविद्यालय-गुरुकुलसमन्वयसमितिः - कोशीप्रदेशः नाम्नीं समन्वयसमितिं सङ्घटयति -

(समितेः नामावली नेपाली भाषायामनूदिते सङ्कल्पप्रस्तावान्ते वर्तते ।)

## परिशिष्ट : दुई

### बृहत् संस्कृत सम्मेलनद्वारा अनुमोदित सङ्कल्पप्रस्तावको नेपाली भावानुवाद

पिण्डेश्वर विद्यापीठ, चन्द्रसंस्कृत मावि, विजयपुर आध्यात्मिक मञ्च र पिण्डेश्वर सं.मा.वि.को संयुक्त
आयोजना तथा विश्वविद्यालय अनुदान आयोग र कोशी प्रदेश सरकार, सामाजिक विकास
मन्त्रालयको आर्थिक सहयोगमा २०८० जेठमहिनाको १४, १५ एवम् १६ गते
पिण्डेश्वर विद्यापीठ धरानमा सम्पन्न कोशी प्रदेश स्तरीय
तीनदिने बृहत् संस्कृत सम्मेलनबाट
पारित गरिएका १५ बुँदे
सङ्कल्प प्रस्तावहरू

१. संस्कृत विद्याभित्रका प्रकाशित हुन बाँकी विषयहरूको प्राप्ति र प्राप्त विषयहरूको संरक्षण (योगक्षेम) का लागि विद्यापीठ, संस्कृत मा.वि. र गुरुकुलको पारस्परिक समन्वय निरन्तर हुनेछ भनी यो सम्मेलन उद्घोष गर्दछ ।

२. यो सम्मेलन विद्यापीठ, गुरुकुल र संस्कृत मा.वि.का पारस्परिक समन्वयमा प्रतिवर्ष यस्ता बृहत् संस्कृत सम्मेलन आयोजना गर्ने सघन सङ्कल्प गर्दछ ।

३. संस्कृत विद्यार्थीहरूमा शास्त्रीय विषयको बोधका साथ साथै संस्कृत भाषाको लेख्य र कथ्य भाषिक कौशल प्रवर्धन गराउनमा विद्यापीठ, गुरुकुल र संस्कृत मा.वि. को समन्वित प्रयत्न रहने छ भनी यो सम्मेलन सङ्कल्प गर्दछ ।

४. पाठ्यक्रम, पाठ्यपुस्तक, स्तर निर्धारण, परीक्षा व्यवस्थापन आदि शैक्षणिक काम गर्नका लागि कार्यालयहरूमा प्रस्ताव लैजान र दबाब दिन विद्यापीठ, गुरुकुल र संस्कृत मा.वि. हरूको सामुहिक प्रयास रहने छ भनी यो सम्मेलन प्रतिबद्धता जाहेर गर्दछ ।

५. संस्कृत वाङ्मयका गरिमामाथि अनेक किसिमका धारणा राख्ने समाजलाई गरिमा बुझाउँदै अनुकूल बनाउन हाम्रो समन्वित यत्न आवश्यक छ भन्ने तथ्यलाई स्वीकार गरेर संस्कृत विद्याका सामाजिक उपादेयतासँग सम्बन्धित विभिन्न विषयमा सार्वजनिक गोष्ठी र कार्यकलाप सञ्चालन गर्ने विषयमा योजना निर्माण गरी काम थाल्न यो सम्मेलन दृढतापूर्वक सङ्कल्प गर्दछ ।

६. संस्कृत तथा राई, लिम्बू, गुरुङ आदि राष्ट्रिय भाषासम्बद्ध वाङ्मयको निश्चित पाठ्यवस्तु अध्ययन गरेका व्यक्तिहरूलाई लोकसेवा आयोगका परीक्षाहरूमा अतिरिक्त अङ्कको व्यवस्था गर्न यो सम्मेलन सरकारसमक्ष जोडदार माग गर्दछ ।

७. गुरुकुल आचार निर्माणका जग हुनाका साथै पारम्परिक पौरस्त्य शिक्षाका आभारभूत विद्यालय हुन् भन्ने तथ्यलाई हृदयङ्गम गरी गुरुकुलहरूको संरक्षण र संवर्धनमा सबैले ध्यान पुर्याउनुपर्दछ भनी यो सम्मेलन समन्वित सङ्कल्प गर्दछ ।

८. गुरुकुल एवम् संस्कृत मा.वि.हरूमा योग र आयुर्वेद जस्ता प्राविधिक र व्यावहारिक विषयहरूलाई पठनपाठन गर्ने यथासम्भव व्यवस्था गर्नुपर्दछ र यसका लागि विद्यापीठ, गुरुकुल र संस्कृत मा.वि.को समन्वित प्रयत्न रहने छ भनी यो सम्मेलन सङ्कल्प उद्घोष गर्दछ ।

९. नेपाल संस्कृत विश्वविद्यालयद्वारा पाठ्यविषयका रूपमा स्वीकृत वास्तु इन्जिनियरिङको पठनपाठन पिण्डेश्वर विद्यापीठमा गरियोस् भनी नेपाल संस्कृत विश्वविद्यायसमक्ष यो सम्मेलन सशक्त रूपमा माग गर्दछ ।

१०. गुरुकुलहरूमा विज्ञान, गणित,अङ्ग्रेजी ज्यौतिष आदि विषयहरूको पठनपाठनसमेत समावेश हुनुपर्दछ र यसका लागि हाम्रो समन्वित प्रयत्न रहने छ भन्ने मान्यतालाई यो सम्मेलन हृदयतः आत्मसात् गर्दछ ।

११. संस्कृतका शिक्षकहरूको शिक्षणशिल्पको परिष्कार र स्तरोन्नतिका निम्ति प्रशिक्षण कार्यक्रमहरूको आयोजना अत्यावश्यक छ भन्ने तथ्यलाई हृदयङ्गम गरी यसका व्यवस्थाका लागि सम्बद्ध सरकारी निकायसामु यो सम्मेलन सशक्त माग गर्दछ । साथै एक संस्थामा विद्यमान निपुणता र प्रविधि कौशल अन्यत्र सिकाएर पारस्परिक लाभ प्रदान गर्नमा यो सम्मेलन प्रस्ताव गर्दछ ।

१२. विद्यापीठ, गुरुकुल र संस्कृत माध्यमिक विद्यालयहरू बिच पारस्परिक समन्वय गरी अन्तर शिक्षालय स्तरीय अतिरिक्त क्रियाकलापहरूको आयोजना गरिने छ भनी यो सम्मेलन प्रतिज्ञा गर्दछ ।

१३. विद्यार्थीहरूको संस्कृत विद्यासम्बद्ध भावी जीवनको निश्चितताका लागि संस्कृतका विद्यार्थीहरूलाई पथप्रदर्शन गर्ने कर्ममा पारस्परिक शृङ्खलान्विति नीतिलाई अवलम्बन गरिने छ अर्थात् प्रारम्भिक अवस्थाका गुरुकुलबाट उपल्लो तहका गुरुकुलमा जाने, त्यहाँबाट संस्कृत मा.वि.मा जाने र त्यसपछि विद्यापीठमा गई अध्ययन गर्ने प्रेरणा समन्वित रूपमा प्रदान गरिने छ भनी यो सम्मेलन प्रतिज्ञा गर्दछ ।

१४. गुरुकुलमा (आवश्यक ठाउँमा) औपचारिक कक्षा सञ्चालनको अनुमति प्राप्तिका लागि, अनुमति प्राप्तमा शैक्षिक व्यवस्थापनका लागि र सामुदायिक आधारभूत विद्यालय सरह गुरुकुलमा पनि भौतिक सुविधा प्राप्तिका लागि सम्बद्ध कार्यालयमा प्रस्ताव लगी दबाव दिन विद्यापीठ, गुरुकुल र संस्कृत मा.वि.बाट समन्वित प्रयत्न गरिने छ भनी यो सम्मेलन सङ्कल्प गर्दछ ।

१५. माथि प्रस्तुत प्रस्तावहरूको कार्यान्वयन एवम् गुरुकुल संमावि र विद्यापीठका अन्य समस्यामा सहकार्य र समन्वय गर्ने प्रयोजनार्थ तपसिलका प्रतिनिधिहरूको नेतृत्वमा विद्यापीठ, संस्कृत माध्यमिक विद्यालय एवम् गुरुकुल समन्वय समिति - कोशीप्रदेश नाउँको समन्वय समितिको गठन यो सम्मेलन गर्दछ :

१. संयोजक - काशीनाथ पौडेल (प्राचार्य, पिण्डेश्वरविद्यापीठ, धरान-सुनसरी) ९८४२१७१०९९
२. सदस्य - जमुना दाहाल (राधाकृष्ण संस्कृत गुरुकुल मा.वि., चतरा सुनसरी) ९८०४३४६१४०
३. सदस्य - रघुनाथ रिजाल (कालिका सं. विद्यापीठम्, कालीस्थान झापा) ९८१४०५५५५३
४. सदस्य - महेश्वर कोइराला (चन्द्र सं.मा.वि., धरान-सुनसरी) ९८४२११७०४८१
५. सदस्यः - उमाकान्त काफ्ले (वी.पी. संस्कृत मा.वि., सल्यान सोलुखुम्बु) ९७४२४५६९९९
६. सदस्य - बलराम कोइराला (गायत्री सं.मा.वि., विराटनगर-मोरङ) ९८४२२०३९९७
७. सदस्य - रामप्रसाद खतिवडा (सप्तमाई गुरुकुलसं.मा.वि.,तोरीबारी इलाम) ९८४२४९९२७३

८. सदस्य - नारायणप्रसाद उपाध्याय (नयाँ वृन्दावन संस्कृत गुरुकुल सुन्दर हरैचा मोरङ) ९८६५६४८२४५
९. सदस्य - राजेन पौडेल (कृष्णद्वैपायन गुरुकुल भद्रपुर झापा) ९८६३६१४८०६
१०. सदस्य -. दीपक तिम्सिना (विश्वनाथ संस्कृत गुरुकुल, पथरी मोरङ) ९८०६०९७९७९
११ सदस्यसचिव - डा. गुरुप्रसादकोइराला (पिण्डेश्वरविद्यापीठम्, धरान-सुनसरी) ९८५२०५६२४०

**प्रस्तावनिर्माणसमिति**

संयोजकः : प्रा. डा. रमेशघिमिरे (पिण्डेश्वर विद्यापीठ, धरान सुनसरी)
सदस्य : प्रा. डा. सागरमणि सुवेदी (पिण्डेश्वर विद्यापीठ, धरान सुनसरी)
सदस्य : डा. महानन्द तिमिल्सिना (पिण्डेश्वर विद्यापीठ, धरान सुनसरी)
सदस्य : श्री घनश्याम पौडेल (श्रीराम संस्कृत मावि, खेलपुर तेह्रथुम)
सदस्य : श्री जमुना दाहाल (राधाकृष्ण संस्कृत गुरुकुल मा.वि., चतरा सुनसरी)

दिनाङ्कः २०८०-०२-१६